श्रीआदिवराहक्षेत्र श्रीसूर्यकुण्ड महिमा

(चारखण्ड विशेष गतिविधि निशान रहस्यसहित)



२२
ट-श्री

ॐ श्रीआदिवराह सूर्य भगवान्, गर्छौं स्तुति प्रार्थना ।
पौराणिक् महिमा पढी सब जुटौं, नेपाल-उत्थानमा ।।
स्थाई शान्ति स्वराष्ट्र विश्वभरमा, चाँहे गरौं स्थापना ।
नेपाली जनता समुन्नत बनौं, भन्ने पुगोस् कामना ।।

श्रीऔलियावावा गद्दीस्थल चतरामठबाट श्रीवराहक्षेत्र मन्दिरतर्फ निशान झण्डासहित परम्परागत यात्राटोली । टोलीमा महन्थ मुकुन्दप्रसाद भारती दाहिनेतर्फ प्रतिनिधित्व गर्दै मान बज्राचार्य बायाँतर्फ वेदनिधि देवकोटा, साधुसन्त गिरीपुरी भारती ।

कार्यक्रम श्रीआदिवराहक्षेत्र श्रीसूर्यकुण्ड- महिमा

श्री आदिबराहक्षेत्र श्री सूर्यकुण्ड-महिमा

(४ खण्ड र विशेष गतिविधि)

लेखक

मान बज्राचार्य

वराहक्षेत्र-४ सुनसरी

प्रकाशक

लक्ष्मीदेवी गुभाजू स्मति प्रतिष्ठान

आदिवराहक्षेत्र विकास उपसमिति

लेखक : मान वज्राचार्य
वराहक्षेत्र-४, वयरवन, सुनसरी
मोवाइल नं. : ९८४२०९२९७८
विराटनगर-४, उदयमार्ग, मोरङ्ग
फोन नं. : ०२१-४६१०८१

प्रकाशक : लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान
विराटनगर-४, उदयमार्ग, मोरङ्ग
आदिवराहक्षेत्र विकास उप-समिति
वराहक्षेत्र-७, सूर्यकुण्ड, सुनसरी

सर्वाधिकार : लेखकमा सुरक्षित ।

प्रकाशन संख्या : ११११ प्रति

प्रकाशन मिति : २०६६ श्रावण ९ गते शुक्रबार शुल्कपक्ष तृतीया 'बराहजयन्ती'

मूल्य : रु. १००/-

मुद्रक : सम्झना प्रिन्टिङ प्रेस
विराटनगर-१४, कलेज रोड, मोरङ्ग

सामूहिक मंगलमय-शुभकामना

नेपालका चारधाम हुन्-१ मूक्तिनाथ धाम, १. पशुपतिनाथ धाम। ३. जनकपुरधाम, ४. बराहक्षेत्रधाम। कविवर मान वज्राचार्यबाट टोलीप्रमुख पदबाट धार्मिक यात्रा टोली गठन पूर्वक यात्रा अभियान चलायर अनुसन्धानद्वारा प्रमाण दर्शाइ सुनसरी मै चारधाम छन् भन्ने कुरा प्रचार गरी परिचय यसरी दिदै आउँनु भएको छ। १. सिंगिया गा.वि.स. वार्ड नं. २ को श्रीरामधुनीवन धाम। २. चतरा बराहक्षेत्रधाम, ३. श्रीविष्णुपादुका कोकामुख मण्डल सिद्धाश्रम। ४. धरान नगरपालिका वार्ड नं. १४ श्री दन्तकाली विजयपुर श्री पिण्डेश्वर वाबा धाम। यी चार धाम पूर्वाञ्चलका प्रसिद्ध तीर्थक्षेत्र हुन्। यसको महात्म्य २०१० को श्री वराहक्षेत्र कीर्तनदेखि २०१८ को श्री वराहक्षेत्रमहिमा परिचय लगायत हालसम्म प्रकाशित ३७ औं कृति श्री आदिवराहक्षेत्र सुर्यकुण्ड महिमा सम्म पाइन्छ। विभिन्न धार्मिक सामाजिक संस्थाहरुसित सम्वद्ध रहँदै आउँनु भएका अनुसन्धाता गुरु वज्राचार्यले नेपालका धार्मिक सामाजिक क्षेत्रको भ्रमण गर्ने क्रममा त्रिफला राष्ट्रिय पुस्तकालय धुलावारी, मेचीनगर झापाको पनि अध्ययन अनुसन्धान गर्नु भएको छ। २०५५ वैशाख १ गते प्रकाशित ऐतिहासिक स्थलहरुको परिचय नै साक्षी छ। यस पुस्तकालयमा रहेको प्राचीन हस्तलिखितदेखि छापिएका पाइने पुराणशास्त्र ज्ञान विज्ञान साहित्य

भाषाका ग्रन्थ पुस्तकहरु पोखरेल परिवारमा सद्भावनात्मक सम्बन्ध गाँसी गहिरो अध्ययन गर्नु भएको छ। २०६१।७।१९ सम्म पटक पटक हामीले स्वागत सम्मान कदर गर्ने सुयोग पाएका छौं। आदिवराहक्षेत्र सूर्यकुण्डको योजनाबद्ध विकास गर्ने कविवर मान बज्राचार्यको उद्देश्यले सफलता प्राप्त गरोस्। म र मेरी श्रीमती एवं पोखरेल परिवारसित सम्वद्ध संस्थातर्फबाट मंगलमय शुभ कामना छ। धार्मिक जागरण लागुपदार्थ निवारण वातावरण संरक्षणका निमित्त समर्पित प्रेम प्रकाश पोखरेल 'फलाहारी' एवं श्रीमती पवित्रा पोखरेल सम्बद्ध संघ संस्थाहरु-

१. त्रिफला राष्ट्रिय पुस्तकालय झापा।
२. स्वर्गाश्रम नेपाल सतासीधाम झापा।
३. विश्वहिन्दु महासंघ काठमाण्डौं नेपाल।
४. पानी पोखरेल कल्याण समाज झापा।
५. अर्जुनधारा जलेश्वर धाम झापा।
६. लागु पदार्थ निवारण अभियान नेपाल।
७. सनातन धर्मसेवा समिति काठमाण्डौ नेपाल।
८. शिशु साक्षर प्राथमिक विद्यालय धुलावारी झापा।
९. कालिका पीठ कालिकास्थान झापा।
१०. सिंहेश्वर शिवालय चारआली ककककयाम्प झापा।
११. ॐकारेश्वर शिवालय ज्यामिर गढी झापा।
१२. कृष्णथुम्की विकास समिति झापा।
१३. धुलावारी क्याम्पस धुलाबारी झापा।
१४. सत्यनाराण ज्ञानमन्दिर दुहागढी झापा।
१५. कन्काईधाम धार्मिक विकास संस्था सुरुङ्गा झापा।

बेलैमा याद गरौं दुर्व्यसन त्याग गरौं।

श्रीआदिवराहक्षेत्र सूर्यकुण्ड महिमा बारे मन्तव्य

प्रा.डा.मेदिनीप्रसाद नेपाल



श्रीवराहपुराण अध्याय-१२९ को चतुर्वर्णदीक्षा शीर्षक दिई पं. पद्मप्रसाद रेग्मी शास्त्री, बराहक्षेत्र-४, वयरवनले अनुवाद गरेको देखियो । यस शीर्षक अन्तर्गत् चतुर्वर्णको कुनै उल्लेख यसमा छैन । यस अनुवादमा वराह भगवानको महिमा तिलक धारण, धूप, दीप भगवान्मा अर्पण गरिएको र कुन् पात्रमा भोजन भगवान्मा अर्पण गर्दा राम्रो हुन्छ भनी पृथ्वीले भगवान् वराहलाई सोध्दा ताम्रापात्रमा भोजन अर्पण गरेको भगवानलाई मन पर्ने भगवान्ले वताउँनु भएकोछ । सुन, चाँदी, ताम्र र अन्य कतिपय धातुको उत्पत्ति यस अनुवादमा परेको छ । श्रीबराहपुराणमा चारैवर्णको दीक्षाविधि तथा ताम्रपात्रको वर्णन नामक एकसय उनन्तीस विसौं अध्याय समाप्त भयो भनी छापिएको छ । तर यसमा चारवर्णको दीक्षा विधि केही लेखिंएको छैन ।

आदिवराहक्षेत्र-महिमा वराहपुराण अध्याय-१३७ मा वराहक्षेत्रको महिमा लेखिएकोछ । यस अध्यायमा एउटा गिद्ध र एउटी स्यालिनी सोमदत्तको वाणले वराहक्षेत्रको सोमतीर्थमा मरण भई राजकुमार र राजकुमारीको रूपमा जन्म भई विवाह गरी राजा-रानी भएर सुख भोग गरी राज्य आफ्ना जेठा छोरालाई सुम्पेर सोमतीर्थमा अन्त्यमा आएको र एकअर्कोले पूर्व कथा वताएको बयान छ। त्यस्तै यसक्षेत्रमा सूर्यले छोरा पाउँन चान्द्रायणव्रतसाथ तपस्या गरेको वयान पाइन्छ । तर यस वयानमामात्र नेपाली भाषामा लेखिएकोछ । संस्कृतको कुनै अंश यसमा परेको छैन । प्रसंग मिलाउँन संस्कृतको अंश भएको भए वेश हुन्थ्यो ।

सूर्यकुण्डः आदित्यतीर्थ महात्म्य १३८ मा श्री आदिवराहक्षेत्र आदित्य तीर्थको महात्म्य परेकोछ । यसमा एउटा तीर्यक (खन्जरीत) पंक्षी आदित्य तीर्थना प्राण त्याग गरेको हुंदा अनेक धन रत्न रूप गुणयुक्त वैश्यपुत्र भई जन्म लियो । श्रीवराहभगवान्ले पृथ्वीलाई गरेको यो ! बयान अशुद्ध रूपमा रहेको छ । शुद्ध गरी छपाउँनु राम्रो हुन्छ । अध्याय-१३९ मा वराहक्षेत्रमा जुन् भक्तले लिपपोत गर्छ, मन्दिर बनाउँछ, गायन गर्छ, जागरण गर्छ, बाद्य वादन बजाउँछ, नाँच्दछ त्यसको फलको बयान गरिएको छ । यस अध्यायको पाठ गर्ने भक्तले दशकुल अघिका र दशकुल पछिकालाई तार्दछ भनी वयान गरिएको छ । यसमा एउटाचाण्डाल र एउटाबह्मराक्षसको उद्धारको उल्लेखछ ।

खण्ड तृतीयमा जो भक्त निरन्तर भगवान्वराहस्वरूप ज्योतिको ध्यान गर्दछ, त्यो भक्तले मुक्तिपद प्राप्त गर्दछ। व्रह्मानन्दस्वरूप पूर्णरूप सधैं भरि आनन्द दिने कैवल्यस्वरूप आनन्दरूप चिदानन्दरूप भगवान्वराहको दर्शन गर्दछ। नमस्कार गर्दछ, त्यो भक्त अथवा मनुष्यहरु कैवल्य प्राप्त गर्दछन्। हिरण्याक्षसित युद्ध हुँदाको थकाई र क्रोधले अशान्त हुनु भएका भगवान्वराह प्रभुले मथुरा अयोध्या काशी वृन्दावन, हरिद्वार आदितीर्थहरुका पवित्र जलहरुमा स्नान गर्नु भयो। कहीं पनि चित्त शान्त भएन। जव आफूले रसातलवाट पृथ्वीको उद्धार गरी ल्याएको कोका र कोशीको दोभानको जलमा आई स्नान गर्नु भयो अनिमात्र सवै मनोविकार अशान्ति नाश भयो। क्रोधपूर्णरूप शान्तिमा परिणत भयो। भनी वयान गरिएको छ।

वराहपुराणको अध्याय १२२ देखि १४० मा प्रभुले कोकामुखमण्डल क्षेत्र श्रीविष्णुपादकादेखि कौशिकीनदी दोभानसम्मको महिमा गरिएको छ। यसमा पुराणको व्याख्या सुनेर वा पण्डित्याईंले पुरेत्याईंले जीविकोपार्जन गरेर यज्ञमात्रमा अन्न खाद्यपदार्थ होम स्वाहा स्वाहा गरेर जति पनि कर्मकाण्डको रमिता देखाउँने महोत्सव मनाउँन् त्यो वहिर्मुखीवृत्ति हो। भनी वयान गरेको छ।

रसातलमा नर्कद्वारा पुरिएकी पृथ्वीलाई भगवान्वराहले भगवान् शंकरको शिलामूर्ति स्थापना गरी उद्धार गरी सुदर्शन चक्रद्वारा हिरण्याक्ष राक्षसलाई संहार गर्नुभयो। जलमाथि पृथ्वीलाई स्थापना गर्न आदिशक्ति महामाया भवानीको आराधना यज्ञरूप वराहले गरेपछि पृथ्वीको इच्छा अनुसार ऊर्जा प्रदान गर्ने शक्ति भएको हरियालीले भरिएको स्थानमा लानु भनी गरेको वयान परेको छ।

आदिशक्ति जगदम्बाको प्रार्थना स्वागताछन्द र मन्दाक्रान्ता छन्दमा गरिएको छ। यसमा मातृभूमिको सेवा गर्न र सबैले मिलेर लोकतन्त्र गणतन्त्र व्यवस्थाको स्थापना सहिष्णुभई गर्न प्रार्थना गरिएको छ। यसैमा दिल्ली सम्राटबाट हिन्दूपति भनी मान पाएका हरिहरसेनका कान्छा छोरा लोहाङ्गसेनलाई गोला निशाना हान्ने अभ्यास आफ्ना वाबु हरिहर सेनले तुङ्गकुट माउण्ट अर्थात् पर्वतशिखरमा गराएका हुनाले त्यस डाँडाको नाम चौडण्डा भएको उल्लेख परेको छ। यसैमा भगवान्वराहले श्राद्धपद्धति सिर्जना गरी पितृहरुलाई ब्राहमणबाट मन्त्रोच्चारणं गराई आफू कर्ता वनेर तर्पण र पिण्डदान गरी पितृहरुलाई उद्धार गरी पितृलोक पठाउनु भयो।

बराहक्षेत्र-४ वयनवन नै शान्तिवन हो। भारत राजस्थानमा रहेको माउण्टआबु शान्तिवन नै किन जानु पर्‍यो ? भन्ने आशय यस कृतिका पंक्तिकारको रहेकोछ।

२०४३ वि.सं.मा तत्कालिन प्रधानमन्त्री सुनसरी र उदयपुरका माननीयहरुले

झोलुङ्गे पुल निर्माण सुनसरी र उदयपुरका बाटा पिच गर्ने र विद्युतको व्यवस्था गर्न अनुरोध गरेको कुरा पाईन्छ । आज पनि बराहक्षेत्रमा वर्खाकालमा पैदल नै हिड्नु पर्दछ । मोटरका कच्ची बाटा बिग्रन्छन् । बाटाहरु पिच गर्ने त कुरा छोडौ धरानदेखि चतरासम्म र झुम्कादेखि चतरासम्मको बाटो अझ कालो पत्रे पिच बनेको छैन ।

भारतको हरिद्वार र भारत राजस्थानको माउण्टआबू नगई बराहक्षेत्रलाई नै शान्तिवन र चारधाम बनाउँनु पर्दछ भन्ने विचार सुनमा सुगन्ध हो । तर २१ सौं शताब्दीको मानिस भौतिक प्रगतिको स्वाद चाख्न चाहन्छ । फलाना देश नजानु होस् । आन्तरिक पर्यटनलाई प्रोत्साहन दिनु होस् । भन्ने सस्तो विचार नफलाकी यातायातको विकासतिर कहाँ कसरी गर्नु पर्ने हो लाग्नु आजको आवशयक कुरा हो ।

यस कृतिका लेखक झैं म त त्यति चतरा र बराहक्षेत्र गएको छैन । तर चतरा र वराहक्षेत्र जाँदै नगएको होइन दुई चार पल्ट चतरा र दुई पल्ट वराहक्षेत्र गएको छु । अहिले पनि मार्ग विकट नै छन् । झुम्कादेखि वराहक्षेत्र जानु र धरानवाट वराहक्षेत्र जाने वाटामा कुनै प्रगति भएको छैन । यस क्षेत्रका मानवीयहरु प्रत्येक पल्टको सांसदको निर्वाचनमा बराहक्षेत्र जाने बाटो बनाउँने र वराहक्षेत्रकोविकासको लागि गुरु योजना वनाई जनताबाट मत प्राप्त गर्दछन् तर संसदमा गएपछि यसमा कहिल्यै पनि चासो देखांउँदैनन् ।

अबको दिन भनेको नेताको दिन होइन । हामी जनताको दिन हो । हामीले चाह्यौं भने यातायातको विकासमात्र होइन, आन्तरिक पर्यटनको विकास पनि गर्न सक्दछौं । फलाना देशमा पर्यटन गर्न नजानु होस् । भनेर फलाक्नु पनि पर्दैन । अर्काले वायुयान चढ्यो भनेर हामी रुख नचढौं, बरु वायूयान नै वनाएर अरुलाई पनि चढाऔं ।

नेपाल आमाको मुहार उज्यालो राख्न आज परिश्रम नगरी हुँदैन । पिता पुर्खाले आर्जन गरेको इज्जत कायम राख्नु सन्ततिको कर्तव्य हो । हिमाल, पाहाड र तराई, पूर्व मेचीदेखि महाकालीसम्म हाम्रा तीर्थस्थलको महत्वलाई बुझेर त्यहाँसम्म पुग्ने यातायातको विकासतिर लाग्नु आजको आवश्यकता हो । देशभित्र शान्ति कायम भएपछि विकासका पूर्वाधारतर्फ लाग्नु मानवको स्वभाव हो । विविधक्षेत्रमा विकास भएपछि नै मानिस उन्नति र प्रगतिको आकाश कुसुम चुम्न सक्दछ । यसमा कुनै अतिसयोक्ति छैन ।

अस्तु ।

२०६५ पुस ४ गते सप्तमीतिथी

अमर टोल, विराटनगर-११, नेपाल ।

खण्ड तृतीयमा जो भक्त निरन्तर भगवान्वराहस्वरूप ज्योतिको ध्यान गर्दछ, त्यो भक्तले मुक्तिपद प्राप्त गर्दछ । व्रह्मानन्दस्वरूप पूर्णरूप सधैं भरि आनन्द दिने कैवल्यस्वरूप आनन्दरूप चिदानन्दरूप भगवान्वराहको दर्शन गर्दछ । नमस्कार गर्दछ, त्यो भक्त अथवा मनुष्यहरु कैवल्य प्राप्त गर्दछन् । हिरण्याक्षसित युद्ध हुँदाको थकाई र क्रोधले अशान्त हुनु भएका भगवान्वराह प्रभुले मथुरा अयोध्या काशी वृन्दावन, हरिद्वार आदितीर्थहरुका पवित्र जलहरुमा स्नान गर्नु भयो । कहीं पनि चित्त शान्त भएन । जव आफूले रसातलवाट पृथ्वीको उद्धार गरी ल्याएको कोका र कोशीको दोभानको जलमा आई स्नान गर्नु भयो अनिमात्र सबै मनोविकार अशान्ति नाश भयो । क्रोधपूर्णरूप शान्तिमा परिणत भयो । भनी वयान गरिएको छ ।

वराहपुराणको अध्याय १२२ देखि १४० मा प्रभुले कोकामुखमण्डल क्षेत्र श्रीविष्णुपादकादेखि कौशिकीनदी दोभानसम्मको महिमा गरिएको छ । यसमा पुराणको व्याख्या सुनेर वा पण्डित्याईले पुरेत्याईले जीविकोपार्जन गरेर यज्ञमात्रमा अन्न खाद्यपदार्थ होम स्वाहा स्वाहा गरेर जति पनि कर्मकाण्डको रमिता देखाउँने महोत्सव मनाउँन् त्यो वहिर्मुखीवृत्ति हो । भनी वयान गरेको छ ।

रसातलमा नर्कद्वारा पुरिएकी पृथ्वीलाई भगवान्वराहले भगवान् शंकरको शिलामूर्ति स्थापना गरी उद्धार गरी सुदर्शन चक्रद्वारा हिरण्याक्ष राक्षसलाई संहार गर्नुभयो । जलमाथि पृथ्वीलाई स्थापना गर्न आदिशक्ति महामाया भवानीको आराधना यज्ञरूप वराहले गरेपछि पृथ्वीको इच्छा अनुसार ऊर्जा प्रदान गर्ने शक्ति भएको हरियालीले भरिएको स्थानमा लानु भनी गरेको वयान परेको छ ।

आदिशक्ति जगदम्वाको प्रार्थना स्वागताछन्द र मन्दाक्रान्ता छन्दमा गरिएको छ । यसमा मातृभूमिको सेवा गर्न र सवैले मिलेर लोकतन्त्र गणतन्त्र व्यवस्थाको स्थापना सहिष्णुभई गर्न प्रार्थना गरिएको छ । यसैमा दिल्ली सम्राटवाट हिन्दूपति भनी मान पाएका हरिहरसेनका कान्छा छोरा लोहाङ्गसेनलाई गोला निशाना हान्ने अभ्यास आफ्ना वावु हरिहर सेनले तुङ्गकुट माउण्ट अर्थात् पर्वतशिखरमा गराएका हुनाले त्यस डाँडाको नाम चौडण्डा भएको उल्लेख परेको छ । यसैमा भगवान्वराहले श्राद्धपद्धति सिर्जना गरी पितृहरुलाई ब्राहमणवाट मन्त्रोच्चारण गराई आफू कर्ता वनेर तर्पण र पिण्डदान गरि पितृहरुलाई उद्धार गरी पितृलोक पठाउनु भयो ।

वराहक्षेत्र-४ वयनवन नै शान्तिवन हो । भारत राजस्थानमा रहेको माउण्टआबु शान्तिवन नै किन जानु पऱ्यो ? भन्ने आशय यस कृतिका पंक्तिकारको रहेकोछ ।

२०४३ वि.सं.मा तत्कालिन प्रधानमन्त्री सुनसरी र उदयपुरका माननीयहरुलाई

झोलुङ्गे पुल निर्माण सुनसरी र उदयपुरका बाटा पिच गर्ने र विद्युतको व्यवस्था गर्न अनुरोध गरेको कुरा पाईन्छ । आज पनि बराहक्षेत्रमा बर्खाकालमा पैदल नै हिड्नु पर्दछ । मोटरका कच्ची बाटा बिग्रन्छन् । बाटाहरु पिच गर्ने त कुरा छोडौ धरानदेखि चतरासम्म र झुम्कादेखि चतरासम्मको बाटो अझ कालो पत्रे पिच बनेको छैन ।

भारतको हरिद्वार र भारत राजस्थानको माउण्टआबू नगई बराहक्षेत्रलाई नै शान्तिवन र चारधाम बनाउँनु पर्दछ भन्ने विचार सुनमा सुगन्ध हो । तर २१ सौं शताब्दीको मानिस भौतिक प्रगतिको स्वाद चाख्न चाहन्छ । फलाना देश नजानु होस् । आन्तरिक पर्यटनलाई प्रोत्साहन दिनु होस् । भन्ने सस्तो विचार नफलाकी यातायातको विकासतिर कहाँ कसरी गर्नु पर्ने हो लाग्नु आजको आवशयक कुरा हो ।

यस कृतिका लेखक झैं म त त्यति चतरा र बराहक्षेत्र गएको छैन । तर चतरा र वराहक्षेत्र जाँदै नगएको होइन दुई चार पल्ट चतरा र दुई पल्ट वराहक्षेत्र गएको छु । अहिले पनि मार्ग विकट नै छन् । झुम्कादेखि वराहक्षेत्र जानु र धरानवाट वराहक्षेत्र. जाने वाटामा कुनै प्रगति भएको छैन । यस क्षेत्रका मानवीयहरु प्रत्येक पल्टको सांसदको निर्वाचनमा बराहक्षेत्र जाने बाटो बनाउँने र वराहक्षेत्रकोविकासको लागि गुरु योजना वनाई जनताबाट मत प्राप्त गर्दछन् तर संसदमा गएपछि यसमा कहिल्यै पनि चासो देखांउँदैनन् ।

अबको दिन भनेको नेताको दिन होइन । हामी जनताको दिन हो । हामीले चाह्यौं भने यातायातको विकासमात्र होइन, आन्तरिक पर्यटनको विकास पनि गर्न सक्दछौं । फलाना देशमा पर्यटन गर्न नजानु होस् । भनेर फलाक्नु पनि पर्दैन । अर्काले वायुयान चढ्यो भनेर हामी रुख नचढौं, बरु वायूयान नै वनाएर अरुलाई पनि चढाऔं ।

नेपाल आमाको मुहार उज्यालो राख्न आज परिश्रम नगरी हुंदैन । पिता पुर्खाले आर्जन गरेको इज्जत कायम राख्नु, सन्ततिको कर्तव्य हो । हिमाल, पाहाड र तराई, पूर्व मेचीदेखि महाकालीसम्म हाम्रा तीर्थस्थलको महत्वलाई बुझेर त्यहाँसम्म पुग्ने यातायातको विकासतिर लाग्नु आजको आवश्यकता हो । देशभित्र शान्ति कायम भएपछि विकासका पूर्वाधारतर्फ लाग्नु मानवको स्वभाव हो । विविधक्षेत्रमा विकास भएपछि नै मानिस उन्नति र प्रगतिको आकाश कुसुम चुम्न सक्दछ । यसमा कुनै अतिसयोक्ति छैन ।

अस्तु ।

२०६५ पुस ४ गते सप्तमीतिथी

अमर टोल, विराटनगर-११, नेपाल ।

आदिवराहको वैज्ञानिक पक्ष

हेमराज सापकोटा

आज निकै वर्षपछि कवि मानवज्राचार्यज्यूसंग अकस्मात् भेट भयो । म खुशीले विभोर भएँ । उहाँलाई मैले धर्म साहित्य र संस्कृतिका अन्वेषक ज्ञाताको रूपमा पनि सम्मान गरिआएको छु । उहाँको लगनशीलतालाई सराहना गर्नुपर्छ । विषयगतः वैज्ञानिक विचारले पर्गेल्नु पर्छ ! कवितामा कविको अनुकरणीय व्यक्तित्व हुन्छ । वज्राचार्यसित भेटको क्रममा कविले वराह अवतारको कुरा उठाउनु भयो । वराह र वराहक्षेत्रको बारे नजान्ने, नसुन्ने नेपालीहरुमा पनि विशष गरी हिन्दूहरु नेपालमा दुर्लभछन् । मैले पनि पुराणतिर सुनेकै हो । त्यसैले मेरोलागि नयाँ कुरा नभएकोले उति महत्व दिइँन । तर उहाँले मलाई यहीसँग सम्वन्धित् मेरोलागि सर्वदा नवीन कुरा वताउँनुभयो । त्यसमा मेरो ध्यान तामालाई चुम्वकले जस्तै खिचेर लियो । विषय वराहको होइन आदिवराहको हो ।

यही आदिवराहको वारेमा मैले धेरै कुरा खोतलि खोतलि सोधिरहें र पूरक प्रश्नहरुले जिज्ञाशा राख्दै रहें ।

उहाँले पनि झिंजो नमानिकन जवाफदिदै जानु भयो ।

आदिवराह भने पछि धेरैवटा वराहहरु भन्दा अगाडिको हुनु पऱ्यो । युग युगमा । अनि ती विभिन्न समयमा, युगमा अवतरित वराह मध्ये सवैभन्दा पहिले अवतार लिएका वराहलाई आदिवराहको सँज्ञा दिनु पऱ्यो होइन र ?

उहाँले 'हो' भन्नु भयो । मैले भनें-त्यसो भए ती अरु वराह कति जनासम्म गणणामा आएकाछन् ? कुन कुन युगमा आए ? र आदिवराह कुन युगका हुन् ? भनेर अनुमान गर्न सकिन्छ ।

यसपछि उहाँले जे जवाफ दिनु भयो, मलाई चित्त वुझेन । उहाँले ती कुरा आदिवराहको वारेमा शास्त्रीय आधार पनि किटान गरेर भन्न सक्नु भएन । अर्थात् मलाई मनोगत कुरा मात्र लाग्यो ।

वस्तुतः वास्तविकता अझै रहस्यको गहिराइमा गएकोछ । वराह सम्वन्धीकथा जसरी गरिए पनि वा धार्मिक वा आध्यात्मिक घटना भने पनि ऐतिहासिक घटना चाहि अवश्य हो । यसको ऐतिहासिकताको पुष्टि यसरी हुन्छ ।

पृथ्वीको ६ वटा गति भनिएकोमा अल्वर्ट आइन्स्टाइनले परम्परागत मानिएको ६ वटामा अर्को गति थपिदिएर ई गतिहरुको पूर्णता दिए । त्यो Time dimension अर्थात् समयको गति, यही समयको सापेक्षतामा सवै गतिको समीकरण हुनुपर्छ, उनको

विचारमा । ती गतिहरुमा दैनिक गति जस्तै दिन र रातको सृष्टि गर्दछ । करिव २४ घण्टाको अवधिमा यौटा चक्र पूर्ण हुन्छ, दोस्रो वार्षिक गति हो, यसलाई पनि पूरा गर्न १ वर्ष भन्दा अलिकति बढी लाग्छ । तेस्रो गतिको नाम नेपालीमा वा नेपालीले नामाकरण गरेकै छैन । अग्रेंजीमा योगतिलाई प्रिसेसन भन्दछन् । माथि भनिएका दैनिक र वार्षिक गति सँग सँगै २४ हजार वर्षमा एकचक्कर लगाउँछ । यसको फल स्वरूप हालको ध्रुव ताराको स्थान परिवर्तन भएर या अचल स्थिर मानिएको ध्रुवतारामा सानो टायमिटरमा २४ हजार वर्षमा एकचक्कर लगाउँछ ।

पृथ्वीको शिरोविन्दु परेकोले नै पृथ्वी घुमिरहनाले पनि ध्रुवतारा स्थिर देखिएको हो । प्रागऐतिहासिककालका राजा उत्तानापादका छोरा राजा भए पछि उनको गौरवमय शासनकालमा यो अचल ताराको वारेमा थोर वहूत जानकारी लिएकोले उनै राजाको नामवाट यो बाउन्न प्रकाशवर्ष टाढाको ताराको नाम पनि विद्वान्हरुले ध्रुव भनिराखिदिए । पुरानाहरुमा जस्तो भगवान् विष्णुको कृपाले यी उत्तानपादकाछोरा ध्रुव नै त्यहाँ गएर स्थिर भएको होइन ? जे होस् । यो तारा पृथ्वीको प्रिसेसनको कारणले पृथ्वीको शिरोविन्दुमा परिवर्तन आएको कारणले ध्रुवताराको अवस्थितिमामात्र परिवर्तन आउँदैन । यस पृथ्वीको वातावरणमा पनि अत्यन्त ठूलो परिवर्तन आउँछ । विषयवत् रेखादेखि उत्तरतर्फको उत्तरी गोलार्धमा जेठ, असार, साउन भर्दौमा अतयन्तं जाडो र कात्तिकदेखि माघ फाल्गुनसम्म अत्यधिक गर्मी महिना हुन्छ ।

यो परिवर्तनको फलस्वरूप हिजो आजको ठीक उल्टो जाडोमा सूर्य टाढा र गर्मीमा नजीक करिब ५० लाख कि.मी पर्छ र उत्तरी गोलार्धको कर्कट रेखादेखि माथि विश्वव्यापीरूपमा शीतलहर हुदै वढ्दै हिउँको पत्रहरु वाक्लो बाक्लो हुँदै सबैको उद्भिद वनस्पति ढाक्दै जान्छ । मानिस, जनावर संगै वनस्पतिहरु सुक्दै जान्छन् । पृथ्वीको २।३ भाग हिम आच्छादिप्त हुन्छन् । यो क्रम ६ हजार वर्षसम्म रहन्छ । पृथ्वीले ४ अरब जीव, जन्तु र वनस्पति गरेर कति त मासिएर नै जान्छन् ।

समुद्रको पानी वरफमा परिवर्तन भएर उत्तरी गोलार्धको कर्कट रेखा उत्तरतिर थुप्रीन थाल्छ र समुद्रको पानी कम हुन थाल्छन् । सतह घट्न थाल्छ । सम्पूर्ण पृथ्वीको सेनेरियो नै अचम्म लाग्दो हुन्छ ।

६ हजार वर्ष पछि पृथ्वीको Zenith point मा झुकाव आउँन थाल्छ । फल स्वरूप हाम्रो तारा साविककै स्थानमा आउँन थाल्छ । पहिलेको ठाउँमा आइपुग्छ १२ हजारवर्ष लाग्छ । यिनै १२ हजारवर्षमा गर्मीको तापक्रम फर्किन थाल्छ र हिउँ पग्लिन थाल्छ । यी पानी स्वभावतः गुरुत्वाकर्षणले समुद्रतर्फ बग्न थाल्छन् । कर्कट रेखादेखि

माथिकोभाग जलले आच्छादित हुन थाल्छ ।

यसरी पानीले चुर्लुम्म डुबेको अग्ला टाकुरातिर कुनै टाकुरामा कुनै महापुरुषले यो पानी हटाउँन प्रयास गर्छन् । हाम्रा वराह भगवान तिनै महा पुरुष मध्यका एउटा हुन् । यूरोप तिर तिनै ताका 'नोहा' कतै 'नेहाले' यो अलौकिक जल युद्ध गरेका थिए । जापान तिर फुजिले र मध्य पूर्वतिर इलाले ।

उनैको तत् प्रयासले पृथ्वी जल प्रताडनवाट क्रमिकरूपमा उध्दार पाउँदै गयौ । उहाँहरुको गाथा विश्वले विभिन्न 'मित्र' मा धार्मिक कथाहरु थपिपदै , रूपान्तरित हुदै गए ।

एट्रोनोमिकले वताउछ । मनुष्यले पृथ्वीमा पदार्पण गर्नु अघि हजारौ पटक पृथ्वीले प्रसेसन पार गरिसकेको छ । प्रत्येक प्रसेसन पछि ४० हजार वर्षको अन्तकालमा हिउँ युग आइसकेको छ । पछि जल प्रपात हुन्छ । कैयौं पटक पृथ्वी पानीमा डुबिसकेकोछ । तर मानवको पर्दापण पछिको अवशेष, तथा विभिन्न रूपमा रहेका कथाहरुले वताउँछ । प्रत्येक पटकको जल प्रपात् पछि कुनै महापुरुले पानी घटाउँने हटाउँने काम गरेको हुन्नछ । यसवाट पनि हाम्रा चतरामाथिको वराह जस्ताको कैयौं पटक अवतार भैसकेको छ । कतै नोहा, कतै नेहा कतै नेमो, कतै इला, त कतै अव्राहमको रूपमा त्यसै तथ्यलाई वैज्ञानिक र एट्रोनोमिक दृष्टिगत गर्दा आदिवराहको रूपमा कुनै निश्चित् महापुरुषलाई इगित गर्न संकिन्दैन । तर यौटा कुनै अवतारलाई आदिवराह मानिदिएं हुन्छ ।

विराटनगर-६ बरगाद्दी चाँदनीचोक दक्षिण ।

अस्तु : २०६५।९।१०।५

विराटनगर-६

शुभकामना

२०२२ साल आषाढ २२ गते म अध्यायनका लागि धरान आउँदा घरवाट दोस्रो दिनको वास कवि मान वज्राचार्यका दोकानको दलानमा बसेर सुतेको सम्झन्छु । उहाँको अनुशासित योत्रीहरुको व्यवस्थापन र कविजीका हरिया भावनाका कारणले मेरो घर भोजपुर गोगने आउँदा जाँदा रात विताउने र विहानको भोजनमासमेत हामी आनन्दित एवं सुरक्षित हुन्थ्यौं । अहिले पनि सुग्घर आँगन दलान र कविजीका मीठा गीति कविता सुनेको, साहित्य चर्चा वराहक्षेत्रको विकासको कल्पनाशीलता सिर्जनताले सधैं उस्तै गरी सम्झिरहेकोछु । पिताको लालनामा रहदाका बखत झैं नै ७४ वर्षे बसन्तमा पनि ३७ ओटा कृतिहरुको प्रकाशन गरेर निरन्तर भाषा साहित्य अध्यात्मका चिन्तनमा लाग्ने, लागि रहने बानीले उहाँलाई अमर साहित्यसेवी समाज र राष्ट्रभक्त व्यक्तित्वमा चिनाएको अनुभव गर्दै उहाँको उर्जाशील भावना प्रज्वलित भइरहोस् । सहस्र शुभकामना ट्याम्केका सिद्धबाबाका काखबाट पाइरहनु होस् । अस्तु

२०६६।४।९।६ वराह जयन्ति

कविराज न्यौपाने
(भोजपुर गोगने)

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

जिल्ला बिकास समितिको कार्यालय

सुनसरी, इनरुवा

मिति : २०६३।३।१६

प.सं. :०६२/६३ (प्र)

शुभकामना

यो जोसित सम्वन्धित् छ ।

लक्ष्मीदेवा गुभाजू स्मृति प्रतिष्ठान र विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखातर्फवाट सम्माननीय प्रधानमन्त्री श्रीगिरिजाप्रसाद कोईरालाज्यूमा औपचारिक भ्रमण मुकाम् मोरङ्ग विराटनगरमा २०६३/२/३१ गते एक ज्ञापनपत्र बुझाई सुनसरीको महेन्द्रनगर उद्योग वाणिज्य संघको तेश्रो वार्षिक साधारणसभाको उद्‌घाटन पूर्वक गर्नु भएको अभियान भ्रमण टोलीप्रमुख कवि मान बज्राचार्य, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय सिंहदरवार काठमाण्डौं र धुलिखेल, वनेपा आदि र नेपाल राष्ट्रिय महासभामा समेत सहभागी भई पवित्र उद्देश्यको यो अभियान भ्रमण सफल होस् भन्ने शुभकामना छ। धरान चतरा बराहक्षेत्र मोटर यातायात सडक योजनावद्ध कालोपत्रे हुनुपर्ने व्यहोरा यस जि.वि.स.को कार्यालय सुनसरीबाट सम्वन्धित् मन्त्रालयमा लेखापढी भएको व्यहोरासमेत अभियान भ्रमण टोलीमा जानकारी गराएकाछौं ।

कम्प्युटर : आलोक थापामगर
नायबसुब्बा

बिष्णुबहादुर थापा
स्थानीय विकास अधिकारी

नेपाल सरकार

स्थानीय विकास मन्त्रालय

जिल्ला बिकास समितिको कार्यालय

सुनसरी, इनरुवा

म जीउँ कर्ममा आफ्नै जिन्दगीका सवै पल ।
म पीउँ पसीना आफ्नै, अन्तीम घडीको जग ॥

खेममणि काफ्ले
काफ्लेको कटेरो, विराटनगर-१३
हाल: योजना अधिकृत जि.वि.स.को का. सुनसरी

शुभकामना

सुनसरी जिल्लाको उत्तरी खण्डमा रहेका प्राचीन र प्रसिद्ध धार्मिक स्थलहरुको खोजी र अन्वेषण गरी. प्राचीन धर्म स्थलहरुको महंत्वबारे जानकारी गराउँने .कार्यमा सदा सक्रिय रहनु भएका कवि श्रीमान बज्राचार्यज्यूबाट आदिबराहक्षेत्रको अन्वेषण र सो क्षेत्रको विकासका लागि भएका प्रयासहरु प्रशंसनीय रहेकाछन् ।

वहाँको यस प्रयासले सफलता प्राप्त गरोस् हार्दिक शुभकामना छ ।

खेममणि काफ्ल
मिति : १२ पुष २०६४

धन्यवाद ज्ञापन

प्रतिभा परिचय- 'धराप' हास्य व्यङ्ग्य साहित्य विधाका पुस्तक प्रकाशन गरेर सुनसरी साहित्य प्रतिष्ठान धरानले प्रतिभा परिचय गराइएका श्री खेममणि काफ्ले जुन् जुन् जिल्ला विकास समिति कार्यालय नगरपालिका कार्यालयमा पदभार बहन गर्दै पुग्दै आउनु भएको छ । २०३२ देखि २०४४ सालसम्म उक्त प्रतिष्ठानका अध्यक्ष पदबाट साहित्यिक यात्रादेखि विभिन्न भ्रमण र निर्माण कार्यक्रममा खेममणि काफ्लेज्यूबाट प्रोत्साहित भएको छु । शुभकामना दिनु भएकोमा धन्यवाद छ ।

मान बज्राचार्य ।

मिति : २०६४।०९।२४

श्रीमान् मान बज्राचार्यज्यू,

संस्थापक अध्यक्ष

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान, विराटनगर ।

विषय- दीर्घायू कामना ।

मान्यवर,

यही २०६४ पुष २४ र २५ गते सम्पन्न हुने उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ र कार्यक्रम बारे यहाँको आमन्त्रण प्राप्त भयो । विभिन्न निजी कारणवंश कार्यक्रममा अनुपस्थित हेतु क्षमाप्रार्थी छु । राष्ट्रियता, धर्म, संस्कृति र संस्कारका क्षेत्रमा तपाईको संलग्नताले हामीलाई सधैं प्रेरित गरिरहन्छ । यस कार्यक्रमको सफलताका साथै तपाईको उत्तरोत्तर प्रगति र स्वस्थ दीर्घायूको कामना गर्दछु ।

सम्झनाका लागि धन्यवादसहित ।

यहाँकै

गंगाविसन राठी

विराटनगर-४, मोरङ

अध्यक्ष

नेपाल भारत मैत्री संघ

विराटनगर-४ मोरङ

भविष्य उज्ज्वल छ
प्रयास स्तुत्य छ खुशी लाग्यो ।

विभिन्न विषयका गुरु धेरै पाइन्छन् । सुनसरीका चारधामको परिचय दिने र सप्तकोशी आदिगंगातट दुर्वाशाघाट चतरामा केश मुण्डनस्थल निश्चित गरी, वराहक्षेत्र विष्णुपादुका र श्रीपिण्डेश्वर सारस्वत तलाउसमेत छ स्थलमा श्राद्ध तर्पण पिण्डकर्म गर्ने ब्रह्मानन्दतीर्थ वराहक्षेत्र-१ मा ब्रह्मकपालीश्राद्ध गर्ने जस्ता श्राद्धदीयभूमिको परिचय गराई श्रीवराहक्षेत्र श्रीविष्णुपादुका तीथश्राद्ध पद्दति तयार गरी मार्गदर्शन गराउने धार्मिकयात्रा र एकमहिने अभियान भ्रमणको उद्देश्यअनुसार आदिवराहक्षेत्र विकास उपसमिति गठन पूर्वक श्रीआदिवराह क्षेत्र सर्यकुण्ड योजनाबद्ध विकासकार्यमा सम्वन्धित् सबैको ध्यानाकर्षण गराउने गुरु कवि मान बज्राचार्य नै हुनुहुन्छ । उद्देश्यतर्फ सबैको ध्यानाकर्षण गराउने आदिवराहक्षेत्र सुर्यकुण्ड महिमा प्रकाशमा आउनु स्तत्य प्रयास हुनु गुरुत्तर भारबहन गर्नु हो । खुशी लाग्यो ।

मोरङ्ग जिल्लाभित्रै इनरुवा भएको २०१९ सालमा सुनसरी साहित्य एकेडेमी स्थापनादेखि कविमान बज्राचार्यलाई साहित्य र संस्कृतिको विकासमा लागिरहनु भएको थियो । भनेर हामी चिन्छौं । सुनसरी साहित्य समिति र सुनसरी साहित्य प्रतिष्ठान नामाकरण पुर्वक इटहरी हुँदै यो साहित्यिक संस्था जब धरान पुग्यो । २०४१ सालदेखि साहित्यिकयात्रा धार्मिकयात्राबाट कविमान बज्राचार्य अध्यक्ष पदमा रहनु भएको सुनसरी साहित्य प्रतिष्ठानको प्रसिद्धि बढ्यो । प्रकाशित् कृति समसामयिक पत्रिका, लेखापढीका कागजात रेकर्ड नै प्रमाणित भएका यी भनाई तथा विवरणं पटक पटक विभिन्न अङ्कमा साहित्य सौगातमार्फत् पाठक समक्ष प्रस्तुत गरिएकै छ । श्रीबराहक्षेत्र वार्ड नं. ७, ८, ९ श्रीआदिवराहक्षेत्र सूर्यकुण्डमा विद्यालयहरु खोल्ने, पर्यटकीय र धार्मिकमहत्वलाई ध्यानमा राखी श्रीआदिवराह भगवान्को मन्दिर बनाउने, पैदल र जिपेवल बाटो निर्माण योजनाका कार्य श्रमदानबाट गराउने, संरक्षण गराउने कार्यसमेत देखियो । २०६५ जेठदेखि लैण्डरोभर गुडे । स्थानीय क्षेत्रको विकास गर्न स्थानीय जनता नै लाग्नुपर्छ । यो चेतना स्थानीय जनतामा जागेकोले यसक्षेत्रको भविष्य उज्ज्वल छ ।

श्रीयज्ञबराह भगवान्को दर्शन गरी फर्कंदा कवि निवासमै लेखी प्रदान गरिएको मिति २०६५।७।२१ विहीबार मुखाष्टमी

शशोप्रसाद बजगाई
प्रधानसम्पादक, साहित्य सौगात
इनरुवा-५, सुनसरी, फोन नं. : ०२५-५६१४०१

भूमिका

स्वदेशकै तीर्थहरुमा श्रद्धा राखौ र श्राद्ध गरौं ।
देशको उन्नतिका कार्यमा योगदान पुऱ्याऔं ॥

यही उद्देश्यको आदिवराहक्षेत्र सूर्यकुण्डको योजनावद्ध विकास गरौं भन्ने अभियानले भारतको राजस्थान जाने गरेका नेपालका ब्रह्माकुमारी, ब्रह्मकुमार, राजयोगीनी र योगीहरु माउण्ट तुङ्कुट भवानीस्थान, शान्तिवन, वयरवनतर्फ फर्कुन् । ब्रह्माकुमारी राजयोगसेवा उपकेन्द्र भवन वराहक्षेत्र-४ वयरवनमा वनोस् । यस उद्देश्यले कवि मान वज्राचार्यद्वारा नम्वरी जमीन १ कट्ठा कोठेवारीबाट २०६५।३।१५ गते रजिष्ट्रेशन पास गरी दिइयो । १० धुर जमीनको रु. ६०,०००।-, ९७ वर्षीया श्रीमतीलीलादेवी आचार्यले दिनुभयो । १० धुर जमीन आदरणीया दिदी ७७ वर्षीया मानकुमारी वज्राचार्यका नामबाट दान गरिएकोछ । राजयोग शिविर भण्डारीटारमा जस्तै आदिवराहक्षेत्र, सुर्यकुण्डमा निश्चित् कार्यक्रम तयार गरी सञ्चालन होस् । सबैको ध्यानाकर्षणका लागि आदिवराहक्षेत्र, सूर्यकुण्ड महिमा निशान रहस्यसहित् यसरूपमा प्रकाशित गरिएको छ । २०६५।४।७४ का दिन स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदीज्यू एवं योजना अधिकृत तथा हास्य-व्यंग्य विधाका साहित्यिकप्रतिभा श्रीखेममणि काफ्लेज्यूबाट दिनु भएको आश्वासनका शब्द नै सम्पादन र लेखनकार्यले पुस्तकको रूप लिएको हो । साहित्यप्रेमीद्वय धन्यवादका पात्र बन्नु भएकोछ । रु. ४०,०००।- (चालिसहजार) जि.वि.स. कोषवाट यो ! ग्रन्थ प्रकाशनार्थ, रु. ४०,०००।- (चालिसहजार) वराहक्षेत्र-१ चतरा कोशीतटको पुरानो धर्मशाला अगाडि र भित्री भागमा रङ्गरोगन गरी सजाउन, ढलाई, प्लष्टर गर्न प्राप्त भएकोमा जि.वि.स. को कार्यालय सुनसरीप्रति आभारप्रकट गर्दछौं । धर्म संस्कृतिको महिमा प्रचारार्थ एवं तीर्थस्थलको विकासनार्थ आर्थिकसहयोग गराउने निर्णयमा सहभागी सबै राजनैतिकपार्टी एवं सामाजिक भावनाका व्यक्तित्व एवं सवै सहयोगीहरु धन्यवादका पात्र हुनुहुन्छ ।

(शार्दूल विक्रीडित छन्द)

हाम्रा रक्षक देवताहरु यही, बस्छन् निराकारमा ।
नेपाली मन उघ्रियो यदि भने, देखिन्छ आकारमा ॥
ढुङ्गा पीपल चौतरा वर स्वयं, ऊँ ब्रह्म श्रीसर्जक ।
आफैंभित्र रमाउँछन् गुरु चिने, अज्ञानता हट्दछ ॥

२०६६।४।१६ वराह जयन्ति

- लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान एवं
आदिवराहक्षेत्र विकास उप-समिति

श्रीआदिवराहक्षेत्र श्री सूर्यकुण्ड महिमा

(४ खण्ड र विशेष गतिविधि)

विषय सूची पृष्ठ

खण्ड प्रथम

अर्चना स्तुति	
शुभकामना सहित विनम्र प्रार्थना	१
ऊँ श्रीआदिवराहाय नमः	२
श्रीवराह पुराण अध्याय १२९	३
आदिवराहक्षेत्र-महिमा वराहपुराण अ. १३७	१६
सूर्यकुण्ड-: आदित्य तीर्थ-महात्म्य १३८	२३
१३९ अध्याय अवतारका कारण स्वरूप	२६

खण्ड द्वितीय

विश्वदेवाको दृष्टिमा	३३
श्रीआदिवराहक्षेत्र-महिमा	३७
श्रीआदिशक्ति महामाया भवानी-महिमा	३९
श्रीआदिशक्ति जगदम्बेमा प्रार्थना	४०
शान्तिवन वयरवन	४३
स्थापनाकालको केही संस्मरण यस्तो छ	४५
हाम्रा बुद्ध पराइका हुन गए	४६
जबसम्म शान्ति आउँदैन	४७
बेल विवाह चुडाकर्म	४९
चौडण्डा-रहस्य आदिवराह र क्रमश वराह	५१
श्लोक १६ देखि २४ अनुसार	५५
चौडण्डाका चारधारा-महिमा	५६
तारकासुर राक्षशनीका अवशेष	६०

स्वाँरा भगवती स्थान ६०

वान्द्रे पर्यटन स्थल ६२

खण्ड तृतीय

निशान ६३

निशान रहस्य र अन्तर्राष्ट्रिय पर्यटक ६६

निशान भगवती र निशान भगवती मन्दिर ६७

आइतवारे खड्गनिशान भगवती स्थान ६८

निशान डाँडा निशान टप्पु नै श्रीलंका ६९

निशान काली मन्दिर ७१

आत्माज्ञानको निशान, भक्ति ज्ञान प्रपत्ती ७२

इटहरी नरसिंह टप्पु एक ऐतिहासिक निशान ७३

निशान झण्डा विश्रामस्थान ७४

निशान बोक्ने उक्त निशान रहस्य एवं धार्मिक यात्रामा ७४-७५

धार्मिक यात्रा उद्देश्यवारे ७७

खण्ड चतुर्थ

आफैभित्रका ईश्वर श्रीवराह प्रार्थना ८२

ज्योतिविन्दु नै परमात्माको निशान हो ८३

ब्रह्मानन्दले रहस्य खोलेर यसरी भनेकाछन् ८४

निशानवारे ८७

व्याख्या छ शास्त्रआदिमा ८९

श्रीराधा कृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान ९०

दशयोजन मूर्क्षित शतयोजनम् ॥ २८-३०॥ ९१

शिवजटा छहरा ९५

श्रीआदिवराहाय नमः श्रीसूर्यकुण्डायै नमः ९६

स्वागत ९८

सूर्यकुण्डको थप महिमा ९९
धरणीधर आदिवराह स्तुति. १००

विशेष गतिविधि

एकमहिने अभियान भ्रमण विवरण १०५
अभियान भ्रमणको ३ उद्देश्य थियो १०७
योजनावारे १०९
स्वागत समर्थन १११
उदाहरणीय सामाजिक कार्यको उद्देश्य र असहाय ११२
ससम्मान आजीवन सदस्यता ११२
निर्माणकालमा कार्यरत समितिहरुमा ११४
कवि बाबुराम श्रेष्ठ 'वर्षा को बाबा भजन ११७
कुम्भ स्तम्भ र भक्ति साधना केन्द्र ११८
उपाधि ११९
अभिनन्दन कार्यक्रम १२१
कोशीको ललीला दर्शनबाट १२३
अभियानवारे शुभकामना आदि १२५
खण्ड धार्मिक गतिविधि १३४
घण्टाघरको रहस्यमय संक्तेत १५२
कोशी कटान डुवान पीडितको आर्तवाद १५४
प्रथम पिण्डेश्वर कुम्भ स्तम्भ १५६
कोशीमा फेरी १५६
श्रीलक्ष्मी वेक्तटेश रामनुज सत्सङ्ग मन्दिर १५९
श्रीआदिवराहको मन्दिर भोजपुर १६०
सन्तानेश्वर पाञ्चायन शिवमन्दिर १६१
शुभकामना उद्गार भित्र उद्योग वाणिज्य संघको परिचय १६१

अद्वैत सभाको प्रवचन परम्परा	१६२
त्रिफलाका तीन कृति परिचय	१६७
झापा सुरुङ्गा यात्रा प्रसङ्ग	१६९
प्रत्यकपलको कविता सग्रह	१७२
संकल्प र जमरा समाधि	१७३
आदियुवाकवि मोतीराम भट्ट	१८१
लक्ष्मी सडक कविता र प्रतिभा परिचय	१८७
अंष्टमी र द्वादशी तिथि महिमा	१८८
सोमवारे हट	१८९
तीर्थस्थलमा जाँड रक्सी व्यापारको परिणाम	१९०
विराट साहित्यिक गतिविधि कृति विमोचन	१९१
टिपन टापन कृष्ण कोइराला 'चारघरे	१९४
बाचुन्जेली घृणा मरेपछि पूजा	१९७
प्राचीन वट वृक्ष चौतरा	२०१
वृक्ष रूप संसार वरपीपल वृक्ष महिमा	२०२
कलात्मक पीपलपाते शिला	२०८
वेलको आयुर्वेदिक महत्त्व	२०९
यस्ता महान प्रतिभाहरुको कदर गरौ	२१०
साँस्कृतिक झीगुठीद्वारा भएको ऐतिहासिक चूडाकर्म र वेलविवाह	२११
आर्थिक सहयोगीहरुको नाम रकम	२१३-२१६

खण्ड प्रथम

॥ शुभकामनासहित विनम्र प्रार्थना ॥

(स्रग्धरा छन्द)

फर्क्योमाउण्ट आवु वयरवन महादेव साथै हिमाल ।
शान्ति स्थाई हुँदैछ स्मरण गर सधैं, राष्ट्रको राख ख्याल ॥
दायाँ बायाँ चियाका, नरम अधर झैं, लोभ लाग्दा सुरम्य ।
पाहाडी दृश्यशोभा प्रकृति नटनटी, भै रमाउन् अरण्य
गाडी गुड्दै पुग्यो लौ ! वयरवन हुँदै, आदिवाराहक्षेत्र ।
सूर्येकुण्डै भवानी प्रकृति छवि खुली, भन्दछन् देउनेत्र ॥
जो छौं ऐश्वर्यशाली धन मगज दिऔं, योजनाबद्ध काम ।
नेपाली भावना झैं श्रम सफल बनोस्, बढ्छ सत्कीर्ति मान ॥
स्वागत् ॐ शान्ति भन्दै प्रकृतिसित खुली, राजयोगी सबैको
आत्मापारी प्रसन्नै दिनकर शशि झैं, झल्मलाएर दैलो ॥
दर्शाई दिन्छ ज्ञान स्मरण हृदयमा, गर्दछन् राजयोगी ।
बढ्नेछन् साधनाका पथिकहरु बनी, हात राखी धरौटी
श्री भर्गोज्योति देख्छन्, सहजसित सबै, भ्रातृको भावनाले ।
ऊचो उद्देश्य मार्गी पथिकहरु मिली, देशछन् लौ ! उज्याल्ने ॥
कालो पत्रे बनुन् यी सडकहरु सबै, देश नेपाल खुल्छ ।
टाढाको दृश्य शोभा हिमगिरि सरिता, स्वच्छताले बटुल्छ ॥
हाम्रा ब्रह्माकुमारी पहिरण सुकिला, ले सजी हिड्नु टाढा ।
आफ्नै भित्रै रहेका हृदयपति पिता, जिन्दगीका सहारा ॥
अर्काको राष्ट्रमा छन् भ्रमवश मनले, सोच्नु हो खर्च बढ्नु ।
सारा ती खर्च आफ्नै स्थल सुमहिमा ज्ञानले नै बटुल्नु ॥
बेकारीको समस्या हरण हुन सकोस् देश उत्थान होस ।
आत्माज्ञानी भविष्योज्वल हुन सकोस्, कामना राखियोस ॥

❑●❑

ॐ श्रीआदिवराहाय नमः

(शार्दूल विक्रीडित छन्द)

पृथ्वी भैँ जव शान्ति नै हरण भो, जन्मी हिरण्याक्ष नै ।
व्रह्मा छक्क परे जलाम्य छविलो, देखी वसे ध्यान मैं ॥
हत्याका रगतै पखालिन गयो पृथ्वी हँसिली वनिन् ।
नेपाली अव भाइमा समर नै, गर्दैन होला भनिन् ॥

व्रह्मा विष्णु महेश इन्द्रहरुले, पारेर उत्साहित ।
आत्माभित्र वराह दर्शन हुने, सत्सङ्ग आयोजित ॥
ठेगानाहरुमा सवै जन जुटुन्, भन्दै दिए प्रेरणा ।
आत्माज्ञान दिने वनौं गुरु मुखी, स्वर्गीय उद्यानमा ॥

अज्ञानी जति छौं स्वयंतिर फिरी, हेर्ने गरौं पुष्प भैँ ।
फक्रौं अमृतले हुने अमर छौं, फैलन्छ सत्कीर्ति नै ॥
दर्शन् आदिवराहरूप हरिले, दिन्छन् कि ? विश्वासले ।
जुट्दै आदिवराहक्षेत्र नजिकै, भेला भयौं हे हरे ॥

व्रह्मा विष्णु महेश इन्द्र सवले, रक्षा गरुन् राष्ट्र यो !
छौं हामी शरणागतै हृदयले, सत्कार्य गर्दै प्रभो ॥
चोला नश्वर पाञ्चभौतिक यहीं, त्यागेर आत्मामुखी ।
वन्दै मिल्न सकौं वराह प्रभुमा, प्रार्थी वन्यौं हे हरि ॥

२०६५।१।१०।३ मा परिमार्जित

इनरुवा-५ सुनसरीका

दार्शनिक साहित्यकार एवं वरीष्ठ समाजसेवी आदरणीय श्रीगोपाल कोइराला 'त्यागी'का प्रेरणास्पद साहित्यिक उद्गारको प्रेरणाबाट २०६५।१।१०।३ मा साहित्य सौगातका सम्पादक श्री शशीप्रसाद वजगाईंका निवासमा वसी परिमार्जन गरिएको हो ।

श्रीबराहपुराण अध्याय -१२९

अथ चतुर्वर्णदीक्षा

श्रीवराह उवाच ।।

भूषितालंकृतं कृत्वा ममकर्म परायणः ॥
शुक्ल यज्ञोपवीतं च देयं नवगुणं तथा ॥१०॥
शिरसा चाञ्जलिं कृत्वा वसुधा पुनरब्रवीत् ॥

टिका : श्रीवराह आज्ञा गर्नु हुन्छ कि हे वसुधे ! मेरो मन्त्र ग्रहण गर्न इच्छा गर्ने भक्तलाई सेतो यज्ञोपवितले भूषित चन्दनादि वस्तुले अलंकृत मम कर्म परायण शिष्यलाई मेरो मन्त्र श्रवण गराउँन उचित हुन्छ ॥११॥

श्रीवराहबाट यस्तो वचन सुनी फेरि पनि पृथ्वी बिन्ति गर्दछिन् ।

धरण्युवाच ।।

एतन्यां परमं गुह्यं तद्भक्तो वक्तुमर्हसि ॥
सन्ध्यां वै केन मन्त्रेण तव कर्म परायणम् ॥२॥
वद भागवतीं शुद्धां तव कर्म विनिश्चिताम् ॥
ततो भूमिवचः श्रुत्वा भूतानां प्रभवोऽव्यय ॥

टिका : पृथ्वी भन्दछिन् प्रभो ! अद्यावधि कसैले जान्न नसकेको प्रभुकर्ममा तल्लिन रहने परम्भक्तहरु कस्ता हुन्छन् ? सन्ध्या समयमा जपनीय प्रभुको मन्त्र कुन छ ? फेरि प्रभुलाई प्राप्त गर्ने भगवान् सम्वन्धी कर्म कुन हो ? सो सुन्नको इच्छा गर्दछु । आज्ञाहवोस् भनी भूमिको विन्ति सुन्नु भएका सम्पूर्ण प्राणीका उद्भव स्थान पुनः अव्यय् यस्ता-
वराहरूपो भगवान्प्रत्युवाच वसुन्धराम् ॥

वराहरूप धारण गरेका भगवान्ले पृथ्वीलाई आज्ञा गर्न लाग्नु भयो ॥

श्रीवराह उवाच ।।

श्रुणु माधवी तत्वेन यन्मां त्वं परिपृच्छसि ॥
कथाऽयिष्यामि ते भद्रे प्रवरं गुह्यमुत्तमम् ॥
यथावदद्विदितं भूपैः पुण्याः भागवताः शुभाः ॥
कृत्वा तु मम कर्माणि शुचिसंसार मोक्षणीम् ।

टिकाः श्रीवराह आज्ञा गर्नुहुन्छ - हे माधवी ! जुन् कुरा सुन्ने अभिलाषा तिमीले गर्‍यौं सो परम् गुह्य सर्व श्रेष्ठ, उत्तम, तत्त्वपूर्वक सुनाउँछु हेभद्रे ! तिमी सुन ! जुन् पवित्र भगवत् प्राप्तिका कर्मछन् । जुन् अर्को हठगर्दा परम्पवित्र भएका भक्तहरु संसार तर्दछन् । त्यस्तो पवित्र संसारवाट पार गर्ने मत्सम्वन्धी सन्ध्या कर्म सुन ॥

कुर्वीतैव परां सन्ध्यां यथावदिति निश्चितम् ॥
जलाञ्जलिं ततोगृह्य मम भक्त्या व्यवस्थित ॥
मुहुर्तं ध्यान मास्थाय इमं मन्त्र मुदाहरेत् ॥

टिका : शास्त्रोक्त प्रमाण विधिले परंफलदायी संध्याकर्म अवश्य गर्नु योग्य छ, भगवान भन्नुहुन्छ- मेरो भक्तिले एकाग्रचित्तभक्त अंजलीमा जल लिएर एक मुहुर्त्त (२ घडी) ध्यानदिएर यो तलको मंत्र उच्चारण गर्छन् ॥

मन्त्रः भवोद्‌भवमादिव्यक्तरुपमात्रं सर्वे देवा व्रह्मा रुद्रस्त्वा द्रृकसममासीद्धयानयोगस्थिता ते संध्यासंस्था वासुदेवं नमति वयं देवमादिव्यक्तरुपमात्मसप्तदिवसं तथापिसंसारार्थं कर्म तत्करणमेव सन्ध्यासंस्थावासुदेव नमोऽस्तुते ॥

मन्त्रणां परमं मन्त्रस्तदसां परमं तपः ॥
आचारं कुरुते ह्येवं मम लोकं सगच्छति ॥
गुह्यानां परमं गुह्यरहस्यं परमुत्तमम् ॥
य एवं पठने नित्यं न स पापेन लिप्यते ॥

टिका: मंत्रार्थ-भवमा विभिन्न अवतार धारण गर्ने साथै अनन्त संसार उत्पत्ति गर्ने दिव्य, व्यक्तरूप, सम्पूर्ण देवरूप वह्मा: रुद्र सदृर्ष्य तपाइ वराहरूप भएर पनि ध्यानयोगमा रहेका ती सम्पूर्ण वह्मादिदेव, सन्ध्याकर्ममास्थित वासुदेवलाई नमस्कार गर्दै भन्दछन्- हे देवाधिदेव ! परंव्यक्तस्वरूप आत्मरूपप्रमुख सवै वाट नमस्कार छ र पनि प्रभु कै कर्मरूप सांसारिककर्म गर्दै सन्ध्याकर्ममास्थित भएर वासुदेवलाई नमस्कार छ ।

उक्त मंत्रहरुका मध्ये परमंत्रतपका सम्बन्धमा परंतपमंत्रको जसले आचारपूर्वक सेवा गर्छ भने, त्यो भक्त मेरो लोक वैकुण्ठ जानेछ । उक्त मंत्र गोप्यमा परंगोप्य, परंरहस्य उत्तम छ । जो नित्य पाठ गर्दछ, त्यो व्यक्तिलाई कुनै पनि पापले छुन सक्तैन ।

न दीक्षिताय दातव्यं नोपवीते कथंचन ॥
दीक्षितायैव दातव्यं मुपपन्ने तथैवच ॥
पुनरन्यत्प्रवक्ष्यामि देवि तत्त्वेन मे श्रृणु ॥
तदीयमपि गह्वाति दत्तं भागवतैः शुभैः ॥

टिका: उपरोक्त मंत्र अशिक्षित दीक्षा नपाएका वह्मकर्म प्राप्त नगरेको व्यक्तिलाई कसै पनि नदिनु । शिक्षित, दीक्षा प्राप्त, व्रह्मकर्म प्राप्त व्यक्तिलाई दिनु ।

हे देवि ! पुनः अन्य कुरा पनि म वताउँछु- तिमी तत्त्वपूर्वक सुन, मेरा भक्त शुभकर्ममा लागेका व्यक्तिद्वारा उक्त मन्त्र ग्रहण गर्नु कुनै दोष हुँदैन ;

कृत्वांतु मम कर्माणि गृह्य दीपकमुत्तमम् ॥
जानुसंस्था ततः कृत्वा इमं मन्त्र मुदीरयेत ॥

टिका: एवं प्रकारले मन्त्रसम्वन्धी कर्म गरेर उत्तम दीप लिनु, दुवै घुँडा भित्र हात राखेर यो मन्त्र पढ्नु ॥

मन्त्र: ॐ नमो भगवतेऽनुग्रह तेजसे विष्णो सर्वदेवास्त्वाग्नि संस्थाः प्रविष्टा एवं चाग्निस्तव तेजसा भविष्यति स्वतेजसा मामाशु मन्त्रस्य तेजसा संसारार्थं देव गृह्यचंदीपकं मन्त्रं मुर्तिमन्त्रं श्रवोभूत्वा इमं कर्म निष्फलम् ॥

टिका: मंत्रार्थ ॐकार स्वरूप भगवान्‌लाई नमस्कार। हे विष्णो ! तेजस् सम्पूर्ण देव तपाईको तेजले तेजस्वी: अग्नि स्वरूप एवं प्रभुकै तेजले अग्नि तेजयुक्तछन् : यस्तेय आफ्नू तेजले मलाई चाँडै रक्षा गर्नु होस्। मंत्रतेजले मेरो कल्याण गर्नुहोस्। हे देव ! यो दीपग्रहण मूर्तिमन्त्ररूप मन्त्रवत् भै गर्नुहोस्। मंत्रलिनुहोस्। मन्त्रमूर्ति स्वरुप भै मेरा सांसारिक कर्मनाशगरी दिनुहोस्। सम्पूर्ण संसारका कर्म निष्फल हुन्।

तत्करोति यथान्याय्यं दीपक ददते नरः ॥
तारिताः पितरस्तेन निष्कलाश्च पितामहा ॥
गन्धेन तिलकं दद्या ललाटे मम सुन्दरी ॥
अन्यच्च ते प्रवक्ष्यामि कर्म लोक सुखावहम् ॥२॥

टिका: शास्त्रानुसार उपरोक्त कर्म गर्छ अनि दीपदान गर्दछ भने तेस्ता मनुष्यले निष्पाप कलंकरहित भएका आफ्ना पितृ पितामह सम्पूर्ण तारण उद्धार गर्दछ। हे सुन्दरी ! सुगन्धित् चन्दनले मेरा निधारमा तिलक लगाओस् र यस्ता लोकमा सुख प्राप्त गर्ने कर्म अव पनि तिमीलाई भन्दछु सुन ॥

येन मन्त्रेणं दातव्यं ललाटे तिलकं मम ॥३॥

टिका: मेरा निधारमा तिलक लगाउने मंत्रले तिलक गरोस्। मंत्र तल छः

मन्त्रः मुखमण्डनं चिन्तया वासुदेवत्वमा प्रयुक्तं च भयोपनीतम् ॥ एतेन चित्रं कुरु वासुदेव मम चैवं कुरु संसार मोक्षम् ॥४॥

टिका: भावार्थः हे वासुदेव मुखमण्डललाई मण्डनगर्न शोभायुक्त वनाउने विचारले मद्वारा ल्याइएको सुगन्धित् चन्दनले मुख मण्डललाई विचित्र शोभायुक्त वनाउनु होस् साथै संसारवाट मेरो पनि मोक्षहोस् ॥४४॥

एतेन मन्त्रेण चित्रकं मे दद्याल्ललाटे तिलकं धरित्रि ॥
ततः सुमनसोगृह्य इमं मन्त्र मुदाहरेत् ॥५॥

टिका: हे धरित्रि ! उक्त मंत्रले मेरा निधारमा विचित्रशोभाको तिलक धारण

गराओस् । त्यसपछि अति शोभालेयुक्त सुगन्धफूल लिई यो मंत्र भन्नु ।

मन्त्र: इमा: सुमनस: सौमनस्याय भगवन् सर्व सुमनसं कुरूत्वैते सौमनस्याय निर्मिता गृहीता: स्वाहा ॥६॥

टिका: मन्त्रार्थ: हे भगवान् यी सम्पूर्ण पुष्प हजुरले निर्माण गरेका सुगन्ध प्राप्तिका निमित्त, यी सवै पुष्प अर्पण गर्दछु । प्रभुलाई सुगन्ध मिलोस् । सुगन्धरहित् पुष्प भएपनि सुगन्धित् वनाउँनु होस् ॥६॥

एवं सुमनसो दत्वा धूपं चैव निवेदयेत् ॥
ततो गृहीत्वा धूपंतु सुगन्धं सुमनोहरम् ॥७॥

टिका: यस्ताप्रकारले पुष्पअर्पण गरी सुगन्धित् धूप निवेदन गरोस् । मनलाई आनन्ददिने सुगन्धित्धूपलिएर तलकोमंत्र भन्नु ॥७॥

नमो नारायण ये त्युक्त्वा इमं मन्त्रमुदीरयेत् ॥
'नमो नारायणाय !' यसो भनेर यो तलको मंत्र भन्नु-

मन्त्र: सुगन्धानि तवाङ्गानि स्वभावे नैव केशव ॥८॥
अमुना चैव धूपेन धूपितानि तवाऽनव ॥
तवाङ्गानां सुगन्धेन सर्व सौगन्धिकं कुरू ॥९॥

मन्त्रार्थ: हे ! केशव ! प्रभुका सवै अंग स्वभावैले सुगन्धित् छन् । हे अनव ! यस धूपले नै प्रभुलाई धूपित गरी हजुरका सवै सुगन्धित् अंगका सुगन्धले सुगन्धित् बनाउँनुहोस् ॥९॥

गृहाणेमं च मे धुपं सर्व संसार मोक्षणम् ॥
पुनरन्यत्प्रवक्ष्यामि यथा दीपं निवेदयेत् ॥१०॥
यथावृत्तं तु गृह्वामि मम भक्तै: सुखावहम् ॥
कृत्वा तु मम कर्माणि गृह्य दीप मनुत्तमम् ॥११॥

हे प्रभु ! संसारलाई मोक्ष गर्ने यस धूपलाई ग्रहणगर्नुहोस् । फेरि अन्य प्रसंग भन्दछु- जसरी दीप निवेदन गरिन्छ ॥१२॥

शास्त्रानुसार मेरा भक्तले दिएको सुखयुक्त उत्तम दीप लिएर मेरो कर्म गरोस् ॥११॥

जानुसंस्थं ततः कृत्वा इमं मन्त्र मुदीरयेत ॥१२॥

सो दीपलाई घुँडा समीप गरी तलको मन्त्र उच्चारण गरोस् । १२॥

नमो भगवते तेजसे विष्णो ! सर्वेः देवास्त्वग्नि संस्था प्रतिष्ठाः ॥

एवं चाग्निस्तन तेजसा प्रतिष्ठितो तेजश्चात्मा स्वयंमेव ॥१३॥

हे विष्णो ! तेजयुक्त भगवानलाई नमस्कार सम्पूर्ण देवता अग्नि स्थित प्रतिष्ठित् छन् यस्ता प्रकारले हजुरका तेजले अग्नि तेजित् छन्, सोतेज आत्म स्वरुप हजुर नै हुनुहुन्छ ॥१३॥

मन्त्रश्चः तेजः संसारान्मोचयिन्तुं देव गृह्णीष्व दीपं घुनिमन्तञ्च ॥

मुर्तिंञ्च भूत्वा इदं कर्म निष्फलम् ॥१४॥

हे देव ! यो दीपग्रहण गर्नुहोस् । यो ! तेजले संसारलाई दोषबाट मुक्तगर्न मूर्तिरूप भएर ! सांसारिक कर्मलाई निष्फल गरिदिनुहोस् ॥१४॥

मा करोति यथान्यायं दीपकं ददते नरः ॥

तारिताः पितस्तेन निष्कलाश्च पितामहा ॥१५॥

विधिपूर्वक यस्ता प्रकारले दीपदान गर्दछ भने त्यस मनुष्यले कलंकरहित निष्पाप आफ्ना पितृ पितांमहादि सम्पूर्ण पितृलाई उद्धार गर्दछ ॥१५॥

नारायणावचः श्रुत्वा विस्मितांच वसुन्धरा ॥

वराहरूपिणं देवं प्रत्युवाच वसुन्धरा ॥१६॥

श्रुता मया भागवतास्तवकर्म परायणाः ॥

शेषं मश्रवणार्थाय मनोधावति सत्पथे ॥१७॥

भगवान् नारायणका उपरोक्त वचन सुनेर पृथ्वी आश्चर्य चकित भै वराहरूप भगवान्लाई पुनः निवेदनगर्न लागिन् पृथिवी ॥१८॥

तव प्रामाणकं कृत्यं केषु पात्रेषु कारयेत् ॥

एतदाचक्ष्व तत्वेन येन तुष्यसि माधव ॥१८॥
ततोभूमेर्वचः श्रुत्वा लोकनाथोऽब्रवी दिदम् ॥
श्रुणुतत्वेन मे देवि यानि पात्राणि रोचते ॥१९॥

पृथिवी भन्दछिन् : प्रभो ! प्रभुलाई भोजनादि पदार्थ अर्पणगर्दा कस्ता पात्रमा अर्पण गर्दा हजुर खुसी हुनुहुन्छ ? हे माधव ! यो ! सम्पूर्ण तत्त्व आज्ञा होस् ॥१८॥

यस्ता भुमिका वचन सुनी लोकनाथ प्रभुले आज्ञागर्नु भयो । हे देवि पृथ्वी ! सम्पूर्ण तत्त्वसुन । जुन् पात्र मलाई अति प्रियछन् ॥१९॥

नानिते कथयिष्यामि त्वयामे पूर्व पृच्छितम् ॥
सौवर्णं राजतं कास्यं येषु दद्यात्प्रमाणकम् ॥२०॥
सर्वाणितानि त्यत्त्वेह ताम्रं च मम रोचते ॥
एतन्नारायणाच्छुत्वा धर्मकामा वसुन्धरा ॥२१॥

तिनै तिमीले सोधिएका पात्र विशेष बताउँनेछु, हे देवि ! सुवर्णपात्र चाँदीका तथा काँसाको पात्र विशेष प्रमाणितछन् ॥२०॥ तापनि उक्त सम्पूर्ण पात्रलाई त्यागेर ताम्रपात्र मेरो निमित्त ज्यादै प्रिय छ । यस्तो वचन श्रीनारायणका मुखारवृन्द सुनेकी धर्म भावना युक्त बसुन्धरा भन्दछिन्-

उवाच मधुरं वाक्यं लोकनाथं जनार्दनम् ॥
एतन्मे परमं गुह्यं ताम्र ते रोचते कथम् ॥२२॥
ततो भूमेर्वचः श्रुत्वा अनादिरपराजितः ॥
लोकानां प्रवरः श्रेष्ठः प्रत्युवाचं बसुन्धराम् ॥२३॥

पृथ्वीले लोकनाथ जनार्दनलाई मधुर वचनले निवेदन गरिन् कि- हे नाथ ? कुन कारणले हजुलाई ताम्रपात्र प्रिय भएको हो, यो ! परंगोप्य रहस्य सुन्न चाहन्छु । आज्ञा होस् ॥२२॥

यस्तो भूमिको प्रार्थना सुनेर अपराजित आदि मध्यादिरहित सम्पूर्ण लोकमा उत्तम श्रेष्ठ प्रभुबाट पृथ्वीलाई आज्ञा भयो ॥२३॥

श्रुणु तत्त्वेन में भूमे कथ्यमाने मयानघे ॥

एकाग्रं चित्तमाधाय येन ताम्रं मम प्रियम् ॥२४॥

सप्त युगसहश्राणि आदिकालेऽथ माधवि ॥

यथाताम्रं समुत्पन्नं यथैव प्रियदर्शनम् ॥२५॥

हे निष्पाप पृथ्वी ! मबाट भनिने तत्त्वयुक्त कथन तिमी एकाग्र भै सुन । जुन् कारणले ताम्रपात्र मेरो अति प्रिय भएको छ ॥२४॥

हे माधवि ! सातहजार युगका पनि आदिकालमा ताम्रको (तामाको) उत्पत्ति भएका कारणले नै दर्शन गर्न योग्य र अंतिप्रिय भएको हो ॥२५॥

पूर्वं कमल पत्राक्षि गुडाकेशो महासुरः॥

ताम्ररूपं समादाय ममै वाराधनेरत ः॥२६॥

ततः आराधितस्तेन वर्षाणांतु चतुर्दश ॥

सहस्राणि विशालाक्षि धर्म कामेन निश्चलम् ॥२७॥

हे कमलपत्र जस्ता विशालनेत्रवाली ! पहिले धेरै पहिले गुणाकेश नामक महान् असुरले ताम्ररूप धारणगरी मेरा आराधनामा तल्लिन भै धर्म भावनाले निश्चल भै चौधहजारवर्ष उसले मेरो आराधना गऱ्यो ॥२६॥२७॥

अहं तु तपसा तुष्ट स्तीव्रेण कृतनिश्यात् ॥

ततस्ताम्रमय रम्ये यत्र ताम्र समुद्भवः॥२८॥

दृष्ह्वाश्रमं महादेवी किञ्चिदेवं सुभाषितम् ॥

ततो जानुस्थितो भूत्वा मम एव विचिन्तयेत् ॥२९॥

उसका त्यो कष्ठयुक्त तपस्यादेखि खुसी भएको मैले ताम्रबाट उत्पत्ति भएको ताम्ररूप अति राम्रो, तेस्को तपस्याको प्रभावले द्रवीभूत भै वरदान माग्न भने । मेरो त्यस्तो वचन सुनेर असुर गुणाकेश घुँडाटेकी मेरो रूप संझी दण्डवत् गर्न लाग्यो ॥२८॥२९॥

चतुर्वाहु च मां दृष्टा मम कर्मपरायणः ॥

प्रणतः प्राञ्जलि प्राह शिरो भूभौ निधाय सः ॥

तंच दृष्टामया प्रोक्तं प्रसन्नेनान्तरात्मना ॥३०॥

चतुर्वाहुयुक्त मेरो दर्शन गरेर मलाई खुशी पार्न एकचित्तभै हातजोडी अञ्जलीबाँधी भूमिमा शिर राखी मेरो कर्म गर्न लाग्यो । यस्तो कर्म गर्ने भएको

उसलाई देखेर प्रसन्न आत्माले मैले भने ॥३०॥

गुडाकेश महाभाग ब्रुहि किं करवाणि ते ॥

तोषिताऽस्म्यनया भक्त्या दुराराध्योऽपिसुव्रत ॥३१॥

हे तपस्वी ! महाभाग गुणाकेश ! तिम्रो अतिकठोर आराधना यस भक्तिद्वारा म अति खुशी छु, भन मबाट के लिने इच्छा छ ? के गरी दिउँ ? ॥३१॥

यत्त्वया चिन्तितं सौम्य कर्मणा मनसा गिरा ॥

वरं ब्रूहि महाभाग तुभ्यं यद्रोचतेऽनघ ॥३२॥

एवं मम वचः श्रुत्वा गुडाकेशोऽब्रवीदिदम् ॥

कराभ्यामञ्जलिं कृत्वा विशुद्धेनान्तरात्मना ॥३३॥

हे निष्पाप महाभाग सौम्य ! तिमीले मन, वचन र कर्मले के चितएका छौ ? तिम्रो इच्छा अनुसारको वर माग ॥३२॥

यस्तो मेरो वाणी सुनेको छँदो गुणकेशले आत्मशुद्ध पारी दुवै हात जोडी यो कुरा निवेदन गऱ्यो ॥३३॥

यदि तुष्योऽसि मे देव समस्ते नान्तरात्मना ॥

जन्मनां तु सहस्राणि त्वयि भक्ति दृढाऽस्तु मे ॥२३॥

चक्रेण वधमिच्छामि त्वया मुक्तेन केशव ॥३५॥

चक्रेण पातितस्यै तद्वसामांसानि किंचन ॥

ताम्रनाम भवद्देव पवित्रीकरणं शुभम् ॥३६॥

हे देव ! अन्तरात्माले नै म देखि प्रसन्न हुनुहुन्छ भने म यो वर माग्छु कि । हजारौं जन्ममा पनि प्रभुका प्रति मेरो दृढ भक्तिहोस् ॥३४॥ हे केशव ? हजुरबाट प्रहार भएका चक्रबाटै म वध हुन चाहन्छु ॥३५॥ सोही चक्रबाट छिन्न-भिन्न भएका मेरा वसा, मांसादि जोछन् ती सबै पवित्रतायुक्त ताम्रनामले प्रसिद्ध हुन् ॥३६॥

तेन पात्र ततः कृत्वा शुभधर्मविनिश्चितः ॥

तस्मिन्प्रापणकं कृत्वा शुद्धे वै ताम्रभाजने ॥३७॥

त्यसै ताम्रवाट पात्र निर्माणगरी त्यो शुद्ध ताम्रपात्र भोजनीय पदार्थ त्यो पात्रमा राखी प्रभुमाअपर्ण होस् ॥३७॥

निवेदिते परा प्रीतिभर्वत्वेतन्मनोगतम् ॥
प्रसन्नो यदि मे देव ह्येष मे दीयतांवरः ॥३८॥
यच्चिन्तितोऽसि देवेश उग्रे तपसि तिष्ठता ॥
बाढमित्येव सोऽप्युक्तो यावत्त्लोकस्थितिर्मया ॥३९॥

त्यो पदार्थ प्रभुमा अर्पणगर्दा ज्यादै प्रेमहोस्। प्रभो ! मेरो मनको अभिलाषा यस्तै छ। प्रभु प्रसन्न होईबक्सन्छ भने यही वरदान बक्सियोस् ॥३८॥ हे भक्तमा उत्तम ! उग्रतपस्या स्थित जुन् चिन्तना गर्‍यौं, सो लोक स्थिति अनुसार तिम्रो इच्छानुसार वरदान पायौं ॥३९॥

तावत्ताम्रोस्थितो भूत्वा मम संस्थो भविष्यसि ॥
ततः प्रभृति ताम्रात्मा गुडाकेशो व्यवस्थितः ॥४०॥
तत्-ताम्रभाजने मह्यं दीयते यत्सुपुष्कलम् ॥
अतुला तेन मे प्रीति भुवे जानीहि सुव्रते ॥४१॥

यस्तो वरदान पाएको छँदो ताम्ररूप भएर मेरो सामिप्य पाउँने छौं। मबाट यस्तो वर पाएपछि ताम्ररूप गुडाकेश असुर ताम्र धातु भै रह्यो ॥४१॥

हे सुव्रते भूमि ! त्यसकारण ताम्रपात्रमा राखेर नैबेद्य अर्पण गर्दा ज्यादैनै ठूलो प्रेम प्राप्त गर्छु, यो कुरा तिमी जान ॥४१॥

मंङ्गल्यं च पवित्रं च ताम्रं तेन प्रियं मम ॥
त्वं च द्रक्ष्यसि तच्चक्रं मध्यसंस्थे दिवाकरे ॥४२॥
वैशाखस्य तु मासस्य शुक्लपक्षे तु द्वादशी ॥
मम तेजोमयं चक्रं त्वां वधिष्यत्यसंशयम् ॥४३॥

मंगल जन्यः पवित्र हुनाले नै ताम्र मेरो अति प्यारो छ। हे गुडाकेश ! वैशाख महिना शुक्लपक्ष द्वादशीतिथिका दिन म रो तेजयुक्त त्यो सुदर्शन नाम चक्रले तिमीलाई सूर्यको मध्यान्नकालका समयमा तिमीलाई वध गर्नेछ। त्यसै सयममा तिमीले चक्रको दर्शन पाउँनेछौं यसमा शंका छैन ॥४२॥४३॥

एष्यसे मम लोकाय एवमे तन्न संशयः ॥
एवमुक्त्वा गुडकेशे तत्रै वान्तर्हितोऽभवम् ॥४४॥

चक्राद्वधमभीप्सन्वै सोऽपि मत्कर्मणि स्थितः ॥
दिने दिने विशिष्टं तु शुभं कुर्वंस्तपस्यति ॥४५॥

अनिमात्र तिमी मेरो लोक वैकुण्ठ प्राप्त गर्नेछौ । यसमा शंका नगर । यती कुरा गुडाकेशलाई भनेर म त्यहीं अन्तरध्यान भएँ ॥४४॥ चक्रबाट वध हुने इच्छा लिएको त्यो ! गुडाकेश मत्संबन्धि कर्ममा बसेर दिन प्रतिदिन शुभकर्मजन्य तपस्या गर्दैरह्‌चो ॥४५॥

विष्णु संस्थो भविष्यामि कदाह मिति चिन्तयन् ॥
एवं स्थितस्य तस्याथ वैशाखस्य तु द्वादशी ॥४६॥

विष्णुलोक वैकुण्ठमा गइ कहिले बस्नु भन्ने मनमा चिन्ता लिई बस्तोछदो वैशाखमहिना तथा शुक्लपक्षद्वादशीतिथि आईपुग्यो ॥४६॥

शुक्ल पक्षस्य सम्प्राप्ता तस्यां धर्मविनिश्चितः ॥
विष्णुपुजां ततः कृत्वा प्राशयामास मां प्रति ॥४७॥
मुञ्च-मुञ्च प्रभो चक्रमपिबन्हिसमप्रभम् ॥
आत्मा मेनयितां शिघ्रं निकृत्याङ्गानि सर्वशः॥४८॥

त्यो वैशाखशुल्कद्वादशी जब आएथ्यो, त्यसमा त्यो गुडाकेश- विशेष धर्ममा निश्चित मनले श्रीविष्णुको पुजन गरी (अर्थात् मेरो पूजा गरी) हातजोडेर मेरो प्रार्थना गर्दै भन्दछ, हे प्रभो ! तेजले अग्नितुल्य सुदर्शनचक्र छोडी बक्सियोस् । यो ! आत्मालाई चाँडै लगिवक्सियोस् सम्पूर्ण शरीर छिन्न-भिन्नहोस् ॥४७॥४८॥

तदैव चक्रेण विपाटितोऽसौ प्राप्तोऽपि मां भागवत प्रधानः ॥
तार्म्र तु तन्मास मसृक सुवर्णं मस्थीनिरूप्यं बहुधातवश्च ॥
रक्तं च सीसं त्रपुधातुसंस्थं कास्यं च रीतिश्च मलस्तु तेषाम् ॥४९॥
ताम्रपात्रेण वै भूमे प्राषणं यत्प्रदीयते ॥
सिक्थे सिक्थे फलं तस्य श्रुणुष्व गदतो मम ॥५०॥

यसो भन्दा-भन्दै नै चक्रद्वारा वध प्राप्त त्यो गुडाकेश भक्तमा प्रधान भै मलाई प्राप्त गर्दो भयो ॥ त्यसका मांसबाट ताम्र, महा रक्तंबाट सुवर्ण

भयो । हड्डीबाट चाँदीको सृष्टि भयो । अन्य धेरै प्रकारका धातुहरु वने। रक्तबाट सिसो (त्रपु) धातु र अरु काँशादि लोहा, त्यसका अन्य-अन्य वस्तुबाट वने ॥४५॥

हे भूमि ! एतदर्थ ताम्रपात्रमा स्थापित पदार्थ जसले अर्पणगर्ला, ग्रासग्रास टुक्रा-टुक्रामा हुने त्यसको फल बताउँछु सुन ॥५॥

एतभागवतैः कार्यं मम प्रियकरैः सदा ॥
एवं ताम्रं समुत्पन्न मिति मे रोचते हितत् ॥५१॥
दीक्षितैर्वै भागवतैः पाद्यार्घ्यादौ च दीयते ॥
एवं दीक्षाविधिः प्रोक्त एवं ताम्र समुद्भव ॥५२॥

यस्तो ताम्रपात्र स्थित मेरा अति प्यारा पदार्थ सर्वदा मेरा भक्तले नै अर्पणगरुन् । यसरी ताम्रपात्रबाट अर्पण पवित्र पदार्थ मलाई अति प्यारो लाग्छ ॥५१॥ मेरो मंत्रद्वारा दीक्षित मेरा भक्तले ताम्रपात्रमा पाद्य, अर्घ्य, अर्पण गर्दा दीक्षित भक्त मेरो अतिसय प्यारो हुनेछ ॥५२॥

देवि तत्वेन कथितः किमन्यत् परिपृच्छसि

हे देवि ! तत्त्वपूर्वक यो ! विस्तार कहें । अब अन्य के सोध्छ्यौ ?

भूमिरुवाच ।

देव देव कथं सन्ध्यां दीक्षित कुरुते वद ।।५३।।

केन मन्त्रेण वा भक्तस्तव कर्मपरायणः ॥

भूमि भन्दछिन् ! हे देवाधिदेव ! दीक्षित भक्त कस्ताप्रकारले संन्ध्याकर्म गर्दछ ? कुन मन्त्रले सन्ध्याकर्म गर्दछ वा तपाईको भक्त भगवत् परायण हुन सक्छ ? ॥५३॥

श्रीवराह उवाच ।।

श्रृणु माधवि तत्त्वेन सन्ध्यामन्त्रमनुत्तमम् ॥५४॥
यथा वदन्ति वैसूर्य सन्ध्यां पूर्वां परां तथा ॥
जलाञ्जलिं गृहीत्वा तु मम भक्त्या व्यवस्थितः ॥५५॥

श्रीवराह आज्ञा गर्नु हुन्छ : हे माधवि ! उत्तम्सन्ध्यामंत्र तत्त्वले सु

जसरी सूर्यले भन्नुभयो (प्रातः सन्ध्या) पूर्व सायंसन्ध्या (पर) श्रीसूर्यको उपासना तथा पूर्व परसंध्या विधिमा भक्तले हातमा जल लिएर भक्तिपूर्वक व्यवस्थित दृढ भै ॥५४॥५५॥

मुहुर्तं ध्यानमास्थाय इमं मन्त्र मुदरियेत् ॥
सिक्थानि तत्र यावन्ति ताम्रपात्राणि धार्यते ॥५६॥
तावद्वर्ष सहस्राणि मम लोके च मोदते ॥५०॥

एक मुहर्त ध्यानमग्न भएर मंत्रउच्चारण गरोस् ।

हे वसुन्धरे ! पाध्य, अर्ध्य निमित्त जति ताम्रपात्रछन् । त्यति हजार वर्षसम्म भक्त मेरा लोकमा आनन्दले बस्न सक्तछ ॥५६॥५७॥

मन्त्रः भवोद्भवमादि व्यक्तरूपादित्यं सर्वे देवा ब्रम्हरुद्रास्त्वां च ॥ कृष्णे यथासीध्यान योगस्थितास्ते संध्यांसंस्था वासुदेवं नमन्ति ॥५८॥ वयदेवअव्यक्तरूपं कृत्वा चात्मनि देव संस्थास्तथापि ॥ संसारार्थ कर्म तत्करणमेव सन्ध्यासंस्था वासुदेव नमो नमः ॥५९॥

भंवार्थः संसार उत्पतिस्थान अव्यक्तरूप सूर्यस्वरूप सम्पूर्णदेव ब्रम्हा रुद्र, इन्द्र, पनि प्रभु भनी यस्ताप्रकार ध्यान योगस्थित भै कृष्णमा एकचित, सन्ध्याकर्ममा स्थित वासुदेव प्रभुमा नमस्कार गर्दछन् ॥५८॥ हे देव ! हामी प्रभुको अव्यक्तरूप हृदयमा धारण गर्छौं साथै सांसारिक कार्यमा प्रवृत्त भै त्यही कार्य गर्न सन्ध्याकर्ममा स्थित भइ वासुदेव प्रभु वारवार नमस्कार गर्छौं ॥५९॥ अनेनैव हि मन्त्रेण संध्यां कुर्यात्तु दीक्षितः ॥६०॥

इति श्रीवराहपुराणे चतुर्वण दीक्षाताम्रवर्णनं नामो नत्रिशंधिकशततमोऽध्यायाः ॥१२९॥

उपरोक्त यहिमन्त्रद्वारा दीक्षित भक्त सन्ध्याकर्म गरोस् ॥६०॥ श्रीवराह पुराणमा चारैवर्णको दीक्षाविधि तथा ताम्रापात्रको वर्णन नामक एकसय उनन्तीस विसौं अध्याय समाप्त भयो ॥१२९॥

अनुवादकर्ता-
पं.पद्मप्रसाद रेग्मी शास्त्री
वराहक्षेत्र-४, वयरवन ।

आदिवराहक्षेत्र महिमा

बराहपुराण अध्याय-१३७

सुतजी भन्नुहुन्छ-अपराध नाशगर्ने यस्तो भगवान्वाट आज्ञा भएको सवै भागवत्लाई प्रिय लाग्ने सवै कर्ममा श्रेष्ठ भएको हे भगवान् हजुरबाट आज्ञा भएको सबै धर्मको सार कुब्जाम्रको महत्व सुन्न पाएँ। यो ! भन्दा पनि श्रेष्ठ कोही तीर्थक्षेत्र छैनन् भन्ने मलाई लाग्छ। यस्नी धरीत्रीको वचन सुनी श्रीवराहभगवान् आज्ञा गर्नुहुन्छ- शुद्ध भएका भागवतहरुलाई प्रिय लाग्ने मेरो सारै मन परेको अर्को क्षेत्र छ। सोही कुब्जाम्रभन्दा माथिकोकामुख सौंकर (आदिवराह) क्षेत्र मेरो परमस्थान छ। सबै संसारलाइ मोक्षदिन सक्दछ। जुन् वखत् रसातलवाट तिमीलाई बोकी ल्याएँ। जुन् ठाउँमा भागीरथी गंगा छन् मेरो क्षेत्र त्यहीस्थित छ। धरीत्री फेरि सोध्नुहुन्छ- प्रभु सौकर (आदिवराह) क्षेत्र कुन लोकमा छ ? त्यो क्षेत्रमा स्नान गर्नाले के पुण्य हुन्छ। पानी पिउँनाले के हुन्छ ? त्यो सौकर (आदिवराह) क्षेत्रमा कति तीर्य छन् ? धर्म स्थापना गगउँननिमित्त हे विष्णु ! त्यो कुरा मलाई आज्ञाहवस्। श्रीवराहभगवान् आज्ञाहुन्छ- जुन् कुरा तिमीले सोध्यौ- जुन सौकर (आदिवराह) क्षेत्रमा मर्नाले जुन् गतिमा पुग्दछ स्नान गर्नाले जुन् पुण्य हुन्छ, त्यसमा जति तीर्थहरुछन्, त्यो ! मेरो क्षेत्रको महात्म्य सुन- त्यो सुकरक्षेत्रमा मर्ने पुरुषको दसकुल अघिको दसकुल पछिको ली आफूसमेत मेरो मुखको दर्शनको प्रभावले स्वर्गलोकको सुखभोग गर्न पाउँछ। अनि सातजन्मसम्म ठूलो कुलमा जन्मी धनधान्यरूप गुण शुद्ध भई मेरो आजापुजा भक्तिमा रतभै जन्म लिन्छ। जो मानिस धर्मकर्ममा रतभै मर्नाका निमित्त मेरो प्यारो क्षेत्रमा गई प्राणत्याग गर्छ, त्यो क्षेत्रको प्रभावले शंखचक्र गद्दा पद्म धनु हातमा लिने विष्णुरूप भई स्वेतद्विपमा निवास गर्न पाउँछ। अरु पनि सुन- यो क्षेत्रको तीर्थमा स्नान गर्नाले परंगति प्राप्त हुन्छ। हे महाभागे चक्रतीर्थ भन्ने त्यहाँ प्रसिद्धछ। सो चक्रंतीर्थमा

नियत शुद्ध भएको मानिस वैशाखशुक्लद्वादशीकोदिन जसले विधिपूर्वक स्नान गर्छ। दसहजार दससय वर्ष धनधान्य ऐश्वर्यलेयुक्त भएको भइ ठूलो कुलमा जन्मलिन्छ। मेरो कर्ममा रतः भएको अपराध केही नभएको मेरो भक्त भई संसार सागर सहजै पार गर्छ। शंखचक्र गदा पद्म धारण गर्ने मेरै स्वरुप भई मेरो धाममा बस्न पाउँछ। चक्र तीर्थमा मरण हुनेको फल यस्तो छ- यस्तो भगवान्को वचन सुनी हात जोडी मधुर वचनले धरत्री भन्नुहुन्छ- यही सुकर (आदिवराह) तीर्थमा जन्मिकन पनि सन्तोष पाई गएकाछन्। भन्ने सुनेको छु। त्यो आज्ञा हवस्। यस्तो धरीत्रीको वचन सुनी मायाका पति भगवान् विष्णु आज्ञाहुन्छ। पापरहित पृथ्वी ! जुन् कारणले आराधना गरं सोसमेत् सुनाउँछु, सुन- सोमको आराधना देखी खुशी भै दर्शन दिएँ। मेरो ज्यादै तेज देखी सोम (चन्द्रमा) ले मेरो दर्शन गर्न सकेनन् र आँखा चिम्ली हातजोडी डरले थर्कमान भइ वोल्नै सकेनन्। ब्राम्हणका अधिश्वर सोमलाई त्यसरी हातजोडी खडा भएको देखी तिम्रो मनमा के इच्छा लागेको छ ? त्यो सवै पूर्ण गर्छु के इच्छा छ भन ? मेरो यस्तो वाक्य सुनी ग्रहका पति सोम मधुरवोलीले भगवान् हजुर मसंग संतुष्ट हुनुहुन्छ भने हे जनार्दन लोकनाथ ! जहाँसम्म यी धरीत्री रहिन्छन् हजुरको भक्ति मलाई रहीरहोस्। मेरो रूप हजुरले स्थापना गरिबक्सिएको सातैद्वीपवाट देखियोस्। यज्ञमा जो ब्राह्मण सोम पिउँछ, ती पनि विष्णुको दिव्य गतिमा जाउँन्। अमावस्यामा क्षीणकला हुँदांपनि पितृको पिण्डादि कार्य हवस्। सोमको दर्शन गर्नेहरुको कल्याण हवस्। अधर्ममा मेरा बुद्धि नजावस्। औषधिको मालिक होउँ। आदि मध्ये रहित हे प्रभु ! म उपर प्रसन्न हुनुहुन्छ भने यही वरदान वक्सियोस्। तिनीलाई त्यही वरदान दिई म त्यहीं अन्तरध्यान भएँ। जो मेरो भक्त अष्ठमीका दिन सो सोमतीर्थमा गई स्नान ध्यान मेरो भक्ति पुजा गर्छ। त्यो जुन् ठाउँमा पाँचहजारवर्ष एकपाउ टेकी पाँचहजारवर्ष उर्धमुख गरी यस्तो उग्र तपस्या गरेकोसम्म मेरो भक्ति गर्ने मानिस तीसहजार तीससयवर्ष स्वर्ग भोगगरी ठूलो कुलमा जन्मी धनी गुणी मेरो भक्ति गर्ने र सबैमा बरोबर बाँडी खाने अपराधरहितको भइ ब्राह्मण कुलमा जन्म लिन्छ।

त्यो सोमतीर्थको चिन्ह पनि बताउँछु सुन- बैशाखशुक्लद्वादशीको रातम अन्धकार भइ केही न देखिनेबेला सोम रहितकी भूमि चन्द्र जस्तै उज्याले देखिन्छिन् सोम त्यहाँ देखिदैंनन् । हे माहाभाग्य ! पुण्यदायक सौकर (आदिवराह क्षेत्रमा यो सोमतीर्थ प्रख्यात छ । यसमा स्नान गर्ने पापबाट छुटनेछ । अ पनि सुन- अकाम्य स्यालिनीले पनि मरी मेरो क्षेत्रको प्रभावले मानिसनै भ त्यो पनि रूपगुणले युक्त भएकी राजपुत्री चौसठ्ठीकलाले युक्त भएकी भ त्यसको पूर्व पार्सोमा गृद्धवट तीर्थछ, जहाँ सकामी गिद्धमरी मानिस भएक थियो । यस्तो भगवान्‌को आज्ञा सुनी भक्तलाई सुखदिने प्रश्न धरीत्रि ग हुन्छ- प्रभु अहो ! कस्तो यो तीर्थको प्रभाव ?

अहो तीर्थ प्रभावो वै त्वाया प्रोक्तो महा मम । यस्य देव प्रभावे
तीर्थयोनि त्वमागतौ गृद्धश्चैव श्रृगाली च प्राप्ती वैमानुषीं तनुम् ॥६१॥

चिल्लीलेसमेत मानिस शरीर पाए । त्यहाँ स्नान पूजा गर्नेहरु कु गतिमा पुग्न पाउँछ ? त्यस्ता अकामाहरु पनि परंगती पाउँने त्यो तीर्थ क छ ? त्यसको के चिन्ह छ ? त्यो ! पनि आज्ञा हवस्- यस्तो धरीत्रीको वचनसु भगवान् आज्ञा हुन्छ- ती दुवै जुन् कारणले त्यस्तो मानिस शरीर पाए, त कुरा हे भद्रे ! सुन- त्रेतायुगको बखत सबै मेरो कर्ममा रतः थिए । त्यो ! बख स्वधर्ममा निष्ठा भएका कपीलपुरमा ब्रम्हदत्त नाउँ गरेका राजा थिए । तीनक बढो भाग्यवानी सोमदत्त नाउँ गरेको पुत्र थियो । त्यो ! सबै लक्षणले यु भएको थियो । त्यो ! पितृकार्यका निमित्त मृग शिकार गर्न बाघसिंहयुक्त भएक जंगलमा घुमिरहेको थियो । पितृ कार्यका लागि हुने शिकार केही पनि पाएन एवं रित घुम्दा घुम्दै दाहिनेतर्फ एउटी स्यालीनी देखी त्यसैलाई वाण हान्यो वाण लिई सबै जिउ कपाउँदै पानी पिउँदै छटपटाउँदै घामको तापले पोलि शीतल खोज्न कुनै रुखमुनी पुगी वाणको चोट घामको तापले गरी त स्यालीनी त्यहीं नै सोमतीर्थ मै मरी । यसपछि त्यो ! राजकुमार पनि भोक पीडित भै विश्रामगर्न भनी गृद्धवटमा गयो । त्यहाँ गई त्यो वरको हाँगा एकगृद्ध बसेको देखी एकवाण छोडी त्यो गृद्धलाई पनि वरमुलमा खसाल्यो

त्यो ! गृद्ध पनि त्यहीं नै मऱ्यो । गृद्ध मरेको देखी त्यो राजकुमार खुशी भै त्यसको पखेटा काटी लियो । सोमदत्त पनि घरतिर लाग्यो । त्यस्तरी अकाममा मरेको त्यो गिद्ध पनि कलींग राजाको कुमार गुणरुपलेयुक्त पंडित प्रजालाई आनन्द दिन सक्ने त्यो जस्तो त्यसको कुलमा कोही जन्मेको थिएन । यस्तो भई जन्म लियो । त्यो स्यालिनी पनि रूपगुणयुक्त चतुरी सर्वाङ्गसुन्दरी चौसठ्ठीकलालेयुक्त कोकीलको जस्तो स्वर भएकी भई शुक्लपक्षका चन्द्रमा भ्रैं दिन दिन बढदै गए । यही रीतसंग धेरैकाल बितेपछि काञ्ची राजपुत्रीको र कलींग राजपुत्रको विधिपुर्वक विवाह भयो । अनेक धनरत्न भूषण छोरीका निमित्त बाबुले दाइजो समेत दिई पठाए । कलींग राजाले पनि आफ्नी बुहारीसमेत घर लिई आए । ती कन्याले पनि सबै मान्ने मानिसलाई सत्कार गर्दी भई । ती दम्पतिमा परस्परमा सुख प्रेम भयो । चन्द्र रोहीणीको भ्रैं लक्षिण प्रीति भई वन उपवन आदिको नन्दनवन जस्तैमा विहार गरी ती यशस्वीनी राजपुत्रीले एकछिन् पनि भर्तालाई नछाडी रहिन् । ती राजपुत्र पनि पत्नीलाई आफ्ना आत्मै जस्तो ठान्दथे । पुण्यकर्मको साथै तिनीहरुको प्रेम दिन दिन बढ्दै गयो । प्रजाहरुलाई पनि आनन्द दिई सची र इन्द्र भ्रैं बडो प्रीतिपुर्वक दिन बिताए । एकदिन आफू उपर ज्यादै भर्ताको प्रीतिदेखि म उपरको हजुरको यस्तो स्नेह किन भएको ? भनी कलीङ्ग महाराजको छोरासंग रानीले सोधिन्- यस्तो भार्याको वचन सुनी राजकुमार तिम्रो मनमा लागेको सबै कुरा सुनाउँछु । हेर सत्य नै धर्मको मूल भनी ब्राम्हणहरु भन्छन् विष्णु पनि सत्यलेनै पुजनीय हुनुहुन्छ । तपस्याको मूलपनि सत्यनै हो । राज्य पनि सत्यलेनै रहने हो । म पनि भ्रुटा बोल्दिन । अघि पनि भ्रुटो बोलिन । यी हात्ती घोंडा रथ ताम्दान धन रेस्मी कपडासमेत् के काम छ ? यस्तो भर्ताको वचनसुनी काञ्ची राजकुमारी भर्ताको दुई चरण समाती भन्छिन् । मलाई पनि यी धन, रत्न, हात्ती घोंडा रथ रेस्मी कपडाको खाइस छैन । अघि मेरा गुरुले भनेको वचन छ के भने सासु ससुरा महाराजाले पनि म सुतेको घरमा कोही मानिसले देख्न सकेका छैनन् । यस्तो भार्याको वचन सुनी खुवै प्रीतिगरे । हेर बसुन्धरे ! तिमी

वस्त्र यत्रतत्र पारी सुतीरहेको देखेको छैन । यो ठूलो व्रत तिमीले गरी रहिछौं । यस्तो कुरा गर्दै केहीवर्ष वितेपछि राजाले छोरालाई राज्याभार सुम्पी आफू वनमा गई देह छाडे । अनि तिनी राजा रानी भई सूर्य जस्ता पाँचछोरा पाए । यस्तै रितले धेरै वर्ष विताए । सतहत्तरवर्ष विते । अठहत्तरवर्ष लागेपछि वैशाख महिनाको शुक्लद्वादशीको दिन मध्यान्हको दिन पियारीको दर्शन गर्ने इच्छाले पियारीले व्रत गरी रहेका ठाउँमा गए । ती कमलपत्र जस्ता आँखा भएकी रानीलाई देखी ती रानी कपाल दुख्यो भन्दै रुन लागेकी थिइन् । तिनको त्यो वेथाको कारण सोध्दा भन्दछिन्- कि यो व्यथाको कारण सोकर (आदिवराह) क्षेत्रमा गएपछि भन्दछु भन्दा तिम्रो यो व्यथा कफ पीत वायु केबाट भएको हो ? औषधि गराऔं । रगत विग्रेर पनि यस्तो हुन सक्तछ । यस्तो शिरको वाधा पनि नभनी किन व्रत गरी रहेकी ? फेरि सौकरक्षेत्रमा गए के गोप्य कुरा सुनाउँछौं ? यस्तो भर्ताको वचन सुनी रानी भन्छिन् । मेरो पूर्वको कथा बढो विस्तारछ । यस्तो भार्याको वचन सुनी कलिंग महाराज भन्दछन्- मेरा अगाडी पनि किन यस्तो छिपाउँछ्यौं ? यस्तो भर्ताको वचन सुनी मधुरवचनले राजालाई भन्छिन् । धर्म, यश प्यारो भर्ता नै हुन् । अवश्यमेव हजुरलाई भन्छु । मेरो कथा सुन्दा हजुरलाई पनि दुःख लाग्ला भनी न भनेकी हूँ म जस्ती स्वास्नी धेरै नै पाउँन सक्नुहुन्छ । मलाई विदा बक्सियोस् । यो राज्य धन सम्पति भएपछि म जस्ती स्वास्नी जति पनि पाल्न सक्नु हुन्छ । हजुरको आज्ञाले गन्ध भोग राज्य सौख भोगेकीछु मेरो खुशीले भोग गरेकी छैन । पतिका निमित्तैको पतिव्रताको धर्म अघिदेखि चली आएको छ । त्यसो हुँदा मेरो शिरको पीडा नसोधी बक्सियोस् । यस्तो भार्याको वचन सुनी कलिंग महाराज भन्छन् । शुभ अशुभ जे भए पनि हे भद्रे ! जस्तै गुह्यवार्ता भएपनि भर्तालाई पत्नीले छिपाउँनु हुँदैन । जो छिपाउँछे त्यो सती हुन्न । गुह्य कुरो भन्यौ भने तिमीलाई अधर्म हुँदैन । यस्तो भर्ताको वचन सुनी ती धर्म बोधिनी रानी भन्छिन्- कि देवराजा गुरुराजा सोमराजा भने म अवश्य हजुरलाई सुनाउँछु । धर्म पनि यही हो । हे महाराज ! अरु गुह्यकार्य केही नभए यो राज्यभार जेठा

छोरालाई सोम्पनु हवस् । अनि मलाईसमेत् साथमा लिई पाल्नु हंवस् । सौकर (आदिवराह) क्षेत्रमा यस्तो रानीको वचन सुनी हुन्छ रानी भन्दै जस्तरी वाबुले आफूलाई राज्य दिएका थिए । त्यही रीतसंग जेठाछोरालाई राज्यभार सौम्पी राजारानी शहरबाट निस्किए । तिनीहरु निस्कंदा शहरभरीमा कोलाहल भयो । सबै प्रजाहरु पछि लागे । एउटा काम सकी फर्की आउँछौं भनी छोरालाई अभिषेक दिई मन्त्रीलाई राजाले भन्न लागे- तिमीले राम्ररी राज्यभार चलाउँनु भनी छोरालाई पनि अह्राउँने कुरा अह्राए । बावु:परंधर्म गर्छु भन्नेले पितृलाई तार्नु, दान गर्नु, होम गर्नु, परनारीलाई माता जस्तै ठान्नु, वालख स्त्रीलाई नमार्नु, परस्त्रीमा लोभ नगर्नु, राम्री परस्त्री देखे आँखा चिम्लनु, अन्यायले परद्रव्य नलिनु, मन्त्रीको वचनमा पनि विचार गरी गर्नु, यस्तो पिताको उपदेश सुनी राजपुत्र भन्छन्- मलाई यो राजकीय वल, धनले के गर्नु ? म ता हजुर न भै बस्न सक्दिन । यस्तो छोराको वचन सुनी राजा भन्छन्- तिमीले नजानेको कुरा प्रजा, मन्त्रीसंग सल्लाह गरी गर्नु । भनी सोकर (आदिवराह) क्षेत्रतर्फ गमन गरे । हात्ती, रथ, घोडा पनि मन्त्रीले पठाई दिए । यो चालाले धेरै दिन बिताई सौकर (आदिवराह) क्षेत्रमा पुगे । त्यहाँ पुगी धर्मकर्म दानपुण्य धेरै गरे । त्यसपछि हे माधवी ! भार्यालाई सोधनी गर्छन्- कि मैले अघि सोधेका कुराको जवाफ खोई त ? यस्तो भर्ताको वचन सुनी दुई चरण समाती यस्तो कुरा विन्ति गर्छिन् । तीन रात्री त्यहाँ बसी विष्णुको आराधना गरी शुद्धवस्त्र पहिरी भर्ताको पाउमा परी नाथ त्यहाँ सवारी हवस् । भनी हातमा समाती भन्दछिन् । हे नाथ ! अघि म स्यालीनी थिएँ । सोमदत्तको वाणले मरी यो शिरमा गाडिएको वाण हेरीबक्सियोस् । यसैले मेरो शिरमा वेदना भई रहेको छ । अनि कान्छी राजकुमारी भई जन्मी हजुर कि पियारी भई रहेकी छु । यस्तो सिद्धि दिने यो सौकर (आदिवराह) क्षेत्रलाई नमस्कार छ । यस्तो भार्याको वचन सुनी राजा भन्छन्- म पनि गृद्ध हूँ । हे माहाभागे ! सोमदत्तकै बाणले मरी अहिले कलिंग देशको राजा भई रहेको छु । यस्तो हुंदा पनि यस्तो योनी दिने यो पुण्यक्षेत्रलाई नमस्कार छ । भनी सबै प्रजालाई फकाई आफूहरु त्यहींबसी

तपस्या गरी देह छाडी आखिर श्वेतद्वीपमा गई आनन्दसाथ रहे । हे भूमि ! यो क्षेत्रमा स्नान गर्नाले दशहजार र दशसयवर्ष नन्दनवनमा आनन्दसाथ वस्न पाउँछ । स्वर्गबाट भ्रष्ट भएपछि ठूलो कूलमा मेरो भक्त भै जन्म लिन्छ । अरु पनि गृद्धवटमा स्नान गर्ने नौहज्जार नौसयवर्ष देवता भै स्वर्गलोकमा बसी स्वर्गबाट झरेपछि मेरो भक्त भई ठूलो कुलमा जन्म लिन्छ । स्नानकोमात्र यस्तो फल छ । तिमीले सोधेका कुरा बताएँ । भनी यस्तो वराहभगवान्‌को वचन सुनी धरीत्री भन्नु हुन्छ- के कर्मले त्यहाँ स्नान अथवा मर्न पाउँछ ? आज्ञा हवस् । यस्तो धरीत्रिको वचन सुनी वराहभगवान् आज्ञा हुन्छ । अघि पूर्व जुनीमा राम्रो धर्म गरेको केही कर्मले दोषले तीर्थयोनी पाएको जन्म जन्मान्तरको तीर्थ स्नान जपदानको पुण्यले तीर्थमा देहत्याग गर्न पाउँछ । धेरै अथवा थौरै भए पनि जन्म जन्मान्तरको पुण्यको उदय नभई तीर्थमा मरण हुँदैन । ती स्यालिनी र गृद्धको पनि अघिअघिको पुण्यले पाप क्षीण भई अघिको स्मृति भई श्वेतद्वीप पाएका हुन् । जुन् ठाउँमा सूर्यले छोरा पाउँन चान्द्रायणव्रतसाथ तपस्या गरेका थिए । दशहजारवर्ष त्यसरी नै तप गरे १७ हजारवर्ष वायुभक्षण गरी तपस्या गरे । अनि म खुशी भई माहाभाग विवस्वान वरदान माग भनी भने । यस्तो मेरो वचन सुनी कश्यपनन्दन मधुरवचन बोली हे देव ! मसंग खुशी हुनुभए मलाई पुत्र वरदान दिनु हवस् । यस्तो ती विवस्वानको वचन सुनी तिमीलाई यम र यमुना छोरा छोरी हुने छन् । भनी वरदान दिई त्यहीं अन्तर्ध्यान भएँ । आदित्य पनि महा धन दान गरी गए । यो पुण्य सौकर (आदिवराह) क्षेत्रमा अष्टमीको दिन ध्यान गरी जो मेरो ध्यान पूजा गर्छ । दशहजारवर्ष सूर्यलोकमा बस्न पाउँछ । अथवा त्यहाँ मर्ने मानिस यमलोकमा जानुपर्दैन । यो कथामा को ठूलो कथा क्रियामा को ठूलो क्रिया हो । यो ! क्षेत्रमा जति जप सन्ध्या उपासना मन्त्रपाठ गरिन्छ । सबै भगवान्‌को प्यारो हुन्छ । ठगलाई, दान नगर्ने मूर्खलाई, वैश्यं, शुद्रलाई जो मलाई मान्दैनन् । तिनीहरुलाई सुनाउँनु हुँदैन । पण्डितको सभामा भागवत्‌लाई पाठ गर्छ हे सुभ्रु विहान उठेर अनि १२ वर्षसम्म मेरो चिन्ता गरी बिताउँछ । त्यो पनि गर्भमा पर्नु पर्दैन । मुक्ति भई अविनाशी पद पाउँछ । यो एक अध्यायको पाठले मात्र पनि दशकुललाई तार्छ ।

सूर्यकुण्ड : आदित्य तीर्थ महात्म्य

१३८ अध्याय

सुतजी भन्नुहुन्छ- यस्तो पुण्यदायक (आदिवराह) सौकर क्षेत्रको महात्म्य तीर्यकको जुनीबाट मानिस भई आखिर परम्पद पाएको सुनी कमल नयनी धरीत्री फेरि विन्ति गर्नुहुन्छ- अहो तीर्थ अहो सौकरक्षेत्र यस्ता अकामा भएर पनि मरेर त्यस्तो गती पाए । अब यो क्षेत्रमा गाना गर्ने, बाद्य बजाउँने, नाच्ने, जागराम बस्ने, गोदान गर्ने, अन्नदान गर्ने, जलदान गर्ने, बढार्ने, लिप्ने, चन्दन फुलदान गर्ने, धुपदीप नैवेद्यले पूजा गर्ने, जप गर्ने, यज्ञ गर्नेहरुले के के फल पाउँछन् ? हजुरका भक्तलाई सुख हुने यति कुरा आज्ञा हवस् । भनी धरित्रीको वचन सुनी भगवान् वराहजी आज्ञा हुन्छ- जुन् कुरा तिमीले मलाई सोध्यौं सबै कुरा बताउँछु सुन- त्यो सौकर (आदिवराह) क्षेत्रमा खन्जरीत पंक्षीले धेरै आहारा खाई अजिर्ण भई मर्न आँट्यो । त्यही ठाउँमा बालकहरु धेरैं खेलिरहेका थिए । त्यो मर्न लागेको चरो देखी 'म समाउँछु म समाउँछु' भन्दै ती खेल्न लागेका केटाहरु त्यो चरो समाई खेलाउँन भनी झगडा गर्न लागे । त्यहीं बेला एउटाले त्यो चरो समाती गंगाजी (सुर्यकुण्डको जल) मा फाली 'तँलाई पनि छैन । मलाई पनि छैन ।' भन्दै फर्क्यो । त्यो खन्जरीत पनि आदित्यतीर्थ निर पुगेर प्राण त्याग गऱ्यो । हे बसुन्धरे ! त्यहाँबाट अनेक धनरत्नरूप गुणयुक्त भएको वैश्यपुत्र भई जन्म लियो । शुद्ध भई मेरो भक्त भई जन्मी १२ वर्षको भयो । यस्तो आफ्नो छोरालाई देखी त्यसको माता पिता खुब खुशी भए । त्यसले पनि पिंता मातालाई नमस्कार गरी मलाई एउटा वर बक्सियोस् । भनी माग्यो । छोराको यस्तो कुरा सुनी दम्पत्ति खुशी भई भन्छन्- बाबु तिम्रो मनमा लागेको जे हो तिमी गर्न पाउँछौं । तीसहजार दुहुनागाई दान गर्ने विचार गरेको छौं । अथवा वाणिज्यकर्म गर्न मन नलागेको भए सो पनि नगर । कोही मित्रलाई धन दिन मन लागेको भए सो पनि लेख । तिम्रो विवाहलाई राम्री कन्या खोजीरहेका छौं । यो बाहेक अरु यज्ञ गर्न मन भए सो पनि गर । हलो जोत्ने वैश्यकर्म गर्ने इच्छा भए सो पनि गर्न सक्छौं । ब्राम्हण

भोजन गराउँने इच्छा भए सो पनि गर्न सक्छौं । यस्तो पिता माताको वचन सुनी पाउँमा परी भन्छन्- गाईदान गर्न, मित्रलाई धनदिन, कन्याविवाह गर्न, वाणिज्य गर्न, कृषि गर्न, गोपालन गर्न मलाई केही इच्छा छैन । हे तपोधन मेरो मनमा एउटा इच्छा छ । नारायण सौकर (आदिवराह) क्षेत्रको चिन्ता छ । यस्तो छोरोको वचन सुनी करुणाले रुदै ती वैश्य दम्पति भन्छन्- भर्खर १२ वर्षका भयौं । बाबु यति सानै उमेरमा नारायण क्षेत्रमा जान के पीर भयो ? तिमीलाई त्यत्रो चिन्ता किन भयो ? अहिले ती भोजन खाऊ । साथीहरुसंग खेल्न जाऊ । तिमीलाई राती सुतेको बेलामा पनि पुरा चिन्तित देख्दछौं । आमालाई पनि आफ्नो मनको कुरा भन्दैनौं । अरुले सोद्धा पनि भन्दैनौं । घर खेत व्यापारमा पनि तिमीले केही अपराध गरेका छैनौ । अहिलेसम्म मेरो स्तनपान गर्दागर्दै रातदिन बितायौं । बाबु तिमीलाई के चिन्ता छ ? यति माताको वचन सुनी सो वैश्य नन्दन मधुरबोली भन्दछ- म हजुरको अङ्गबाट उत्पन्न भएको छु, हंजुरसंग खेलीरहेंछु । हजुरको स्तनपान गरी यत्रायत्रा हात पाखुरा भैसक्यो । आमा ! हजुरले मेरा निमित्त शोक नगर्नुहोस् । आउँने जाने देखिने नाशिने फेरि देखिने पहिले जन्मने को सम्बन्ध, को माता, को पिता, को आउँछ, को जान्छ, देखिन्छ फेरि देखिँदैन, फेरि देखिन्छ, कहाँ जन्मन्छ, को सम्बन्ध, को माता, को पिता यो घर संसार सागरमा यो योनी अहिले पाइरहेको छु । माता पिता हजारौं छोराछोरी सयौं जन्म पनि सयौंपटक भोगी सक्यौं । कसलाई के भनौ ? एवं चिन्ता भई मलाई शान्ति आउँदैन । यस्तो छोराको वचन सुनी विस्मात् गरी फेरि माता पिता भन्छन्- यस्तो ठूलो गुह्य कुरा तिमीले किन भनीरहेंछौं ? तिमी सधैं सोध्छौं त्यो सौकर (आदिवराह) क्षेत्रमा के गुह्य कुरो छ ? त्यो पनि हामीलाई सुनाऊ । यस्तो माता पिताको वचन सुनी सोही सौकर (आदिवराह) क्षेत्रमा गई सुर्यतीर्थ (सुर्यकुण्ड) मा पुगेपछि सुनाउँछु भने । यस्तो छोराको वचन सुनी द्रव्यसमेत् लिइ सौकर (आदिवराह) क्षेत्रमा गए । त्यहाँ गएपछि ती वैश्यले बीसहजार गाई नारायण प्रीति गरी माघ महिनाको त्रयोदशीको दिन दान गरिदिए । यही रीतले धेरैदिन

वितेपछि वैशाखशुक्लद्वादशीका दिन पितृका निमित्त बीसहजार गाई अघिकै झैं दान गरिदिए। फेरि मेरो प्रीतिका निमित्त दिनदिनै दान गर्न लागे। छोरा स्वास्नीसहित् वडा खुशीसाथ वस्ता वर्षाकाल आइपुग्यो। मेघले सवैतर्फ ढाक्यो। कदम कुटक अर्जुन वृक्षहरु फुले। वर्षाऋृतुमा नदीहरु बढे। आकाशमा मेघ छायो। मयुरहरु नाचें। एवं रीतले फेरि शरदऋतु लाग्यो। तलाउहरु निर्मल भए। कमलहरु फुले। यही रीतले कात्तिकमहिना लाग्यो। शुक्लपक्षको एकादशीका दिन पुत्रसमेत् ती दम्पत्ती व्रत गरी पुण्य द्वादशीतिथि आयो। अनि छोरालाई गुहृय कुरो भनेको के हो ? भनी सोधे। यो सुनी छोरो भन्छ- यो उही नारायणको बडो प्यारो द्वादशीतिथि विष्णुभक्तलाई सुखदिने योगीहरु विष्णु भक्ति गरी दान ध्यानले विष्णुलाई खुशी गराउँछन्। जसवाट यो घोर संसार सागरबाट तर्दछन्। यति भन्दा भन्दै रजनी विती प्रभात भयो। श्रीसूर्य उदाउँनु भयो। स्नान गरी शुद्ध कपडा पहिरी शंख चक्र गदा पद्म धारी विष्णु भक्तलाई दण्डवत् गरी पिताको दुई पाउ समाती सुन्नुहवस्- पिताजी जुन् कुरो तपाईंले गोप्य भए पनि भन भन्नुभयो म खन्जरीत हूँ। पिताजी त्यस्ता पंक्षी भई पतंगहरु धेरै खाई अजीर्ण भई चल्न नसकी लडीरहेको थिएँ। त्यस्तरी लडेको बालकहरुले देखी मलाई हातमा समाउँदै समाउँदै बालकहरुले ठट्टा गर्दै खेलाउँदै तैंले हेरी सकिस् म हेर्छु भन्दै झगडा गरे। एउटा बलियोले घुमाई गंगाजीमा फालिदियो। वग्दै उत्तम आदित्यतीर्थ (सूर्यकुण्ड जल) मा पुग्दा मेरो प्राण गयो। त्यो क्षेत्र तीर्थको प्रभावले हजुरहरुको पुत्र भएर जन्मिन गएँ। यस्तो चालाले गर्दा पनि यो गती पाएँ। अहिले १३ वर्षको भएँ। मेरो गुहृय कुरा सबै निवेदन गरें। अब म मेरो कर्म गर्दछु। तपाईंहरु जानु हवस् नमस्कार छ। यस्तो छोराको वचन सुनी माता पिताहरु फेरि भन्छन्- विष्णु प्रीतिका निमित्त तिमी जो जो कर्म गर्छौं हामी पनि त्यही त्यही गर्दछौं। संसारबाट मोक्ष हुने कर्म तिनीहरुले पनि धेरै दिन मेरै प्रीतिका निमित्त धर्म कर्म गरी पञ्चतत्त्वको शरीर त्यागी मेरो क्षेत्रको प्रभावले कर्म बन्धन काटी श्वेत द्वीपमा गए। अर्को कोही परिजनयुक्त भई रोगव्याधीरहित भई सबै

ऐश्वर्यले घरमैं मेरो आराधना गर्दै अ‍ि मेरो क्षेत्रमा आई मेरो क्षेत्रको प्रसाद खाई आखिर परंगति पाए। हे देवी यो ठूलो कथा तिमीलाई सुनाएँ। मेरो क्षेत्रमा जुन् चीज रोपिन्छ त्यही फल्छ। तीर्यकयोनीबाट मुक्त भई श्वेत द्वीप

एवं सखञ्जरी टोही गंणतोयान्ततस्तदा।

आदित्य तीर्थ सक्लिन्न शरीरःस वशुन्धरे ॥१६॥

गएको यो कथा विहान उठी जो पाठ गर्छ, त्यसले दशकुल पहिलेका दशकुल पछिकालाईसमेत तार्छ। यो कथा मूर्खलाई पापिष्टलाई शास्त्र दोष दिनेलाई ठगलाई नसुनाउँनु। बरु एक्लै घरमा पढ्नु। ब्राम्हणको माझमा पढ्नु। वैष्णव शास्त्री गुणीलाई शुद्धलाई विनीतलाई सुनाउँनु।

१३८ अध्याय समाप्त

अथ १३९ अध्याय

श्रीवराह भन्नुहुन्छ- हे देवी ! यो तत्त्व कुरा तिमीलाई सुनाउँछु। लेपन गर्नाले मात्र पनि जो फल हुन्छ, गाईको गोवर ल्याई मेरो अगाडी जसले लिप्दछ त्यसले जति पाईला लिपेंको छ त्यति हजार दिब्यवर्ष स्वर्गको भोग गर्छ। यदि १२ वर्ष जसले लिपीरहन्छ त्यो ठूलो धनी मानिस भई जन्मी अन्त्यमा कुशद्वीप पाउँछ। कुशद्वीपमा हजारवर्ष रही त्यो मेरो भक्त, मेरो भक्त राजा भई जन्म लिन्छ। फेरि सब धर्ममा रही सबै शास्त्रको सार जानी परंगती पाउँछ। हे देवी ! जसले मेरो आदिवराहभगवान्को मन्दिर बनाउँछ। त्यो पनि मेरो लोकमा जान्छ। गोवर माटाले पोत्नाले पोतेको पाइला जति छ उती हजारवर्ष स्वर्गभोग गरी सालमलीद्वीपमा आनन्दको भोग गरी एघारहजार एघारसयवर्ष बस्न पाउँछ। त्यहाँबाट खसेपछि धार्मिक राजा भई मेरो भक्त बन्दछ। १२ वर्ष मेरो अगाडी गोवरले लिप्ने मानिस भूमिमा गंगाजल छर्कि शुद्ध गराउँने मानिस, जति थोपा पानी त्यसको हातबाट खस्तछ त्यति हजारवर्ष स्वर्गलोकको भोग गर्छ। स्वर्गबाट झरेपछि क्रोन्चद्वीपमा जन्मन्छ। क्रोन्चद्वीपबाट झरेपछि धार्मिक राजा भई त्यो धर्मले फेरि श्वेतद्वीपमा पनि जान्छ। मेरा अगाडी बढार्ने त्यो शुद्ध भागवत् मेरो प्यारो अपराधरहित् भई जति त्यसले

बढ़ादा धुलाहरु उडेका छन् त्यति सयवर्ष स्वर्गलोकमा आनन्द भोग गरी धेरै वर्ष साक्रद्वीपमा गई सुखभोग गर्छ त्यहाँबाट राजा भई वडो धार्मिक भई धेरै वर्ष पृथ्वीभोग गर्छ । अनि फेरि त्यो मेरो भक्त श्वेतद्वीपमा गई आनन्द गर्छ । अरु पनि सुनाउँछु- गान गर्ने मानिस पनि त्यसले जति पंक्ति अक्षर गाउँछ त्यति हजारवर्ष त्यो मेरो भक्त इन्द्रलोकको सयल गर्छ । त्यहाँबाट रूप, गुण, श्रेष्ठ वेद जान्ने त्यो मेरो पूजासमेत् गर्ने भक्त धेरै वखत स्वर्गको नन्दनवनको सयल गरी परम् वैष्णव भई मेरो परम भक्तिसाथ गायन गर्दै मेरो प्रसादले आत्मा शुद्ध गराई मेरै लोकमा जान्छ । सुतजी भन्नुहुन्छ- यस्तो श्री भगवानको आज्ञा सुनी माधवी हात जोडी भन्नुहुन्छ- गीतको कत्रो प्रभाव रहेछ जो अहिले आज्ञा भयो । कसैले यो गीत गाई सिद्धि पनि पाएको छन् कि ? श्रीभगवान्वराह आज्ञा हुन्छ- त्यहीं आश्रम बनाई एउटा चाण्डाल हे वरानने मेरो भक्तिमा निश्चल भई टाढैबाट जागरण गर्ने गर्दथ्यो । त्यसले गीतलाई गाई गाई धेरै वर्ष बितायो । यसबाट त्यो सेवक मेरो भक्त भयो । कार्तिक महिनाको शुक्लपक्षकोद्वादशीको दिन थियो । मेरो अगाडी जागरण गर्ने मनसाय लिई त्यो चाण्डाल आयो । त्यसलाई एउटा ब्रम्हराक्षसले समात्यो । त्यो ब्रम्हराक्षस बलियो, त्यो चाण्डाल निर्धो हुँदा फुत्कन नसकी दुःख र शोकले ब्रम्हराक्षसलाई भन्यो- मलाई समाई के गर्ने तिम्रो मनसाय छ ? यस्तो कुरा सुनी ब्रम्हराक्षस भन्छ- दशरात्री भयो मैले केही खान पाएको छैन । तेरो मासु खान्छु । मेरो आहारा तैंलाई विधाताले पठाएका हुन् । त्यसो हुँदा तँलाई खान्छु । तेरो मासु रगत खाई भोक मेटाउँछु । यस्तो त्यो ब्रम्हराक्षसको वचन सुनी गीतको धेरै लालच भएको त्यो चाण्डाल मेरो भक्त त्यसलाई भन्दछ- मलाई यति काम गर्न देउ । अनि खाउला । देव देव भगवान् कहाँ भक्तिसाथ आज जागरण गर्छु । रात भर भगवान्को आराधना गर्छु । अनि विहान मलाई तिमीले खाउला । विष्णु सन्तुष्ट गराउनको निमित्त मैले यो व्रत गरेको छु । यति जागरण गर्न देऊ । अनि खाउला । स्वपाकको यस्तो वचन सुनी ब्रम्हराक्षस भन्न लाग्यो- झूट्टा किन बोलिरहन्छस् । फेरि को कालको मुखमा पस्न

आउला ? जीवित मानिसको जानीबुभ्री कालको मुखमा पर्न आउँछ ? राक्षसको मुखबाट उम्की फेरी को आउला ? राक्षसको यस्तो वचन सुनी चाण्डाल भन्छ- अघिको खराब कर्मले अहिले चाण्डाल योनी पाइरहेको छु। मानिसको भावना के हो ? अन्तरात्माको उद्धार गर्नु हो । यो एकरात मेरो कर्म गर्न देऊ । म फर्केर आउँछु । टाढैबाट जागरण गर्छु । म सत्य भाषण गर्छु। मलाई छाडी देऊ । सत्य नै जगतको मूल हो, सत्य नै ठूलो छ । सत्यले नै सिद्धि पाउँछ । ऋषि ब्रम्हादिहरु सत्यले कन्यादान दिन्छन्, सत्यले ब्राम्हण पुजिन्छन्, सत्यले नै राज्य चल्छ । सत्यले स्त्रीले पुरुषलाई मान्छन् । सत्यले नै स्वर्ग पाइन्छ । सत्यले नै मोक्ष हुन्छ । सत्यले नै सूर्य चन्द्र उदाउँछन् । षष्टी अष्टमी अमावस्य चतुर्दशीमा जो स्नान गर्दैन । गुरु पत्नी राज पत्नी मा जो गमन गर्छ । यज्ञ गर्छु भनी जो भुठा बोल्छ । काम गर्दैन । ब्रम्हघाती मध्यपान गर्ने, ब्रत त्याग गर्ने, यिनीहरुकै गती मलाई हवस् । यदि म फर्केर आइन भने । यस्तो स्वपाकको वचन सुनी ब्रम्हराक्षसले मधुरो बोली, बोली सन्तुष्ट भई भन्न लाग्यो- जाउ तिमीलाई नमस्कार छ । यति भनी त्यहाँबाट आई रातभरी जागरण गर्ने निश्चय गरी मेरो भक्तिमा लागी रातभरी गीत गाई जागरण गरी 'नमो नारायण' यति भनी त्यो स्वपाक छिटो छिटो त्यो ब्रम्हराक्षसको अगाडी गयो । चाण्डाल आएको देखी ब्रम्हराक्षशले यति चाँडै कसरी आयौ ? तिमी जागरण गर्न गएनौ क्यारे ? त्यसको यस्तो वचन सुनी चण्डाल भन्छ- मेरो अनमोल समय बिताउँनु थिएन । नियम पूर्ण गरँ अनि तिम्रो अगाडी आएँ । वचन भुठा गर्न हुँदैन । त्यो चण्डालको अन्तरात्मैदेखिको सत्यको कहानी सुनी मधुर बोलीले म बाच्नाको निमित्त भुठा वचन र कर्म 'श्री वराहाय श्री वराहाय ॐ नमो भगवते ! श्री वराहाय' नभजेको पापले ब्रम्हराक्षस हुनु परेको छ । यस्तो त्यसको वचन सुनी मर्नालाई निश्चय गरी आएको त्यो चण्डाल भन्छ । म पनि केही कर्म नभएको चाण्डाल हूँ । तैपनि सत्य भन्दछु। यस्तो त्यसको वचन सुनी त्यो डर लाग्दो ब्रम्हराक्षश भन्छ- विष्णुधाममा तिमीले जागरण गरी जो जो गीत गायौ । त्यो गीतको फल मलाई देऊ।

तिम्रो जीवनको इच्छा छ भने, त्यसो भए तिमीलाई खान्न। ब्रम्हराक्षशको यस्तो वचन सुनी स्वपाक भन्छ। कस्तो अज्ञानी कुरा गर्छौ। मलाई खान्छु भनेकोले आईरहेको छु। खाऊ गीतको पुण्यको के इच्छा गर्छौ ? स्वपाकको कुरा सुनी उ फेरि भन्छ। जागरणको नभए पनि एकगीतको पुण्य देऊ। छोरा स्वास्नीहरुबाट यतिमात्र पाएपनि म मोक्ष हुन्छु। राक्षशको यस्तो वाक्य सुनी गीतको लोभी त्यो चण्डाल राक्षशलाई भन्छ। गीतको फल म दिन्न। तिमीले मलाई खान मेरो रगत पिउँन सक्छौं। स्वपाकको यस्तो कुरा सुनी फेरि राक्षश भन्छ- विष्णु कहाँ गएको एकगीतको फल त देऊ। यति भए तिम्रो गीतको फलले म पनि तर्दछु। यस्तो वाक्य सुनी त्यो चण्डालले राक्षसलाई म गीतको फल दिन्न भन्दै फेरि भन्छ- म पनि सोम शर्मा नाउँ गरेको ब्रम्हयोनीमा पैदा भएको हूँ। जनै गायत्री नाश गरेँ। यज्ञ केही गरिन। यजमान कहाँ गई लोभले ठगने मात्र मन गरेँ। यज्ञ कर्म केही गरिन। दैवयोगले त्यो शरीर छुट्यो। ठूलो यज्ञ पाँचरात्रीमा समाप्ति गरेँ। त्यहीं यज्ञको दोषले गरी राक्षशयोनी पाई आफूले गरेको दुष्ट कामको ण्भोग गरीरहेको छु। मन्त्र पढिन। ताल सुर मिलाई गायन गरिन। जनै ब्रम्ह चोला नाश गरेका पापले यो राक्षशयोनी पाइरहेको छु। आफूले गाएको गीतको फल दिई मेरो उद्धार गर। विष्णु गीतको प्रभावले मेरो अपराध कर्म छुट्नेछ। यस्तो ब्रम्हराक्षशको वचन सुनी त्यो राक्षशलाई त्यो व्रतधारी चण्डाल भन्छ- मैले बढिया स्वरवाला गीत गाउँदा जुन् फल पाएको छु त्यो फल तिमी राक्षशबाट मुक्त हुनका निमित्त तिमीलाई दिएँ। यति भनी भगवान्‌विष्णुको सान्निध्यमा गाएको गीतको फल दिन्छु। जब त्यसले यसो भनेको मात्र थियो त्यो ब्रम्हराक्षश शरदऋृतुको चन्द्रमा झैं तेजिलो भई अघिको ब्राम्हण कै शरीर पायो। गीतको यस्तो प्रभाव छ। हे देवी ! जो मानिस मेरा अगाडी जागरण गरी मौनवसी गीतसमेत् गाई कार्तिक शुक्लद्वादशीमा विशेष गरेर बस्दछ। त्यो मानिस सबैको संग त्यागी मेरा धाममा पुग्न पाउँछ। जागरण गायनको पुण्यले सबैको संगबाट छुटी मेरो लोकमा जान पाउँछ। जुन् गीतको शब्दले संसार सागर तर्दछ। यस्तो गीतको माहात्म्य

सुनाएँ। बाजा बजाउँनेको पनि सुनाउँछु। जसबाट मानिस देवता जस्तै सवल हुन्छ। त्यसले प्रयोग गरेको तालले गर्दा नौहजार नौसयवर्ष कुवेर भवनको आनन्दसाथ भोग गर्छ। कुवेर भवनबाट झरेपछि स्वच्छन्द भई ताल स्वर मिलाई मेरो गीत गाउँदै मेरो भक्ति गर्दै आखिर मेरो धाममा पुग्छ। नाँच गर्नेको पनि महात्म्य सुनाउँछु। तीसहजार तीनसय वर्ष स्वच्छन्दसाथ पुष्करद्वीपमा आनन्द भोग गरी रूपवान, गुणंवान, शीलवान भई आखिर संसारबाट मोक्ष पाउँछ। जो नाच, गीत, बाद्य गरी मेरो अगाडी जागरण गर्छ। यही जम्बुद्वीपको राजा भई राज्यको भोग गर्छ। सबै धर्म कर्म जान्ने पृथ्वीपति भई मेरो भक्त भई आखिर मेरो गति पाउँछ। जो भक्त मानिसले मेरो शरीरमा फूल चढाउँछ। जति फूलको पात चढाउँछ, त्यति वर्ष पुष्करद्वीप भई मेरा धाममा जान्छ। मेरो भक्तलाई सुखदिने यी गोप्य कुरा सुनाएँ। जसले यो अध्यायमात्र पाठ गर्छ। त्यसले दशकुल अधिका दशकुल पछिकालाई तार्दछ। मूर्खलाई ठगलाई नसुनाउँनु। भगवान्लाई मुक्तिको इच्छा गर्नेलाई सुनाउँनु। अश्रद्धालु क्रुर भए देवलमा पनि नपढ्नु सिद्धिको कल्याणको मंगलको इच्छा गर्ने मेरो प्यारोलाई धर्म क्रियामा परंधर्म क्रियामा परंक्रिया यही हो। शास्त्रमा दोष लाउँनेलाई कहिल्यै नसुनाउँनु यदि मेरो लोकको सिद्धिको इच्छा गर्छ भने।

(१) सतुतारयते जन्तुर्दशपूर्वान्दशा परान्।
सपठेत्ष्ट्रर्खमध्येतु पिशुनानां परोनच ॥११८॥

-: ॐ शान्ति र ज्योतिको ध्यान, आत्माज्ञान-महात्म्य :-

बराह पुराण अध्याय ४ मा कपिल र त्रैगिषण्यले राजा अश्वशिरालाई नारायण स्वरूपको दर्शन, सम्पूर्ण भूत प्राणीहरु माकुरा, मच्छेर, जुम्रा, भ्रमरा, पंक्षी, सर्प, अनि घोंडा, गाई, बाघ, भालु, सिंह, स्याल, मृग र अरु पशु किट, पतंग गाउँ जंगल आदि संसारका सम्पूर्ण जीव राजभवनदेखि झुपडीसम्मका जीवका आत्मामा नारायण छन्। भन्ने प्रमाण देखाई दिनु भयो। अगाडि बताउँनु भयो-

सौभ्यस्तु संरस्थित कवापि प्राप्यते मनुजैः किल ॥
आराधनं न चैतस्य परमार्थ भविष्यति ॥३६॥
किन्तु सर्व शरीरस्थः परमात्मा जगत्पतिः ॥
स्व दे हे दृश्यते भत्या नै कस्थान-गतस्तु सः ॥३७॥

टीका- हेराजन् ! परम्भक्तहरुले परमात्माको सौम्य शान्त स्वरूपको दर्शन पाउँन सक्दछन् ॥३६॥ किन्तु सर्वत्र यो रूपको दर्शन हुन गाह्रो पर्छ। किनकी जगत् नियन्त्रणकर्ता सर्वात्मा प्रभु सम्पूर्ण प्राणीका शरीरमा स्थित भई रहनु हुन्छ। तसर्थ अनेक स्थानमा स्थित प्रभुलाई आफ्नै हृदयमा स्थित भक्तिद्वारा देख्न सकिन्छ ॥३७॥

ब्रम्हाजीको छिंकावाट उत्पन्न बराहरूप विष्णु रसातल पुगेकी पृथ्वी उद्धार गर्ने संसार सृष्टिका कारण हुन्। हरिवंशपुराण अनुसार पर्वतहरुको स्थापना गरेर श्रीवराहभगवानले ब्रम्हाजीलाई प्राणीहरुको सृष्टि गर्न आदेश पनि दिनु भयो।

सुर्य जस्ता तेजस्वी ज्योतिस्वरूप भगवान्वराह अङ्ग यजुर्वेद, ऋग्वेद, सामवेद, अथर्ववेदवाट बनेका र चार पाउ मौलो, मानिएको छ। पसिना नै तील, केश नै कुश तथा अग्नि नै जिब्रो र थुतुनो नै सुरो, नक नै आज्य घिउ, सोमरस घुर घुर शब्द, एवं अन्नरूप, संध्यारूप, यज्ञरूप शरीर भएका भगवान्वराह स्वर्ग, मर्त्य, पाताल तीनै लोकको उद्धार कर्ता हुनुहुन्छ। सत्त्वमुर्ति भएका देहलाई धारण गर्ने वराहभगवान् चैतन्यस्वरूप भएका अध्यात्मविद्यास्वरूप हुनु हुन्छ। जो भक्त निरन्तर भगवान्वराहस्वरूप ज्योतिको ध्यान गर्दछ, त्यो भक्तले मुक्तिपद प्राप्त गर्दछ। ब्रम्हानन्दस्वरूप पूर्णरूप सधैं भरी आनन्द दिने कैवल्यस्वरूप आनन्दरूप चिदानन्दरूप भगवान्वराहको जसले दर्शन गर्दछ, नमस्कार गर्दछ, त्यो भक्त अथवा मनुष्यहरुले कैवल्य प्राप्त गर्दछन्। आनन्द प्राप्त गर्दछन्। यस्तो साक्षात् विष्णुले वराहस्वरूपमा निवास गर्नु भएको वराहपर्वतमा इन्द्रादिदेवता ब्रम्हाजीकासाथ आई जुन धरणीधर यज्ञस्वरूप श्रीवराहको दर्शन गरे अनि भगवान्को आज्ञाले सप्तकोशी र कोकानदीको

पावन जलमा स्नान गरेर बराहभगवान्को अपूर्व पवित्रमुर्तिस्वरूपको दर्शन गरेर त्यही रूपमा रहन लाग्नु भयो । त्यसैले बराहै बराहले ढाकिएको वराहक्षेत्र नामले प्रसिद्ध भयो । ब्रम्हपुराण अनुसार बराहअवतार धारण गर्नु भन्दा पहिले भगवान्विष्णुले वैकुण्ठकै ५ योजन २० कोशको एरिया सुदर्शन चक्रले टुक्रयाएर यहाँ स्थापना गर्नु भएको थियो। त्यसैमा दिव्यरूप विशाल बराहशरीर भगवान्विष्णुले धारण गर्नु भयो। जुन ब्रम्हाजीले छिंक्दा नाकको प्वालबाट प्रकट हुनु भयो। सययोजन उचो ६० योजन विस्तृतस्वरूप धारण गरी देवताहरुलाई वीर वंदेलवराहस्वरूपको कारण र उद्देश्यको ज्ञान गराई हिरण्याक्ष राक्षशले हरण गरी लुकाई राखेको स्थान रसातलबाट पृथ्वीलाई दाह्रामा धारण गरी पृथ्वीलाई महामाया भवानीको सहयोगले जलामयमा स्थापना गर्नु भयो। जुन् कुरा श्रीमद्भागवत् महापुराणको अध्याय ३ मा सुनी जानी आएकाछौं। भगवान्वराहले पृथ्वीको आशय बुझी मथुरामा हरियाली भएका कारण स्थापना, गर्नु भयो। हिरण्याक्षसित युद्ध हुँदाको थकाई र क्रोध अशान्त हुनु भएका भगवान्वराह प्रभुले मथुरा अयोध्या, काशी, वृन्दावन, हरिद्वार आदि तीर्थक्षेत्रका पावन जलहरुमा स्नान गर्नु भयो । कहीं पनि चित्त शान्त भएन । जब आफूले रसातलबाट पृथ्वीको उद्धार गरी ल्याएको कोका र कोशीको दोभानको जलमा आई स्नान गर्नु भयो अनिमात्र सारा मनोविकार अशान्ति नाश भयो। क्रोधपूर्णरूपमा शान्तिमा परिणत भयो ।

ॐ शान्ति र ज्योतिको ध्यान आत्माज्ञान नै भक्तिको सोपान हो। उत्तम साधना हो।

खण्ड द्वितीय

विश्वदेवाको दृष्टिमा

श्राद्धीयतीर्थ श्रीविष्णुपादुका

वराहपुराणको अध्याय १२२ देखि १४० मा प्रभुले कोकामुखमण्डलक्षेत्र श्रीविष्णुपादुकादेखि कौशिकी नदी दोभानसम्मको महिमा त्यसै विना प्रमाण फलाकेका होइनन्।

बह्मपुराणमा आफू कर्ता बनेर विश्वदेवाको दृष्टिमा पतन भएका अर्यमादि १६ जना पितृहरुको उद्धारको क्रममा तर्पण पिण्ड श्राद्धादिकर्म पद्धतिको जुन् सिर्जना गर्नु भयो । त्यो विश्वमा उदाहरणीय छ । पिता छँदाछँदै छोरीले जवानीको जोशमा आफैं पति वरण गर्नु निर्लज्जता हो । त्यस अवस्थामा पितृश्राप लाग्छ । योग्य पतिको प्राप्तिका लागि नारीहरुले संयम गर्नु पर्छ । लज्जाशील भंग गरेर उच्छृङखलता देखाउँनु हुँदैन । पुरुषवर्गले पनि आफ्नो नियम संयम धैर्यलाई तोडी स्त्रीको जवानीको मादकताको पछाडि नसोची नसम्झी दौडनु हुँदैन । यदि दौडियो भने आफ्ना संरक्षकको दृष्टिमा पतन् होइन्छ । ठूलो विपत्ती भोग्नु पर्छ । जुन् विपक्षीबाट त्राण पाउँन भगवान्को आराधना अनिवार्य गर्नु पर्छ । जस्ता शिक्षा लिनु पर्ने कुरा बह्मपुराणमा प्रसङ्ग छ ।

वराहपुराण अध्याय १२६ अनुसार सयौंप्रलयकाल पद्मकल्पमा मधु र कैटभलाई निन्द्राबाट योगमायाको सहाराबाट जांगृत भई विनाश गरेर उस राक्षशका मासुबाट पृथ्वी माटो, हाडबाट शिला ढुङ्गा उत्पन्न भयो । ती राक्षशका लासमा दुवै पाइलाले टेक्दा विष्णुका पाइलामा हुने पाइतलाका निशान चिन्हछाप स्पष्ट अङ्कित भए । जुन्को त्यही रूपमा विष्णुपादुका (पाइला) शिलामा छन् । भगवान्विष्णु फेरि मधु र कैटभसित युद्ध हुँदाको थकाई मार्न एक दस्युं ढुङ्गामा लमतन्न परेर सुक्ला भयो । यद्यपि ९ फुट लामो

६ फुट चौडा उक्त दस्यूँ ढुङ्गामा विष्णुभगवान्को मुकुट कुण्डल शरीरको विग्रह चिन्हछापछन् । जसलाई वराहपुराण. अध्याय १४० मा वह्मशिला भन्दछन् । जलामय हुँदा पनि त्यही कोकानदीको जल वग्ने त्यहींवाट जमीन मुनी घुस्ने स्थानमा चिरनिन्द्रा लिनु भएकोले त्यस स्थानलाई 'विष्णुसर' भन्दछन् । यसै स्थानदेखि उत्तर कोका जलस्रोतहरु 'विष्णुतीर्थ' द्रष्टाङ्करतीर्थ, कोकामुख विष्णुपादुका पितृ उद्धारक श्रीवराहशिला, अहिल्याउद्धारशिला, सप्तरंगीइन्द्रेणी-दृश्यदेखि सिलौटे पहाडी छाँगा, शंखेश्वरमहादेवशिला, शंखधारा, विन्दुपर्वत, कुण्डनदेवी मुण्डनदेवी स्थान सिद्धाश्रम, सानुसभापोखरी, धार्नेपर्वत, वंशिलापर्वत, खलेडाँडा आदि छन् ।

व्रह्मपुराणमा कोका जलसित जमीनमुनी भासिएर पाताल पुग्ने आपतकालिन् अवस्थामा अर्यमादि पितृहरुले जुन् विष्णुस्वरूपको र वराहरूपको स्तुति गरे । त्यो स्तुति बह्मशिलारूपले विश्राम गरेका विष्णुको स्तुति हो । विष्णुले पितृउद्धारकरूप जुन् लिए, त्यो स्वरूपको वराहको शिरशिला शंखधारा कोका र विष्णुधाराको संगम तलदेखि पशिचम् दक्षिणमा श्रीविष्णुपादुका मन्दिरदेखि उत्तर बाटाको डिलमा छ ।

उर्जाबाट पिताचन्द्रमाको श्रापको परिणाम भोग्न वाध्य भएकी कोकानदी जल पवित्र लोककल्याणकारी बनाउँने तथा पछि दक्ष प्रजापतिकी पुत्री स्वधा नामले उत्पन्न हुने र त्यस जन्ममा पितृसित विवाह हुने वरदानको दाता भगवान्वराह कोकामुखनामले कोका कोशीसंगममा रहनु भएकोले र वराहभगवान्को निवासस्थान भएकोले वराहतीर्थ वैशाखशुक्लद्वादशीतिथिम यस वराहतीर्थमा स्नान गरी भक्तिसाथ उपस्थित हुने भक्तले मत्स्यरूपम भगवान्वराहको दर्शन पाई आएकाछन् । विधिवत् दर्शन गर्नु पर्ने त्यसक महिमा वराहपुराण अध्याय १४० मा छ । पद्मपुराण, वृहतपुराण, वराहपुराण हरिवंशपुराण, स्कन्दपुराण हिमवत्खण्डले महिमा वर्णन गरेको श्रीवराहक्षेत्रम जो निवास गर्छन् । ती भाग्यमानी हुन् । जो वहिर्मुखीतीर्थ स्नान र मूर्ति दर्श गर्छन् । तिनले सायुज्य मुक्ति प्राप्त गरी पछि जन्मँदा इन्द्र हुन्छन् । ७

हजारवर्षसम्म स्वर्गको भोग गरेर भगवान्‌मा लीन् हुन्छन् । जसले अन्तर्मुखी वृत्तिले आत्मज्ञांनी वा अमृतपानको खेचडी मुद्रासिद्ध गरी अनुष्ठानमा रहन्छन् । ती भक्त मृत्यु हुँदा भगवान्‌मा लिन् हुन्छन् । जन्म-मृत्युको दुःखवाट मुक्ति प्राप्त गर्दछन् ।

पुराणको व्याख्या सुनेर वा पण्डित्याईं पुरेत्याईंले जीविकोपार्जन गरेर, यज्ञयागमा अन्न खाद्यपदार्थ होम स्वाहा स्वाहा गरेर जति पनि कर्मकाण्डको रमिता देखाउँने महोत्सव मनाउँन् । त्यो वहिर्मुखीवृत्ति हो ।

कामनासहितको कर्म फल-दायक हुन्छ । पुण्य मिल्छ । स्वर्गको सुख भोगिएला, त्यो भोगमा कतिका पसिनाछन्, कतिका आँशुछन् । कतिले निन्दा गर्छन् । कमैले प्रशंसा गर्लान् । स्वस्वार्थ लुकेको रहस्यपूर्ण बहिर्मुखी वृत्तिका आडम्वरी कर्म, सच्चा भगवान्‌का भक्तहरुले गर्दैनन् । सत्सङ्गतका माध्यमले मानवधर्म या आत्माज्ञानले प्रसिद्ध माध्यमबाट सतसंगद्वारा गुरुको शरणागति हुन्छन् । विवादशुन्य भई आफैं अन्तस्करणका ज्योतिलाई अनुष्ठानपूर्वक नियाल्ने अध्यायत्मविद्या प्राप्त गर्दछन् । जुन् ज्ञान र विद्यावाट दर्शन मिल्ने र मुक्तिमिल्ने परमात्माकोस्वरूपलाई वाइवलमा डिवाइनलाईट, नवाज शब्दमा मुस्लिमहरु नूरे इलाही, वेद वाक्य वुझ्ने ब्राह्मणहरु 'वह्म या भर्गोदिवस्य धी मही' अर्थात् 'भर्गोज्योति' भन्दछन् । पुराणवेत्ता व्याख्याता पण्डितहरु तोता मैनाले मानिसवाट रटाएका शव्दहरु फलाकेजस्तै तमसोमा ज्योतिर्गमय मृत्युर्मा अर्मृतं गमय शब्द रटेर स्रोताहरुलाई सुनाउँछन् । दक्षिणा र भेटीहरु वाचनको कुशलताले प्रभाव पारेर लाखौलाख रुपैयाँ सोहर्छन् । सुखमय आनन्दमय ऐश्वर्यको भोग गर्छन् । भगवान्‌कोस्वरूप व्यासासन मण्डप र श्रीमद्‌भागवत् महापुराणलाई ठान्नु भ्रम हो । संस्कृत भाषाका ज्ञाताको स्वाभाविक परिचय हो ।

पण्डितले संस्कृत भाषाका शव्दको अर्थ लगाउँछन् । आत्माज्ञानीले परम्परात्माको तत्त्व वुझाउँछन् । जस्तैं तमसोमा ज़्योतिर्गमय सम्वन्धमा संस्कृतका विद्वान्‌ले अन्धकारवाट उज्यालोमा जाऊ या गमन गर । भन्छन् । आत्माज्ञानीले बहिर्मुखी वृत्तिका कर्मजति छन् ती सबै अन्धकार हो । अन्तरमुखी

वृत्तिका कर्म जति छन् ती सबै उज्यालोमा गमन गर्नु हो । भनेर सहीबाटो देखाउँछन् ।

रातको अँध्यारोमा आत्माज्ञानी योगीहरु दिव्यचक्षु खोलेर आफैंभित्र स्थित ज्योतिको दर्शन गर्छन् । यही नै ध्यानको विषय हो । यसैलाई तमसोमा ज्योतिर्गमय भन्दछन् । प्रमष्टीकाय मस्तिष्कबाट जुन् द्रव पदार्थ वडवाग्नितर्फ झरेर क्षय हुन्छन् र मनुष्य प्राणीहरु मृत्युमा प्राप्त हुन्छन् । त्यो द्रव पदार्थलाई खेचडीमुद्रासिद्ध गरेर पिउँछन् र योगीहरु बिना अन्नआहार हजारौंवर्षको आयुसम्म बाँच्थे । क्लिष्ट र रुग्न शरीर बद्लिने उद्देश्यले मात्र प्राण त्यागने गर्थे । जुन् ढोल, मृदंग, शंख, जलप्रवाहको झ्याउँकिरी, तित्रा फट्याङ्ग, बाँसुरी आदि वाद्य-वादनको स्वर वाहिरी आवाज सुन्नबाट वहिरो बन्ने कृयात्मक योगतर्फ उन्मुख भयो भने योगी आफैं भित्रका ती आवाजमा मग्न हुन्छन् । अनि जति नाम रूपवालाको कीर्तन जप गर्छौं ती सबैलाई भजन गर्ने मन्त्र रातदिन हामी जपीरहेकाछौं । त्यहीं सुमिरण नै मोक्षदायक हो ।

वास्तवमा मानव प्रतिभाको प्रतिमुर्ति हो । पहिलो जन्म प्रतिभारूपमा मानव आफैंभित्र जन्मन्छ । अनि बाहिर आकृतिरूपमा देखा पर्छ । सत्त्व रज तम त्रिगुणात्मक प्रकृति पञ्च भौतिक शरीर माध्यमबाट आफू भित्र निहीत ज्योतिस्वरूपको अस्तित्वलाई मानवले बोध मात्र गर्न सक्दछ । अनन्त आनन्द विछिप्त ज्योति कल्याणकारी छ । त्यसको प्रतिविम्व आँखा खोलेर वाहिर हेर्ने, आफूभित्रको अस्तित्त्वको ख्याल नगर्ने मानव अज्ञानी मानिन्छ । असीमित प्रकाश पुञ्ज आफैंभित्र निहीत मानव बाहिरी अन्धकारबाट भित्रेको उज्यालोतर्फ मनन् गरुन् । चौरासीलाख योनीसम्म मृत्यु प्राप्त गर्ने मानव अमरत्त्व प्राप्त गर्ने अमृतपानको साधनतर्फ लागुन् । क्षणभङ्गुर मनुष्य शरीर, अजर अमर अविनाशी र घटाकाश र महाकाशमा व्याप्त ज्योति दर्शनतर्फ अनुष्ठानतर्फ लागुन् । यही नै सफल आध्यात्मिक साधनाको सत्मार्ग हो । यी आध्यात्मिक चेतना दिने उद्देश्यले वेदव्यासले आदिकालिन् मानव उत्थानका लागि १ वेदलाई ४ भागमा विभाजन गरी त्यसको व्याख्यामा १८ पुराण र अनेक

उपनिषदहरुको रचना गरेका हुन् ।

आखिर सवै शास्त्रीहरुले सवै शास्त्रहरुको सार बुझ्ने आत्माज्ञानीहरुले विज्ञानलाई दर्शाउँदै आएकाछन् ।

डोरीको बन्धन फुकाएपछि चौपाया पशुपंक्षीहरु मुक्त हुन्छन् । माया, मोह लोभ लाई युक्तीले त्यागे पछि प्राणीहरुमा श्रेष्ठ मनुष्य मुक्त हुन्छन् । मनुष्यको आफ्नो अस्तित्वको बोध नै ज्योतिको दर्शन हो । यो ज्ञान भएपछि मनुष्य ज्योतिमै रमाइ रहन मंन पराउँछन् । ज्योति ब्रह्मस्वरूप हो । ज्योतिको ध्यानमा निमग्न बन्नाले पञ्चतत्वको अस्तित्व आ-आफ्नो तत्त्वमा लीन् हुन्छ । अनि दसै इन्द्रियहरु आ-आफ्नो स्वरूपमा एकाकार बन्छन् ।

जीवतत्त्व ब्रम्हतत्त्वमा मिल्छ । यसैलाई जन्म, जरा, रोग व्याधि, मृत्युको चौरासीलाख जन्मको फन्दाबाट छुट्ने जीवन मुक्तिको मार्ग भनिन्छ । उदाहरण शाक्यमुनि गौतम बुद्ध हुन् । वराहपुराण अध्याय ४ मा वर्णन पाउँछौं । जुन् माथि प्रसङ्ग प्रस्तुत गरियो । अनुवाद पं. श्रीपद्मप्रसाद रेग्मी वराहक्षेत्र ४ ले गर्नु भएको हो ।

श्रीआदिवराहक्षेत्र महिमा

सुनसरी जिल्ला भित्र पुराणप्रसिद्ध चारधामछन् । ती धामका नाम हुन्: १. श्रीरामधुनी धाम, २. चतरा श्रीबराहक्षेत्र धाम, ३. श्री विष्णुपादुका कोकामुखमण्डल, सिद्धाश्रमधाम, ४. श्रीपिण्डेश्वरबाबा धाम । त्यस मध्य स्कन्दपुराण र श्रीवराहपुराण प्रसिद्ध आदिपुराण र श्रीवराहपुराण प्रसिद्ध आदिबराहक्षेत्र सूर्यकुण्ड बराहक्षेत्र गाउँ विकास समिति वडा नं. ७, ८, ९ एरिया अन्तर्गत् पर्छ ।

आदिवराहक्षेत्र भन्नाले श्रीवराक्षेत्र भन्दा पहिलो हो । भन्ने बुझिन्छ । स्कन्दपुराण हिमवत्खण्डमा यस्तो पाइन्छ ।

ब्रह्माजीका छिंकाबाट जुन् भगवान्विष्णुले तेस्रो अवतार बराहरूपको लिनु भयो । जलमग्नबीच के गरौं ? कसो गरौं ? भन्ने सोची छक्क परे । सो

अवसरमा अग्लो पर्वतका शिखरबाट आकाशवाणी भए झैं आवाज आयो- हे वराहरूपविष्णु ! तपाईं भन्दा एकहजारवर्ष पहिले वराहकल्पमा तपाईं जस्तैरूप धारण गरेर मैले अवतार लिएको थिएँ । त्यसैले म आदिवराह हूँ । मैले आफ्नो कार्यकालमा गरेको पृथ्वीको उद्धार र हिरण्याक्षको संहारको अनुभव बटुलेको छु । त्यस अनुभवका आधारमा म तपाईंलाई भन्छु । तपाईं सर्वप्रथम भगवान्शिवशंकरलाई आव्हान गरी शिलामूर्ति स्थापना गर्नु होस् । गुरु मान्नु होस् । आराधना गर्नु होस् । भगवान्शंकरको वरदान प्राप्तिले तपाईंमां सामर्थ्य बढ्छ । पृथ्वीलाई हरण गरी हिरण्याक्षराक्षशले पातालमा पुऱ्याई नर्कले छोपी राखेको छ । तपाईंले रसातल पुगेकी पृथ्वीको उद्धार गर्नु पर्नेछ । उक्त अवसरमा हिरण्याक्षराक्षेश तपाईं माथि आइलाग्नेछ । भगवान्शिवबाट प्राप्त वरदानबाट बढेको सामर्थ्यले हिरण्याक्षको संहार गर्न तपाईं सफल हुनु हुनेछ ।

यो निर्देशन अनुसार भगवान्यज्ञवराहले शिवजीलाई आव्हान गरी एकशिला स्थापना गर्नु भयो । आराधनाबाट प्रसन्न भई शिवजीले भगवान्यज्ञरूप वराहलाई वरदान प्रदान गर्नु भयो । जुन् शिला वराहक्षेत्रमा गुरुवराह अर्थात् 'वराहेश्वर' नामले प्रसिद्धछ । गुरुवराह शिवलिङ्गशिला स्थापित मन्दिर विश्वकर्माद्वारा बनाइएको हों भन्ने किंवदन्ती छ ।

आदिवराहभगवान्को मार्गदर्शनअनुसार रसातल पुगेर पृथ्वीको उद्धार गरी फर्केका बखत हिरण्याक्षराक्षश युद्धका निमित्त ललकार्दै आईलाग्यो । त्यस राक्षशलाई आफ्नै नामका पर्वतदेखि दक्षिण पूर्व स्थित सातढोकेपाखामा सुदर्शन चक्रद्वारा संहार गरी लीला गर्नु भएकाले बराहलीला भूमि कुण्ड, गुफा, छेलो ढुङ्गाहरु सातढोकेपाखामा भेटिन्छन् ।

आदिशक्ति महामायाभवानी महिमा

रसातलबाट उद्धार गरेर ल्याई कोका र कोशी दोभान भएको जलमग्नकाबीच भगवान्यज्ञरूप वराहले पृथ्वीलाई स्थापना गर्ने ३ पटकसम्म प्रयास गर्नु भयो । स्थूल पृथ्वी पानी भित्रै डुब्न थालिन् । भगवान्यज्ञरूपवराह हैरान भए । त्यसै अवसरमा उचो तुङ्गकुट पर्वत, चौडण्डा डाँडाबाट आवाज आयो- जसलाई आकाशवाणी भएको भनिन्छ । उक्त आकाशवाणी अट्टहास शब्दमा सुनिएको थियो ।

यस आपत्तिजनक स्थितिमा अट्टहास गरी खिल्ली उडाउँने शब्द कसको हो ? भनी वराहभगवान्ले सोध्नु भयो । उत्तर गम्भीर स्वरमा सुनियो । "म आदिशक्ति महामाया हूँ। मलाई जगदम्वा भवानी भन्दछन् । जहाँसम्म तपाईं मेरो आराधना गर्नु हुन्न, त्यहाँसम्म पृथ्वी जलमाथि स्थापना गर्न तपाईं सफल हुनु हुनेछैन । यस्तो रहस्यमय शब्द सुनी विनम्रता दर्शाउँदै गम्भीर भएर भगवान् यज्ञरूपवराहले लौ ! मैले आराधना गरैं, मलाई सहयोग गर्नु पऱ्यो । भन्नु भयो ।

विश्वस्त पार्ने आकाशवाणी भयो । मैले सहयोग दिएँ । स्थापना गर्नु होस् । भन्ने आदिशक्ति महामाया भवानीको शब्द सुनी भगवान्यज्ञरूपवराहले आफ्ना दुईदाह्राबाट दुईहातले उचाली जलामयमा स्थापना गर्न लाग्नु भयो । त्यस अवसरमा पृथ्वीले विन्ति गरिन् । भगवान् मलाई उर्जा प्रदान गर्ने शक्ति भएको हरियालीले भरिएको जमीनको सन्धिमा स्थापना गरी बक्सियोस् । यो करुणास्वरलाई ध्यानमा राखी मथुरा भूमि जहाँ श्रीकृष्णभगवान्को जन्मको प्रभावले हरियाली थियो । त्यहाँ पुऱ्याई भगवान्वराहले स्थापना गर्नु भयो । अब तिमी ऊर्जा शक्तिले विस्तृत रूपलिई म बसेको स्थानमा आउँनु । भनी कोका आदिगंगा कोशीनदीको दोभानमा आएर विराजमान हुनु भयो । त्यहींदेखि वराहतीर्थ र वराहक्षेत्र प्रसिद्धछ । कोकावराहभगवान्को मूर्ति उदाहरण स्वरूप मन्दिर मध्यमै दर्शनीय छ ।

तुङ्गकुट पर्वत चौडण्डा अर्थात माउण्ट डाँडा आदिशक्ति महामाया भवानी स्थान सुप्रसिद्धछ ।

खण्ड तृतीय

आदिशक्ति जगदम्बेमा प्रार्थना

(स्वागताछन्द)

अम्विके भगवती जगदम्वे ।
आदिशक्ति तिमि नै नव दुर्गे ॥
शस्त्र अस्त्र कर मुण्डन माला ।
औ विभूषण उज्यालदछ आभा ॥
हे दयालु करुणामय आमा ।
पाउमा शिर धरी भ्कुकिँदामा ॥
प्राप्ति हुन्छ व्ररदान कृपाहोस् ।
राष्ट्र उन्नत दिशातिर लागोस् ॥

ध्यान ज्ञान तप संयम शान्ति ।
न्यायपूर्ण सुविवेक अङ्गली ॥
राष्ट्रको प्रगति-मार्ग समात ।
भन्नुहोस जनजी मनबाट ॥

लोकतन्त्र गणतन्त्र व्यवस्था ।
भित्र हाँक्न सकियोस अवस्था ॥
सुध्रियुन् सकल निर्भर प्राणी ।
राजनैतिक सबै दल हामी ॥

भै सहिष्णु निज स्वार्थ नराखी ।
छौं समर्पण उठाउन माथि ॥
देश-भक्तितिर जाग्रत पार्नोस् ।
अम्बिके विनयलाई नटार्नोस् ॥

मोटरबाटामा यान गुडाउँदै आएका धार्मिक र पर्यटकहरुलाई तुङ्गकुटपर्वत तथा माउण्ट चौण्डडाडाँडाबाट नियाली जगदम्बा आज्ञा गर्नु हुन्छ । भवानी उवाच-

(मन्दाक्रान्ता छन्द)

259.32 व९५८ श्री

माओवादी सब दल बुझुन्, हौं सबै भाई भाई ।
अर्को ठानी क्रुर वचनको, वाण हान्यौं स्वलाई ॥
रोए जोजो निरिह बनिई, औ मरे घात पर्दा ।
थाहा पायौं गलत पथमा, छौं भनी होश फिर्दा ॥

हिंसा हत्या जति हुनु भयो, भै गयो दोहोऱ्याई ।
त्यै निन्दाका पथिक नबनौं, सोंचने गर्नु भाई ॥
जन्मेको यो स्थल र धरती; मुस्कुराई रहन्छिन् ।
सेवा पाऔं सपुतहरुको, मातृ भू आज भन्छिन् ॥

वैशाखपूर्णिमाका दिन लुम्बिनीवन नेपालमा मायादेवीका कोखबाट कपीलवस्तुका राजा सुद्धोधनका पुत्र सवार्थसिद्ध राजकुमार नामले जन्म लिएका थिए । देवहदहमाइतीघर पुग्नै नपाई आमा सातदिनमा स्वर्गीया हुनु भयो । उनैकी बहिनी प्रजापति गौतमीले आफ्ना स्तनपान गराई स्याहार्नु भयो ।

वैशाखपूर्णिमाकादिन ६ वर्षको तपस्या अनुसार बुद्धत्त्व लाभ भयो । सवार्थसिद्ध राजकुमार गौतमबुद्ध बने । वैशाखपूर्णिमाकै पावन पर्वमा ८० असीवर्षको उमेरमा बुद्धले परिनिर्वाण प्राप्त गर्नु भयो । त्यसैले वैशाख पूर्णिमालाई बुद्धपूर्णिमा भनेर चिन्छौं । ठूलो महत्व भएको वैशाखपूर्णिमाको पावन र महत्वपूर्ण बुद्धसित नाम जोडिएका वैशाखपूर्णिमाकादिन शक्तिपीठहरु महामाया आदिशक्ति भवानी स्थान लगायत् नेपालभरिमा निरीह पशुपंक्षीहरु १०,००० दशौंहजार संख्यामा बलिदिनु काट्नु र रगताम्य पार्नु महामानव बुद्धको शिक्षालाई चुनौती दिनु हो । जघन्य अपराध गर्नु हो । अपराधीले गरेको हत्या हिंसाको वलीपुजा मन नपराएर शक्तिपीठहरुबाट अन्तर्ध्यान भई अन्कन्टार पर्वतका शिखर गुफा जंगलमा लुक्न पुगेकाछन् 'वैष्णवी' विन्ध्यवासीनीनामले प्रसिद्ध छन् । देवी भवानी, दुर्गा, भगवती, सन्सारीमाई, सिंहदेवी, छिन्ताङ्ग, छिन्नमस्ता, काली, महाकाली आदि । यिनै मध्येका वैष्णव देवी, महामाया आदिशक्ति भवानी, स्वाँरा भगवती, नवदुर्गा हुन् । सुनसरी जिल्लाका पर्वत

शिखरहरु मध्ये वराहपुराणमा तुङ्गकुट पर्वत नामले प्रसिद्ध चौडण्डा १६ विगाहको जंगल परिसरमा छन्। हिमश्रृङखलाका चुचुराहरु हरियालीले सुरम्यपर्वतहरु आफ्ना माथि उठाएर चौडण्डा डाँडा तुङ्गकुटपर्वत शिखरमा म भवानी महामाया आदिशिक्तिको दर्शन गर्छन्। तुङ्गकुट माउण्ट अर्थात् पर्वत शिखरमा दक्षिणतर्फ समतलमा चारैतिर पर्खाल उठाई तोप बिसाई गोला निशानामा हान्ने अभ्यास हरिहरसेन हिन्दूपति राजाले आफ्ना कान्छा राजकुमारलाई गराएदेखि यस डाँडाको नाम चौडण्डा भएको हो। मेरो काखमा त्रिशुली धारा छ। शीतल पावन जलका आश्रयमा मूल गाउँ छ। त्यसको नाम चौडण्डा गाउँ हो। जुन् उत्तरतर्फ पर्छ। पूर्वतर्फ आदिवराहक्षेत्र सूर्यकुण्ड छ। चियाबारी अँधेरी गाउँ, शिव कुण्ड, कुञ्जाम्रवृक्ष कुमुदाकार चक्रतीर्थ, भालुढुंगा गाउँ, माछामारा भञ्ज्याङ्ग, विष्णुपादुका गा.वि.स. कार्यालय भवन, विष्णुसर (तलाउ) ब्रह्मशिला विष्णुपादुका मन्दिर, पितृउद्धारकवराहशिर शिलाढुङ्गा, पितृआश्रय ताम्ररङ्गको शिलाढुङ्गा, शंखधारा, विष्णुधारा जसलाई द्रष्टाकुरतीर्थ पनि भन्दछन्। कोटीबटस्थल, कोकामुखमण्डल विष्णुधारा, शंखधारा, शंखेश्वरमहादेवशिला इन्द्रेणीछहरा, वंशीलापर्वत र धार्नेडाँडा शिखरमा, मुण्डनदेवी, कुण्डनदेवी स्थान, हात्तीडुवा नाम पाएको सानो सभापोखरी विन्दूपर्वत। अवस्थित सिद्धाश्रम छ। जहाँ राजर्षि विश्वामित्रले आयोजना गरेका यज्ञकुण्ड छ। राजा दशरथका पुत्रद्वय श्रीराम र लक्ष्मणलाई पुऱ्याएका थिए। धनुविद्याको शिक्षा र मन्त्रदीक्षा दिए। अहिल्याको उद्धार, सुवाहुसहित ५० करोड जति दानवसंहार गरी मारिचलाई लङ्का नजीकको चारयोजन फराकिलो विशाल समुद्रको नजीक वारुण वाणद्वारा पुऱ्याएका थिए।

पश्चिमतर्फ युगपाखी नाग नागिनीशिला, कालीगंगा, दुधपानेखोला, रानीखोला, पञ्चकन्यापोखरी, फूलबारी अर्चले बाग्दलबारी, चावाचा, सिन्दुरपूछा, सातढोकेपाखा, सरस्वतीखोला, यमराजखोला, गुप्तबराह, श्वेतबराह, औलियाबाबाको तपस्यागुफा, विश्वामित्रको तपस्यास्थल ओढार, ब्रम्हतीर्थ (ब्रम्हान्दखोला) कोकानदी आदिगंगासप्तकोशी देभान, बराहतीर्थ यज्ञवराहभगवान्

लगायत १० मन्दिर छन् । यसैको पूर्व कोकानदीको दक्षिणतटमा देवयज्ञस्थल वारुद्खानी, गृद्धवटको आश्रयमा उत्तरमुखीगंगा लुकुवाखोला र सोमतीर्थ विद्यमान छ । देवताहरुले यज्ञ गरेको अवशेषलाई वारुकस्थान भन्दछन् । तीलकप्रसादरूपमा धार्मिक श्रद्धालुहरु घरघर लान्छन् ।

शान्तिवन-वयरवन

माउण्टआवू राजस्थानको दृश्यावलोकन गर्न सकिने वयरवन वराहपुराण अध्याय १४० पुराणका आधारमा वदरीवन हो । वराहक्षेत्र गाउँ विकास समिति वार्ड नं. ४ मा पर्ने वयरवन, वयर फल्ने वन हो । २०२२ सालमा तत्कालीन चतरा गाउँ पञ्चायतका प्रधानपञ्च देवीवहादुर थापाले वयरवनको ठाउँमा कोशीनगर नामको उद्घाटन गर्नु भयो । पूर्णप्रकाश नेपाल यात्रीले कोशीनगर नाम जुराएका थिए । मान बज्राचार्यवाट कवित्त्वको परिचयात्मक लेखिएको कविता यस्तो छ । जुन ४ पंक्तिको कविता २०३३ वैशाख १ गते प्रकाशित फेरि आँशु भित्र 'म' को मुख पृष्ठमा छापिएको छ । मोरङ्ग जिल्लामा गाउँ विकास समितिकै नाम 'वयरवन' छ ।

(मन्दाक्रान्ता छन्द)

फल्थ्यो पैले वयर अनि यो ! ठाउँको नाम त्यै थ्यो ।
बढ्दो वस्ती घर पसलले, नाम कोशीनगर् भो ॥
फल्ने यौटे वयर रुखका, छैन नामै निशान ।
यो ! हो कोशी नगर बनता, हैन है विन्ति मान ॥

सानो सभापोखरी सिद्धाश्रममा भेला भएका देवता, असुर र ऋषिमुनिहरुका मध्येमा पितृप्रति आकर्षित भई पतिव्रण मनमनै गर्दै पछि लागेकी आफ्ना उर्जाबाट उत्पन्न भएकी पुत्री कोकालाई चन्द्रमाको श्राप पर्‍यो । "निर्लज्ज कन्या तँ पानी हुनु परोस् ।" वचन सुन्ने बित्तिकै कोका पानी भइन् । राक्षशहरु पनि "आक्रामक तरीकाले मार्छौं" भनी पितृहरु माथि

आईलागे । आत्तिएका पितृहरु विशाल ढुंगा उठाएर युद्धको सामना गर्ने आँट त देखाए । तर आत्तिएर ४ दिन धमिलो कोकाको जलमा डुबे । त्यहीं भगवान्‌वराहविष्णुको स्तुति गरे । विष्णु सयौ प्रलयकालको पद्मकल्पमा त्यहां शुक्ला भएको थियो । पितृहरुलाई दर्शनमात्र दिनु भएन, श्राद्धपद्धति सिर्जनागर्नु भयो । आफू कर्ता बनेर ब्राम्हणबाट मन्त्रोच्चारण गराई श्राद्धपिण्ड तर्पण कर्मकाण्डद्वारा उद्धारगरी पितृलोकमा पठाईदिनु भयो । कोकालाई पनि वरदान दिई गंगा समान पवित्र बनाउँनु भयो । उक्त श्राद्धपद्धति अनुसार श्राद्धभूमिलाई शिवजटाबाट जल ल्याएर छर्किई पवित्र बनाउँनु भयो । श्राद्धपिण्ड बनाउँने साम्रगीमध्य वयर फल वयरवनबाट ल्याई पिण्डमा मिलाउँनु भएको थियो। त्यस महत्वले पनि 'वयरवन जनजिब्रोमा अविस्मरणीय भएर रहेको छ। वास्तवमा प्राचीन शान्तिवन यही हो ।

तराईको मैदान र पहाडको काखमा रमेको वयरवनलाई पर्यटकीय दृष्टिकोणले सजाउँने, शिङ्गार्ने, योजनाबद्ध विकासनिर्माण गर्ने हो भने राजस्थानको माउण्टआवु शान्तिवन जतिकै सुरम्य मनोरम दृश्यले सबैलाई आकर्षित बनाउँदै प्रसिद्ध हुनेछ ।

ब्रह्माकुमारी राजयोग सेवा उपकेन्द्र बराहक्षेत्र ४ वयरवनमा २०५९ सालदेखि छ । राजयोगी राजयोगिनीहरु मुरलीसुन्न प्रत्येकदिन विहान र साँझ उपकेन्द्रमा भेला हुन्छन् । उपकेन्द्रको वार्षिकोत्सव मनाउँदा, विराटनगर इटहरी इनरुवा, हाँसपोसा, धरान, भरौल, महेन्द्रनगरबाट पनि भाग लिन्छन् । त्यसवखत माउण्टआबु शान्तिवनको मंगलमय धार्मिक वातावरण सजाउँने दृश्य बराहक्षेत्र ४ वयरवनमा उपस्थित हुने गर्छ। विराटनगर १३ मा पूर्वाञ्चलकेन्द्र छ धरान ४ मा शास्त्रसंग्रह केन्द्रछ । भण्डारीटार चतरामा राजयोग अभ्यासको लागि शिविर सञ्चालन छ । त्यस्तै शिविर भवानी स्थान र आदिवराह मन्दिर सूर्यकुण्ड परिसरमा सञ्चालन होस् । शुभकामना छ ।

स्थापना कालको केही संस्मरण यस्तो छ ।

वि.सं. २०५९ वैशाख २५४७ औं वुद्धजयन्ति सप्ताहव्यापी कार्यक्रम अन्तर्गत वराहक्षेत्र-१, औलियाबावागद्दी स्थल चतरा मठदेखि शुभारम्भ गरी धर्मोदय सभा वराहक्षेत्र शाखा, ज्योति बुद्ध महाविहार, लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान, त्रिफला राष्ट्रिय पुस्तकालय सुनसरी र मोरङ शाखाको कार्यक्रममा सहभागी भई गाउँ विकास आध्यात्मिक प्रवचन गोष्ठी आयोजना गरी सोही उपलध्यमा ब्रह्माकुमारी राजयोग सेवा केन्द्र वराहक्षेत्रमा सञ्चालन व्यवस्था भएकोमा सर्वप्रथम आभार प्रकट गरेका थियौं । साधुवाद पत्र ब्रह्माकुमारी राजयोग सेवा केन्द्र पूर्वाञ्चल, विराटनगर र धरान ४ शास्त्रसंग्रहालयलाई अखवार साप्ताहिकमा प्रकाशित विवरण समाचार संलग्न राखी प्रदान गरिएको व्यहोरा स्मरणीय छ ।

नयाँ युगको निर्माण निमित्त नारी बनिन् कल्याणी ।
पवित्रता ओढी पछ्रेउरी बनिन् सजेर भवानी ॥
दिब्यगुणहरु गरेर धारणं वनाउँन हिंडिन् जगपावन ।
शिवको लिएर सन्देश, नारी बनी रहेछ श्रावण ॥

दुःख अशान्ति परतिर सारी अष्टशक्तिले भरिएर ।
परिवर्तनको विगुल वजाउँदै, महाविनाशको बोध गराउँदै ॥
ज्वालारूप निशानी,
पवित्रताको ओढी पछ्रेउरी बनिन् सजेर भवानी ॥

नगरनगरमा, गाउँगाउँमा हरेक आँगन, हरेक मार्गमा ॥
उच्चनीचको भाव मेटाउँदै, बनिन् नारी बरदानी ॥
आमाको ममता पनि उसमा छ, स्याहार्ने क्षमता
पनि उसमा छ । अबबदल्यो उसको रूप ।

होइनन् अबला, जगदम्बास्वरूप ॥
शिवले दिएको उपदेश सम्झाउँदैछिन् ।
बनिइन् सजिएर भवानी ।

शिवशक्ति उनी कहलाइन्छन् शिवजी कै ज्ञान सुनाउँछिन् ।
धरतीमै स्वर्ग वनाउँन, पवित्रताको ज्योति जगाउँछिन् ॥
हरेक कल्पको यही सत्य कहानी ।
बनिन् सजेर भवानी ॥
नयाँ युगको कल्याण निमित्त नारी वनिन् कल्याणी ॥

(यो कविता ज्ञानामृत मासिक वर्ष ३९ अंक ११ मई २००८ पृष्ठ ११ बाट अनुवादक- मान वज्राचार्य)

(सग्धरा छन्द)

कालीं दुर्गा भवानी स्तुति मनन् गरौं, लौ ! दशैं औ तिहार ।
मानौं संकल्प गर्दै सुरपन तजौं, भन्छ लौ ! आजचाड ॥
स्वयं भित्र नियालेर परमात्मा बुझ्दछौं भने ।
सबैमाथि दया-भाव आफैं गर्छ उदाउने ॥

लेखकको "हिन्दुपति राजा र हिन्दूराष्ट्र ...२०६१" बाट उद्धृत ।

यस्ता ज्ञानामृत ग्रहण नगरेरै पनि मानिसहरुमा हत्यारा प्रवृत्ति छ। यसै क्रुर प्रवृत्तिको परिणामस्वरूप बुद्ध जन्मभूमि नेपाल आधिराज्यका शक्ति पीठहरुमा १०,००० सम्म निरीहजीव पशुपंक्षीको वलिपूजा वैशाख वा बुद्धपूर्णिमाकादिन भाकल वुझाउँने अन्धविश्वासमा परी गरिन्छ । आदिशक्ति महामाया जगदम्बा भवानी

बुद्ध मान्ने वौद्धहरुले पालन गर्ने पञ्चशीलको सिद्धान्तलाई जीवनमा न उतार्ने तृष्णाका दासहरुलाई सम्झाउँनु हुन्छ ।

पुनः भवानी उवाच-

हाम्रा बुद्ध पराइका हुन गए, हाम्रो छ खै इज्जत ?

(शार्दुल विक्रीडित छन्द)

यौटा राजकुमार बुद्ध हुनु भो, हौं बौद्धता लौ ! बुझौं ।
हाम्रा बुद्ध र पञ्चशील गुणले, लौ ! बोधिसत्त्वै बनौं ॥
बन्नै भिक्षुक दिन्न दिन्न म भनी, उफ्रन्छ जो छन् खल ।

वस्छन् शान्त वनेर वुद्ध भगवान्, गुन्छन् म हूँ शालिक ॥
हत्याराहरु शक्तिपीठहरुमा, दिन्छन् वली निष्ठुर ।
अज्ञानीहरु वुद्ध-धर्म विपरित्, वैशाख पूर्णे शुभ ॥
सारै पावन पर्वका दिन अहा ! अज्ञानता मूर्खता ।
प्राणीमा करुणा दया विहिन भै, कर्मै गरे दुष्टता ॥
हजारौं निरिहै जिवात् पशुहरू, मारेर खानेहरू ।
तृष्णाका वशमा परेर खलभै, फ्याँक्छन् स्वयं आवरू ॥
वर्मा चीन र तिव्वतै त्रय तथा, जापान थाई तक ।
हामी वौद्ध र पञ्चशील गुणले, भन्छन् छु लाभान्वित ॥
नेपाली परधर्म मार्गतिर छन्, देखिन्छ आडम्वर ।
हाम्रा वुद्धपराईका हुन गए, हाम्रो छ खै इज्जत ?
आफ्नो मान गुमाउँने छ मन ता, आडम्वरीका पछि ।
लाग्नै हुन्न मनुष्य हो अधमले, आफ्नै विगार्छन् छवि ॥

प्रमुख अतिथि पदबाट २०६५ बैशाख बुद्ध जयन्तीमा सुनाइएको हो ।

ममतामयी जगदम्वा भवानी समक्ष समस्या दर्शाएर भक्त यस्तो प्रश्न राख्छन् । हे आमा ! हामी छौं कुन कक्षमा ? अपहरण गर्नु, लुट्नु मार्नु साधारण कुरा भईसक्यो ।

वलात्कार गर्नु स्त्रीको सतीत्व नवुभ्न्नु पोल खुल्छ भनी आफ्नो इज्जत वचाउँन उसको हत्या गर्नु मनोरञ्जन भइ सक्यो । चोर्नु डकैती गर्नु नै रोजगार वनीसक्यो । आफूले परिश्रम नगरी अर्काले लगाएको फल फूल अन्न वाली वार भत्काएर नाँघेर वा घर फोरेर ढोकाको ताला तोडेर लुट्नु घुत्नु नै वेकारी समस्या समाधान गर्नु भई सक्यो ।

जबसम्म शान्ति आउँदैन ।

अशान्तिको भड्खाला परेको देशमा, व्यवस्थाको नाम फेरिदैंमा जनआन्दोलनको उपलब्धि हो भन्न मिल्दैन । पञ्चायत गयो, प्रजातन्त्रको नाम संघीयलोकतन्त्रात्मक गणतन्त्र नेपाल भयो ।

थाहा भएन, हे आमा ! हामी छौं कुन कक्षमा ? यसको उत्तरमा जगदम्बे श्रीभवानी मातृस्नेह दर्शाएर भन्नु हुन्छ !- वन पैदावरमा पनि माया बसालौं ।

(शार्दुल विक्रीडित छन्द)

माया गर्न सिकौं मनुष्यहरु भैं, हुन् वृक्ष दिन्छन् सुख ।
जुन् सम्बन्ध छ वन्यवृक्ष बिरुवा, हाम्रै सखा हुन बुझ ॥
दिन्छन् फुल बतास शीतल छटा, आनन्द औं शान्ति नै ।
जे चाहिन्छ परोपकार रुखको, बुझ्दैन जो भ्रान्ति भै ॥

काट्छन् रुख विनाश गर्छ नरले, हानी स्वयंको हुने ।
देवस्थान उजाड पार्छ पछिता, लागेर गर्छन् रुने ॥
स्वास्नी पुत्र धनादि वस्तु उसले, वंर्वाद गर्छन् अनि ।
ठूलो कष्ट सहेर पीडित बनी, बित्ने छ है जीवनी ॥

फल्ने फूल दिने र शीतल दिने, छाँया दिने वृक्षको ।
सत्यनाश गरेर जोत्छ जसले, सन्सारमा मूर्ख त्यो ॥
पश्चाताप अवश्य गर्छ उसका, सन्तानमा दुर्दशा ।
पार्दै जान्छ भविष्य बिग्रन गई, सोच्ला गरें मूर्खता ॥

जुन् देवस्थल स्थानको वन सखाप्, पार्छन् अहंकारले ।
जुन् सम्पत्ति स्वराष्ट्रको हरण भो, त्यो हो कुलङ्गार रे ॥
पैह्रो रोक्न सघाउँने सुमनले, शोभा बढाई दिने ।
वृक्षारोपण गर्नु उन्नति हुने, घर्पालुवा पोषिने ॥

ऐलानी सरकार सार्वजनिकै, जग्गा जहाँ छाड्दछन् ।
चौपायाहरु चर्दछन् चरनमा, धर्मीगृहस्थी बुझुन् ॥

स्वार्थी बन्नु हुँदैन मानिस वुझ्नु, हुन् वृक्ष नै देवता ।
सेवा औ उपकार गर्छ रुखले, शिक्षा लिउँन् है सखा !
देवस्थान-वराहक्षेत्र, चतरा, प्राचीन् तपस्यास्थल ।
श्रीपिण्डेश्वर, विष्णुका चरण औ, सिद्धाश्रमै जंगल ॥
विश्वामित्र र राम लक्ष्मण धुनी, बाली वसेथे जहाँ ।
छिन्ताङ्गै वन भित्रछन् नजरहोस्, वृक्षादि झुक्छन् त्यहाँ ॥

हेर्‍यौं आदिवराह कुण्ड-जलका, जुन्स्रोत वग्छन् तल ।
छल्बल् शब्द सुनाई पावन बनी, स्नानादि गर्थे सब ।
बासिन्दाहरुले पिएर जल त्यै !, मेटाई तिर्खा खुली
पुजा पाठ बराहको पनि गरे, बग्दा पर्‍यो खुल्दुली

फोहोरी अपवित्र वस्त्र जलमा, चोवेर धोई दिँदा ।
सूर्यैकुण्ड बग्यो प्रसिद्ध छ कुरा, बुझ्छौं स्वयं घोत्लिँदा ॥
बासिन्दाहरु फोहरी यदि वने, टिक्दैन तीर्थ स्थल
मर्यादापथ बिर्सिए यदि भने, पाइन्छ दण्डै वुझ ॥

श्रीरुद्राक्ष प्रसस्त फल्छ र लिची, फल्ने छ वृक्षादि नै ।
चौडण्डा अनि अर्चले संगसंगै, बस्छन् रमाई सधैं ॥
चावाचा अनि बागदल् र युगपाखी नागादि शिलाहरु ।
यी स्थानीय भवानि स्थान परिसर् हो स्थानको आवरु ॥

|◀◀ ▶▶|

बेल विवाह चूडाकर्म

Kathmandu, Nepal
3:1
1622

(स्वागता छन्द)

अङ्ग नौ गुरु अजाहरु नौ नै ।
नौवटी भगवती शुभ नौ नै ॥१॥
अङ्ग कोमल मुहार सुरम्य ।

पङ्तिवद्ध नव शोभित कन्या ॥२॥

जन्मने वखत जुन् परमात्मा ।
कष्ट मुक्त गर भन्दछ आत्मा ॥३॥
जीवजीवन शरीर उने हुन् ।
चेतना सजग भै झलकिन्छन् ॥४॥

देवदेवहरुका पनि देव ।
सृष्टिपालक र नाशकदेव ॥५॥
भित्र वस्छ मनले गुन हेर ।
वोधिज्ञान वुझ वेल विवाह ॥६॥

वुद्धि हिंसक वनाउँनु हुन्न ।
जीव घात नगरे दुःख हुन्न ॥७॥
प्रेमले र करुणा उपकार ।
कर्मले हृदय वन्छ उदार ॥८॥

रात काट्छ रुखमा जुन् व्याधा ।
पात झर्छ शिव पूजनद्वारा ॥९॥
मुक्ति मिल्छ मृगश्रावक भाग्छन् ।
यो ! कथा शिव-पुराण फ्लाक्छन् ॥१०॥

त्यै विधान नियमै अनुसार ।
हुन्छ हेर वुझ वेल-विवाह ॥११॥
शाक्य वंशहरुमा छ प्रथा यो !
श्रेष्ठ जातिहरुमा पनि छायो ॥

राष्ट्र नै शिवमयै छ विवेक ।
दृष्टिले नजर गर्दछ वेल ॥

वेल विवाह प्रसङ्ग

शिववावा वेल फल र पात मन पराउँनु हुन्छ । त्यसैले शिवजीव पूजा अर्चनामा वेलपत्ति जलको महत्व छ । यस रहस्यको भेद पाएकाहरु वेल विवाहलाई धर्म संस्कृतिसित सम्वन्ध गाँसेका छन् । शिवबावा परमात हुन् । वेललाई परमात्माको सगुणस्वरूप मानेका छन् । परमात्मासित आत्माव

सम्वन्ध वढाउँने साधनामा योगीहरु लाग्नु उसको कर्तव्य हो । त्यस अर्थमा कन्याले रजोवती हुनुपूर्व विधिवतः वेलसित विवाह गर्छन् । रजोवती भएपछि शिववावाको वरदानस्वरूप वर खोजी विवाह गर्छन् र पछि ती वर (पति) को मृत्यु भए पनि कन्या विधुवा हुँदैन ।

रजोवती समयमा छुवाछुतको भेदभाव राखिँदैन । लौकिकसुख क्षणिक हो । परमार्थिक सुख आनन्द स्थाई हुन्छ । यीनै कुरालाई व्यवहारमा उतार्न जीवनमा कन्याहरुको वेलविवाह कुमारहरुको चुडाकर्म गर्नु कुल परम्परागत संस्कृति हो । यसलाई पालन गर्नु अनिवार्य छ ।

।।। चौडण्डा-रहस्य।।।

कालिका शिव दुती हुनुहुन्छ ।
चण्डिका भगवती वन कुञ्ज ॥
चण्ड मुण्ड दुईको शिरकाटी ।
तुङ्ग पर्वत चढेर निवासी ॥
छन् प्रसिद्ध भव भित्र भवानी ।
अम्विका चरण पर्छन प्राणी ॥

आदिवराह र क्रमशः बराह

गुप्त श्वेत अनि यज्ञवराह ।
सूर्य सोम यम आदिवराह ॥
पितृको स्तुति सुने पछि श्राद्ध ।
पद्धति स्मरण हुन्छ वराह ॥
आम्र वृक्ष शिव-दर्शन गर्न ।
आउँने पनि त विष्णुवराह ॥
श्रीवराह-गिरि नाम प्रसिद्ध ।
तीर्थक्षेत्र महिमा वुझ नित्य ॥
मूर्तिमा हृदयमा छ वराह ।

अर्चना स्तुति गरेर पुकार ॥
आत्मज्ञान छ भने बुझिनेछ ।
दिब्यचक्षु निज खोल र हेर ॥
मिल्छ दर्शन अवश्य प्रत्यक्ष ।
ज्योतिरूप परमेश्वर सत्य ॥
सूर्यकुण्ड अनि आदिवराह ।
दर्शनीय छविलो छ विचार ॥

श्रीवराहभगवान् चमश परिचय

१. गुप्तवराह भगवान

सप्तकोशीनदीको जल आक्षादित् पूर्वको किनारा चेप्टो ढुङ्गाको ओढारमा छ। नाउ माध्यमबाट पुग्न सकिन्छ। हेर्न सकिदैन ।

२. श्वेतवराहभगवान

गुप्तवराह गुफामाथि ओढारमा श्वेतबराह पर्वताकार दर्शनीय छ। मोटरबाटाका तल पर्छ, त्यहाँ जाने गोरेटो मेटिएको छ। पाखा अप्ठ्यारो र चिप्लो छ।

३. यज्ञवराहभगवान्

कोकाकोशी दोभानमा मत्स्यरूपमा भगवान्वराह निवास गर्नु हुन्छ। वैशाखशुक्लद्वादशीतिथिका विहानदेखि १२ बजेभित्र भक्तहरुले दर्शन पाउँदै आएकाछन्। वराहभगवान्को मन्दिर भित्रको शालिग्रामीय शिलामुर्ति नै यज्ञवराहभगवान्को महिमा प्रसिद्ध छ।

४. आदिवराहभगवान्

सुर्यकुण्ड पूर्व मन्दिरमा पीत्तलको मूर्ति थियो। २०२९ सालमा हराएकोले पुनर्निर्मित्त शिलाढुङ्गाको मूर्ति योजनावद्ध स्थापना २०६५ वैशाख १ गते आइतवार चैत्राष्टमीकादिन निश्चित भए अनुसार व्यवस्था भएको हो ।

५. विष्णुपादुका गा.वि.स. वार्ड नं. ८ अधेँरी गाउँ नामाकरणको प्रसङ्ग यस्तो

छ । रैभ्यमुनिलाई दर्शन दिएको अवसरमा भगवान् विष्णुको अभिवादन स्वागतमा झुकेका कुब्जाम्रवृक्ष कुमुदाकार चक्रतीर्थमा सूँगुररूपले आएका थिए । बुढी स्वास्नीमान्छेले लाठी हातमा लिई यो सूँगुर ! कहाँबाट आयो ? कोदो खान्छ भनी लखेटे । भेट्नै लागेपछि अँध्यारो बनाई दिए । बूढीले देख्न सकिनन् । बराहरूपभगवान् भाग्न सफल हुनु भयो । त्यहाँदेखि शिवकुण्ड, र श्वाँराभगवती वरभञ्ज्याङ्गचौतरा, कुब्जाम्रवृक्ष कुमुदाकार चक्रतीर्थ भालुढुङ्गा पश्चिम्का एरियाका वस्ती अँधेरीगाउँ नामले विख्यात् भयो ।

६. पितृ उद्धारक वराहभगवान्

ब्रह्मपुराणमा व्यास र ऋषिहरुको सम्वादमा कोका उत्पति र भगवान्वराहले पितृको उद्धारसहित तर्पण, पिण्ड, कर्मद्वारा तृप्त गराउँनु भएको प्रसङ्ग छ ।

त्यस अनुसार बह्मशिलाबाट भगवान्विष्णुले वराहस्वरूप पितृहरुको स्तुति अनुसार धारण गर्नु भयो । पितृहरुले राक्षशबाट संरक्षित् हुन उचालेका त्यसैको आड्मा लुकेका थिए । भगवान्वराहविष्णुले दुई दाह्राले हानेर ढुङ्गा उछिट्याईदिएका अवस्थाको शंखधारा र कोकानदी दोभान पूर्वतटमा ताम्रवर्णको विद्यमान् छ । भगवान्विष्णुका राल चुहिएको विष्णुकुण्ड अर्थात् ड्रष्टाङ्कुरतीर्थ विशाल शिलाका तल छ ।

'विशाल शिर' यसैको पश्चिम्, विष्णुपादुका मन्दिरदेखि उत्तर पाखा र बाटा मुनी शंखधाराबाट ल्याइएको जलका नालामाथि विशालढुङ्गा पितृउद्धारक वराहभगवान्को दर्शनीय छ ।

ब्रह्मपुराण अध्याय ११० श्लोक ३६ को श्लोकले पितृ उद्धारकवराहको महत्व यसरी दर्शाइएको छ ।

त्वन्नाम संकीर्तन निशाचरा !
द्रवन्ति भूनान्य पयन्ति चराय: !
नाशं तथा संप्रति यान्ति विष्णो !
धर्मादि सत्यं भवतीह मुख्यम् ॥३६॥

७. शिवालयभित्र श्रीवराहभगवान् चतरामठ औलियाबाबा गद्दी पश्चिम् औलियाबाबाका आराध्यदेव श्री मुकुन्देश्वर शिवमन्दिरभित्र साना पित्तलका धरणीधरवराहछन् ।

८. महेन्द्रनगर चक्रघट्टीका शिवालयमा धरणीधरवराह शालीग्रामीय शिलाको सानो मूर्तिछ ।

९. धरान ८ वरगाछी चौक स्थित सिद्धिदात्री भगवती मन्दिरभित्र कोकावराहस्वरूप शालीग्रामीयशिला मूर्ति दर्शनीय छ ।

१०. ईटहरी-४का वरीष्ठधार्मिक सामाजिक व्यक्तित्व श्रीरामवहादुर ताल्चाभण्डेल श्रेष्ठले आफ्नै आर्थिक लगानीमा १५१,०००।- एकलाख एकाउन्नहजार भारुमा तिरुपति वालाजुबाट शिलामूर्ति-४ वटा ल्याउनु भई वराह रामानुजपीठ वराहक्षेत्र-२ जोरखम्वा नजीक

१. श्रीभूवराह चतुर्भुजी मूर्ति,

२. रामानुज भगवान् चल अचल विग्रह,

३. श्रीदेवी श्रीभूदेवी स्थापना गरी सत्कीर्ति राख्नु भएकोछ ।

११. श्रीभूवराह रामानुजपीठमा अखण्डज्योति प्रज्ज्वलन हुँदा उक्त ज्योतिबाट ज्योति जगाउँदै चतुर्मासव्रत बसी वैकुण्ठचतुर्दशीकादिन आदिगंगा सप्तकोशी र कोकानदीका दोभान श्रीवराहतीर्थमा स्नानपूर्वक श्रीयज्ञवराहभगवान्को मूलमन्दिरसहित् वराहक्षेत्रका दशवटा मन्दिर परिक्रमा अहोरात्र जागराम बसी दर्शन पछि फर्किएर वराहक्षेत्र-१ चतराधाम दुर्वाशाघाटमा आफ्नै सक्रीयतामा योजनाबद्ध निर्माण गरिएको रामजानकी शान्तिनिकुञ्ज महिलाआश्रममा श्रीमती मिथिला पाण्डे एवं श्रीमतीयशोदा पाण्डेले अखण्डदीप ज्योति स्थापना गर्नु भएको छ ।

चौडण्डा प्रसङ्ग

श्रीमार्कण्डेय पुराणमा सावर्णिक मन्वन्तरको कथा पाइन्छ । श्रीदुर्गासप्तशतीमा भगवती भवानीको चरित्र वर्णन छ । यी वर्णनमा पांइने दैविशक्ति पदर्शन गौरापार्वती मैनामैनी चम्पाकोट, कोठू, महाकालीस्थान

चतरामठ पश्चिमतर्फ छिन्नमस्ता देवीस्थान आदिवराहक्षेत्र सूर्यकुण्ड परिसर पश्चिम् चौडण्डाडाँडाक्षेत्रमा स्थित महामाया आदिशक्ति भवानी स्थान जालपादेवी छिन्ताङ्गदेवीस्थान, पञ्चकन्या, सातकन्या जलाशयक्षेत्रका शक्तिपीठहरु हुन् । निशानटप्पुवाट कोशी वाढीकाकारण सारिएका चतरामठ औलिया बावा गद्दीपूर्व पर्ने मन्दिरभित्रका कालिका शिलामूर्ति दुर्गासप्तशती सप्तमोध्याय श्लोक १ देखि १५ अनुसारको आकृति दर्शनीय छ ।

श्लोक १६ देखि २४ अनुसार

महामाया आदिशक्ति भगवती भवानी निवास गर्नु भएको तुङ्गकुटपर्वत जहाँवाट हिमालयका चुचुराहरु सुशोभित भएका मनमोहक दृश्यावलोकन गर्न सकिन्छ । त्यहाँ कालीले चण्ड र मुण्डको शिर काटेर दुवै हातले समाती चण्डिका नजीक पुगेर भनिन्- । हे देवी ! मैले चण्ड र मुण्ड नामको यी दुई पशुहरुलाई तपाईं समक्ष भेट गरेको छु । अब युद्धमा तपाईले शुम्भ र निशुम्भको वध गर्नु होस् ।

मया तवात्रो पहृतौ चण्ड मुण्ड महापशू ।
युद्ध यज्ञ स्वयं शुम्भ निशुम्भं च हनिष्यति २४ ॥

अष्टमोऽध्यायको श्लोक २२ र २३ अनुसार महादेवका आज्ञाले चण्डिकामा शक्तिप्रकट भएको थियो । भगवान् शिवलाई दूत बनाएर शुम्भ निशुम्भलाई युद्धमा आव्हान गर्नु भयो । श्लोक ५३ र ५४ अनुसार चण्डिकाले कालीसित शीघ्रतापूर्वक भन्नु भयो । चामुण्डे ! तिमीले आफ्नो मुखलाई अरु पनि फैलाऊ ॥५३॥ तथा मेरो शस्त्र प्रहारले बग्ने रक्तपात विन्दुहरु र त्यसबाट उत्पन्न हुने भएका महादैत्यहरुलाई तिमी आफ्नो उत्ताउलो मुखले खाईहाल ॥५४॥ यस प्रकार रक्तले उत्पन्न हुने भएका महादैत्यलाई भक्षण गर्दै तिमी रणक्षेत्रमा (विचरण) गरी रहु । यसो गर्नाले ती दैंत्यका सारा रगत सकिन्छ । दैत्य स्वयं पनि नष्ट हुन्छन् ॥५५॥ ती भयंकर दैंत्यहरुलाई जब तिमीले खाने छौं । अनि अरु नयाँ दैत्यहरु उत्पन्न हुन सक्दैनन् । कालीसित यसरी आज्ञा गरेर चण्डिकादेवीले शूलप्रहार गरी रक्तवीजलाई मार्नु भयो ।

त्यहाँदेखि चण्डिका र चामुण्डादेवीको नामबाट तुङ्गकुट पर्वतकाडाँडा चौडण्डा नामले प्रसिद्ध भयो । धरान नगरपालिका वार्ड नं. १४ विजयपुर, वराहक्षेत्र गाउँ विकास समिति वडा नं. ७, ८, ९ क्षेत्रनभूमि हो । हरिहरसेन हिन्दूपती राजाको राजधानी पनि हो । ३ वटा क्षेत्रका वासिन्दाहरुका इष्टदेवी भवानी स्थान हो । इष्ट, देवता आदिवराहक्षेत्र हो । महत्वपूर्ण तीर्थस्थल, सूर्यकुण्ड, कालीगंगा, पञ्चकन्यापोखरी, दूधपानेखोला र सोमतीर्थ कोकानदी, आदिगंगा सप्तकोशी नै हुन् ।

'चौडण्डा' नाम हुनुको कारण हेर्दा यी प्रसङ्गले ऐतिहासिक महत्व झल्काउँछ । वराहक्षेत्र १ र ९ को सीमाना अर्चले हो । चावाचा, बाग्दल बारी, युगपाखी फुलबारी गाउँवस्तीहरु वार्ड नं. ९ अर्चले भित्रैछन् । हरिहरसेन हिन्दूपतिराजाको राजदरबार अर्चले मै थियो । हिन्दूपति राजाका २ भाइ राजकुमार थिए । जेठो उदयपुर जिल्लाको गुराँसेपाखा चौडण्डीमा बस्थे । कान्छोसित हिन्दूपतिराजा अर्चले राजदरवारमा बस्थे । कान्छा राजकुमारलाई भवानीस्थानदेखि दक्षिणतर्फ चारैतिर पर्खाल उठाएर चारैतिर तोपको मुहुडा फर्काएर गोला हान्ने तोप चलाउँने प्रशिक्षण राजा स्वयंले दिन्थे । त्यसैले चौडण्डाडाँडा प्रसिद्ध भयो । तोप-निशानरूपमा भवानीस्थानमा छ । सबै प्रसङ्ग लेखकको "हिन्दूपति राजा र हिन्दूराष्ट्र '२०६१" मा पाइन्छ ।

चौडण्डाका चारधारा-महिमा

१. गौरीशंकर हिमालय

२. कुम्भकर्ण हिमालय

३. मकालु हिमालय

४. कन्चनजंघा हिमालय

५. सगरमाथा (एभरेष्ट) हिमालय,

६. गौरीशंकर हिमालय चौडण्डा डाँडा तथा माउण्ट अफ तुङ्गकुट शिखरस्थित आदिशक्ति महामाया भवानीस्थान उत्तरबाट हेर्न सकिन्छ ।

यसैको दक्षिणतर्फ आहाल डाँडा छ । त्यहाँको जल खाएर चौपायाहरुले प्यास बुझाउँछन् । स्नान गर्ने लुगाधुनेहरु पनि पुग्छन् । यहाँदेखि दक्षिणतर्फ चौडण्डा डाँडा छ । हिन्दुपति राजाले आफ्ना कान्छा छोरालाई तोप हान्ने प्रशिक्षण दिएका थिए भन्ने कुरा हिन्दुपति राजा र हिन्दु राष्ट्र २०६१ मा वर्णन गरिएको छ । यसै डाँडाका चारैतिर चारधारा झरेकाछन् । उक्त धाराको महिमा तल उल्लेख छ ।

वराहपुराण अध्याय १४० श्लोक २९ र ३० मा भगवान्वराहले पृथ्वीलाई यसरी आज्ञागर्नु भएकोछ ।

तुङ्गकुटेति विख्यातं कोकायं मम मण्डले ॥२९॥
चतुर्धारा पतन्त्यत्र पर्वता द्रुच्छ्रयं श्रिता ॥
यस्तत्र कुरुते स्नानं पञ्चरात्रौपितो नरः ॥३०॥
कुशदीपं समासाध्य ममलोकेषु तिष्ठति ॥

हे ! देवि कोका ! मेरा मण्डल आदिवराहक्षेत्र र वराहक्षेत्र परिधिमा तुङ्गकुट नामको उचोपर्वत शिखर छ । स्कन्दपुराण हिमवत्खण्डका अनुसार यसको नाम चौडण्डा हो । जुन् विख्यात् छ । समुद्रसतहबाट तीनहजार मिटर अग्लो जति अग्लो यो तुङ्गकुट पर्वत आदिवराहभगवान् र सुर्यकुण्ड पशिचम पर्ने आदिशक्ति महामाया भवानीदेवीले निवास गर्नु भएको यो स्थान पुण्यभूमि हो । यस पर्वतदेखि झरनाकारूपमा पूर्व पशिचम् उत्तर दक्षिण् चारै दिशामा धारा झरना छहरा खोलाकारूपमा निरन्तर बहन्छन् ।

१. पूर्वमा त्रिशुलीधारा छ । त्यहाँका जलको आश्रयमा चौडण्डा नामको मूल गाउँछ ।

२. पशिचम्मा सरस्वतीखोला छ । यहींबाट प्रकट भएकी सरस्वती कन्या आकाशमार्ग हुँदै ब्रह्मलोकको यात्रा गर्दा, बायाँतर्फ कुण्ड निर्माण गरी यज्ञवराहको तपस्यामा बसेका ब्रह्माले दृष्टिपात गरे । रूपको आकर्षणमा परेर पछ्याएका थिए । काम बासनाले कन्या माथि दृष्टिपात गर्ने आकाशतर्फ फर्किएको पाचौंशिर शिवजीको त्रिशुलबाट छिन्न पारिएको थियो । आफ्ना

हत्केलामा टाँसिएको बह्माको शिर छुटाउँने प्रयासमा शिवजी अलकानन्दा बदरीका आश्रम तल पुगे । भागिरथीगंगाको शिर उक्त अल्कानन्दाको जलमा हात चोबल्दा ब्रह्माको शिर पतन भएको थियो । त्यही शिर 'बह्मकपाली' नामले प्रसिद्धछ। ब्रह्माजीले निर्माण गर्नु भएको तपोस्थलको जलकुण्ड नै बह्मकुण्ड बह्मतीर्थ हो । बराहक्षेत्र -१ पुलका तलबाट सप्तकोशीनदीमा पुगेकोछ। यसको महिमा स्कण्दपुराण हिमवत्खण्डमाछ ।

३. उत्तरतर्फ उत्तरमुखीगंगा ('लुकुवा खोला") छ । यो खोला कोकानदीमा मिल्छ। यिनै २ खोलाको दोभान नजीक देवयज्ञस्थल वारुक स्थान हाल नदेखिने गृद्धबरका आश्रयमा सोमतीर्थ चन्द्रकुण्ड छ। हिउँदवर्षात् समयमा एकैनाश रहन्छ। पावन र पुण्यदायीजलको ठूलो महिमाछ। यसको महिमा र आदिवराहक्षेत्रको महिमा वराहपुराणको १३७ र १३८ अध्यायमा पनि पाइन्छ।

४ दक्षिणतर्फ गौरीखोला बदरीवन (वयरवन सिंहदेवी स्थान)देखि उत्तर पश्चिम् औलियाबाबा गद्दीस्थल चतरामठदेखि पूर्व सीमानाबाट बगै आदिगंगा सप्तकोशीनदीको शाखामा मिल्छ। वराहभगवान भन्नु हुन्छ -

"यी चारधाराका जलमा स्नान गरी जो पाँचदिन व्रतसहित् राती उपवास बस्छ, उसले कुशद्वीप प्राप्त गर्छ। अनि मेरो लोकवैकुण्ठमा आए त्यहीं रहन्छ ।

तुङ्गकुट 'माउण्ट चौडण्डा पर्वतदेखि सोमतीर्थ गृद्धवटको आश्रयमा देवयज्ञ अर्थात् उत्तरमुखी गंगाका दायाँ बायाँ तटमा अनित्यआश्रम छ। कोकामुखमण्डल शंखधाराका शिरानमा पर्ने वंशीलापर्वत खलेडाँडा अर्थात श्रीविष्णुपादुका मन्दिर उत्तरतर्फ सिद्धाश्रम छ। यो सिद्धाश्रम सुनसरी जिल्ला र धनकुटा जिल्लाको सीमाना हो । (क) धरान नगरीको दृश्यावलोकन हुने तुर्के धारा पूर्वको आइतबारे खड्गनिशान स्थान श्रीपिण्डेश्वरबाबाधाम र श्रीदन्तकालीमन्दिर विजयपुरचौक, मधेश र पहाड आवागमनका बाटोद्वारा बनेको शैलुङ्गपर्वत शिखरको गजुरले सुशोभित भैंडेटार र साँगुरी भञ्ज्याङ जस्तै धनकुटातर्फ फर्किएर बग्ने फेसुवाखोला, सुनसरीतर्फ फर्किएर बग्ने शंखधारा र कोकानदीका शिरान बनेको सिद्धाश्रम धार्मिक पर्यटकीयक्षेत्र हो।

यहाँ सानुसभा पोखरी, विन्दुपर्वत र कुण्दनदेवी मुण्दनदेवी साथै सुवाहुराक्षशका अवशेषस्वरूप दस्यूँढुङ्गा र चारैतिर पंक्तिबद्ध उभिएका पर्वत शिखरसहितको वन्यदृश्य मनोहर छ। दर्शनीय छ। यस क्षेत्रको पौराणिक महत्व बह्मपुराण साथै श्रीमद्वाल्मिकीय रामायण अध्याय ४ मा छ।

कोशीनदीको पूर्वतटमा राजर्षि विश्वामित्रले तपस्या गर्थे। त्यो ओढार अद्यपि छ। अयोध्याका राजा दशरथबाट उनका चारभांई मध्यका श्रीराम र लक्ष्मणलाई मागेर कोशी प्रदेशको वर्णन गर्दै राक्षश राक्षेशनीहरुको परिचय गराउँदै, धनुर्विद्या अश्त्रदीक्षा मन्त्रसहितले पूर्णशक्ति प्रादुर्भाव गराउँदै राजर्षि विश्वामित्रले यही सिद्धाश्रममा ल्याएका थिए। ६ दिन आफू मौन रहेर श्रीराम र लक्ष्मणलाई सुरक्षार्थ राखी यज्ञ गरेका थिए। यज्ञाग्निबाट उठेर आएको धुवाँको मुस्लो देखेर विष्टा, हड्डी, रगतको वर्षा गरी विघ्नकारी कार्य गर्ने ५०औं करोड राक्षशहरुको विनाश श्रीराम र लक्ष्मणले यहीं गरेका थिए। वायव्याश्त्रद्वारा मारिचलाई लङ्का नजीकको ४ योजन फराकिला समुद्रको तटमा खसालिदिएका थिए। सुवाहुसहित करौडौं दानवहरुलाई यहीं मार्नु भएको थियो। त्यो यज्ञकुण्ड यद्यपि विद्यमान छ। यसै सिद्धाश्रममा प्राचीनकालका ऋृषिमूनिहरुले आश्रम बनाएर बसेका थिए। ती आश्रमका ऐतिहासिक खण्डहर यद्यपि हेर्न पाइन्छ। स्थाई आश्रममा तपस्या गर्दा राक्षशहरुले बिघ्न पार्थे। निर्बिघ्न तपस्याका लागि तुङ्गकुट पर्वत अर्थात् माउण्ट र उत्तरमुखीगंगा कोका सप्तकोशी नदी तटका ढुङ्गाका ओढार, गुफा, बनतर्फ लाग्ने गर्थे। त्यसैकारण यस स्थललाई अनित्यआश्रम भन्ने गरेकाहुन्। भगवान्वराहल्ले पृथ्वीलाई अनित्य आश्रमको महिमा यसरी बताउँनु भएको हो।

अनित्यमाश्रमं नाम क्षेत्रकर्म सुखावहम् ॥३१॥
देवाश्चार्यं न जानन्ति किं पुनर्मनुजादयः।
तत्र स्नात्वा वरारोहे। अहोरात्रोषितो नरः ॥३२॥
जायते पुष्फरोद्वीपे, ममकर्म परायणः।
अथ तत्रमृतो भूमें! पुण्यक्षेत्रे महाशूचिः ॥३३॥

सर्वपाप विनिर्मुक्तो ममलोकं स गच्छति ।

अर्थ कृषियोग्य उर्वरभूमि भएको त्यस अनित्य आश्रममा जो श्रममा जुटेर कर्म गर्दछ । त्यस कृषक मनुष्यलाई अन्न उत्पादनद्वारा भौतिक देहिक सुख मिल्दछ । देवताहरु पनि आश्चर्यमा पर्दछन् । यसको महत्वलाई जान्दैनन् । त्यो पनि गाउँमा बसेका ग्रामीण मनुष्यहरुले के जान्दछन् ?

भगवान्धरणीधरवराह भन्दछन् । हे वराहरोहे ! अहोरात्रि जागेर जो मानिसले प्रातः स्नान गर्दछ । मेरो कर्मको ज्ञान जान्ने बनेर त्यो ! पुष्कर द्वीपमा पुग्ने छ । त्यस पावन र पुण्यभूमिमा मृत्यु प्राप्त गऱ्यो भने सबै पापले मुक्ति पाएर मेरोलोक वैकुण्ठमा पुग्दछ ।

तारकासुर राक्षशनीका अवशेष

कोशीतटमा विश्वामित्र तपस्या गर्थे । त्यस अवस्थामा बिघ्न पार्ने राक्षश र राक्षशनीहरु कहाँ कहाँ ? बस्छन् ? भन्ने जानकारी राख्थे । सिद्धाश्रमतर्फ लाग्दा उत्तरतर्फबाट हात खुट्टा चलाएर मुख बाउँदै तारकासुर राक्षशनी राम लक्ष्मण र विश्वामित्रमाथि आई लागेका थिए । आकाशमार्गबाट उडेर आएकी तारकासुरको परिचय दिँदै स्त्री भएपनि यसको बध गर्न श्रीरामचन्द्रभगवान्लाई विश्वामित्रले आज्ञा दिए । श्रीरामले तारकासुरको टाउको, हात, शिर अङ्गलाई आफ्ना बाणद्वारा छिन्न-भिन्न पारे । तिनै अङ्गका विभिन्न भाग धनकुटा जिल्लाका म्राइवेणी, त्रिवेणीदेखि कोका कोशीदोभानसम्म खसेका थिए ।

छिन्ताङ्ग, ताङकेरा, ताम्राङ्ग, चावाचा अहिले धारापानी, नै तारकासुर राक्षशनीका अङ्गका अवशेषहरु हुन् । शिरतर्फ जालपादेवी छिन्ताङ्गमा बस्नु भयो । चारैदिशाबाट आउँने दानवहरुका बाटामा आदिशक्ति महामाया भवानी बस्नु भएको छ ।

स्वाँरा भगवती स्थान

श्रीमद्भागवत्महापुराण अनि वराहपुराण, देवीभागवत् अनुसार सत्रौं प्रलयकालको पद्मकल्पमा पृथ्वी जलामय भित्र थियो । जलमाथी कमल आसन

विक्ष्याएर शेषका काखमा भगवान्नारायणको शुकला अवस्था थियो । त्यस अवस्थामा नारायण जलमा शयन भएका भगवान्का दुवैकानबाट मधु र कैटभ निस्के । नाभी स्थानमा डाँठ आकाशतर्फ कमलका फूल फुले । त्यस माथि चतुरमुखी ब्रह्मा उत्पत्ति भएर तपस्या गरिरहेका थिए । मधु र कैटभ नामका ती दुवै दानवले डाँठ समातेर हल्लाए । ब्रह्मा आत्तिए । उनको स्तुतिमा आदिशक्ति महामायाभवानीले चौडण्डा डाँडाबाट विष्णुपादुका वार्ड नं.-८ शिवकुण्ड र कुण्जाम्रवृक्ष कुमुदाकार चक्रतीर्थका उत्तरको पर्वत शिखरमा स्वाँरा भगवतीरूपले पुगी निन्द्रादेवीलाई आज्ञागरी नारायणभगवान्लाई बिउँझाई दिएका थिए । मधु र कैटभको विधिवत: संहार भगवान्नारायणबाट भयो । त्यही दानवका मासुबाट पृथ्वी भए । हड्डी ढुङ्गाशिला बने । त्यसमा भगवान्विष्णुका युगल चरण परेकोले विष्णुपादुका प्रसिद्ध भयो । पाइतलामा विग्रह अंकितछन् । विष्णुपादुका दर्शन पुस्तिका, विष्णुपादुकादेखि सिद्धाश्रम चित्रावली एवं श्रीवराहक्षेत्र विष्णुपादुका तीर्थश्राद्ध लेखकले प्रकाशनमा ल्याईसकेकोछ । यसै पुस्तकमा संक्षिप्त वर्णन पाइन्छ ।

विष्णुपादुका मन्दिरदेखि दक्षिण् १५×६ फुटे सेतो दस्यूँ शिलाढुङ्गाका माथि भगवान्नारायण शुक्ला भएको विग्रह आकृति चिन्ह विद्यमानछन् । वराहपुराण अध्याय १४० मा ब्रह्मशिला नाम प्रसिद्ध छ । दक्षिणतर्फ कोकाको जल पृथ्वीमा प्रवेशगर्छ । यसैलाई बह्मसर भन्दछन् । ब्रह्माजीले तपस्या गर्नु भएको स्थान वराहक्षेत्र दक्षिण् आदिवराहक्षेत्रदेखि पश्चिम् दक्षिण् गुप्तवराह र श्वेतवराह गुफादेखि उत्तरतर्फ छ । ब्रह्मकुण्ड ब्रह्मानन्दतीर्थ स्कन्दपुराण हिमवत्खण्ड अध्याय ४० श्लोक १८देखि २५ मा महात्म्य छ ।

लेखकको २०१८साल आश्विन्महिनामा प्रकाशित् श्रीवराहक्षेत्र महिमा 'परिचय'मा महात्म्य छापिएको छ । हाल उक्त पुस्तक पाइँदैन ।

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान विराटनगर-४ मोरङ्ग, विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखा धरान-५ तर्फबाट घोपा मंगलबारे सरदु, पकुवा, विष्णुपादुका, माछामारा भञ्ज्याङ्ग, भालुढुंगा, अँधेरीगाउँ,

कुमुदाकारचक्रतीर्थ कुब्जाम्रवृक्ष, शिवकुण्ड स्वाँराभगवती स्थान विष्णुपादुका गा.वि.स. वार्ड नं.८ वरभञ्ज्याङ्ग हुँदै वराहक्षेत्र ७ कटहरे, सिंङ्गवाहिनी प्रा.वि. चियाबारी सूर्यकुण्ड, आदिवराहक्षेत्र पुगी २०६३ आषाढ ५ गते आदिवराहक्षेत्र विकास उपसमिति गठन गरिएको रेकर्ड सर्वविदित छ। चौडण्डा भवानीस्थान पूर्वबाट दक्षिण् लाग्दा बान्द्रेडाँडा वस्ती फिर्केबजार सालवनपाखा हुँदै खारखोला गाउँ पश्चिम्बाट वराहक्षेत्र ४ सिंहदेवी स्थान दर्शन गरी दक्षिण् फर्की हिँड्दा वयरवन मिलनचौक पुगी पूर्वतर्फ धरान पश्चिम्तर्फ चतरा वराहक्षेत्र, दक्षिण् आदर्श उच्च माध्यमिक विद्यालय वी.पी. प्राथमिक विद्यालय, हिमालयन बोर्डिङ्ग स्कुल, वराह बोर्डिङ्ग स्कूल चतरापुनर्वास, बुद्धेखोरिया वस्ती हेर्दै भेट्दै बीचपानी बाङ्गेबजार भएर जाँदा महेन्द्रनगर, रामधुनी, सिंगिया गा.वि.स. र भ्नादगाउँ सिनुवारी झुम्का पुगिन्छ। पुरानो राजमार्ग पहिल्याई भरौल-३ नडाहा, आइतबारेबक्लौरी भएर पकली गा.वि.स.मा पर्ने कान्छीचौक पुगिन्छ।

बान्द्रे पर्यटनस्थल

'फिर्के बजार बान्द्रेबस्ती' डाँडाका दक्षिणतर्फ छ। वराहक्षेत्र गाउँ विकास समितिको आयस्रोत बनेको चतरा विहिबारेहाट भरी फर्कदा किनी ल्याएको खाजा मिलेर खानेहरुको भेलाले फिर्केबजार नामाकरण प्राचीनकालदेखि भएको हो। बजारमा भेला भएका मानिसहरुको विश्रामस्थल वन्य उचोडिलको आडमा रमाइलो लाग्ने गरी बनाइएको एउटा पौवा, एउटा फलैंचा छ। पौवाको छानामा टिन ठोकिएको छ। चारफुट चौडा, छ फूट अग्लो, यो पौवा शोभादायक छ। मिति १९९७।६।७१ मा गिर्वथुंरोसराई सोलुमा जन्म भै २०६०।१०।७७ मा जिल्ला सुनसरी वराहक्षेत्र गा.वि.स. वडा नं. ८ मा मृत्यु भएकोले वहाँका छोराहरुले २०६१।१०।२२।६ मा पिताको स्मृतिमा बनाएका हुन्।.

यसैको पश्चिम्काठे फलैंचा छ। खोपेको अक्षरमा बनिएको मिति र स्मृति जनाइएको छ। फिर्केबजार लाग्ने डाँडामा सखुवाका बोट विरुवा र वरिपरि छिप्पिएका गाछीहरु छन्। अनावश्यक झार उखेलेर सखुवाका बिरुवा जोगाउँने अनि मनमानी जथाभावि सखुवा गाछी ढालफाँड गर्न प्रतिबन्ध लगाउँने हो भने राष्ट्रको ढिकुटी वन्यसम्पदाले परिपूर्ण छ। आवश्यक लकडीको

उपलब्धिले घर गाउँ वस्ती बजार शहरका बासिन्दाहरुलाई घाँस दाउरा काठको समस्या पर्दैन । सिंहदेवीवन उपभोक्ता समिति, वयरवन उपभोक्ता समिति वन संरक्षकरूपमा देखिन्छ। रक्षा व्यवस्था सुनियोजित तरीकाले नभएर यस क्षेत्रका सखुवाका गाछीहरु बाटाहरुमा पसारो देखिन्छ। सखुवाका गाछी काटेर बनाएका घरहरुकै वस्ती बान्द्रे हो ।

खण्ड चतुर्थ

-निशान रहस्य-

कुनै पनि धर्मशास्त्रहरुमा हरिशयनी एकादशीदेखि हरिबोधिनी एकादशीको ४ महिने अवधिलाई चतुरमास वर्षाबास भन्दछन्। वैकुण्ठनाथ जगत्पति भगवान् श्रीविष्णु योगनिन्द्राले शुकुला हुने र जाग्ने यो ४ महिने अवधिमा संस्कृत भाषाभाषी, विद्वान् पण्डितहरु र धार्मिक श्रद्धालु धर्मका नियमपालन गरी पुराणहरुको व्याख्या र श्रवण गरेर बिताउँछन्। योगीहरु परमात्मालाई आत्मामा नियालेर वर्षाबासको नियमपालन गरी नचटपटाई ध्यान गरेर बिताउँछन्। जब हरिबोधिनी एकादशी लाग्छ, अनि ती महत्वपूर्ण तीर्थक्षेत्रमा 'भगवान् जागा भए दर्शन गरौं" भन्ने भावनाले कुदाउँछन्। ती भक्तहरुले एकादशीकादिन व्रत उपवास गरेर द्वादशीदेखि चतुर्दशीसम्म ध्यान भजन सत्संग मूर्तिपूजन गरेर प्रातः स्नान र साँझ पूजा आरती गरेर आराधना पूर्वक ४ दिनका अवधिमा भगवान्विष्णु वैकुण्ठबाट त्यस पवित्रतीर्थमा गरुडचढेर सवारी हुन्छ। संगमको एक पर्वत शिखर वा ऊचा स्थानमा गरुडलाई पर्खाई भगवान्श्रीविष्णु मन्दिरको गजुरमा राज हुन्छ। जो मन्दिर भित्र यात्रुहरुको भीडका कारण प्रवेश गर्न असमर्थ हुन्छन्। ती भक्तले भक्तिपूर्वक प्रार्थना गरेर गजुरमा हेर्दा पनि मूर्ति दर्शनको पुण्यप्राप्त गर्छन्। यी भनाईको विश्वासमा कुनै पनि मन्दिरहरुमा गजुरको महत्व छ। भगवान् राज हुने स्थान हुनाले स्वर्णको या स्वर्णजलपले आकर्षक कलात्मक बुट्टाले आकर्षक सुन्दर हुनु पर्छ गजुर। किन की कुनै पनि मन्दिरका गजुर नै यो मन्दिरमा कुन देवता वा देवीको मूर्ति छ ? भन्ने निशान हो।

यसरी भगवान् तीर्थमा सवारी हुने भएको उक्त तिथिलाई वैकुण्ठचतुर्दशी भन्ने पात्रो पञ्चाङ्गमा उल्लेख हुनु पनि एउटा निशान हो ।

जुन कोका कोशीनदीदोभानको पर्वत्-शिखरमा गरुड पर्खाईमा बस्छ, त्यो बदरी पर्वत हो । जुन् पर्वतको काखमा अवस्थित मन्दिरको गजुरमा भगवान्श्रीविष्णु विराजमान हुन्छ, त्यो यज्ञस्वरूप धरणीधर श्रीवराहभगवान्को मन्दिर हो । यस वराहक्षेत्रको महात्म्य वराहपुराणमा पाइन्छ । सबै अन्य पुराणहरुमा पनि उल्लेख छ । 'यही नै श्रीवराहक्षेत्र वैकुण्ठ समान मोक्षदायक छ,' भन्ने निशान हो ।

जुन् दिन भगवान्श्रीविष्णुले वैकुण्ठबाट ५ योजन २० कोशको टुक्रा सुदर्शनचक्रद्वारा टुक्र्याएर ल्याई श्रीवराहरूप धारण गर्नु पहिले स्थापना गर्नु भयो । त्यो वराहक्षेत्रमा वर्षौनी भगवान्श्रीविष्णु अनिवार्य हुनु पर्ने तिथिकै निशान हो वैकुण्ठ चतुर्दशी । यसपावन तिथिका अघिल्लो दिन परम्योगी महापुरुष मनमुकुण्द भारती श्रीऔलियाबाबा आफ्ना गद्दी स्थानका इ्ष्टदेवता श्रीमनमुकुन्देश्वर शिव, श्रीगणेश, श्रीहनुमान, श्रीकाली, श्रीभैरव र श्रीभीमसेन, श्रीछिन्नमस्तादेवी आदिबाट विदा लिएर, श्रीदुर्वाशाऋषि र श्रीआदिगंगा सप्तकोशीनदीलाई आव्हान गरेर दोबाटोमा प्रतीक्षा गरेर श्रीगुप्तवराह, श्रीश्वेतवराह र सालढोकेपाखा स्थित श्रीवराहभगवान् र हिरण्याक्ष युद्धलीलाक्षेत्रका देवीदेवतालाई र सरस्वतीखोला झाँक्रीखोलाका दक्षिण् तट वराहक्षेत्र चतराका बाटाका दक्षिण् किनारमा आफू शिष्य साधुसन्त सन्यासी गिरिपुरी भारतीहरुको जमातसहित श्रीवराहभगवान्रूप विष्णुको दर्शनमा स्वागतमा आई पुगेको जानकारी दिएर तीन मान्छे जति अग्लो फलामे डण्डामा 'ॐ चन्द्र सूर्य अंकित फहराएको झण्डा गाडी उभिन्छन् । दूतबाट समाचार पाएर भगवान्विष्णुका पार्षदहरु पुजारी, बाजा, गाजासहित पूजा प्रार्थना आरतीपूर्वक तीनपटक परिक्रमा गरी पहिले श्रीगुरुवराह अर्थात् श्रीवराहेश्वर, श्रीइन्द्र, श्रीनागेश्वर, श्रीसूर्यवराह, श्रीकोकामुखीवराह, श्रीवद्रीमुक्तेश्वर, श्रीपञ्चभगवान्, श्रीलक्ष्मी मन्दिर, श्रीनरसिंह, श्रीभैरव, पद्मनरसिंह पाउ परिक्रमा गरी भगवान

श्रीवराहको मूल मन्दिरभित्र मूर्तिका पश्चिम् दायाँतर्फ आसनग्रहण गराउँछन् ।

चाँदीको आशागुर्जा (राजदण्ड) र (खरानीको) गोला अनि भगवान्‌विष्णुका चरणशिला, १२ वटा ज्योतिर्लिङ्ग १२ वटा वैठकमा सजाइएको शिव लिङ्ग र कैलो ७ वटा साना साइजका शिवलिङ्गशिला १२ वटा विभिन्न देवताका पित्तलका साना साइजका मूर्ति नौ मन्दिरदेखि उत्तर चौतरा (चवुतरा) भएको पीपलगाछी पश्चिम्‌तर्फ उम्रेको ३९ फुट गोलाकार भएको विशाल आम्रवृक्षको फेदमा पूर्व श्रीगायत्री माताको मन्दिर श्रीभवानीस्थान श्रीसूर्यकुण्ड, श्रीआदिवराहक्षेत्र लट्‌टेनीस्थान, श्रीकुब्जाम्रकुमुदाकार चक्रतीर्थ, श्रीदशकते भवानीस्थान, श्रीविष्णुपादुका, श्रीकोकानदी शंखधारा, श्रीशंखेश्वर महादेव विन्दुपर्वतस्थित सिद्धाश्रमतर्फ फर्काएर (१३) त्रयोद्वितीया/चार तिथिकादिन स्थापना गरिन्छ। सबैजना साधुहरुले पालै पालो प्रतिपदा ३ रातसम्म पूजाआराधनापूर्वक रुङ्छन् । पाँचदिने कात्तिक हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्म लागेको धार्मिकमेला एरियाको परिक्रमा मंसिर प्रतिपदाकादिन पूजा आरती पछि गर्छन् । सो अवसरमा श्रद्धालु धार्मिक तीर्थयात्री एवं व्यापारी सबैले यथायोग्य दान-दक्षिणा गोला र चरण राजदण्डका आकार र छडी अर्थात् चाँदीको आशावुर्जामा चढाउँछन् । त्यही दान-दक्षिणाका रकमहरुबाट जोगी (योगी) साधुसन्त गिरिपुरी भारतीहरुले भोजन भण्डारा गरी खान्छन् । बचेको रकम बिदाईकारूपमा महन्तले वा प्रतिनिधिले दामासाहीले बाँडी दिन्छन् । चतरा, धरान बजारका घर, पसल घुमेर त्यसै उपलक्ष्यमा भिक्षा माग्ने चलन छ ।

निशान परम्परा अद्यपि यसरी चलीरहेको छ । श्रीऔलियाबाबा गद्दीका पुजारी कालमा कृष्णप्रसाद वस्ती जो श्रीपिण्डेश्वरबाबाका सहायक पुजारी पनि भए ले भन्ने गर्थे 'चतरा मठदेखि श्रीवराहक्षेत्रयात्रामा निशानसहित् साधुसन्त महन्त गिरिपुरी भारतीहरु प्रस्थान गर्दा प्रत्यक्ष औलियाबाबालाई नै झल्याक्-झुलुक् देख्ने गरेको छु । निशान यात्राकालमा यस्तो निशा लाग्छ कि निशानझण्डा डण्डा बोक्नेको शक्ति स्फूर्तिमय हुन्छ । हिंडाईमा यस्तो देखिन्छ, मानो ऊ नै

श्रीऔलियाबाबा हुन् । लड्तरो हिंडाईले उसलाई बाटामा भेटिंदैन । जहाँ निशान उभ्याउँनु छ, त्यो माथि उल्लेखित् स्थान हुनु पर्छ। रु. १।२५ (सवारुपैत्रा) आसनमा राख्नु र टुप्पामा कागती वा सुन्तला सिउरिनु अनिवार्य छ ।

निशान परम्परामा निशान बोक्नेले ३ वर्ष लगातार पुऱ्याउँनु अनिवार्य छ । प्रतिनिधित्व गर्नेले पनि ३ वर्षसम्म छोड्न पाईदैन । यदि लापर्वाही गऱ्यौं भने उसलाई यस्तो चक्कर लाग्ने विमारीले आक्रमण गर्छ। कुनै औषधि उपचारले लाभ प्राप्त हुँदैन। यो कुरा ३ वर्ष महन्तका प्रतिनिधित्व गर्ने मध्यका श्रीपुर्णानन्दले २०५८।८।२०१४ कादिन श्रीऔलियाबाबा गद्दीघर अगाडि श्रीवराह गुठी व्यवस्थापन समितिको वैठक निमित्त भेला भएका अवसरमा बताएका हुन् । सनातन धर्मसेवा समिति वराहक्षेत्र उपशाखाका संरक्षक एवं औलियावराह व्यवस्थासमिति सचिव मान बज्राचार्यबाट् पीतवस्त्र ओड्ने र लगाउँने १ जोर दिएर निशान परम्परामा साधुसन्त योगीहरुको प्रतिनिधिरूपमा कात्तिक चतुर्दशीतिथिकादिन वरण गरिएको अवसरमा भनेका थिए ।

✦✦✦

निशान रहस्य र अन्तराष्ट्रिय पर्यटक

नेपालको धर्मसंस्कृति प्राचीन परम्पराका निशान रहस्य खुल्ने धार्मिकयात्राको ठूलो महत्व छ । जसको चर्चा सुनेर अन्तर्राष्ट्रका पर्यटकहरु पनि दर्शनार्थी बन्छन् ।

१- के आरालेटिनिया पी.एच.डी.का विद्यार्थी रोम विश्वविद्यालय ईटली ।

२- रेकर्डिङ सहयोगी वहाँका पती मातेउ काज्योल ।

३- दोभासिया हुनुहुन्थ्यो, श्रीसाङ्गेलामा सिन्धुपाल्चोक । यस लेखकका ३ कृति एवं अन्तर्वार्ताद्वारा वराहक्षेत्र, विष्णुपादुका औलियाबाबा र सप्तकोशीबारे अनुसन्धान गरी थेसिस तयार गर्नु भयो । यस अघि हाल विराटनगर निवासी श्रीसोमप्रसाद खतिवडाले पनि त्रिभुवन विश्वविद्यालयलाई थेसिस प्रस्तुत गर्न

यस लेखकबाट श्रीवराहक्षेत्रबारे विवरण प्राप्त गर्नु भएको थियो। उक्त दिन निशान रहस्य एवं धार्मिकयात्राको उद्देश्यका कुरा सुनेर मननीय बौद्धिक सामाग्री संकलन गरी श्रीवराहक्षेत्रबाट श्रीविष्णुपादुकातर्फ यात्रा गर्नु भएको थियो।

सरस्वती खोलातट सातढोकेपाखा मुनी श्रीवराहक्षेत्रका वासिन्दा र मन्दिरका सहायक पुजारी श्रीविष्णुप्रसाद नेपाललाई अघि लगाई दमाईहरुबाट टयाम्के, दमाहा, झ्याली, सनाई जस्ता पञ्चेबाजा बजाउँदै शंख फुक्दै आई पुगेका थिए। त्यस हुलमुलमा ती अन्तर्राष्ट्रिय पाहुनाहरु पनि सामेल थिए। त्यस अगाडि महेन्द्रनगर सुनसरीका दिनेश भट्टराईले यस लेखकबाट औलियाबाबाबारे र कोकाबारे थेसिसका सामग्री, कृति र अन्तर्वार्ता लिनुभएको थियो। त्यसपछि डा. सनतकुमार बराल विराटनगर-४ र सोमप्रसाद खतिवडा स्थलगत निरिक्षणको निमित्त मान बज्राचार्यको अगुवाईमा अनुसन्धानात्मक धार्मिकयात्रा गर्दै सुनसरीका चारधामको परिक्रमा गरी थेसिसका सामग्री विश्वविद्यालयमा प्रस्तुत गर्न भ्रमणमा सहभागी हुनु भएको थियो।

निशान भगवती

काठमाडौं सिफलमा नेवारहरुले परम्परागत मानिआएको निशान भगवतीमन्दिर छ। पूजा अर्चना व्यवस्थाका लागि ३७ रोपनी जमीन खेत गुठी छ।

निशान भगवती मन्दिर

मोरङ विराटनगर १० मालपोत कार्यालय अगाडी जिल्ला अदालत बायाँतर्फ श्रीनिशानभगवती मन्दिर छ। अगाडिपट्टि नापी शाखा मालपोखरी र वीरेन्द्रसभागृह भव्य भवन दक्षिणतर्फ त्रिभुवन स्मारक कोशीअञ्चल अस्पताल, देवकोटाचौक, मोरङ जिल्ला विकास समितिको कार्यालय भवन विराटनगर रंगेली यातायात सडक छ।

कातिक शुक्ल त्रयोदशी तिथिका अपरान्ह १२ बजे उप्रान्तचतरा मठदेखि श्री

वराहक्षेत्रतर्फ निशान अष्टभुजी सिंहवाहीन दर्शनीय छ।

विराटनगर-१० को मन्दिरका पुराना अष्टभुजी भगवतीको मूर्ति सेलाउँन कोशीव्यारेजमा गएका थिए। ४ जना मानिस दुर्घटनामा परे। हाल सर्वोच्च अदालतका न्यायाधीशबाट समुद्घाटन गराईएको निशानभगवतीको नयाँ मूर्ति अष्टभुजी सिंहवाहिनी दर्शनीय छ।

२०२१ सालमा स्थापित मोरङ जिल्ला अदालतको दक्षिणतर्फ वि.सं. १९७० मा स्थापित मूर्ति सेलाएर २०५४ सालमा मन्दिरको जीर्णोद्धार भएको हो। अष्टभूजी सिंहवाहिनी निशानभगवती नामले स्थापित नयाँमूर्ति सिंहमर्मरको छ। मन्दिरको अगाडि दक्षिणतर्फ लेखापढी कानून व्यवसायी संघको विश्रामघर र घण्टीको उद्घाटन २०५४ साल कात्तिक २५ गते सोमबार भएको शिलालेख अनुसार संघको स्थापना २०४७ साल कात्तिक २५ गते सोमबार भएको हो। सघंको उद्घाटन मिति २०५५।६।५ गते लेखापढी कानून व्यवसायी राइटर श्रीभानुभक्त उपाध्यायबाट भएको थियो।

आइतबारे ? खड्ग निशान भगवती स्थान:

सुनसरी धरान १४ श्रीअमृतपिण्ड श्रीपिण्डेश्वर सास्वत् तलाउ पश्चिमतर्फ तल तुरतुरे नजीक पाखामा खड्ग निशान स्थान रुखको फेदमा छ। २०५७ सालमा कम्पाउण्डवाल निर्माण कार्यको समुद्घाटन नगरप्रमुख श्रीमनोजकुमार मोयाङ्गवोले गरेका थिए। निर्माणकार्य सार्वजनिक चन्दाबाट भएको थियो। यस हरियालीले सुरम्य स्थानबाट धरान शहरको मनोरम दृश्यावलोकन हुने भएकोले पर्यटकीय दृष्टिकोणले पनि ठूलो महत्व छ।

निशान डाँडा

धरान बाँभगरा सेउतीखोला पूर्व इशान दिशामा निशान डाँडा छ। उहिले धरानमा औलो लाग्दा मानिसहरु त्यस डाँडामा बसोबास गर्थे। त्यहाँ चोरी चकारीले टिक्न नसकी त्रस्त भएर धरानमै फर्केका थिए। वर्तमान त्यो ! निशानडाँडा प्रसिद्ध छ। धराननगरको मनोहर शहर, बजारका घरहरुको चहल पहल अवलोकन गर्न पर्यटकहरु निशानडाँडा चढ्ने गर्छन्।

निशानटप्पु नै श्रीलंकाटापु

उदयपुर जिल्ला कोशीनदी किनार पशिचम्को बेलकातरी एक रहस्य विचित्र, तर सत्य घटना जस्तै यसको पूर्व सुनसरी महेन्द्रनगर चक्रघटी पश्चिम् कोशीनदीका दुई भङ्गालोबीच उहिले औलियाबावाको धुनी, चिम्टा, गुदरी, गद्दीघर, इष्टदेवता मन मुकुन्देश्वर शिव, गणेश, हनुमान, भैरव, काली, जलेश्वर भारती, गौतम भारतीआदि महन्त निवास र मन्दिर थिए । निशानटप्पु नाम प्रसिद्ध छ। कोशीकटानको प्रकोपका कारण चतरामा सरेको हो। औलियाबाबा गद्दीघर चतरामठ प्रसिद्ध छ। त्यही निशानटप्पुमा माझीहरु बसेकाले वर्तमान त्यसको नाम श्रीलंका भन्ने प्रख्यात छ । अझै पनि सालिन्दा वर्षौनी बाढिले आक्षादित् हुन्छ । विक्रम सम्वत् १९९७ सालमा निशानटप्पुबाट औलियाबाबाका निशान हिन्दूपति राजदरबार अर्चले दक्षिण छिन्नमस्तादेवी स्थान र खोलाको पूर्वतट दुर्वाशाघाट सप्तकोशीनदीको उत्तरतटमा सरे पछि सुरक्षित छ । वराहक्षेत्र ४ वयरवन निवासी रामप्रसाद घिमिरे भन्नु हुन्थ्यो । महन्त बलराम भारतीको नम्वरी जग्गा ७ विगाहा उदयपुर जिल्लाको चम्पापुर मौजामा थियो । मालपोत नतिरेकाले लगतकट्टा भयो । उक्त ४ नं. वयरवनका पं. पद्मप्रसाद रेग्मी शास्त्री भन्नु हुन्छ । कुनै पनि चिनारी हुने वस्तुलाई निशान भनिन्छ ।

जस्तै ऊ त्यो ! डाँडामा चढ्दा अमुक शहर वा दृश्य देखिन्छ। ठम्याउँछौं । जस्तै सम्झनाका लागि निशान राख्नु ।

हुनु पनि हो । देशको निशान राष्ट्रियझण्डा हो । विभिन्न पार्टीहरुको निशान आफ्नै प्रकारका झण्डा हुन् । त्यसरी नै सन्त महन्त, सन्यासीआदिको निशान झण्डा फहराउँदा जमातहरु त्यहाँ भेला हुन्छन् । पर्व पर्वमा चतरा मठबाट रामधुनी, चतरा, वराहक्षेत्र, विष्णुपादुका, श्रीपिण्डेश्वरबाबाधाममा पुजन दर्शन गर्न आवागमन गर्दा औलियाबाबले निशान बोक्नु हुन्थ्यो या शिष्यहरुलाई बोकाउँनु हुन्थ्यो । त्यस निशानलाई गाडेर आफ्ना सत्सङ्गप्रवचन दिनु हुन्थ्यो । निशानले अतीतका इतिहासलाई वर्तमान बनाउँने निशानको

परम्परा बन्द नहोस् । यस निशानको आडमा बसेका सन्त महन्त संयासी गिरिपुरी भारती संतहरुकामाध्यमले परमात्मामा लीन हुने योग साधनामा लागुन् ।

योगी, साधु, महात्मा, ती हुन् जस्ले 'औलियाबाबा नामले प्रसिद्ध मनमुकुन्द भारतीको सत्कीर्ति निशानडण्डा र झण्डाले फैल्याई रहेको छ ।

'प्राणीमात्रको कल्याण गर्ने सम्पूर्ण मानवहरुलाई एउटे ईश्वरका सन्तान हुन्' भन्ने उदाहरणीय उपकारी कार्य गर्ने सिद्ध पुरुष औलियाबाबाको जीवन कथा पढौं सिद्धान्त बुझौं हाम्रो जन्म सफल हुनेछ ।

कमाई खान परिश्रम गर्नुपर्छ । मागेर खान दारी जुंगा लट्टा बढाई खरानी घसी, कमण्डलु चिम्टा, झोला, लगौंटी वा पहेंलो वस्त्र लगाउँदा पुग्छ । यति सजिलो जीवनयापनको बाटो किन न हिड्नु ? लण्ठा टण्टाबाट मुक्त । विवाह गरी केटाकेटी जम्जालको जालबाट पनि उम्कने । कति आनन्दका कुरा ? मागेर खानु जस्तो नीचता केही हैन । हिनता बोध हुन्छ । अर्काको कमाई खानु परावलम्वी लाक्षीपन हो । जो परिश्रम गर्छ, पसिना बगाउँछ उसको प्रसंशा हुन्छ । कति स्वावलम्वी छ ? शुद्ध भोजन पाउँछ । कसैले निन्दा गर्दैनन् । सबैले स्याबासी दिन्छन् । परमात्माको भजन मनले गर्दैछ । जिन्दगीमा सुख आनन्द ऐश्वर्यको स्वप्ना साकार हुने काम इलम शीपमा शरीर जाँगिरिलो बनेर लागि रहेछ । माग्नेलाई दान दिन अर्काको हित वा वचन बोल्न खाँचो छैन भने कर्तव्यमार्ग गामी धर्मात्मा मनुष्य त्यहीं हो ।

जसले पारिवारिक माया मोह त्याग्छ । इष्ट मित्रसित सम्बन्ध गाँस्दैन । अर्काको दुःख बुझ्दैन । कसैको विपत्तिमा सहानुभूति राख्दैन । आफ्नो उदरपूर्ति भए सन्तोष लिन्छ । स्वार्थी स्वभावका त्यो धर्मको ढोंगी हो । अभावको अवस्थामा साधु भेषको ख्याल गर्दैन । मनलाई इन्द्रियको वशमा पारी चोर्नु र लुट्नु, धुत्नु पराईधन सम्पत्ति अन्न फलमा लालच बढाउँनु त्यही लोभले झमेलामा फस्नु उसको दिनचर्या नै हुन्छ । शान्ति ऊबाट धेरै टाढा भाग्छ । साधु भेषको के महत्व छ ? जब कि उसित दारिद्र्यले सम्बन्ध गाँसेको छ ।

सोचौं गृहस्थीबाट वानप्रस्थी हुनु आध्यात्मिक साधनाको ज्ञान बिना साधु बन्नु अघि आत्मा नचिनी परमात्मा खोज्नु घर गृहस्थी परिवारसित माया मोह त्याग्नु अघि परमात्मा त आत्मामा छ । सन्सारका कुनै मुलुक वा एकै देशका पहाड, तराई, मधेशवासी, कुनै पनि जाति वर्णका होऔं । अर्कालाई आफनो बनाए । आफूलाई पनि अरुले आफ्नो ठान्छन् । परमात्मा आत्मा, आत्मा परमात्मा, सबै जीव, प्राणी, पशुदेखि मानिससम्म ईश्वरका सन्तान हुन् । यही नै आत्मदर्शी महात्माको लक्षण हो । जातमा जुन्होस् लिंगमा पुरुषहोस् या स्त्री, आत्मा ईश्वर होस् । आत्माज्ञानीहरु अन्तरमुखी दिव्यदृष्टिले आत्मामा ईश्वर दर्शन गर्छन् । ईश्वरको निशान ज्योति हो । ज्योति पुन्जमा चेतन दिव्यदृष्टि पुग्छ । निराकारबाट साकारस्वरूप प्रकट हुन्छ । जुन् मुक्तिको मार्ग देखाउँने ईष्टदेवता हुन् । पुरा भेद गुरुमुखी बने पछि खुल्छ । गूरुसित भेट हुने निशान सत्संग हो ।

निशान काली मन्दिर

शान्तिको महत्व बुझ्ने सज्जनहरु, कुनै पनि देशका नागरिक हुन् । आत्मा चिन्ने महात्माहरु गुणी मात्रका हितैषी हुन् । त्यसरी नै औलियाबाबा, मुसल्मानका अल्लाह थिए । हिन्दुहरुका ईश्वर थिए । प्राणीहरुलाई कष्ट दिने औलोज्वरलाई कपडा (गुदडी) मा ऋद्धिबलले खिचेर राखेका थिए । हिन्दुलाई प्रवेश निषेध भएको पुर्णियाका नवाव मुसल्मानलाई तपस्याको बलले प्रभावित पारी अल्लाह र ईश्वरमा भेद नगर्नु भनी उपदेश दिएका थिए । पूर्णियामा त्यो । वृतान्त बुझाउँने कालीमन्दिर औलियाबाबाको निशान हो ।

आत्माज्ञानीको निशान

सत्सङ्ग, भजन, सेवा, सुमिरण, आत्माज्ञानीहरुको दिनचर्या हो । भेषमा गृहस्थी, योगध्यान साधनाले योगी नै आत्माज्ञानको निशान हो । रङ्गीन वस्त्र, ठाडा या तेर्सा टीका सम्प्रदायको निशान हो । आत्माज्ञानीहरु दुईआँखिभौं र

निधारको बीच त्रिकुटी महलमा भर्गोज्योतिको निशान जानकारी दिने विन्दु आकृतिको सानो टीका लगाउँछन् । आडम्वरशुन्य शान्त सरल नम्र प्रेम सद्भाव परस्परको मेल राख्ने स्वभाव नै आत्माज्ञानीको निशान हो । आत्माज्ञान के हो ? त्यो महत्वमाथि उल्लेखित् बुझौं निशान र व्याख्या छ । शास्त्रादिमा कविता उद्गारमा बताइएको छ ।

भक्ति ज्ञान प्रपत्ती श्रीवैष्णवको निशान

श्रीवराहपुराण अनुसार वराहरूपभगवान्विष्णुको पूजा गर्ने विधि विधान श्रीवैष्णवहरु जान्दछन् । चतुरभूजी विष्णुका विग्रह अङ्गमा भृकुटीकाबीचदेखि निधारसम्म झल्कने दुई डोराका ठाडा टीका निधारमा शुद्धवस्त्र सेता पहेंलाले सजिनु र मादकपदार्थ र हिंसाहत्याबाट उपलब्ध हुने खाद्यपदार्थदेखि टाढा रही सात्त्विक आहारा दिउँसो ११ बजे काँचो चामल चलाउने होइन, पकाएर अन्न भोजन चढाउनु पर्छ । बेलुकी ८ बजे आँटाका रोटी वा सुजीको हलुवा या फलमूल खाने नियम पालन गरी भगवान्को नाम जाप भजन सत्संग स्वाध्याय पूर्वक जीवन परमात्मामा समर्पण गर्नु वैकुण्ठवासी श्रीमन्ननारायणस्वरूपमा मिल्ने उद्देश्यको भक्ति ज्ञान प्रपत्तिको मार्गमा लाग्नु नै वैष्णव सम्प्रदायी भक्तजनहरुको परम् कर्तव्य हो । भगवान्वराहको पूजा वैष्णवविधिले गर्नुपर्ने कुरा यी नै शुद्धाचरणका कारण वराहपुराणमा उल्लेख भएकाहुन् । वराहक्षेत्र वैष्णवक्षेत्र हो । तन, मन, धनले भगवान्मा समर्पण हुनु भनेको नै इष्टदेवताको रुचिको टीका, अलङ्कार मन पराउँनु, प्रभुको चरण चिन्ह मन पराउँनु, विष्णुको सेतो, लक्ष्मीको रातो रंग निधारमा लगाउँनु, उनै इष्टदेवताको आयुध- १-पञ्चायुध, २-चक्र, ३-गदा, ४-धनुष, ५-तरवार ! दुवैबाहुमा शंख र चक्रको चिन्ह, निशान अङ्कित गर्नु । उनै जगदाधार ईश्वरको लीला वर्णनस्वरूपको मूर्ति दर्शनले मन रङ्गाउँनु उनकै सेवामा यथाशक्य नगद वा जिन्सी र जमीन छुट्याउँनु । सार्वजनिकरूपमा त्यस जमीनमा श्रीलक्ष्मी वेंकटेश देवीदेवमूर्ति मन्दिरसहित् रामानुज सत्सङ्ग आश्रम निर्माण गर्नु । श्रीवैष्णव सम्प्रदायी भक्तको

उदारमना भक्तिको निशान हो ।

श्री भुवराह रामानुजपीठ नेपाल अधिराज्यमै पहिलोरूपमा श्रीवराहक्षेत्र २ मा स्थापना गर्नु गौरवको विषय हो ।

चन्द्र सूर्य नेपालको राष्ट्रिय झण्डाको राष्ट्रिय निशान हो । यसको व्याख्या यहाँ गर्नु आवश्यक छैन ।

इट्हरी नरसिंहटप्पु एक ऐतिहासिक निशान

भादगाउँ सिनुवारी उच्च माध्यमिक विद्यालय भवन उद्यान निर्माणकर्ता दानालाल चौधरी जुन्कालमा कोशी वारपार गर्ने नाउँका ठेकेदार थिए । त्यसकालमा कोशीनदी पूर्व भटगमिया थर हुने नदी पश्चिम् बूढीखोला एरियामा बस्ने सप्तरीया थर हुने परम्परा थियो । नरसिंह खटेरले राणाकालमा सुब्बाको पद पाएका थिए । त्यसपदबाट गरेको अपराधमा उनलाई ३ खुनमाफ थियो । अर्थात् उनी शक्तिशाली व्यक्ति मानिन्थे । ती नरसिंह खरेर सिंहमा चढेर वैशाख महिनाको पहिलोहप्ता भरी मेला लाग्ने परम्परा बसालेर वर्षौनी धाउँथे । मेला भरी आवागमन गर्थे । प्रत्येकवर्ष त्यसअवसरमा लाग्ने मेलाको उद्घाटन वैशाख १ गते नववर्षको शुभकामनासहित् नरसिंह खरेरले गर्थे । सुब्बापदबाट प्रभावशाली व्यक्तित्वका धनी नरसिंह खरेरले पूजा गरेर लगाएको मेलाको शुभारम्भमा खरेर थरकाले पूजा गर्ने परम्परा अद्यापि छदैंछ ।

सुब्बा नरसिंह खरेरले सेतो हात्ती देखाउँछु भनेर राणा सरकारलाई प्रभावित पारे । जब राणा सरकार हेर्न भनी निश्चित् मितिमा उनको निवास स्थानमा आए । सेतो हात्ती देखाउँन सकेनन् । निज निवास स्थानको ८ कठ्ठा जमीनमा श्रीमनोकामना मन्दिर बनाएर धार्मिक आस्थावान व्यक्ति पनि झुटो कुरा गर्ने भएको निशान प्रत्यक्ष यही हो । भन्ने लाग्यो । राणा सरकारले सजायमा एकईटाले हान्ने एकलातदिने आदेश पाए । त्यसरी एकहजार जनाले भकुर्‍याएका थिए । तर नरसिंह खरेर मरेनन् । केही महिनाको अवधिमा आफ्नै हरैचा स्थित हात्तीसारमा उनको कालगतिले निधन भयो । प्रमाणकालागि हात्ती बाँध्ने खुट्टा र सिक्री निशानरूपमा छन् । राणा सरकारले यी ईंटा जत्तिकै

बलिया रहेछन् भनेका थिए ।

सुब्बा नरसिंह खरेरलाई हानिएको ईंटा लहरै थुप्रिएका स्थान हुँदा त्यस स्थानलाई 'ईटहरी' भन्न थालियो । हाल नगरपालिकारूपमा चौतर्फी विकास निर्माण कार्य हुँदै विकसित सुरम्य हरियाली नगररूपमा मनोहारी दृश्यले सुसज्जित ईटहरी सुब्बा नरसिंह खरेरको स्मृतिदायक ऐतिहासिक महत्वको निशान हो । आधार प्रमाण- पूर्वबैंक मैनेजर- मातृकाप्रसाद चौधरी ईटहरी फोन नं.: ५८००६२ मिति २०६११०।४।२ को भनाई ।

निशान झण्डा विश्राम स्थान

१. औलियाबाबा गद्दीबाट उठाई दुर्वाशाघाट र श्रीवराहक्षेत्र मार्गको दोबाटो ।
२. श्रीगुप्तबराह, श्री श्वेतवराह गुफाको शिरान ।
३. श्री सरस्वतीखोला र सातढोके पाखाको सीमाना ।

२०५८।८।१४।५ का दिन चतरा वराहक्षेत्रका महन्त श्रीमुकुन्दप्रसाद भारतीले आफ्ना प्रतिनिधि त्रय-

१. मान बज्राचार्य -सचिव -औलियावराह व्यवस्था समिति
२. पुण्यप्रसाद भण्डारी मूल पुजारी औलियाबाबा र मन मुकुन्देश्वर शिव आदि मन्दिर चतरामठ,
३. परमानन्द परंहसं सन्तमत सत्सङ्ग मन्दिर चतरा ।

निशान बोक्ने

१. जमाते महन्त माधव गिरिका जमातका महन्त श्रीतारकेश्वर गिरि । निशान ढुवानीकर्ता ।
२. महन्त श्रीविलासानन्द गिरि समाचार दिन वराहक्षेत्र पुगेका ।
३. महन्त श्री नारदा गिरि
४. महन्त श्री शिवानन्द गिरि
५. महन्त श्री रामानन्द गिरि

६. जालपा गिरि माई

७. हरि गिरि माई

उक्त निशान रहस्य एवं धार्मिक यात्रामा

क) श्री वैंकटेश देवस्थान रामानुज सत्सङ्ग वराहक्षेत्र ३ चतरा ।

ख) प्राचीनहरिद्वार चतराधाम श्रीराधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठान, वराहक्षेत्र-१,

ग) श्रीभूवराह रामानुजपीठ वराहक्षेत्र-२

घ) अनाथ महिलासेवा आश्रम दुर्वाशाघाटबाट श्रीमती मिथिला पाण्डे एवं श्रीमती यशोदा पाण्डेको अगुवाईमा श्रीहरिशयनी एकादशीदेखि जलाइएको अखण्डदीप लिएर-

हरेराम हरेराम राम राम हरे हरे ।

हरे कृष्ण हरे कृष्ण कृष्ण कृष्ण हरे हरे ॥

ब्रह्मतारक महामन्त्र संकीर्तन गुञ्जिएको थियो ॥

आवाल ब्रह्मचारी श्रीहरिकृष्ण ढकाल एवं वराक्षेत्रमा श्रीवैष्णव सम्प्रदायको चहल पहल गराउँने श्रीलक्ष्मी बैंकटेश देवस्थान र श्रीरामानुज आश्रम संस्थापक श्रीछत्रपति लुईटेल श्री भूवराह रामानुजपीठका उत्तराधिकारी श्रीअनिरुद्धाचार्य (ध्रुव स्वामी) तथा श्री १०८ वालसन्त मोहनशरण देवाचार्यले आफ्ना संस्थातर्फबाट अनुयायीसहित् भाग लिएका थिए ।

भगवान्श्रीविष्णु कात्तिकशुक्ल वैकुण्ठचतुर्दशीका प्रातः वैकुण्ठवाट गरुडमा चढी श्रीवराहक्षेत्र कोका कोशीसंगम स्थित बदरी पर्वत् शिखरमा सवारी हुने, त्यहीं आफ्ना बाहन गरुडलाई पर्खाई श्रीयज्ञरूप धरणीधरवराह भगवान्को मन्दिरको गजुरमा चढी भक्तहरुलाई दर्शन दिनु हुने शुभदिवसमा स्वागतका निम्ति श्रीमहाकाली, श्रीमहालक्ष्मी, श्रीमहासरस्वती दैवीशक्तिका प्रतीक निशान ॐ चन्द्र सूर्य, चित्र अंकित दुई मान्छे जति अग्लो झण्डा अगाडिलगाई हुने धार्मिकयात्रा परम्परा श्रीऔलियाबाबाले चलाउँनु भएको थियो । त्यो ! दृश्य हेर्न उपस्थित भएका २०५८।८।१४।५ का दिनको अन्तर्राष्ट्रिय

पाहुनाले श्रीवराहभगवान्को मन्दिर वरिपरिका पालामा दीपप्रज्ज्वलन गरी रमाए। आस्था प्रकट गरे। हरिबोधिनी एकादशीदेखि पूर्णिमासम्मको धार्मिकमेलामा आएका साधुसन्त गिरिपुरी पाहुनालाई श्रीवराहक्षेत्र धर्माश्रमतर्फबाट भोजन सत्कारले सन्तुष्ट पार्ने परम्परामा २०५८ कात्तिक १३ देखि १५ गतेसम्म खटेका मध्ये श्रीविष्णुगोविन्द श्रेष्ठ श्रीकृष्णप्रसाद श्रेष्ठ, श्रीभरतमोहन पालिखे, श्रीसूर्यशेखर श्रेष्ठसित परिचय गरिएको थियो।

निशान झण्डासहित् आवागमन गर्नेहरुको स्वागतमा यथाशक्ति आर्थिकभारसमेत् वहन गरेर श्रीवराहभगवान्का मूल पुजारी पं. दुर्गानाथ भण्डारी, छोरा रवि, किरण, प्रकाश र योगेशवराहक्षेत्र, एवं वृद्धामातासमेत्को कार्यतत्परतामा, श्रीवराहक्षेत्र सेवाश्रमका माध्यमबाट जुन् स्वागत र सुविधा प्रदान भएको थियो। त्यसबाट सबै यात्रुहरु समेत प्रभावित थिए।

द्वादशीदेखि पूर्णिमासम्म ४ दिन स्वयं सेवकरूपले खटेका, श्रीगंगाबहादुर थापाको नेतृत्वका श्रीबुद्धिनाथ भट्टराई, श्रीगोपाल थापाक्षेत्री, लामा श्रीप्रेम तामाङ्ग, पत्रकार श्रीहिमाल राई, श्रीचुडामणि तामाङ्ग, श्रीशम्भु वानिया, श्रीपुरुषोत्तम खतिवडा, श्रीअमर खत्री क्षेत्री, श्रीसंजीव प्रसाईं, श्रीकृष्ण थापाक्षेत्री, श्रीराजेश साह, डा. त्यागीनाथ नेपालीबाबा, श्रीपरमानन्द आश्रम काठमाडौं फोन नं. ४७१३०६। श्रीराजेन्द्रकुमार शाही, कुमारीपाटी काठमाण्डौं, श्रीघनश्याम परेन सुरुङ्गा-९, झापा।

स्वास्थ्य केन्द्र चतराबाट स्वास्थ्य शिविर खडागरी यात्रुहरुको सेवा उपचारमा संलग्न रहेका श्रीपृथ्वीचन्द्र भगत-सहायक पाँचौतह अहेव श्रीढुण्डीराज दाहाल- सहायक पाँचौतह, श्रीहरिप्रसाद खतिवडा -पिउँन, नेपाल रेडक्रस सोसाइटी चतरातर्फबाट खटेका श्रीदुर्गाबहादुर राई, श्रीविमल दाहालसित भेटी सेवाकार्य गरेवापत् धन्यवाद ज्ञापन गरिएको थियो।

श्रीवराहभगवान्को मन्दिरमा विजुलीबत्ती योजनाबद्ध ल्याई जलाई सम्मानितसमेत् भएका २ जनामध्येका अगुवा श्रीराजेन्द्रकुमार शाहीले प्रणवानन्द आश्रमकातर्फबाट शिविर राखी मेलाभरी २०५८ कात्तिक ८ गतेदेखि १५ गते

८ दिनसम्म जुन् सेवा गरे । त्यो ! स्मरणीय गराउँने प्रणवआशिष पत्रिका प्रणवानन्द महाराजका ॐ संघ वाणीका पर्चा र ४ जनाको टोलीले गरेको सेवाकार्य सराहनीय थियो ।

१. कोका कोशीसंगममा स्नान गर्ने यात्रुहरुको सुरक्षार्थ बाँस गाडेर बेरा लगाएका थिए ।

२. स्वास्थ्यको ख्याल राखी गर्नु पर्ने सफाईका बारे लेखिएको सधैं स्मरणीय थियो ।

   क) तीर्थका पुण्यभूमि बगरमा जहाँ पायो त्यहीं फोहर नगरौं ।

   ख) ॐ आदि गंगाजलमा स्नान गर्दा डोरीको घेराभित्रमात्र रहेर स्नान गरौं ।

   ग) पाकेटमारबाट होशियार ।

प्रस्ताव नं. १

धार्मिकयात्रा उद्देश्यबारे

२०४१।५।२६ देखि २०४१।५।२९ गतेसम्म प्रथम २०४२।९।२४ देखि २०४२।१०।१ गतेसम्म दोस्रोपटक धार्मिकयात्रा गर्दा विदेशमा तीर्थश्राद्ध गर्न जाने मनोवृत्तिलाई स्वदेशमा तीर्थश्राद्ध गराउँने ६ आधारहरु उपलब्धि भएकोमा सो प्रचार प्रसार गर्न सगरमाथातर्फ ११ जना, सगरमाथादेखि मेचीतर्फ ३ जना, मेचीअञ्चल झापा जिल्लाका दमकशाखा सनातन धर्मसेवा समिति र डाँडागाउँ हरिकीर्तन टोली साथै धार्मिक श्रद्धालुहरु भएको २२ जना सहभागी भई मेची, कोशी, सगरमाथा अञ्चल तथा पूर्वाञ्चलमा धार्मिकयात्रा सम्पन्न गरी सो धार्मिकयात्राको ६ उपलब्धिहरुलाई तीनै अञ्चलका सरकारी, गैरसरकारी प्रतिष्ठित र श्रद्धालुहरु १७८ जनाले समर्थन दिईसकेको धार्मिकयात्राको प्रतिवेदन २०४३।८।११ देखि २०४३।८।१४ गतेसम्म प्रधानमन्त्रीको कार्यालय सिंहदरबार पुगी तत्कालीन् सम्मानननीय प्रधानमन्त्री श्रीमरिचमानसिंह श्रेष्ठज्यूमा माननीय रा.पं. श्रीदिलबहादुर श्रेष्ठज्यूको उपस्थितिमा धार्मिक र पर्यटनक्षेत्र विकास

योजना लक्ष्य समाहित भएको प्रतिवेदन गुठी संस्थानका अध्यक्ष श्रीविष्णुप्रसाद खनालज्यूमा वैदिक विधिले पूजा गर्ने सामग्रीसमेत् विष्णुपादुका मन्दिरको निमित्त व्यवस्था हुनुपर्ने व्यहोरा पर्यटन र श्रम तथा सामाजिक कल्याण मन्त्रालय सिंहदरवार अगाडीको कार्यालय काठमाडौंमा वराहक्षेत्र गा.पं. वार्ड नं. १ अनि ४ देखि ९, ८, ७ र विष्णुपादुका गा.पं. क्षेत्रका पाहाडीस्थलहरुलाई पर्यटनस्थलरूपले निर्माण र विकास गर्ने योजनाबद्ध कार्यको लागि सर्वेक्षण गर्ने अनुरोधपत्र दर्ता भएको र सोही सिलसिलामा संचार साथै निर्माण यातायात मन्त्री श्रीहरिवहादुर बस्नेतज्यूलाई मन्त्रालयमा भेटी सुनसरी र उदयपुर जिल्ला अन्तर्गतका बाटाहरु पीच (कालोपत्रे) निर्माण साथै विजुली बत्तीको व्यवस्था सप्तकोशीको नदीमा झोलुङ्गेपुल यसैवर्ष निर्माण गर्ने कार्यको शुभारम्भ होस् र माननीयकै अवधि भित्र यी तीन कुरा जनतामा उपलब्ध होस् भन्ने लिखित र मौखिक व्यहोरा अनुरोध गरियो। सनातन धर्मसेवा समितिका केन्द्रीय अध्यक्ष श्रीखेमराज केशवशरणज्यूलाई सिफल काठमाण्डौको निवासमा भेटी उल्लेखित् सवै निकायहरुमा घच्घच्याउँने कार्य होस्। भन्ने व्यहोरा लिखित अनुरोध भएको २०४३।८।१४ को रेकर्ड। पुन: विश्व बौद्ध सम्मेलनको निमन्त्रणामा काठमाण्डौ गई मिति २०४३।१०।१२ का दिन पूर्वाञ्चलमा भएका बुद्धमूर्ति र मन्दिरहरुको अवस्था दर्शाईयो। धार्मिकयात्राको उपलब्धिहरु प्रतिवेदनमा समावेश गरियो। डा. वज्रराज शाक्य, सचिव १५औं विश्वबौद्ध सम्मेलन तथा धर्मोदयसभा भृकुटी मण्डपमा प्रदान गरियो र समुद्घाटन साथै समापन समारोहमा भाग लिईयो। सोही सिलसिलामा अर्को दिन १३ गते मंसिर २०४३ कादिन तत्कालिन् माननीय संचारसहायक मन्त्री श्रीकृष्णकुमार राईज्यूलाई मन्त्रालयमा भेटी धार्मिक र पर्यटनक्षेत्र विकास योजना कार्यको सर्वेक्षण र खाद्यान्नको माग साथै पूर्वाञ्चलका प्रसिद्ध धार्मिकक्षेत्रको आव्हान शिर्षकको अन्दाजी ४०० पेजको पुस्तिका छाप्ने व्यवस्थाको निमित्त अनुरोध लिखित र मौखिक गरियो। सो व्यहोराको आधारमा खाद्यान्नद्वारा काम हुने गरी सर्वेक्षणद्वारा लगत पठाई दिन हुन भनी सार्वजनिक निर्माणशाखा सुनसरीका इन्चार्ज श्रीजगतलाल

श्रेष्ठज्यूलाई पत्र लेख्नु भएको थियो । सो सिलसिलामा योजनाबद्ध काम गर्ने उद्देश्यको जनश्रमदानद्वारा तत्कालिन् वराहक्षेत्र गा.पं. वार्ड नं. १ स्थित श्रीवराहभगवान् र हिरण्याक्षको युद्ध र देवीदेउताहरुको लीला स्मृतिस्थलतर्फ जाने पैदल धार्मिकयात्रा मार्गको शिलान्यास स्वदेशकै तीर्थहरुमा श्राद्ध गरौं । देशका उन्नतिको कार्यमा योगदान पुऱ्याऔं । भन्ने नाराको उद्घाटन तत्कालिन् श्रीमान् कोशीअञ्चलाधिश श्रीसूर्यबहादुर सेन ओलीज्यूले पठाउँनु भएको आफ्ना प्रतिनिधि श्रीमान् सहायककोशी अञ्चलाधीश श्रीपरशुराम उपाध्यायज्यूबाट उद्घाटन तथा धार्मिकयात्राको ६ उपलब्धि मध्यको बह्मकपाली श्रीब्रह्मानन्द तीर्थ जलमा भन्ने प्रस्तावना अनुसार श्रीबह्मानन्द तीर्थ जलस्रोतस्थल निरीक्षण र प्रवचन गर्नु भयो । सूर्यकुण्ड प्रा.वि.मा भएको प्रवचनका प्रमुखअतिथि श्रीनारायणप्रसाद भट्टराईज्यू भालुढुङ्गा नि.मा.वि.को प्रवचनगोष्ठीका प्रमुखअतिथि कवयित्री श्रीमतीइन्दिरा प्रसाईंसमेत्मा धन्यवादज्ञापन गरियो । प्रस्ताव नं. २ प्रमाणित महत्वका तीर्थस्थलहरु निश्चित् दिन आमन्त्रित निर्णायक समिति र प्रमुख अतिथिमा नाम उल्लेख भएका महानुभावहरु अनुपस्थित भएकाले विष्णुपादुका मन्दिरका पुजारी श्रीचतुरमान तामाङ्गको अगुवाईमा मिति २०४३।१०।१४।४ कादिन टोलीप्रमुख श्रीमान बज्राचार्यज्यू सहभागी श्रीनारायणप्रसाद भट्टराई श्रीदेवीप्रसाद कोइराला जम्मा ४ जना विष्णुपादुका मन्दिरदेखि उत्तरमा पर्ने खैरेखानी पर्वतदेखि धार्ने पर्वततर्फ लम्केको सीमानामा रहेको जलस्रोत भएको धार्मिक र प्राकृतिक मनोरम दृश्यले परिपूर्ण प्रत्येकदिन सूर्यको किरण पश्चिम्बाट परेपछि इन्द्रेणी लाग्ने छहरा, धारा, बनोनिकुञ्ज, ३ वटा हात्ती बराबरको स्थुल शंखको आकार भएको शिलाढुङ्गा माथि अर्को छुटै शिलाढुङ्गा स्थानीय जनताले महादेव भन्ने गरेको शिव लिङ्गाकार शिलाढुङ्गालाई स्कन्दपुराण विशेषांकमा उल्लेख भए अनुसारको शंखेश्वर महादेव हुन् भन्ने कुरा पत्ता लगाईयो । अन्दाजी १०० गज टाढा उत्तरतर्फ शंखबाट पानी निक्लेको ३ अर्घौटोबाट क्रमशः १५० फुट उचाईबाट चित्ताकर्षक छहरा धारारूपले जमीनमा झरेको शंखधारा जलभन्दामाथि पहरा अक्कर भीरबाट

चढी धार्नेपर्वतको डाँडामा रहेको दुई घरको गाउँबाट धरान विजयपुर चारकोशे तरी जंगल कौशिकीनदी, चतरानहर इत्यादि दृश्यहरुको अवलोकन गर्दै सानुसभापोखरी, सिद्धपोखरी, सिद्धाश्रम जुन् वाल्मीकिय रामायणको बालकाण्ड सर्ग २५ देखि ३४ सम्मको प्रसंगसंग सम्बन्धित् ऋषि सिद्ध तपस्वी राम र लक्ष्मणसहित् पुगेका विश्वामित्रद्वारा ६ दिनसम्म मौन रही गर्नु भएको हवनकुण्ड पत्ता लगाई यज्ञकालको चरुका खरानी अवशेष प्रमाणको निमित्त अन्दाजी २ किलो रुमालमा बाँधी, दर्शनढुङ्गाकै वरिपरि पर्खाल दर्शनढुङ्गाकै शिलाढूङ्गास्थूलरूपले रहेको जलदेवी, मुण्डनदेवी, कुण्डनदेवी स्थान एकत्रिशुल २ बाँसका लिंगहरु ३ वटा घण्टा भूईंमा पडिरहेको दर्शन अवलोकन गरियो। वरिपरि सातथुम्का एककिलोमिटर टाढा पर्ने फेसुवाखोलाको शिर त्यहाँबाट देखिने धनकुटावजारको दृश्यलाई अध्ययन, मनन र अनुसन्धान गर्दा ३ पोखरीकावीच उठेको रमणीय पाहाडी थुम्को नै वराहपुराणं अध्याय १४० अनुसार 'जलविन्दु पर्वत' हो भन्ने ठहरियो। यी सात पर्वतका घेराभित्र दृश्यवान भएका तीनपोखरीबाट जमीनदेखि दक्षिणतर्फ ढल्किएको आकृतिलाई हेर्दा कोकानदी जलस्रोतको शिर स्थानमा पर्ने यो स्थान अर्घौटो जस्तो देखिन्छ। कोका गौमुख परेको आकृतिबाट ३ छाँगा परेर जमीनमा खसेको छ। दुईहातभित्र नै दबिएको छ। यसरी १४ ठाउँमा दबिंदै देखा पर्दै गर्छ। शंखधाराको जलमा विष्णुपादुकादेखि उत्तर अन्दाजी २०० मिटरमा संगम हुन आएको देखिन्छ। वराहपुराण अध्याय १४० मा उल्लेख भए अनुसार बाघ खोप पर्वतनै व्याघ्रपद हो विष्णुसर विष्णुपादुका मन्दिरदेखि दक्षिण पुगेर बग्न छोडी तलाउरूप दिन खोजेको कोकाको जल हो। विष्णु स्वयं शिला नै बह्मशिला हो। गौमुख कोका खसेको ३ छाँगा मध्य गौमुखधारा, विष्णुधारा र लक्ष्मीधारा हुन्। भन्ने अनुसंधान गरियो। यस बाहेक उल्लेख गर्नु पर्ने आवश्यक व्यहोरा र धार्मिक र पर्यटन विकास योजनाका कार्य बारे १६ गते निश्चित् कार्यक्रम अनुसार बस्ने वैठकमा उल्लेख गर्ने भन्ने निर्णय विष्णुपादुका मन्दिर अगाडी बसेर गरियो।

१. श्रीमान बज्राचार्य
२. श्रीदेवीप्रसाद कोइराला
३. श्रीविष्णुप्रसाद निरौला
४. श्रीनारायणप्रसाद भट्टराई
५. श्रीमतीइन्दिरा प्रसाँई
६. श्रीरविन्द्र श्रेष्ठ
७. श्रीमतीलक्ष्मीदेवी गुभाजू
८. श्रीमतीहेमकुमारी भण्डारी
९. श्रीमतीजमुनादेवी भण्डारी

॥ श्री ॥

आज २०४३ साल माघ १६ गते शुक्रबारकादिन श्रीसरस्वती प्रस्तावित मा.वि. पानवारीको आयोजनामा शहीदप्रति श्रद्धाञ्जली र प्रवचन कार्यक्रम सुसम्पन्न भयो । आयोजक विद्यालयका तत्कालिन प्र.अ. श्रीओमकुमार शर्मा तत्कालीन् प्रधानपंच श्रीपुष्पबहादुर कटुवाल पाँचकन्या गा.पं. साथै आफ्नो निवासमा सत्कारपूर्वक दुई रात बासदिने श्रीखड्गबहादुर कटुवाल श्रीमतीहरिमाया कटुवालसमेत्लाई टोलीतर्फबाट धन्यवादज्ञापन गरियो । साथै टोलीप्रमुख श्रीमान बज्राचार्यले राख्नु भएको योजनाअनुसार धार्मिक र पर्यटन विकासक्षेत्ररूपमा श्रीविष्णुपादुका र श्रीवराहक्षेत्रअन्तर्गतका प्रसिद्ध धार्मिकस्थलहरुमा आवागमनका निमित्त सुविधाजनक वाटो निर्माण गर्ने योजनाको निमित्त माननीय संचार सहायक मन्त्री श्रीकृष्णकुमार राईज्यूको पत्र मिति २०४३।८।१३ मा सार्वजनिक निर्माणशाखा सुनसरीका इन्चार्ज श्रीजगतलाल श्रेष्ठज्यूलाई लेखे अनुसार सम्पर्क राखी ओभरसियरसहित् वराहक्षेत्र वार्ड नं. ७, ८, ९ को बाटोको सर्वेक्षणद्वारा लगत पठाउँने काममा खट्नकोलागि टोलीप्रमुख श्रीमान बज्राचार्यज्यू र वार्ड नं. ७ बाट श्रीतिलकवहादुर राई, लेखबहादुर राई, श्रीसिंहवहादुर राई वार्ड नं. ८ बाट श्रीरमणसिंह राई, ज्ञानवहादुर

राई, परशुराम राई, रत्नबहादुर राई, वार्ड नं. ९ बाट अमृतबहादुर तामाङ्ग, रामबहादुर तामाङ्ग, किताबसिंह तामाङ्ग, हर्कबहादुर खालिङ्ग वार्ड नं. १ बाट शालिग्राम श्रेष्ठ, हरिबहादुर कार्की, पं. दुर्गानाथ भण्डारी, दर्जीमान दमाई, भवनाथ भण्डारी आदिलाई लिने निर्णय गरियो । कार्यक्रम अन्तर्गत् माघ १७ गते विहान श्रीरामधुनी मन्दिरमा दर्शन गर्दै आफ्ना आफ्ना निवासमा प्रस्थान गर्ने भन्नेसमेत् निर्णय गरियो ।

पत्राचारमा सहयोग

श्री पं. उमाकान्त वाग्ले, धरान १६ अञ्चल अदालत स्टडिम घर नं. २२८

पं. श्री छविलाल पोख्रेलज्यू, धरान-१२, चतरालाईन, २८ माघ

श्रीमाननीय शिक्षामन्त्री टी. आर. विश्वकर्मा, कास्मिरीबज़ार, इन्द्रचौक ।

आफैभित्रका ईश्वर श्रीवराह-प्रार्थना

जुन् कुनै हुन् रूप प्रभुको, ती सबैमा छौ तिमी ।
ध्यानमा ज्योति समुज्ज्वल, आत्मा भित्रै छौ तिमी ॥

भक्त, भक्ति-मार्ग चिन्छन्, सत्गुरु सत्सङ्गमा ।
वेद शास्त्र जुन् फलाक्छन्, सन्त भेट्छन् अन्तमा ॥
शब्दवाणी जुन् वचन छ, स्वास हृदय स्पन्दन ।
जप्न नपरी जाप हुन्छ, हुन्छ प्रभुको दर्शन ॥

प्राणमा छ श्वास जस्तै, छौ प्रमु विश्वासमा ।
नामरूपले जे चिताऔं, भक्तकै छौ साथमा ॥
इन्द्रियातीत विष्णु, लक्ष्मी, हेर्दै आँखा बाहिर ।
रोक्छ चञ्चल इन्द्रियै जो, त्यो हो भक्त माहिर ॥

नामरूप साकारमा छ, छैन निराकारमा ।
छैन ज्ञानै ता अज्ञानी, खोज्छ ईश्वर हारमा ॥
मूल्यमा बिक्दैन विष्णु,-निश्चयैमा व्याप्तछन् ।

भक्तिको गर्दा तमाशा, प्रभु देखिन्नन् टाढिन्छन् झन् ॥

अर्चिका अर्चक र सेवक, आश्रयी रहस्य जानुन् ।
चर्मचक्षु बन्द गर्दै, दिव्यचक्षु लौ उघारुन् ॥
स्वावलम्वन् आत्मचिन्तन्, पुण्य-आर्जन मार्ग लागुन् ।
मुक्तिका निम्ति प्रभु मै, जो भएकाछन् समर्पण ॥

द्रव्यको गर्दैन लोभ, लाभ हानीबाट उठ्छन् ।
त्याग नै हो तपस्या, भन्ने सत्यै अर्थ बुझ्छन् ॥
अर्थ उपार्जन व्यवस्था, हुन्छ रे धार्मिक समस्या ।
मूल्य राखी धर्म गर्दा, ढोंगी देखिन्छन् तपस्या ॥

काम क्रोध, लोभ, ईर्ष्या, औ अहँकारी कुभाव ।
पञ्चदोष होम गर्दै, ज्ञानको अग्नि उज्याल ॥
वासना औ कामना नराखी, इष्ट देवता पुकार ।
आत्माज्ञानी देख्छ आफैभित्र ईश्वर श्रीवराह ॥

'ज्योति विन्दु नै परमात्माको निशान हो ।'

अथ शुभारम्भ

यजुर्वेदमा भगवान्वराहको ज्योतिस्वरूप मानिन्छ । निराकारस्वरूप नै ज्योति हो । प्रकाशको जहाँ दर्शन हुन्छ, त्यहाँ दिव्यचक्षुले स्थिर मन गरी हेर्दा हेर्दै साकार नामरूपवाला इष्टदेवको दर्शन पाइन्छ । परमात्मा ज्योतिस्वरूपले व्याप्तछन् । प्रत्येक प्राणीको आत्मामा ज्योतिरूपले विद्यमान् परमात्मा नै आत्मा हुन् । अन्तरध्यान हुनु भनेको पञ्चभौतिक शरीरलाई समेटी ज्योतिरूपमा परिणत गरिदिनु हो । भक्तहरुको पुकारमा प्रकृति माध्यमले उनीहरुको कामना अनुसार निश्चित् स्थानमा, श्रद्धाले स्थापना गरिएको कुनै मूर्तिमा यज्ञ, पुराण, कीर्तन, पूजा, प्रार्थनामा उत्पन्न हुनु भगवान्को कृपाका पात्र बन्नु हो । भगवान्विष्णु ज्योतिरूपमा परिणत भई अवतार लिन धराधाममा देवकीको

गर्भमा प्रवेश हुनु भयो । कृष्णनामले जन्मनु भयो । कौशल्याको गर्भमा प्रवेश हुनु भयो । राम नामले जन्मनु भयो । श्वेतकेतु भुवनबाट श्वेतहात्तीरूपले मायादेवीको कोखमा प्रवेश गर्नु भयो । सर्वार्थसिद्ध राजकुमार नामले जन्मिनु भयो । तपस्याद्वारा वुद्धत्व लाभ गरी वुद्ध हुनु भयो । वौद्धिक र वौद्ध धर्मसंस्कृतिमा भगवान् श्रीकृष्ण र भगवान् श्रीरामचन्द्र हुनुहुन्छ । भन्ने विश्वास गर्नु र भगवानवुद्ध दशअवतार मध्यका श्रीसद्भागवत्‌गीता र श्रीरामगीता र धम्मपद जस्ता वौद्धगाथाका माध्यमले मुक्तिमार्ग दर्शक महापुरुषहरु हुन् । वेद, शास्त्र, साधुसन्त सत्पुरुष वा सज्जन विद्वान्‌हरु उक्त मुक्तिमार्गको वर्णन व्याख्या गर्छन् । सत्गुरुको शरणागतिले परमात्माको ज्योतिस्वरूपको दर्शन जिज्ञाशु वनेर आत्माज्ञान प्राप्त गरेपछि आत्माभित्रै गर्न सकिन्छ । सत्गुरुको लक्षण जान्न तथा शरणागति प्राप्त गर्न सत्सङ्ग भजन सेवा सुमिरण ध्यान प्राप्त गर्न आत्माज्ञान प्रचार केन्द्रमा नियमित पुग्नु अनिवार्य छ ।

कविरदासले-देखावटी जोगीहरुको चित्रण गर्दै भनेकाछन् । जोगीहरु मनचाही नरङ्गाई रातो, पहेंलो, कालो, सेतो रंगले कपडा रङ्गाउँछन् । आसन वाँधेर जुन् जोगी मन्दिरमा वस्छन्, भिक्षान्नले जीविका चलाउँछन् । शिरमुण्डन गरेर गेरुले रङ्गिए पछि त्यो ! जोगी गीता पढेर वकवक वोल्न थाल्छ । कान चिरेर जटा बढाउँछन् । दाह्री बढाउँछन् । वोका वन्छन् । जङ्गल पसेर धुनी जगाउँछन् । काम जलाए पछि हिजडा वन्छन् । अर्थात् न योगी, न गृहस्थी वन्छन् । हे साधकहरु हो ! सुन यमराजको ढोकामा तिमी पक्रिइनेछौं ।

ब्रह्मानन्दले रहस्य खोलेर यसरी भनेकाछन् ।

साथी हिंड हिंड मेरो देशमा । जहाँ प्रीतम प्याराले वास गरेकाछन् । वादलले नढाकिएको भए पनि अनहदको वाजा यसरी वज्दछ, जसरी घण्टा, शंख, नगरा, मृदङ्ग वज्दछ । विजुली चम्किन्छ । अमृत टप्किन्छ । वरावर चन्द्रसूर्य र तारा झल्किन्छ । जल थल नभएको गगन महलमा रत्न जडिएको ओछ्यान ओछ्याएको छ । ज्वालासरीको धेरै उज्यालो तेज भएको निर्गुण

शोभालाई हेर ।"

साधु, सन्त, महात्माहरु जब कि सत्गुरुको सन्देश वोकेर द्वार द्वारमा आएका हुन्छन् । जब कि संसारका विषय वासना, माया, मोह, ममता, जस्ता वन्धनबाट छुटाएर मुक्तिको मार्गमा डोर्‍याउँन महापुरुषहरु नररूप लिएर धराधाममा आएका हुन्छन् । भ्रम वुद्धि र शंकास्पद वुद्धिका कारण अहँकारवश मूर्खहरु झुक्न चाहँदैनन् । मनले उसको महिमा पनि वुझ्न् चाहँदैन । ती अज्ञानीहरु समयका तत्त्वदर्शीपुरुषवाट पाइँने आत्मज्ञानवाट वञ्चित हुन्छन् । मनुष्यजीवनका निमित्त अनिवार्य भएको लाभवाट ठगिएका विचरा मूढ वुद्धिका अज्ञानी जीवहरु अज्ञानतावश कलात्मकमूर्तिलाई ईश्वर मान्छन् । आफ्ना मन बुद्धिको घमण्डले सुनौलो मौका उम्काउँछन् । भेष र आडम्वर (देखावटी धर्म) मा झुक्किन्छन् । सत्गुरुको कृपालु दृष्टिवाट टाढा रहन्छन् । जहाँसम्म सत्सङ्गका माध्यमले शरणागति हुँदैनन् । जिज्ञाशु नभएकाले गर्दा त्यस मनुष्यकालागि मुक्ति दुर्लभ हुन्छ । भौतिकसुख सुविधा आनन्द प्राप्ति शारीरिक स्वास्थ्यलाभको कामनापूर्ति जस्ता इच्छा सिद्धिलाई नै परमेश्वरको कृपा सम्झन्छ । जसले गर्दा जन्म मरणको चक्रमा फन्का मारी रहन्छ ।

वेदान्तको सिद्धान्तलाई मान्यता दिने भारतीय र नेपाली धर्म संस्कृतिमा जुन् दर्शन छ, त्यही दर्शनको अनुसन्धानद्वारा पश्चिमी देशका विद्धान्हरुवाट विज्ञान खडा भयो । त्यसैको अध्ययनद्वारा पश्चिमी देशका मानिस वेदान्तको सारतत्त्व बुझी वैज्ञानिक वनेका हुन् । चारवेदको सारतत्त्व वुझेर साधनात्मकक्रिया ध्यानयोगवाट आत्माज्ञान भयो । मुक्तिको उपायपत्ता लाग्यो । पृथ्वीलोक भन्दा चन्द्रलोक र मंगलग्रह, लोककोपत्ता लगाई स्पुतनिक, रकेट गगन भेदीयान आविष्कार गरी अनुसन्धानवाट फेला परेका तथ्यदृश्य भित्र्याए । प्रमाणित गरी संसार नै छक्क पर्ने चमत्कारिक कार्य गरिरहेकाछन् । भौतिक उन्नतिमा विद्युत उत्पादन र त्यसको परिचालन पनि आश्चर्य लाग्दोछ । टेलिभिजन, मोवाइल, कम्प्यूटर, आकाशवाणी अन्य यन्त्रहरु नै यस भनाईका आधारयुक्त उदाहरण हुन् । जसले गर्दा जीवन सुविधा भोगी छ । खुशी र

सुखीछन् । पञ्चभौतिक शरीर आयु उमेर भरी विलासी बनेर आनन्दको अनुभव गर्दैछन् । आत्माज्ञान प्राप्त अन्तर्मुखीयोगीहरु उक्त आनन्दअनुभव गर्दै पनि मनलाई आत्मामुखी बनाएर परम्पद प्राप्तिको योगमार्गमा लागेका देखिन्छन् । यसबाट शिक्षा लिन सक्छौं कि आत्मामुखी योगी परमात्मासित सम्बन्ध गाँस्छन् । १- बाहिरका दृश्य हेर्ने आँखालाई बन्द गर्नु, २-बाहिरबाट आउँने सबै प्रकारका आवाजभित्र पस्नेद्वार कान थुन्नु । ३-माला घुमाई जप्नु पर्ने मन्त्रका बदलामा भित्र बाहिर गर्ने श्वासमा ध्यान दिनु र मन त्यसैमा जोड्नु । ४- बाहिरका रसास्वादनको बदला प्रमष्टिकाय मष्तिष्कबाट बङ्वाग्नितर्फ झर्ने गरेको अजस्त्रस्रोतका बुन्द प्राप्तिका रस अमृतपान हुनु । ध्यानमा निमग्न हुनु । यही अनहद नादानुसन्धान हो ।

यसरी आत्मामुखीध्यानी योगीले परमात्मासित सम्बन्ध स्थापित गर्छन् । ध्यानदिनु पर्ने कुरा यी हुन् कि इन्द्रियादिको तृष्णा वासनाबाट माथि उठेर सत्मा चित्त लगाउँनु पर्छ । असत् वा पाञ्चभौतिक शरीरको आकृतिबाट चित्त हटाउँनु पर्छ । आनन्द आउँछ । त्यसमा लीन हुनु पर्छ । जुन् द्रब् पदार्थ (अमृतरस) को अजस्र स्रोत झर्छ । त्यसको रसास्वादनमा सन्तुष्ट रहनु पर्छ । मग्न हुनु पर्छ । यीनै ज्ञान र कर्मको समन्वय गराउँने उपदेश वेदान्तमा पाइन्छ । सत्सङ्गको माध्यमले सत्गुरुको शरणागतिबाट प्राप्त आत्माज्ञान पाएका आत्मज्ञानीले मात्र नै तल उल्लेखित् चारतत्त्वलाई प्रत्यक्ष अनुभूति गरेका हुन्छन् ।

१. ऋग्वेदको तत्त्व हो - अमृतपान ।
२. यजुर्वेदको तत्त्व हो - ज्योतिदर्शन ।
३. सामवेदको तत्त्व हो - सुमिरण । (अजपा गायत्री मन्त्र)
४. अथर्ववेदको तत्त्व हो-अनहदनाद जसको तरीका माथि बताइएको छ । यसै लेखकका प्रकाशित पुस्तक

१. रामधुनी दर्शन, २. मुक्तिक्षेत्र यात्रा निबन्ध ।
३. हिन्दूपतिराजा र हिन्दूराष्ट्र २०६१
४. वसन्त-श्रवण (अभिनय गीति काव्य २०३८) मा पाइन्छ ।

उपर्युक्त मननीय कुराबाट ज्ञान हुन्छ कि अन्तर्मुखी योगीहरु परमात्मालाई आत्मामा भेटेर मुक्त हुन्छन् । बहिर्मुखी कर्मकाण्डीहरु सम्प्रदायमा फस्छन् । रमितामा भुल्छन् । पुराण, यज्ञ कर्मकाण्डद्वारा धार्मिक व्यापार विज्ञापंन व्यवसायले आयस्रोत पहिल्याउँनेतर्फ प्रवृत्त हुन्छन् । पुण्यलाभ गर्छन् । आचरणमा प्रदर्शनी हुन्छन् । तीर्थ घुमेर धर्म हुन्छ । दान दिएर पुण्य मिल्छ । भन्ने ज्ञानले मुक्ति मिल्दैन । जन्म र मृत्यु, सुख दुःखको चक्रमा उनीहरु फन्का मारिरहन्छन् । वेदान्तीहरु वेदपाठ गर्छन् । शास्त्रीहरु शास्त्र पढेर व्याख्या गर्छन् । सारतत्त्वबोध भएका ज्ञानीध्यानीहरु यसरी ज्ञानको बोध गराउँदै भन्छन् । आत्मा व्यक्त हुँदैन । अव्यक्त आत्मा नै ब्रह्म हो । वेदमा आत्माको व्याख्या छ । एक नै अनेक र अनेक नै एक हुने ब्रम्हको स्वरूपको दर्शन आत्माज्ञानीहरु आफ्नैभित्र अन्तर्मुखी ध्यानद्वारा दिव्यचक्षुले नियालेर गर्छन् । आत्माज्ञानी महात्माले घटाकाशमा दिव्यचक्षुले जुन् उज्यालो देख्छन्, त्यही उज्यालो महाकाशमा चर्मचक्षुद्वारा देखिन्छ । आँखाखोलेर देखिने बाहिरी दृश्यमा मन मोहित हुँदा मायामा भुल्छौं, तृष्णा बढ्छ । आँखा चिम्लेर भित्री दृश्यमा मनमोहित हुँदा तृष्णाको लेश रहँदैन । मुक्ति मिल्छ ।

निशान बारे

सुमिरणको अभ्यास बसेमा,
त्यो ! भक्तिले मुक्ति दिनेछ ॥१॥
जब भगवानै साथ रहेमा,
किन आश्रमको आश्रय लिने त ? ॥२॥
जहाँ बसे पनि भजन भएमा,
तन मन्दिरमा ईश्वर बस्छन् ॥३॥
किन अर्काको भार बनेर,
आत्माज्ञानी विचलित हुन्छन् ? ॥४॥
पर उपकारी कार्य गरेर,
पुण्यकमाउन त्याग सिकौं ? रे ॥५॥
धन बटुलेर निर्धनको दुःख,

हरण हवस् भनी इलम गरौं रे ॥६॥

श्रम नगरीकन पर अन्नैको,
आश गरेर भक्ति हुँदैन ॥७॥
त्यागी गृहस्थी भेष लिदैमा ।
भोक सहेर ध्यान हुँदैन ॥८॥

जीविकोपार्जन छैन उपाय,
भने नमागी खान जुटेन ॥९॥
यही खानैको परी समस्या,
चिन्तित मन लौ ! स्थिर भएन ॥१०॥

अनि भयो के पुण्य कमाई ?
ईश्वर चिन्तन प्रभुको दर्शन ॥११॥
आश्रमवासी हुनु वैरागी,
साधु पहेंलो वस्त्रलगाई ॥१२॥

चिम्टा कमण्डल दारी बढाई
वम्वम् भन्ने बुझ बाबाजी ॥१३॥

सच्चित् आनन्द-सच्चिनानन्द,
स्वयंभित्र छन् । बाहिर खोज्यौं ॥१४॥
सत्सङ्गतका माध्यमबाट,
सतुगुरु नचिनी, झल्मल रोज्यौं ॥१५॥

सुन्यौं पुराण, गर्‍यौं बयान,
अन्तरमुखी भई, मन त्यहीं गास्यौं ? ॥१६॥
भजन, साधना, नियम-पालना,
इन्द्रिय निग्रह नगरी नाच्यौं ?॥१७॥

मन रञ्जनको रमिता छविलो,
दृश्य प्रदर्शन नृत्य गरेर ॥१८॥
देखावटीको भक्ति छ ता त्यो !
मुक्ति हुदैन मात्र मरेर ॥१९॥

छोड विलाशी जीवन साथी,

राग द्वेष औ लोभ न राखी ॥२०॥
नाता बन्धन सब संसारी,
काम वासना लोभ न त्यागी ॥२१॥
रे मिल्दैन आत्माराम,
होऊ आफैंमा आफू समर्पण ॥२२॥
योगाभ्यास ध्यान सुमिरण,
सेवा सत्सङ्गले सत्गुरु मिल्छन् ॥२३
सफल हुन्छ रे नर तन धारण,
छुट्दछ चौरासीको बन्धन् ॥२४॥
समय छँदैमा होस पु-याऔं,
भन्छन् वैदिक शास्त्रीय वर्णन ॥२५॥

विशेष गतिविधि

व्याख्या छ शास्त्रादिमा

(शार्दूल विचीडित छन्द)

दानी मानिस दानले भजनले, वैकुण्ठमा पुग्छ रे ।
श्रीनारायण दर्शनीय रमिता, हेरी सकी फिर्छ रे ॥
आत्माज्ञान र ध्यानले तप गरी, ॐ कार तेजोमय ।
पर्मात्मासित मिल्छ योगबलले, फिर्दैन त्यै ! हो लय ॥
वैरागी मनका प्रबुद्धहरुले, निष्कामको भक्तिले ।
यो ! संसार तरिन्छ ज्ञान गर हे ! योगी महात्मा भरे ॥
पर्मात्मा परमेश्वरी भगवती, दिन्छन् स्वयं दर्शन ।
पूजा पाठ र कीर्तनादि जपले, हुन्छन् खुशी ती भन ॥
जो माग्छन् वरदान त्यो ! असुर भै, बन्छन् घमण्डी पनि ।
आफ्नो गर्छ विनाश शत्रु बनिई, जुन् तामसी जीवनी ॥
स्वार्थी भक्ति नगर्नु त्याग तप नै, हो मुक्तिको मार्ग रे ।
ब्रह्मा, विष्णु, महेश, श्रीभगवती, हुन् स्वास जानी जपे ॥

आत्माज्ञान प्रकाश-ध्यान तपले, वैकुण्ठवासीसित ।
जुन् गाँसिन्छ अभिन्न प्राणमय भै, त्यो ! पुग्छ रे मास्तिर ॥
यस्तो भक्ति गरौं नफर्कनु परोस्, संसार चौरासिमा ।
सन्यासी व्रत धारणा तप गरौं, व्याख्या छ शास्त्रादिमा ॥

छठ पर्वको राती २०५८।८।७५ वराहक्षेत्र ४ मा ध्यान बस्दाकानमा- १-अंग्रेजी, २-हिन्दी, ३-नेपाली भाषामा गुञ्जिएको प्रेरणास्प्रद शब्द-

१-सुमिरणमा मनलगाई जो ध्यानमावस्छ, उससित भगवान् हुन्छन्। अन्तर्मुखी वृत्तिले आत्माज्ञानद्वारा साधारतः भक्त गृह छाडेर आश्रममा आश्रयी हुनु आवश्यक छैन ।

श्री राधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठान

वराहक्षेत्र-१ चतराधाम दुर्वाशाघाट सप्तकोशी नदीतट प्राचीन तपोभूमि हो । प्राचीन हरिद्वारको प्रमाण दृश्यका आधारमा मान्न सकिन्छ । श्रीराधाकृष्ण भक्तिसाधना अध्यात्मिक प्रतिष्ठान स्थापना छ । वलरामेश्वर शिव पाञ्चायन मन्दिर, कुम्भस्तम्भ, श्रीराधाकृष्ण मन्दिर, वृद्धवृद्धाहरुको आवासगृह, चतरा वराहक्षेत्र विकास समितितर्फबाट मान बज्राचार्यको सक्रियतामा निर्मित भएको र सप्तकोशी आश्रमलाई हस्तान्तरण गरिएको धर्मशाला वराहसंस्कृत वेदविद्यालय तथा श्रीराधाकृष्ण संस्कृत वेदविद्यालय छ । योजनाबद्ध उदारमना दाताहरुले महत्वपूर्ण उद्देश्यलाई सफल बनाउँन आर्थिक सहायता गर्नेहरुको नाम र समितिका पदाधिकारीहरुका नाम स्फटिक शिलालेखमा हेर्न पाइन्छन्। नेपालीहरुको विदेशमुखी बनेको धार्मिक र श्राद्धीय मनोवृत्तिलाई स्वदेशमुखी वनाउँन गरिएको धार्मिकयात्रा अभियानमा, राधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठानतर्फवाट कुम्भमेला अर्धकुम्भमेला महोत्सवका माध्यमवाटसमेत् योगदान पुर्‍याउँदै आउँनु भएका श्री श्री १००८ वालसन्त मोहनशरण देवाचार्य महाराज धन्यवादका पात्र बन्नु भएको छ । यस लेखक अध्यक्ष पदमा रहेको लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानद्वारा २०५८ वैशाख १ गते शनिवारकादिन समारोह बीच भागवत् शिरोमणि उपाधि र यथाशक्ति नगद पुरस्कारद्वारा बालसन्त महाराजको ससम्मान कदर गरिएको थियो । विभिन्न धार्मिक संस्थाहरुवाट पनि अनेकौं उपाधिसहित् सम्मानित बन्नु भएका श्रीमोहनशरण देवाचार्यज्यूको

परिचय हिन्दूपति राजा र हिन्दूराष्ट्र २०६१ मा छ। विभिन्न धार्मिक कार्यक्रम प्रचारप्रसारका माध्यम रेडियो, टेलिभिजन, पत्रपत्रिका, विशेषांक आदिसमेत्माछन् ।

दशयोजन मुर्छित शतयोजनम् ॥२८-३०॥

पृथ्वीलाई धारण गर्न उद्धत भएका बखत श्रीहरि दशयोजन चालीसकोश विस्तृत र सययोजन अर्थात् चारसयकोश ऊचोरूपको श्रीयज्ञवराह हुनु भयो । आधार हेर्नोस्-श्रीहरिवंश पुराण अन्तरगत् वराहअवतार विषयक अध्याय ३३ श्लोक (१० देखि १३) २०५७ कात्तिक २०-२७ वराह महोत्सवमा विमोचन पूर्वक प्रकाशित वराह उवाच श्रीवराहक्षेत्रमा छापिएको छ। यस अनुसार कोका वराहतीर्थ आदिवराह, आदिमहामाया भवानीस्थान सूर्यकुण्ड, आदिगंगा सप्तकोशीनदी कोकादोभानदेखि भारतको मथुरा श्रीवराहक्षेत्रको परिसर हो । जुन् जिल्लामा वराहक्षेत्र छ । त्यो ! सुनसरी जिल्लामा चारधामछन् । ती धाम हुन्-वाल्मीकिय रामायण र तुलसीकृत रामायण प्रसिद्ध श्रीरामधुनीवनधाम, वराहपुराण, पद्मपुराण, प्रसिद्ध चतराधाम श्रीवराहक्षेत्र, ब्रह्मपुराण र बाल्मीकीय रामायण प्रसिद्ध श्रीविष्णुपादुका कोकामुखमण्डल सिद्धाश्रम विन्दुपर्वत अर्थात् जिरो अफ माउण्ट स्कन्दपुराण हिमवत्खण्ड अन्तर्गत् रुद्रारण्यक्षेत्र महात्म्य अनुसारको महत्वपूर्ण धार्मिक, ऐतिहासिक र प्राकृतिक कृडास्थल सुरम्य धराननगरी पूर्व शिवजटा, विजयपुर, दन्तकालीदेवी मन्दिर एवं वालाम्वा १८ भुजी भगवतीसहित् अमृतपिण्ड ज्योतिर्लिंगस्वरूप श्रीपिण्डेश्वरवावाधाम रुद्राक्षारण्यक्षेत्र नै पुण्यदायक पितृउद्धारक चारधाम हुन्। यी चारधाममा पितृउद्धारक १ केशमुण्डन स्थल र ६ श्राद्धीयभूमि छन् । जसको प्रचार २०४१ साल भदौ २६ गतेदेखि धार्मिकयात्राटोली गठनपूर्वक सुनसरी साहित्य प्रतिष्ठान धरानको तत्त्वावधानमा तत्कालीन् प्रतिष्ठानका अध्यक्ष मान वज्राचार्यको नेतृत्त्वमा यात्रा अभियान नेपालको पूर्वदेखि पशिचम्, उत्तर र दक्षिण कोशी वाराणसीसम्म निरन्तर गरिदैंछ ।

२०५४ साल पुसमा प्रकाशित श्रीवराहक्षेत्र, श्रीविष्णुपादुका तीर्थश्राद्ध

पद्धतिद्वारा धार्मिक श्रद्धालु महानुभावहरुमा विदितै छ ।

वराहक्षेत्र गाउँ विकास समिति वार्ड नं. १ देखि ९ वराहपुराण अध्याय १२२ देखि १४० का आधारमा पुण्यभूमि हो । धार्मिक र पर्यटकीय दृष्टिकोणले श्रीवराहक्षेत्र, श्रीआदिवराहक्षेत्र, सूर्यकुण्ड भवानीस्थान तुङ्गकुटपर्वत अर्थात् माउण्टको उत्तिकै, महत्व छ । यस पुस्तकमा ती कुरा झल्काउँने उद्देश्य राखिएको छ ।

सबैमा झल्काउँनै पर्नेकुरा अंग्रेजी भाषामा पर्वतलाई माउण्ट भनिन्छ । नेपालको माउण्ट एभरेष्टलाई नेपाली भाषामा सगरमाथा भनिन्छ । तेञ्जिङ्ग नोर्गे शेर्पा र डायमण्ड हिलारीले सर्वप्रथम शिखरमा टेके । ती अमर भए । अंग्रेजहरुले आफ्ना भाषामा 'माउण्ट एभरेष्ट' भन्दै आएका थिंए । नेपालको गौरवमय हिमालयहरुमा सबैभन्दा उच्चशिखर गगनचुम्वी भएकाले सगरमाथा नामाकरण भएको हों । वराहपुराण अध्याय १४० मा तुङ्गकुट पर्वत शब्द छ । धार्मिक र पर्यटन महत्व पनि छ । त्यो ! तुङ्गकुट पर्वत शिखरमा शक्तिपीठहरु मध्य पहिलो आदिशक्ति महामाया भवानी स्थान मन्दिर छ । चारैतिरका पर्वतशिखर, तराई मैदान, आदिगंगा सप्तकोशीको विस्तृतरूप भीमनगर व्यारेजसम्मको एरियाको दृश्यावलोकन हुन्छ । उत्तरदिशातर्फ उघ्रिएका वखत गौरीशंकर, कन्चनजंघा, मकालु, सगरमाथा हिमालय शिखर देखिन्छ । पानी जमेको आहालका उत्तर भवानीस्थान दक्षिणतर्फ आहाल डाँडा चौडण्डा (चारैतिर तोप विसाउँने गरी उठाएका पर्खालको अवशेष छ । चौपायाहरु यही आहालको पानी पिएर तृष्णा मेट्छन् । त्यसैले आहाल डाँडा नामले पनि प्रसिद्ध छ । पश्चिमीभाषा अंग्रेजीबाट प्रभावित भएकाहरु यसलाई माउण्ट तुङ्गकुट भन्दछन् । हरिहरसेन जसले हिन्दूपतिराजाको उपाधि स्वीकारेका थिए । आहाल डाँडा दक्षिणतर्फ चारैतिर तोपको मोहराफर्काएर अड्याउँने पर्खाल उठाएका थिए । हरिहरसेनले कान्छा राजकुमारलाई तोप चलाउँने प्रशिक्षण दिन्थे । त्यहींदेखि 'चौडण्डा डाँडा' नाम प्रचलित भयो । ३ फुटलामोतोप निशानरूपमा भवानीस्थानभित्र दाहिनेतर्फ देख्न सकिन्छ । भवानीस्थानलाई

जलकु र वन्यलता जंगल बोटविरुवा वृक्षले घेरेर शान्तिवनकारूपमा सुशोभित् वनाएको छ। मानो आदिशक्तिमहामाया भवानीमाताले हरियोसारी लगाए जस्तो देखिन्छ। १६ बिगाहा जमीनमा फैलिएको यो ! शान्तिवनलाई तारले घेरी संरक्षण गर्नु अनिवार्य छ। त्यस उद्देश्यले मिति २०५३।१।३।२ का दिन श्रीवैष्णव परिषद पूर्वाञ्चलक्षेत्रीय समितिले २१ जनाको शान्तिवन संरक्षण उपसमिति गठन गरेकोछ। जसको विवरण गा.वि.स कार्यालय वराहक्षेत्रमा दिइएकोछ। धरानबाट प्रकाशित 'सयपत्री' विशेषाङ्कमा पनि छापिएको छ। सचिव तथा धार्मिकयात्रा टोलीप्रमुख-मान वज्राचार्यद्वारा भवानीस्थान मन्दिरको उदघाटन भएको थियो। सो समारोहमा तत्कालीन् वडा नं. ८ का अध्यक्ष ज्ञानबहादुर राईले भन्नु भएको थियो। २०२७ सालको नापीद्वारा शान्तिवनको एरियारूपमा १६ विगाहा जमीन छुट्याइएको हो। सोही समारोह अवसरमा २५० देखि २० रुपैयाका दरले संकलन भएका रु. ९२६ मूलपूंजी भएको थियो। भवानीस्थान अगाडी १ चौडण्डा मूलगाउँ त्रिशुलीजलधारा अगाडी १ धर्मशाला निर्माण गर्ने निर्णय गरियो। निर्णयलाई कार्यान्वयन पनि गरेको देखिन्छ। शान्तिवन विकास संरक्षण समितिमा स्थानीय जनताहरुका प्रतिनिधि यसप्रकार हुनुहुन्थ्यो।

सभापति वार्ड नं. ८ पदेन अध्यक्ष श्रीज्ञानबहादुर राई, उपसभापति भवानीस्थानका पुजारी श्री शेरबहादुर राई, पदेन सचिव श्रीसूर्यकुण्ड प्रा.वि.का प्रधान अध्यापक श्रीनरेश राणा

वराहक्षेत्र गा.वि.स. पदेन अध्यक्ष संरक्षक सदस्यहरु यस प्रकार छन्: १. रमणसिंह राई, २. परशुराम राई, ३. किताबसिंह राई, ४. सहायक शिक्षकहरु, ५. दिलबहादुर राई, ६. खनबहादुर राई, ७. प्रेमकुमार राई, १०. हर्षबहादुर राई, ११. रामभक्त राई, १२. थामवहादुर राई, १३. नरेन्द्रवहादुर राई, १४. हिरालाल राई, १५. खडगबहदुर मगर, १६. बखतबहादुर राई, १७. अमृतबहादुर तामाङ्ग, १८. नरबहादुर लिम्बु, १९. हिराध्वज राई, २०. चनकसिंह राई, २१. लेखवहादुर राई,

५ जना पूर्वाभिमुख भएर यात्रा गर्दै जाँदा, आदिवराहक्षेत्र, सुयकुण्डका

विशाल वनवृक्ष काटिएर जमीन उदाङ्गो बनेको देखियो । जङ्गल फाँड्ने तीनजनाको नाम सुनियो । रिपोर्ट गर्दा पनि गा.वि.स चतरावराहक्षेत्रले कारवाही गरेनन् । भालढुङ्गाशिला बाटो खन्दा फुटालेर फ्याँकेको सुनियो । भालढुङ्गाको निशान मेटियो ।

विष्णुपादुका कोकामुखमण्डलको अवस्थामा सुधार विकासका सुझाव तत्कालीन गाविस अध्यक्ष वलसेर राई समक्ष राखियो । ७०,००० हजार गाविसकोषबाट खर्च गरी विष्णुपादुका मन्दिर र गाविस कार्यालय आवागमनका बाटा निर्माण मर्मत भएकोमा धन्यवाद ज्ञापन गरियो । अरुकुरा पुजारी चतुरमान तामाङ्गबाट सुनियो ।

प्राचीन धार्मिक पर्यटनक्षेत्र सिद्धाश्रम परिक्रमा २०५३।१।६।५ कादिन धार्नेपवतस्थित वीरवहादुर तामाङ्गको निवासमा बास बसी रात काटियो । अघिल्लो दिन धापखोला, पाखा,, पहरा, छहरा, लहरा, सिस्नो र मोरङ्गे झार पन्छाउँदै, भीर पहरा अक्करको बाटोमा लाठीको सहाराले उक्कालो बाटो हिंडियो । शुक्रबारका दिनमा सिद्धाश्रम पुगियो । कोकानदीकोशिरबाट झरेको ३ तहको गौधाराको महिमा बुझी जलमा स्नान गरियो । ४० फुट अग्लो २० फुट चौडा शंखधारामा स्नान पछि ३१ मिटर उचाई ८ मिटर चौडाई शंखेश्वरको थाप्लामा ७×५ फुट लामो शंखर २८ गुणा १५ इन्चको बसाहामूर्तिसहित्को महादेवढुंगाको विशालशिला दर्शनीय छ । जुन् शिला शंखधाराको जलले आक्षादित छ । केही टाढा उत्तरतर्फ १५गुणा १६ फुट ढुंगा शिलाको वसाहामूर्तिको अनुसन्धान गरियो । इन्द्रेणीछहरा सिलौटे २० फुट उचा छाँगाबाट झरिरहेको र दिउँसो १२ देखि ३ बजेसम्म त्यस छहराको जलमा इन्द्रेणी परेको मनोरम दृश्यले मनमा अनौठो आनन्द दिन्छ । वंशीलापर्वत-शिखर धार्नेपर्वत डाँडामाथि मैदानभूमि छ । त्यहाँ साना सभापोखरी र कुण्डनदेवी स्थान र मुण्डनदेवी स्थान छ । विश्वामित्र ऋषिले यज्ञ गरेको कुण्ड स्थानको बीचको विन्दुपर्वत (माउण्ट अफ जिरो) दर्शनीय छ । प्राचीन ऋषिमुनिहरुको आश्रमका भग्नावशेष पर्खाल घडेरी, सुवाहु राक्षेसका अवशेष दर्स्यूढुंगाहरु अनुसन्धानीय छ । यहाँवाट, आधीघण्टा समयमा पुगिने उत्तरको डाँडाबाट धनकटा बजार देखिन्छ । दक्षिण डाँडावाट धरानवजारको सुरम्य शिरानस्थान देखिन्छ । यो स्थान धार्मिक र पर्यटकीय दृष्टिकोणले महत्वपूर्ण छ । प्राकृतिक दृश्यले आकर्षक छ ।

शिवजटा छहरा

मिति २०५३।१।७ गते धरान नगरपालिका विजयपुर पूर्व सेउती खोलाको शिर छ। त्यसलाई 'शिवजटा' भन्दछन्। रुद्रारण्यक्षेत्र महात्म्यमा वर्णन पाइँने शिवजटा छहराको जल पवित्र छ। व्रिटिश नागरिक कालदेखि घोपा क्याम्प हाल वी.पी. स्वास्थ्य विज्ञान प्रतिष्ठानमा नालाद्वारा यो जल पेय ज़लरूपमा पुऱ्याइएको छ। जलको अभावमा छहरा सुकेको देखियो। यसको पूर्व शिरानमा शिव पार्वती, गणेश, बसाहा, नाग, त्रिशुल, डमरु, घण्टी, वाघको आकृति माटाको ढिस्कुरामा झल्किन्छ। उक्त दिन पुगेका धार्मिक यात्राटोलीमा यसप्रकार थियौं। टोलीप्रमुख मान बज्राचार्य सहभागीहरु- लोकेन्द्रराज कोइराला, जीतबहादुर बस्नेत, धनबहादुर कार्की, वीरबहादुर बस्नेत मिति २०५३।१।८।७ कादिन वराहक्षेत्र ३ चतरा पुनरवासमा लक्ष्मी वैंकटेश देवस्थान रामानुज सत्सङ्ग भवन उद्घाटन समारोहमा धार्मिकयात्रा टोलीप्रमुख एवं श्रीवैष्णव परिषद पूर्वाञ्चलक्षेत्रीय समितिका सचिवपदवाट मान वज्राचार्यद्वारा धार्मिकयात्रा र आध्यात्मिक चेतना जगाउँने उद्देश्यले उक्त यात्रा विवरण दर्शाइयो। लुम्विनीअञ्चल नवलपरासीको त्रिवेणीधाम नारायणीनदीतटमा स्वामी कमलनयनाचार्यको आयोजनामा भएको परमवैदिक धर्म महासम्मेलनको विवरण प्रस्तुत गरियो। कोशी अञ्चलवाट ७ जनाको टोली, लुम्विनी अञ्चलमा १९ जनाको भयो। परमात्मा साधना सत्सङ्ग कोटीहोममा बसी धवलागिरिअञ्चल भ्यागदीवाट आएकाहरुलाई समावेश गरी १०२ जनाको टोली गठन गरियो। १९ देखि २५ गते फागुन २०५२ सालमा दैनिक राती ८ वजेदेखि १० वजेसम्म भजन प्रवचन, कविता वाचन, राश लीला नृत्य कार्यक्रम प्रस्तुत गरियो। सो अवसरमा सुनसरीका चारधामको परिचय गराइयो। ६ श्राद्धीयभूमिको महिमा बताइयो। वराहक्षेत्र आदिवराहक्षेत्र सुर्यकुण्डको महिमा नेपाल राज्यभरिमा यात्रा र संचार माध्यमले प्रचारप्रसार गर्दै आइएको सर्वविदितै छ।

श्रीआदिवराहायै नमः श्रीसूर्यकुण्डायै नमः

भगवान्विष्णुले श्रीवराहको अवतारमा पनि शंखचक्र, गदा, पद्मपीताम्वर मुकुट, वनमाला, श्रीवत्स चिन्हले नै सुशोभिनु भएको छ। गोलाकापरूपमा र स्त्रीरूपमा पृथ्वीलाई दुई उज्ज्वल दाह्रा र सुरो आकृतिको ओंठमा धारण गर्नु भएको छ। जुन् दर्शनीय छ। देवताहरुले यसरूपको वर्णन स्तुतिमा गर्नु भएको छ।

जुन् २०१८ साल आश्विन, सन् १९६१ सेप्टेम्वरमा प्रकाशित श्रीवराहक्षेत्र महिमा (परिचय) मा अनि वराहक्षेत्र महोत्सव २०-२७ कात्तिक २०५७ मा प्रकाशित वराह-उवाच श्रीवराहक्षेत्र पृष्ठ १२ मा छापिएको छ।

तेस्रो पटक यस पुस्तकमा स्थान दिइएन। वर्णनमा परेकै छ। हराएको पीत्तलको नमूनाको आदिवराहभगवान्को मूर्ति झल्किने तस्वीर कम्प्यूटरबाट दुरुस्त निकाली उपहाररूपमा दिनु भएकोमा भानुचौक धरानका श्रीमतीपिङ्गला न्यौपानेमा धन्यवाद छ। विराटनगर ९ स्वस्तिक आर्टका चित्रकार श्रीविनोदकुमार पोखरेलबाट बोर्डमा झल्काइएकोछ। वहाँलाई पूर्वाञ्चल अनाथाश्रमका संस्थापक अध्यक्ष श्रीमतीसीता पोखरेलद्वारा रु. १३००।- तेह्रसय पारिश्रमिक स-धन्यवाद दिनु भएको छ। अनावरणसहित् लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठानतर्फबाट आदिवराहभगवान्को मन्दिर सूर्यकुण्डमा उक्तबोर्ड टाँगिएको छ। धरान-१३ का श्रीराजकुमार (योगेन्द्र बहादुर) निरौलाज्यूले आफ्नै आर्थिक लगानी गरी पक्कीरूपमा श्रीआदिवराहभगवान्को मन्दिर निर्माण गरिदिने वचन २०६५ वैशाख १ गते उद्यान निर्माणको शुभारम्भ गर्दै दिनुभएको छ। श्रीविष्णुपादुका मन्दिर पक्कीरूपमा नै निर्माण गरिदिनुभएको आधारमा उक्त वचनलाई आदिवराहक्षेत्र विकास उपसमितिले ठूलो भरोसा मानेको छ। अध्यक्षता गर्नु भएका वराहक्षेत्र वृहत्तर विकास समितिका अध्यक्ष श्रीगणेश सुब्बा विरहीज्यूले दिनुभएको आश्वासन अनुसार श्रीराधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठानका संस्थापक एवंम् संरक्षक श्री श्री १००८ बालसन्तमोहनशरण देवाचार्यज्यूले पृथ्वीलाई दाह्रामा धारण गरेको चतुर्भुजी आदिवराहभगवान्को शिलाढुंगा मूर्ति प्रदान गर्नुभएकोबाट पनि पूर्वयोजना सफल भएको छ। वस

लैण्डरोभर चढेर आदिवराहक्षेत्र सूर्यकुण्ड पुग्ने धार्मिक पर्यटक महानुभावहरुले वराहपुराण अध्याय १३७-१३८ र १३९ आदिले महत्व दर्शाएको श्रीआदिवराहभगवान् र श्रीसूर्यकुण्डको दर्शन पाउँने योजना कार्यान्वयन हुनु अपार हर्ष लाग्ने कुरा हुन् ।

वराहक्षेत्र ४ वयरवनदेखि ७, ८, ९ वार्ड श्रीआदिवराहक्षेत्र सुर्यकुण्ड, भवानीस्थान माउण्ट तुङ्कुट शान्तिवनलाई हरियाली वातावरणले सजाउँने उद्देश्योचित योजनावद्ध वृक्षारोपण गर्ने कार्यको अभियान २०६५ आषाढ १ गतेदेखि चलाइएको छ । श्रीवराहक्षेत्र गाविसका अध्यक्ष एवं सचिव श्रीदेववहादुर प्रधान र सुनसरी जिविसका स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदीज्यूको सिफारिसमा ५०% छुट मुल्यमा १०० थान बाँसका विरुवा र १५० थान विभिन्न जातका विरुवा जिल्ला वनकार्यालय सुनसरी, इनरुवावाट दिलाउनु भएको थियो । उक्त विरुवा कवि मान बज्राचार्यको अनुरोधमा वयरवनका व्यापारी श्री तोलाराम दासले आफ्नै टैक्सीद्वारा सूर्यकुण्डमा पुऱ्याई दिनु भयो । स्थानीय युवावर्गको सक्रियतामा आषाढ ५ र ६ गते रोपिएकोछ । आवश्यकता अनुसार जिल्ला वनकार्यालय सुनसरी इनरुवावाट मगाउँदै रोप्दै जाने उद्देश्य छ ।

२०६५।३।७ गते सनातन धर्मसेवा समिति वराहक्षेत्र उपशाखा, लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठान, आदिवराहक्षेत्र विकास उपसमितिको संयुक्त वैठकले स्वर्गीय पृथ्वीबहादुर बज्राचार्यको १ मिनेट मौन धारणपूर्वक श्रद्धाञ्जलली अर्पण गऱ्यो । विरुवा किन्दा र ढुवानीमा लागत रु. २००।- प्रदान भएकोमा श्रीमतीदिलकुमारी बज्राचार्य, श्रीअशोकरत्न बज्राचार्य झुम्का चन्द्रबुद्ध चिउरामील, श्रीमतीजानकी बज्राचार्य धरान ५ लाई धन्यवादज्ञापन गरेको थियो । विशेषअतिथि कमरेड सुरक्षा राई, प्रमुखअतिथि चुडामणि नेपाल हुनुहुन्थ्यो । अध्यक्षता मान बज्राचार्यद्वारा गरिएको थियो ।

वैठकले स्व. हिराध्वज राई, श्रीमतीराजकुमारी राई, सुपुत्र सुवासकुमार राई र वर्तमान आदिवराहक्षेत्र विकास उपसमितिका अध्यक्ष श्रीलेखबहादुर

राईद्वारा उभ्याइएको सखुवाको ४ खम्वासहित् टिन काठवटम उखेली लट्टेनीस्थान परिधिमा गाड्ने र भएको शिलाढुंगामा थप गरी मन्दिर वनाउँने । पहिरो रोक्ने योजनावद्ध कार्य गर्ने, देखिएको भएको जल समेटी टंकीका जल थप गरी कलात्मक आकर्षक नमूनाको पक्की सूर्यकुण्ड निर्माण गर्ने, अन्नवाली वन्द गरी देवालय गुठी जनिएको ४ विगाहा १९ कठ्ठा जमीन मध्ये वचेको जमीनलाई चियावगानरूपमा परिणत गर्ने ।

सुँगुर, बाखाका खोर घरकटेरा हटाउँने र तारघेरा गरी योजनावद्ध चियाविरुवा रोपी चियावगानरूपमा आदिवराहक्षेत्रलाई परिणत गर्ने निर्णय गरियो।

निर्णय कार्यान्वयनमा योगदान कर्ताहरुको नाम स्थानीय पत्र पत्रिकामा प्रकाशित हुँदै जानेछन् ।

जिविसको कार्यालय सुनसरी इनरुवामा प्रस्तुत भएका मध्य संलग्न विवरणमा आर्थिक सहयोगी र श्रमदानीहरुको नाम उल्लेख छन् । शुभकामना प्रदानकर्ता महानुभावहरु-

१. श्रीमुकुन्दप्रसाद भारती महन्थ चतरामठ
२. स्थानीय विकास अधिकारी जिविस सुनसरी, कम्प्यूटर कर्मचारी श्रीआलोक मगर, जिविस. सुनसरी
३. श्रीखेममणि काफ्ले, योजना अधिकृत, जिविस सुनसरी
४. श्रीगंगाविसन राठी, विराटनगर-४, मोरङ्ग
५. श्रीनरेश राणा मगर प्र.अ. सुर्यकुण्ड प्रा.वि. वराहक्षेत्र-८
६. श्रीमणिराम राई अध्यक्ष विष्णुपादुका गाविस एवं भालढुंगा मा.वि.का प्र.अ.मा धन्यवाद छ ।

स्वागतम्

(शार्दुल विक्रीडित छन्द)

सूर्यै आदिवराह भक्त वनिए शास्त्रोक्तछन् वर्णन ।
सूर्यैकुण्ड थियो वग्यो किन वुझौं ? छन् सम्झँदै सज्जन ॥
शोभित् आदिवराहक्षेत्र गिरिका, रुद्राक्षका जंगल ।

ठूला पीपलवृक्ष काटिन गयो, वृक्षादि मासे सब ॥

अज्ञानी पटमूर्ख मानिस स्वयं, शास्त्रोक्त व्याख्या सुनी ।
स्वस्थानीय महत्वका शिखरका, हाँसुन् भवानी भनी ॥
आफ्ना भूल सुधार्न यत्नश्रमले, उद्योगको मार्गमा ।
कर्तव्योचित कार्य गर्न सजिउँन्, भन्ने छ है प्रार्थना ॥

डाँडापर्वत माझको जमिन यो ! तानिन्छ झर्छन् तल ।
वाली अन्न फलाउँने नगर है । खन् जोत बन्दै गर ॥
रोप्ने गर्नु चियाबगान सजियोस्, वृक्षादि वासै वढे ।
रोकिन्छन् पहिरो छ विन्ति सुन है ! भन्दैछ यो ! मानले ॥

श्रीसूर्योदय ज्योतिले किरणले, पारोस उज्यालो सधैँ ।
होलान् आदिवराहक्षेत्र हँसिलो, हाँस्छौं भवानी संगै ॥
आउँन् पर्यटकै र धार्मिक यहाँ, हावा हिमाली सरी ।
हाम्रा सुन्दर भावना विकसियोस्, साहित्य औं संस्कृति, ॥

भाषा भेष र सभ्यता अखिलमा, फैलाउँने माध्यम ।
बन्ला आदिवराहक्षेत्र महिमा, जानी बनौ सज्जन ॥
गुड्दै मोटर आउँछन् दिन दिनै, दृश्यादि हेर्ने जन ।
पाउँन् स्वागत प्रेमभावसहितै, धेरै खुलुन् उद्यम ॥

सूर्यकुण्डको थप महिमा

अस्ति सूर्यसरोनाम गिरिपृष्ठेषु भागमिनि ॥३९॥
अत्रधारा पतत्येका कौशिकी माश्रिता नदीम् ।
तत्रस्नानं प्रकुर्वीत नरोरात्रावुपेषित : ॥४०॥
सूर्यलोक भवाप्नोति ममर्मार्गानुसारक : ।
तथाऽत्र मुञ्चेते प्रणान् सूर्य धारा समाश्रितम् ॥४१॥

भगवान् वराहले पृथ्वीलाई भन्नु भएको छ हे भामिनी । सुर्य (सरोवर) कुण्ड नाम भएको स्थान मेरो लोक (धाम) गिरि पृष्ठ - पर्वतको पिठ्यूँमा छ। सप्तकोशी आदिगङ्गाको पूर्व फर्किएको धारोमा पर्ने सूर्यकुण्डबाट झरेको जलको धारा बाघखोला करमखोलाको शिरानबाट मिसिएर पुग्दछ ।

१३ आर्डी पुलमुन्तिरबाट बग्दै सप्तकोशीनदीको पूर्व फर्किएको भङ्गालो मिलेको झुम्का चतरा यातायात गर्ने सबै यात्रुहरुले देख्दै आएकाछन् ।

यसरी छहरा, खोला जस्ता जलस्रोत आदिगङ्गाजलमा जब स्पर्श गर्छन्, ती सबै जल पुण्यदायी बन्छन् । त्यस पुण्यको वर्णन गर्दै भगवान्वराह भन्नु हुन्छ- एकारातमात्र उपवास बसेर जसले सूर्यकुण्डको जलमा स्नान गर्छ, अनि त्यहीं प्राण त्याग्छ, भने सूर्यलोकलाई नाघेर (जितेर) त्यो भक्तले मेरो लोक वैकुण्ड प्राप्त गर्दछ ।

उपखण्ड :- विशेष विवरण

धरणीधर आदिवराह स्तुति

(तोटक छन्द)

धरणीधर आदिवराह हरि । ज़पने भवसागर जान्छ तरी ॥
हिरण्याक्ष विनाश गरी धरणी । धर आदिवराह र हे जननी ॥
हुनु भो प्रमुख आदिवराह हरि । धरणीधर भन्छन भक्त कवि ॥
'जन जीवन जाग्रत सुन्दर होस् । कवितामय उज्ज्वल भावखुलोस् ॥
शुभ लक्षितमार्ग बढुन् जनता । धरणीधर आदिवराह प्रभा ॥
छरियोस् रविचन्द्र नक्षत्र सरी । युगको परिवर्तन दृश्य छटा ॥
कवि लेखक विज्ञ स्वयं प्रतिभा । गुण ज्ञान कवित्व मनोहरता ॥
निज राष्ट्रियता पहिचान गर । न चिने स्वपना रँहदैन बुझ ॥

पोखराको फेवाताल वीचमा श्रीवाराही मन्दिर छ । त्यस वरिपरि पानीको तलाउमा चित्ताकर्षक सुरम्य मनोहर अन्नपूर्ण, माछापुच्छ्रे हिमालहरुको

छाया पर्छ। काश्की पोखराको श्रीराम मन्दिरबाट श्रीविन्ध्यावासिनीदेवी मन्दिर, त्रिरत्नवुद्ध विहारतर्फ फर्केर मोटर चढी यात्रा गर्दा ती हिमालय पर्वत सामू देखिन्छ। वडो भावुक मन हुन्छ। त्यसरी नै सूर्यकुण्ड कलात्मकरूपले पक्की बनाउँन सकियो भने लवालव पानी भरिएको उक्त कुण्डमा चन्द्रसूर्य र हिमालय पर्वतको छायाँ पर्छ। मन हरण गर्ने दृश्य उपस्थित हुन्छ। जुन माउण्टहरुका नाम माथि नै उल्लेख गरिसकिएको छ। सूर्यकुण्ड आदिवराहक्षेत्रको जति धार्मिक महत्व छ, त्यतिकै पर्यटन क्षेत्ररूपले पनि महत्व छ। धार्मिक र पर्यटनक्षेत्ररूपमा आवश्यक चौतरा, धर्मशाला होटल व्यवसाय कृषि व्यवसाय जन्य सीपमूलक आय आर्जनका माध्यम उद्योग कारखाना निर्माण गर्न सके स्थानीय वासिन्दा नेपाली जनता विदेशमुखी हुने थिएनन्। स्वावलम्वी हुने थिए।

उक्त उद्देश्य अनुसारको २०६४।९।२४ र २५ गतेको उत्तरमुखी धार्मिक पर्यटन चक्रपथयात्रा र कार्यक्रमका सहभागीहरु धन्यवादका पात्र हुनुहुन्छ।

टोलीप्रमुख- मान बज्राचार्य, सहभागी- गणेशप्रसाद दुलाल-३ लक्ष्मीप्रसाद अधिकारी, पूर्वाञ्चल अनाथालय विराटनगर १७ तर्फबाट सहभागी श्रीबालमुकुन्द पोखरेल, श्रीमतीसीता पोखरेल, ६- श्रीखगेन्द्र आचार्य, ७- श्रीनरेश खतिवडा, ८- श्रीमतीदेवी आचार्य, ९- श्रीमतीनर्वदा खतिवडा, १०- सुश्रीडोना पोखरेल, ११- पूजन घिमिरे, १२- श्रीमतीपवित्रा भुजेल, १३- भेनचालक श्रीखगेन्द्र आचार्य को१च ३३३२ पू.आ. २४ गते श्राद्ध तर्पण कर्मकाण्ड पछि २०६३ भदौ १ गते ९१ वर्षका उमेरमा स्वर्गीय हुनु भएका पूज्यपिता 'श्रीनीलकण्ठ पोखरेल स्मृति पुरस्कार' रु. ११११।- श्रीबालमुकुन्द पोखरेलद्वारा ८४ वर्षीय विष्णुपादुका मन्दिरका पुजारी श्रीचतुरमान तामाङ्गलाई प्रदान गरियो। श्रीमतीसीता पोखरेलद्वारा प्रमुखअतिथिपदबाट श्रीमती भक्तमया तामाङ्ग समेतलाई पछेउरी दोसल्ला ओढाई लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठानतर्फबाट आजीवन सदस्य मध्य जेष्ठरूपमा सम्मानपत्र चढाइयो।

प्रतिष्ठानका संस्थापक अध्यक्ष मान वज्राचार्यबाट ॐ श्रीराम जय राम जय जय राम लेखिएको पीताम्वर पहिऱ्याई नेपाली राष्ट्रिय टोपी लगाईयो। श्रीविष्णुपादुका गाविस समिति अध्यक्ष एवं कार्यालय सचिव श्री गणेशबहादुर प्रधानको अध्यक्षतामा आयोजित समारोहमा विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सदस्य तथा सुनसरी शाखाका उपाध्यक्ष श्रीआनन्द आचार्यले स्वागत मन्तव्य दिनु भएको थियो। पूर्व निश्चित कार्यक्रम अनुसार २५ गते बराहक्षेत्र ७ सूर्यकुण्ड आदिवराहक्षेत्रमा श्रद्धाञ्जलीसभा मान वज्राचार्यको अध्यक्षतामा आयोजना भयो। सर्वप्रथम स्वास्तिका आर्ट विराटनगर ९ का आर्टिष्ट श्रीविनोदकुमार पोखरेलद्वारा लेंखी तयार पारिएको बोर्ड लेखाईको पारिश्रमिक रु १३००।- श्रीमतीसीता पोखरेलबाट प्रदान भएको थियो। हराएको आदिवराहभगवान्‌को मुर्ति र सूर्यकुण्ड चित्राङ्कित बोर्ड अनावरण र स्व. हिराध्वज राई प्रति श्रद्धाञ्जली कार्यक्रम पछि पुरानो समिति विघट्न गरियो। साथै माओवादी कार्यकर्ता सामाजिक कार्यकर्ता र स्थानीय जनताहरुको उपस्थितिमा २०६३।३।५ गतेको आदिवराहक्षेत्र विकास उपसमिति विभिन्न महानुभावहरुलाई मनोनित गरी पुनर्गठन मिति २०६५ पुष २५ गते यसप्रकार गरियो।

अध्यक्षं	- श्रीलेखवहादुर राई, सूर्यकुण्ड
उपाध्यक्ष	- श्रीअमृतबहादुर तामाङ्ग, युगपाखी
सचिव	- श्रीधनबहादुर राई, सूर्यकुण्ड
कोषाध्यक्ष	- श्रीसुवाषकुमार राई, सूर्यकुण्ड
सदस्य	- श्रीहाईभक्त राई मूलगाउँ, चियावारी
सदस्य	- श्रीगोविन्दप्रसाद राई, चियावारी
सदस्य	- श्रीमणिराम राई, भालुढुंगा
सदस्य	- श्रीनरवहारदुर राई, युगपाखी
सदस्य	- श्रीकमानसिंह राई, चियावारी

सदस्य - श्रीज्ञानवहादुर राई, मूलगाउ चौडण्डा

सदस्य - श्रीजीवनराई प्र.अ. सिंहदेवी प्रा.वि. चियावारी

सदस्य - श्रीभाविराम राई, युगपाखी

सदस्य - श्रीधनसेर राई, मूलगाउँ चौडण्डा

प्रमुख सल्लाहकार - श्रीमान वज्राचार्य वराहक्षेत्र-४ सल्लाहकार श्रीगणेशप्रसाद दुलाल वि.नं. १, श्रीशेरवहादुर राई पुजारी-भवानीस्थान चौडण्डा डाँडागाउँ, श्रीमतीसीता पोखरेल पूर्वाञ्चल अनाथश्रम विराटनगर-१७, श्रीप्रेमकाजी वज्राचार्य-अध्यक्ष झीगुठी विराटनगर,

- संरक्षक समिति -

मिति २०६५।३।७७ का दिनको संयुक्त वैठकले गठन गरेको संरक्षक समिति यसप्रकार छ।

१- श्रीवराहक्षेत्र गाउँ विकास समिति चतरा सुनसरी।

२- श्रीविश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति।

३- श्रीलक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान।

४- श्रीआदिवराहक्षेत्र विकास उपसमिति।

५- श्रीमोटरबाटो निर्माण उपभोक्ता समिति।

६- श्री ने.क.पा. माओवादी श्री विष्णुपादुका श्रीवराहक्षेत्र।

७- श्रीब्रम्हाकुमारी राजयोगसेवा केन्द्र।

८- श्रीसनातन धर्म सेवा समिति।

९- श्रीवराहक्षेत्र वृहत्तर विकास समिति।



सविनय भावोद्‌गार :

(स्रग्धरा छन्द)

गौमाताले धरा भै विचलित बनिई, विष्णु ब्रह्मा महेश ।
रक्षा गर्नोस् भन्लान् अनि विपत बढी, सृष्टि नाशिन्छ धेर ॥
हत्या हिंसा अशान्ति प्रमुख असुर नै, धेर मच्चाई हिंड्छन् ।
गौ भू-रक्षा व्यवस्था सजग वनि गरौं, हे दयावान सज्जन ! ॥

- एक महिने अभियान भ्रमण विवरण -

विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको विधान २०६० परिच्छेद ४ को दफा १५ उपदफा १ देखि १५ मा उल्लेखित कार्यक्रम अनुसार सुनसरीशाखा धरान ५ गीता भवनमा प्रवचनमाला चलिआएको छ। अधिराज्यका जिल्ला शाखाहरुले अनुकरण गर्नु पर्ने प्रवचन मालामा सत्रौं प्रवक्तामा २०६०।३।७ का दिन स्थान पाएको थिएँ। प्रत्येक महिनाको प्रथम शनिवार दिनको ३ बजेदेखि ५ बजेसम्म प्रवचनका अवधि राखिएको २ घण्टामा सुनसरीका चारधाम, १. रामधुनी, २. चतरा वराहक्षेत्र, ३. श्रीविष्णुपादुका र ४ श्रीपिण्डेश्वरधाम आदिको महत्व उजागर भएको प्रवचन दिएको थिएँ। मिति २०६३।३।५।५ मा आदिवराह विकास उपसमिति गठन गरियो। अध्यक्षता - गजेन्द्रप्रसाद आचार्यज्यूले गर्नु भएको थियो। ४९ औं प्रवचनमालाका प्रवक्तारूपमा मिति २०६३ साउन ६ गते शनिवार ३ बजेदेखि ५ बजेसम्म दोस्रो पटक पाएँ। प्रा. टीकाप्रसाद शर्मा वस्तीज्यूले अध्यक्षता गर्नु भएको थियो। आनन्द आचार्यज्यू उद्घोषक हरेराम कर्माचार्यज्यू सचिव त्रयको हस्ताक्षर भएको उपहाररूपमा प्राप्त डायरीमा व्यहोरा छ। वैदिक सनातन धर्म र संस्कृतिबारे जानकारी गराउँने पवित्र उद्देश्यले हरेक महिनाको प्रथम शनिबार विश्वहिन्दु महासंघ राष्ट्रिय समिति नेपाल जिल्लाशाखा सुनसरीको आयोजनामा ४९ औं मासिक प्रवचन मालाका वक्ता कवि मान बज्राचार्यज्यू प्रति सप्रेम उपहार। प्रवक्तारूपबाट श्रीहेमन्तराज अर्यालज्यूले वैदिक मन्त्रबाट सामूहिक प्रार्थना गराउँनु हुन्छ। ९ जना सहभागीको नाम र शुभकामना प्रदान गर्ने सरकारी गैरसरकारी सबैको नाम सुनाइएको कुरा उपस्थित सबै महानुभावहरुमा विदितै छ। प्रवचनमालाका ५० औं प्रवक्तारूपमा अद्वैत संस्थाका संस्थापक ब्रह्मज्ञानी गुरुदेव डा. क्षितीशचन्द्र चक्रवर्तीका सुयोग्य शिष्य ब्रह्मविद्याविद् श्रीमहानन्द न्यौपानेज्यूलाई उपस्थित गराउन सफलता प्राप्त भएकोमा खुशी लागेको छ। २०६३।३।३।७ का दिन ४८ औं प्रवचंन मालाका प्रवक्ता सह प्रधानाध्यापक डा. भरतप्रसाद भट्टराईज्यूले रुद्राक्ष महिमाको

उजागर गर्नु भयो । उक्त प्रवचन कार्यक्रममा एकमहिने अभियान भ्रमण टोली ९ जनाको गठन भयो । अध्यक्ष सह प्रा. श्रीपुरुषोत्तम भट्टराईज्यूलेसमेत दिनु भएको शुभकामना लिएर अभियान भ्रमण एक महिना विभिन्न स्थानमा उक्त ९ जनाको १ टोलीले गऱ्यो । टोली नेपाल राष्ट्रिय समिति अध्यक्ष श्रीदामोदर गौतमलाई १९० मतले विजयी बनाउँन सफल भयौं ।

नेपाल राष्ट्रिय महासभा २०६३ काभ्रेपलाञ्चोक वनेपामा २०६३।३।९ र १० गते बसेको थियो । मतदान गर्नेहरु मध्य सुनसरीको प्रतिनिधित्व गर्नु भएका आफ्ना संस्थाका पदाधिकारी यसप्रकार हुनुहुन्थ्यो । १. मान वज्राचार्य टोलीप्रमुख, अभियान भ्रमण । अध्यक्ष लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान विराटनगर-४ मोरङ र धर्मोदयसभा वराहक्षेत्र शाखा, उपाध्यक्ष विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखा धरान-५ । सदस्य अद्वैतसंस्था मोरङ्ग विराटनगर-७ अल्कानन्द शाखा सचिव वराहक्षेत्र शाखा । २. आनन्द आचार्य, राष्ट्रिय सदस्य एवं सुनसरी जिल्ला उपाध्यक्ष धरान १२ चतरालाइन । ३. उद्धवप्रसाद अधिकारी-सचिव विजयपुर आध्यात्मिक मञ्च धरान । ४ पंकज घिमिरे धरान-१४ विजयपुर । ६ श्रीमती नैनकला न्यौपाने धरान-३ कैलाश पथ । ६. श्रीमतीकमला (काफ्ले) श्रेष्ठ धरान-२, त्रिभुवन पथ र रत्न रोड । हरेराम कर्माचार्य सचिव विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखा धरान-५, निवास धरान ३ । ८. कृष्णप्रसाद पौडेल अध्यक्ष- विश्वहिन्दु महासंघ इटहरी शाखा । ९. शारदाप्रसाद मिश्र, अध्यक्ष, समाज कल्याण सत्संग समिति सदस्य श्रीगायत्री आश्रम समिति वराहक्षेत्र इटहरी । यी ९ जनाको नामावली संलग्न राखी २०६३ आषाढ १२ गते सोमवारका दिन नेपाल सरकार प्रधानमन्त्री तथा, मन्त्रिपरिषदको कार्यालय सिंहदरवार काठमाडौं दर्ता नं. ८३०७ फाँटमा विषय परिपत्र एवं सडक पीच माग गरेको तल उल्लेखित् व्यहोराको अनुरोध पत्र मान बज्राचार्य र हरेराम कर्माचार्यले बुझाएका थियौं । उक्त पत्र दर्ता भएको नम्वर रेकर्डमा छ ।

अभियान भ्रमण लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका आजीवन सदस्य

भेला २०६३।२।१३ र २०६३।२।२७ को वैठक निर्णय अनुसार २०६३।२।३१ गते बुधबारका दिन विषय धर्म निरपेक्ष राज्यमा गाई गोरु काटमार हुन न पाओस् भन्ने तल उल्लेखित् व्यहोराको ६- ठेगाना र चासो राख्ने महानुभावहरु सम्वन्धित् उल्लेख भएको ज्ञापनपत्र औपचारिक भ्रमण मुकाम मोरङ्ग विराटनगरको निवास पुगी अध्यक्ष मान बज्राचार्य र महासचिव राजेन्द्र पोखरेलद्वारा उक्त मितिको बुधबार ६:३० बजे नेपाली कांग्रेस जिल्ला कार्यालय समितिका जिल्ला समिति सचिव श्रीपीताम्वर दाहाल मार्फत् बुझाइयो। नक्कल पत्रमा हस्ताक्षर बखत भन्नु भए अनुसार प्रधानमन्त्री श्रीगिरिजाप्रसाद कोइरालाबाट कुनै तोक आदेश निर्देशन भएको जानकारी प्राप्त भएको छैन। आषाढ ११ गते अभियान, भ्रमण कार्यक्रम अनुसार धुलिखेल, पनौती पुगी फर्केर बनेपाबाट सिनामंगल काठमाडौंमा पुगियो। त्यहाँ बास भोजन सत्कार सुदिप श्रेष्ठ र सुश्री सञ्जु श्रेष्ठबाट प्राप्त भयो। आषाढ १३ गते २०६३ का दिन स्व. स्व निवासमा अध्यक्ष मान बज्राचार्य र सचिव हरेराम कर्माचार्य प्रवेश गरेका थियौं। मोरङ्ग सुनसरी झापातर्फ मोरङ्ग वयरवन, झापाका सुरुङ्गा, चाराली हुँदै चन्द्रगढी, भद्रपुर, धुलाबारी, काँकरभिट्टा पुगी टोलीप्रमुख एक्लै मान बज्राचार्यबाट आषाढ २९ गते १९३ औं भानु जयन्तीको उपलक्ष्यमा निर्धारित अभियान भ्रमण कार्यक्रम समापन गरियो।

अभियान भ्रमणको ३ उद्देश्य थियो

१. २०६३ जेठ ४ गते स्थापना भएको संघीय लोकतान्त्रिक गणतन्त्र व्यवस्थाले हँसिलो बनाएको नेपालको मुहार हेर्ने।
२. धर्मनिरपेक्षराज्य नेपालका राष्ट्रिय जनावर गोवंशको रक्षा व्यवस्थार्थ अधिराज्यका जिल्ला प्रशासन कार्यालयहरुमा नेपाल सरकारबाट परिपत्र गरियोस् भनी ज्ञापनपत्र बुझाउँने र सुनसरीका चारधाम आवागमनका कच्ची बाटा मोटर चल्ने र पिच निर्माण तथा कालोपत्रे गराउँने।
३. विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति

राष्ट्रिय महासभा २०६३ काभ्रे पलाञ्चोक बनेपामा भागलिने अध्यक्षको रिक्त स्थान पदपूर्ति गर्ने तथा आदिवराहक्षेत्र सूर्यकुण्ड र श्रीआदिवराह भगवान्को मूर्ति पुनर्स्थापनासहित विकास गर्ने ।

तीन उद्देश्यको अभियान भ्रमणकालमा अद्वैत संस्था मोरङ्ग विराटनगर-७ अल्कानन्द शाखातर्फबाट तीन उल्लेखित् शाखाको कार्यक्रममा भाग लिइयो। तीनखण्ड भएको अहं ग्रोपासना तथा दुर्गा सप्तशती स्तोत्र भाष्य प्रकाशन गर्ने संयोग मिलेकोमा अद्वैत संस्थाका सदस्य बह्मविद्याविद् श्रीमहानन्द न्यौपाने एवं सम्बन्धित् सुनसरी शाखा धरान-५ गीता भवन प्रवचन मालाका क्रमशः मा परेका प्रवक्ताहरुले व्यक्त गरेका विचारलाई कार्यान्वयन गर्न सके विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समितिको ऐतिहासिक पृष्ठभूमि तयार हुँदै जानेछ।

२०६३।४।१२।६ का दिन प्रा. श्रीटीकाप्रसाद वस्ती शास्त्रीज्यूको अध्यक्षतामा बसेको वैठकले बराहक्षेत्र सूर्यकुण्ड आदिवराहक्षेत्र मन्दिरमा स्थापना गर्न श्री आदिवराह भगवानको शिलाढुंगाका मूर्ति निर्माण कार्यमा सक्रिय योगदान पुऱ्याउँने प्रस्ताव छलफल पूर्वक निर्णय भएको छ ।

विगतवर्ष जस्तै २०६३।४।१० देखि २० गतेसम्मका प्रवक्ता पं. योगेश भण्डारी वराहक्षेत्रको संगीतमय धारावाहिक श्रीमद्वाल्मीकीय रामायण प्रवचन कार्यक्रमबाट संकलन भएका आर्थिक रकमबाट धरान १४ श्रीदन्तकाली माताको दर्शनार्थ उक्लने ओर्लने सिंढिका दायाँ बायाँ फलामका रेलिङ्ग निर्माणकार्य सम्पन्न हुनु विजयपुर आध्यात्मिक मञ्चको ऐतिहासिक पृष्ठ भूमि तयार हुनु हो । श्रीवराहक्षेत्र सेवाश्रम निर्माणमा योगदान पुऱ्याएका पं. योगेश भण्डारी, वराह प्रवचनालय निर्माणमा लाग्नु भएको छ ।

दुईधारेदेखि दक्षिणमा पर्ने भड्खालो बाटोमा ढुंगा छाप्ने काम भएमा भ्रीगु समाज धरानको धार्मिक र विकासको इतिहासमा स्थान प्राप्त गर्ने २०६३।३।३।७ मा प्रस्ताव राखिएको व्यहोरा कवितामा व्यक्त गरिएको थियो।

श्रीरामप्रसाद दाहाल आजीवनसदस्य भेलाद्वारा चयन भएकामा बधाई ज्ञापन गरियो ।

नेपालको पूर्वीयद्वार मेचीनगरपालिका वार्ड नं. १० काँकडभिट्टा माध्यमिक विद्यालय परिसरको आदिकवि भानुभक्त आचार्यको गौरवमय प्रतिमामा श्रद्धाञ्जली कार्यक्रम २०६२।३।२३ गते १९२ औं भानुजयन्तीदेखि शुभारम्भ भएको हो । सो अनुरुप २०६३।३।२९ गते वृहस्पतिवारका विहान ८ वजे लेखनाथ वाचनालय चन्द्रगढीका अध्यक्ष श्रीकृष्ण सुवेदी 'निराकार' ज्यूको प्रमुखआतिथ्य, कविवर मान बज्राचार्यको अध्यक्षता र त्रिफला राष्ट्रिय पुस्तकालय मेचीनगर-१ धुलावारी झापाका संस्थापक अध्यक्ष श्रीप्रेमप्रकाश 'फलाहारी' को संयोजकत्वमा श्रद्धाञ्जली चढाइयो । यस प्रतिष्ठानका आजीवन सदस्यहरु मध्य ८६ वर्ष ६ महिना १० दिन उमेरका काँकडभिट्टा नगरपिता श्रीछत्रवहादुर वस्नेतज्यूको 'छत्रहरि वृद्धवृद्धा कल्याण अक्षय कोष'का अध्यक्ष मातृका वस्नेत र श्रीमतीहेमकुमारी बस्नेतको उपस्थितिमा दोसल्ला ओढाई सम्मान गरिएको थियो । साथै प्रतिष्ठानका संरक्षक पदमा आसिन गराइएको छ । काँकडभिट्टाका समाजसेवी श्रीरामप्रसाद दाहाल, श्रीमतीदेवी दहाल एवं सुरुङ्गा ९ एकान्तटोल निवासी कविवर श्रीगोविन्द्रप्रसाद घिमिरेमा प्रतिष्ठानको आजीवन सदस्यता प्रमाण-पत्र प्रदान गरियो । प्रतिष्ठानका उपाध्यक्षमा श्रीप्रेमप्रकाश फलाहारी, सदस्यपदमा श्रीरामप्रसाद दाहाललाई मनोनित गरियो । एकमहिने अभियान भ्रमणमा सवैलाई यस कार्यक्रमवाट धन्यवाद ज्ञापन गरिएको थियो । उक्त कार्यक्रमको अवसरमा आफ्ना आफ्ना स्थानवाट व्यक्तिगत वा संस्थागत रुपमा शुभकामनाहरु प्राप्त भएकाछन् । आदिवराहक्षेत्र, सूर्यकुण्ड योजनावद्ध विकास भएपछि विवरणसहितको स्मारिकामा पकाशित हुनेछन् ।

योजनाबारे

संयुक्त वैठक हुनु पूर्व सनातन धर्मसेवा समिति वराहक्षेत्र उपशाखा र विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समितिसित सम्वन्धित् लक्ष्मी देवी गुभाजू स्मृति प्रतिष्ठान, आदिवराहक्षेत्र विकास उपसमितितर्फबाट अध्यक्ष चुडामणि नेपाल संस्थापक अध्यक्ष एवं प्रमुख सल्लाहकार मानवज्राचार्य सदस्य हिमालसिंह राईद्वारा भवानी स्थान चौडण्डा आहालडाँडा, सूर्यकुण्ड आदिवराहक्षेत्र परिसरको

स्थलगत निरिक्षण अध्ययन गरियो । उत्तर कुनाका जल स्रोतबाट बग्दै आएको र सूर्यकुण्डमा सानो कुवामा परिणत भएको, त्यस मुन्तिर ५० फूटतल एकअञ्जुली पानी पहिरोतर्फ बग्दै गरेको देखियो । पूजा अर्चना धूपदीप फूल फल चढाई मन्त्रोचारणपूर्वक श्रीसूर्यनारायणको प्रार्थना गरियो । तल बग्दै गरेको पानी जेनेटर पाइपबाट तान्ने पक्की कुण्ड बनाई त्यसमा भर्ने व्यवस्था र हिमालमुखी उत्तरमुखी धाराको पानी योजनाबद्ध टङ्कीमा भरी खन्याएर सूर्यकुण्डमा जललवालव पार्न सफल हुँदा सूर्यकुण्डको पुनरुद्धारकार्य सफल पार्न सकिन्छ। भन्ने योजना संयुक्त वैठकमा राखिएको थियो । १३×१३ फुटे सूर्यकुण्ड गोलाकार निर्माण गर्ने, परिसर ३० ×२५ फुटे आदिवराह भगवानको मन्दिर, १० × १० फुटे पानी टंकी निर्माण गर्ने, वाडर्न नं. ७ र ८ को सीमानादेखि आदिवराह भगवान्को मन्दिर एरियालाई पोल गाडी काँडेतारले घेर्ने ।

४ विगाहा १९ कठ्ठा मध्य निर्माण कार्य गरी बचेको जमीनलाई चियाबगानरूपमा परिणत गर्ने । काजी बालनरसिंहले २ स्वर्ण थालीमा उमारी रोपिएका प्राचीन वरपीपल मध्य काटिएका स्थानमा पीपल रोपी उक्त वरपीपलका वरिपरि भव्य चौतरा सार्वजनिक रुपमा निर्माण गर्ने बाटो कालोपत्रे निर्माण गर्ने, दाँया बाँया साढे चार फुटको फरकमा वार्ड नं. ४ देखि ९, ८, ७ वरपीपल चौतरासम्म अशोकगाछी र लिप्टस, सेतागाछी क्रमशः रोपी शान्तिवनका रूपमा सुसज्जित पारी माउण्ट आवूको दृश्य उपस्थित गराउने र भारत राजस्थानतर्फ जाने प्रवृत्तिका नेपाली ब्रह्माकुमारी बह्माकुमार राजयोगीहरुलाई यसतर्फ आकर्षित गरी स्वदेशमुखी बनाउँने उद्देश्यको योजना बैठकमा राखी निर्णय गरिएको हो । सो संयुक्त बैठकद्वारा योजनाबद्ध वृक्षारोपन गरी कुण्डको दक्षिण गएको पहिरोलाई रोकथाम गर्ने उद्देश्यको कार्य गरेवापत स्थानीय युवावर्गमा धन्यवाद ज्ञापन गरिएको हो ।

स्वागत समर्थन

२०६५।३।२१ गतेका दिन पूर्व निर्धारित कार्यक्रम अनुसार विराटनगर उपमहानगरपालिका वार्ड नं. ४ उदयमार्गमा स्थानीय प्रतिष्ठितहरु सामाजिक धार्मिक व्यक्तिहरुको संयुक्तवैठक मान वज्राचार्यको अध्यक्षतामा वस्यो ।

प्रतिभा पुरस्कार प्रतिष्ठान एवं त्रिफला राष्ट्रिय पुस्तकालय पूर्वाञ्चल मोरङ्ग विराटनगर शाखाका अध्यक्ष प्राज्ञ दधिराज सुवेदीले प्रमुखअतिथिपदबाट श्रीआदिवराह भगवान्को तस्वीरमा फूल, फल अवीर, धूप, दीप चढाई प्रार्थना पछि वसेको संयुक्तवैठकमा लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानले आयोजकको भूमिका निभाएको थियो । असहाय पुनर्स्थापना केन्द्र, त्रिशक्ति सावित्री पीठ विराटनगर १५, अल्काटोल । श्रीकालिका सेवासमाज तथा देवीपाञ्चायन मन्दिर व्यवस्थापन विराटनगर-४, पूर्वाञ्चल अनाथाश्रम विराटनगर-१७ श्रीराधाकृष्ण मन्दिर केरौन गाविस वार्ड नं. ९ लियोक्लव अफ विराटनगर सेण्टर विराटनगर ४ का व्यक्तिहरुले प्रतिनिधित्व गरी सहभागी हुनु भएको थियो ।

संयुक्तवैठकको प्रारम्भमा मिति २०६५।२।१८ गते अन्तरमुखी धार्मिक पर्यटन चक्रपथ यात्रा लैण्डरोभर चढी धरान घोपा मंगलवारे माछामारा भञ्ज्याङ्ग हुँदै बराहक्षेत्र-७ सूर्यकुण्ड श्रीआदिवराहक्षेत्रसम्मको परिक्रमा इनरुवा सुनसरीसम्म गर्नु भएकोमा साथै सुनसरीका चारधामसमेतलाई धार्मिक पर्यटकक्षेत्र घोषणा गरियोस् भनी नेपाल सरकार सम्वन्धित् मन्त्रालयमा लेखापढी भएकोमा स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदी एवं योजना अधिकृत श्रीखेममणि काफ्ले समेतमा धन्यवाद ज्ञापन गरिएको थियो । साथै २०६५।२।३२ गतेको व्लाष्टमा पकली गाविसदेखि आइतवारे वक्लौरी भरौली चतरा वराहक्षेत्र आवागमन गर्ने कच्ची मोटर वाटोलाई कालोपत्रे निर्माण गर्ने समाचारको स्वागत गर्दै उक्त विषयमा अध्यक्षपदका कवि मान बज्राचार्यबाट खुशी व्यक्त गर्दै धन्यवादज्ञापन पत्र वुझाएकोलाई वैठकले समर्थन गरेको थियो ।

समर्थन निर्णयमा हस्ताक्षर भएकाहरु यसप्रकार हुनुहुन्छ -

मान वज्राचार्य, सावित्री केसी, कृष्ण कोइराला 'चारघरे' अमर ढकाल सुशीला कोइराला भण्डारी, पार्वती श्रेष्ठ, देवमाया मानन्धर, रुपकराज सुवेदी, दधिराज सुवेदी, खेचरबहादुर बस्नेत, डम्बरबहादुर खडका, सीता पोखरेल, दुर्गा चापागाई, सोमराज अभय कटेल, जगतराम पोखरेल, गणेशप्रसाद दुलाल, कविता चापागाईं, चन्द्रप्रकाश भण्डारी, हिरा (रिजाल) वस्नेत आदि हुनुहुन्थ्यो ।

विमोचन कार्यक्रम

प्रत्येक महिनाको अन्तिम शनिवार हुने नियमित भेटघाट कार्यक्रम विराटनगर (मोरङ्ग) आयोजक विराट साहित्य संगम, विराटनगर मिति २०६३।१०।२७७ माघकृष्णअष्टमीका दिन २२औं श्रृंखलाको कवितागोष्ठीका अध्यक्ष श्रीबलराम उपाध्यायले मानबज्राचार्यद्वारा तयार पारिएको श्रीवराहक्षेत्र अभिलेखको लोकार्पण गर्नुभयो ।

उद्घोषक श्रीविजय कटेल 'छहरा' हुनुहुन्थ्यो । श्रीवराहक्षेत्र (अभिलेख)बारे संक्षिप्तग्रन्थ परिचय श्रीहरिप्रसाद बरालबाट दिइएको थियो । गोष्ठीमा लक्ष्मीदेवी गुभाज् स्मृति प्रतिष्ठानका सचिव कवि कृष्ण कोइराला 'चारघरे' लगायत १८ जना कवि कवयत्रीहरुद्वारा कविता पाठ गरिएको थियो ।

स्थान : गोग्राहा उच्च मा.वि.

विराटनगर-५, मोरङ

उदाहरणीय सामाजिक कार्यको उद्देश्य र असहाय पुनस्थापना केन्द्र भवन

कवि श्रीगोविन्दबल्लभ चापागाईं एवं श्रीमती कविता चापागाईंद्वारा आफ्ना निवास विराटनगर ४ उदयटोलमा २०६० साल र २०६१ सालको चतुरमासा पुराणरूपमा श्रीमद्भागवत् महापुराण र पद्मपुराण उत्तरखण्ड

लगाउँनु भयो । कर्ता स्वयं श्रीमती कविता चापागाईं पं. यदुनन्दन पौडेल शास्त्री र पं. भवानीशंकर निरौला हुनुहुन्थ्यो । सोही पुराण २०६२ सालको चतुरमासा भरी श्रीमद्भागवत् श्रीदेवीभागवत् श्रीविष्णु महापुराण सार्वजनिकरूपमा उदयमार्ग दक्षिण टिनको छाना भएको मण्डप निर्माणगरी परम्परागत चलाइने उद्देश्य सराहनीय छ ।

असहाय पुनर्स्थापना केन्द्रका संस्थापक अध्यक्ष श्रीमतीकविता चापागाईले मिति २०६५।१९।७ का दिन यस पंक्तिका लेखकलाई जानकारी दिनु भएअनुसार असहाय पुनर्स्थापना केन्द्रको स्थापना २०५६ साल वैशाख २ गते भएको हो ।

२०५९ साल माघमा श्रीमद्भागवत् महापुराण ज्ञानमहायज्ञ आयोजनाबाट पौनेसातलाख आम्दानी भएको थियो । कालिका सेवा समाज देवी पाञ्चायन मन्दिर पश्चिमोत्तर उदय मार्गसित जोडिएको शाखा सडकदेखि पूर्व श्रीमतीकृष्णदेवी प्रधानद्वारा दिनु भएको ६ धुर जमीनमा असहाय पुनर्स्थापना केन्द्र भवन निर्माणकार्यको श्री श्री १००८ वालसन्त मोहनशरणदेवाचार्यद्वारा शिल्यान्यास गरियो । सन्त महाराज बाचक बनेर सम्पन्न भएको श्रीमद्भागवत् महापुराण ज्ञानमहायज्ञको आम्दानीमध्येबाट सोही स्थानमा १० धुर जमीन ९५०००। पञ्चानब्बे हजारमा किंनीएको छ । उक्त जम्मा १६ धुन जमीनमा केन्द्र भवन निर्माणकार्य श्रीमान्वीरेन्द्र न्यौपानेज्यू र श्रीमान्रुपराज भण्डारीद्वयले स्वर्गीय पितृको पुण्य स्मृतिमा गरिएको तर अधुरो रहेको थियो । पुरा गर्ने काम ज्ञानमहायज्ञको बचत रकमबाट २०६५साल जेठदेखि थालिएको हो । २०×१८ फुटे हल र २० फुट लम्वाई १८ फुट चौडाई वरण्डासमेतमा केन्द्रित कोठा १, कार्यालय कोठा १ र शौचालय निर्माण गर्ने योजना अनुसार उक्त योजना मध्यमै निर्माणकार्य भएको छ । कर्कटपाताको छाना लगाइएको छ ।

उल्लेखित् नामका न्यौपाने र भण्डारीद्वयद्वारा निर्माण सामाग्री लगाइएको थियो । नपुग ईट्टामा १५०० ईट्टा असहायकेन्द्रका कोषको रकमबाट किनियो । हलकोठामा ५ वटा गृलका भव्य झ्याल छन् । ती श्रीसुरेश चौलागाईद्वारा निर्मित भएका हुन् । त्यसमध्ये केन्द्रतर्फबाट ढोका र झ्यालमा नपुग रकममा

रु. ६००० हजार रुपैया थपियो । हलका भित्री ४ भाग वाहिरी ३ भाग प्लाष्टर भएको छ । भुई ढलाई सम्पन्न भएको छ । कार्यालय र केण्टिनको भित्री प्लाष्टर भई ढलाई वाँकी रहेको सम्पन्न गर्न दातृ महानुभावहरुको खोजी हुदै गरेको कुरा २०६५।६।१९।७ का दिन संस्थापक अध्यक्ष श्रीमती कविता चापागाईले कार्य गतिविधि अवलोकन गराउँदै जानकारी दिनु भयो ।

निर्माणकालमा कार्यरत समितिहरुमा यस प्रकार हुनुहुन्छ ।

संस्थापक अध्यक्ष- श्रीमतीकविता चापागाई, उपाध्यक्ष- श्रीमतीराधा पोखरेल, सचिव- श्रीमालिका निरौला, सहसचिव- श्रीमतीवर्षा पोखरेल, कोषाध्यक्ष- श्रीमतीरेणुका सुवेदी, सदस्य- श्रीमतीमुना अधिकारी, श्रीमतीमञ्जु पोखरेल, श्रीमतीनेमकुमारी रेग्मी, श्रीमती अन्नपूर्ण सत्याल हुनुहुन्छ । भवनको पश्चिम बाटाको पूर्व पर्ने प्राङ्गणमा कलात्मक उद्यान निर्माण र बीचमा द्वारसहितको मार्ग निर्माण कार्य प्रसंशनीय छ ।

उद्देश्य :

नेपाल सरकारको नीतिनिर्देशनलाई पालन गर्दै स्थानीय निकायसँग समन्वय गर्ने गरी प्रचलित कानूनको अधीनमा रही यस संस्थाका निम्न उद्देश्यहरु हुनेछन् ।

१. समाजमा सहायताविहीन अवस्थामा रहेका महिला वालवालिका तथा वृद्धवृद्धाको तथ्यांक संकलन गर्ने ।
२. मौलिकहक कानूनी साक्षरता तथा मानव अधिकारको वारेमा ज्ञान गराउँने खालका कार्य संचालन गर्ने र पीडित पक्षलाई निःशुल्क कानूनी सेवा पुर्‍याउँने ।
३. चेलीबेटी वेचविखन तथा यौनशोषण विरुद्ध जनचेतना जगाई महिलाहककहितको सम्मान र संरक्षण गर्ने ।
४. अनाथ तथा वृद्धाहरुको आश्रमको स्थापना गरी असहायहरुको संरक्षण गर्ने।
५. वालश्रम शोषणविरुद्ध रचनात्मक कार्यक्रम संचालन गर्ने,
६. पीडित वालवालिका, महिलाहरुलाई स्वरोजगारका लागि सक्षम वनाउँन

विभिन्न सीप विकास कार्यक्रम संचालन गर्ने ।

७. लागुपदार्थ दुर्व्यसनी विरुद्ध जनचेतना फैलाउँनुका साथै पीडितलाई पुर्नस्थापना गराउँने ।

८. एच.आई.भि.एड्स सम्वन्धी जनचेतना फैलाउँने कार्यक्रम संचालन गर्ने ।

९. कृषि तथा वातावरण संरक्षण सम्वर्द्धनका विविध कार्यक्रम संचालन गर्ने ।

१०. युवा तथा वाल सूचना केन्द्रको स्थापना गरी त्यसको संचालन गर्ने ।

११. विविध सीपमुलक नि:शुल्क तालिम संचालन गरी रोजगारकारूपमा युवायुवतीलाई लघु उद्योग संचालन गर्न प्रेरित गर्ने ।

१२. वाल तथा प्रौढ साक्षरता कार्यक्रम संचालन गर्ने ।

असहाय पुनर्स्थापना केन्द्र विराटनगर, मोरङ्ग

स्थापना : २०५६ संस्थागत विवरण

सन् १९९९, फोन नं. ०२१-५२४८२४

६ पेजी पुस्तिकावाट संस्थाको परिचय, उद्देश्य, संचालित कार्यक्रम, मानवीय स्रोत, जानकारी हुन्छ ।

श्रीकालिका सेवा समाज देवी पाञ्चायन व्यवस्था समिति २०६५ सालमा गठन भएपछि टीनको छाना लगाइएको पुराणमण्डप भएको स्थलमा पक्कीरूपले मन्दिर योजनावद्ध वनाए पनि ४६ जना दाताहरुका रकमवाट बनिएको पुराणमण्डप सदुपयोगमा ल्याइनु सामाजिक कार्यलाई स्वागत गरिनु हो । ऐतिहासिक कदम चाल्नेको नाम जुन् कुनैरूपमा होस् चर्चामा आउँनु कामको मूल्यांकन हुनु हो ।

सन्दर्भ स-सम्मान आजीवन सदस्यता

-कवि बावुराम श्रेष्ठ 'वर्षा' का परिचयात्मक कृति-

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका आजीवन सदस्यता २०६५ सालमा प्राप्तकर्ता कवि श्रीवावुराम श्रेष्ठ 'वर्षा' लाई २०६४ साल कातिकमा 'वावा भजन', चैत सन् २००८ मा प्रकाशित 'वर्षाका थोपा' (कविता संग्रह) र प्रकाशोन्मुख 'वर्षोद्गार' (लेख संग्रह) यी तीन कृतिका माध्यमले चिन्न सक्छौं । ३२ वर्ष प्रहरी जवानदेखि प्रहरी निरिक्षक पदसमेतवाट नेपाल राष्ट्र र नेपाली जनताका सेवारत् रहनु भएका श्रीवावुराम श्रेष्ठ 'वर्षा' साहित्यक्षेत्रमा स्थापित

हुनु भएकोमा बधाइ छ ।

कुवेरको सुदृष्टिले धनाड्य वनेका मानिस शारदामाताका कृपापात्र बनेपछिमात्र साहित्यिक प्रतिभाशाली बन्छन् । प्रहरी विभागमा कार्यरत: अनुशासित जीवनमा स्वतन्त्र चिन्तन गर्ने काव्य भाव प्रष्फुटन हुनु भनेको नश्वर जीवनलाई अमरत्व प्राप्त गराउँने तपस्यातर्फ उन्मुख हुनु हो । ज्यानको बाजी लगाएर कमाएको धन, कठोर परिश्रमले अभ्यस्त जीवन, पराधीन भई सरकारी आदेश पालन गरी स्वतन्त्रता गुमाएर कुण्ठित भएको मन, जागिर मुक्त हुनासाथ पिँजडावाट फुत्केर जंगलमा मंगल पाएर रमाएका सुगा, मैना, रुपी आदि पंक्षी झैं जीवनका भोगाईलाई शव्दमा परिणत गरी सार्वजनिक सेवा भावनाले भजन, कविता, लेखजस्ता साहित्यका विद्यामा उतारेर मार्गदर्शन गराउँनु परोपकारी कार्यमा आफूलाई समर्पित गर्नु हो । अर्थात् लव कुशले बाबु रामलाई चिन्नु हो । कवि लेखक साहित्यकार जीवन साहित्याकाशका नक्षत्र हुन् । आफ्ना मगज, परिश्रमद्वारा आर्जन गरेका सम्पति, आराम, आनन्द समाजकै हितमा अर्पण गर्छन् । जसरी चन्द्र सूर्य तारा सन्सारमा उज्यालो छर्न चम्कन्छन् । दिनमा उदाउँछन् र तेजोमय हुन्छन् । नियतिले साँझ परेपछि उनीहरुको तेजोबध हुन्छ । रातको कालिमाले निलिदिन्छन् । रातको अवधि जब समाप्ति हुन्छ । प्रात: ब्रह्ममुहुर्तदेखि क्रमश: नक्षत्रहरुमध्ये सूर्य र चन्द्रमा स्वभावत: पुन: उदाउँछन् । आफ्नो गुणज्ञान प्रतिभा झल्काउँछन् । अर्थात् साहित्यिक प्रतिभाहरु र आकाशमा झलमल्ल देखिने नक्षत्रहरुको स्वभाव गुण धर्म एउटै हुन्छ । संसारमा उदाहरणीय सेवाकार्य निरन्तर गरिरहनु । समाजले जे भनून् । त्यसको प्रर्वाह नगर्नु । यीनै कुरालाई हृदयङ्गम गरेर कवि वावुराम श्रेष्ठ 'वर्षा'द्वारा जन्मेको मातृभूमि र जन्माउँने पिता माताका तस्वीर, दाजु भाई र दिदी वहिनीहरुका नाम भिन्न शीर्षकमा उल्लेख गरिएको छ । कवितामा यथार्थता छ । समय परिवर्तनको चित्रण छ ।

-॥ बाबा भजन ॥-

भारतको पुरातन धार्मिकस्थल राजस्थानको अरावनी पर्वत नै माउण्ट आवू शान्तिवन वा मधुवन हो । भारतका प्रसिद्ध धनाढ्य व्यक्ति श्रीलेखनाथको भौतिक तनमा दैविशक्ति अविर्भाव भयो । दिव्य प्रकाश अर्थात् ज्योतिविन्दु आफैं भित्र रहेको स्थानको ज्ञान उनले दैवि प्रेरणाले प्राप्त गरे । कर्तव्य वाचक 'प्रजापति ब्रम्हा' नामले लेखनाथ सवैका आस्थाका पात्र वनेर सुप्रसिद्ध भए । विक्रम् सम्वत् १९९३ मा प्रजापति ब्रम्हाद्वारा नै समस्त मानवको कल्याणार्थ प्रजापिता ब्रम्हाकुमारी ईश्वरीय विश्वविद्यालयको स्थापना भारतको हैदरावाद सिन्ध भन्ने स्थानमा भएको हो ।

१४ वर्षको तपस्या पश्चात् सन् १९५० मा सर्वप्रथम यो विश्व विद्यालय स्थापना भए जस्तै २९ पृष्ठको 'बाबा भजन' १८ वटा भावभक्तिका कविता रचना गरी छाप्ने र प्रकाशमा ल्याउने प्रेरणा २०६१ सालको माउण्ट आबू शान्तिवनको भ्रमणले कवि बाबुराम श्रेष्ठ 'वर्षा' लाई शिव वावाले नै दिनु भएको हो । बाबासित बच्चाहरु तोते बोली मै त बोल्छन् नि ।

भक्ति भावका कविता सरल हुनु स्वाभाविक हो ।

कुनै पनि संस्थाको पवित्र उद्देश्यलाई उदारभावले आर्थिक प्रदान गरी अंगाल्नु बुद्धिमानी हो । त्यागमय जीवनको उदाहरण हो ।

आजीवन सदस्यताको प्रमाणपत्रकारूपमा वहाँका त्रय कृतिका चिनारीमा जीवनी गाँस्ने प्रेरणा प्राप्त हुनु । बाबुराम श्रेष्ठ 'वर्षा' को तपस्याले प्रभाव पार्नु हो । धन्यवाद छ ।

बाबुराम श्रेष्ठ 'वर्षा' ले प्राप्त गर्नु भएका मान सम्मान पदकहरु :

१) गोर्खा दक्षिणबाहु चौथा (रु. १०,००० नगद)

२) प्रहरी सेवा पदक

३) दुर्गम सेवा पदक

४) दीर्घसेवा पदक (प्रशंसापत्रसहित)

(शार्दूलविक्रीडित छन्द)

सेना नायकको चरित्र सवले, दर्शाउँदा बुझ्दछन् ।
नेपाली जनता प्रशासन मुखी, भै राज्यमा उठ्दछन् ।
चिन्दैनन् "लव" बाबुराम "कुश" झै, सीता तथा वाल्मिकी ।
मर्यादा पुरुषोत्तमै पनि स्वयं, अल्मल्ल पर्छन् अति ॥

बुझ्छन् श्री हनुमान नम्र वनिई, सामर्थ्य आश्चर्यको ।
देख्छन् बालक बाबुराम नत छन्, फर्के अयोध्या र पो ॥
श्री रामायण बाबुराम नजिकै, जुन् गाउँछन् बालक ।
जो जो सुन्छन छक्क पर्छन अहा ? श्रीराम बुझ्छन् सब ॥

कुम्भ स्तम्भ र भक्ति साधना केन्द्र

२०६५ भदौमा श्रीवराहक्षेत्र वृहत्तर विकास समितिका अध्यक्ष गणेश सुब्बा 'विरही' ज्यूको पहल र सक्रियतामा दुर्वाशाघाट पुराना धर्मशाला सप्तकोशी आश्रम र श्रीराधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठान आदिगंगा सप्तकोशी नदीको पूर्वीय भंगालो आवागमन गर्ने ३४ खुड्किलो भएको पक्की सिंढी बनेको छ।

अनाथ महिला आश्रम र श्री हिमालयन माहायान छेवाङ्ग टाँसी छ्योलिङ्ग, बुदिष्ट गुम्बा, विष्ट धर्मशाला र पुराणमण्डप, खवतरी व्रस्नेत पुराणमण्डप,नवनिमिर्त वृद्धाश्रम, वलरामेश्वर शिव पाञ्चायन मन्दिर सन्निकटमा पर्यटकीय दृष्टिकोणलेसमेत महत्व र साँस्कृतिक महत्वको प्रथम श्रीपिण्डेश्वर कुम्भ महोत्सव '२०५९' को प्रतीक कुम्भ स्तम्भ प्राचीन हरिद्वार चतराधामको शोभा हो । ५९ फुट अग्लो कुम्भ रहेको स्थानवाट भण्डारीटार लगायत बजार हरियाली पाहाडी शिखर औलियावावा गद्दीघर लगायत चतरामठ बजार साथै खयरघारी पश्चिमका मूल कोशी नदी एवं सुनसरी-मोरङ्ग सिंचाई चतरा नहरका मनोरम दृश्य हेर्न सकिन्छ ।

पूर्वतर्फ आश्रमहरु गौशाला, भक्तजनहरुका निवासहरु श्रीराधाकृष्ण वेदविद्याश्रम पश्चिम्तर्फ वलरामेश्वरघाट दुर्वाशाघाटका वीचमा भव्य पण्डाल व्यासासनका माथिल्लो तलामा श्रीराधाकृष्ण मन्दिर योजनावद्ध निर्माण कार्य

गरिनु श्री श्री १००८ वालसन्त मोहनशरण देवाचार्य महाराजको अविस्मरणीय देन तथा कृपा प्रसाद हो ।

उपाधि-

(अनुष्टुप छन्द)

हुन्छन् नक्षत्र सत्ताइस, चारले गुन्नुहोस् वुझी
देवता त्यति नै हुन्छन्, रुद्राक्ष क्रमशः गुथी ॥
सधैं माला घुमाउँछौ, व्रतवन्ध भए पछि ।
अजन्मा शिवका निम्ति, सतीदेवी मरिन् उति ॥
महादेव लगाउँछन्, सतीकै शिर-मुण्डन ।
रहस्य ज्ञानले गर्दा, पार्वती अव मर्दिन ॥
श्रीपिण्डेश्वरवावाको, रुद्राक्षारण्य वाटिका ।
शिवकै अश्रु हुन् वुझ्नु, हर्षाश्रु शुभ झारिंदा ॥
रुद्राक्षैफल उम्रेथे, शिव पुराण भन्दछन् ।
श्रद्धा सद्भक्ति दृष्टिका, मान्छे महत्व वुझ्दछन् ॥
श्री (१०८) एकसय आठ उपाधि, सर्वोच्च वुझ आदर ।
देवी नायक रामानुज, जियर त्रिदण्डी पद ॥
उपाधिले सुशोभिन्छन्, श्री विष्णुभक्त वैष्णव ।
कवि प्रख्यात काव्यैले, हुन्छन् भन्छन पण्डित ॥

कविताको उद्गारले गरेको व्याख्या यसप्रकार छः-

(नक्षत्र जम्मा २७ हुन्छन् । त्यसलाई चारले गुन्दा १०८ हुन्छ । देवी देवताहरु त्यति नै संख्यामा हुन्छन् । नक्षत्रका पाउ पनि चार चार नै हुन्छन् । दक्षप्रजापतिको छोरीरूपमा जन्मेर श्रीमहादेवलाई गरेको निन्दा सुन्न नसकी दुई वुढी औंलाले दुवै कानको छिद्रवन्द गरी यज्ञमा हाम्फाली प्राणत्याग गर्ने अनि हिमालय पर्वत पुत्री पार्वती नामले जन्मने क्रम १०८ संख्यासम्म चलेको शास्त्रमा प्रमाण छ । त्यसपछि रहस्य थाहापाई श्रीशिवजीबाट अमरकथा (

श्रीमद्भागवत्) सुनेर उनी पार्वती पनि अजन्मा भईन्। त्यसकारण १०८ भन्दा माथि कुनै देवीदेवता पनि छैनन्। सम्मान पनि त्यो भन्दा धेरै संख्यामा हुन सक्दैन। श्रीवैष्णव सम्प्रदायका रामानुज पन्थीहरुमा त्रिदण्डी देवनायक रामानुज जियर स्वामी श्री १०८ उपाधि पाउँछन्। निम्मार्गीहरुले पनि त्यसरी नै उपाधि पाएको देखिन्छ। श्री श्री १००८ उपाधि जनजिब्रोले दिएकाहुन्। शास्त्रीय विधानत: होइन। नेपालका राजालाई 'श्री ५ महाराजाधिराज' शाह वंशीय परम्परा अनुसार उपाधि दिइएको थियो।२०६५ सालदेखि त्यो उपाधि खोसियो। वर्तमान राष्ट्रपतिलाई श्री महामहिम उपाधि दिने गरेको छ॥ जनमानसमा विवाहित पत्नीलाई 'श्रीमती' पतिलाई 'श्रीमान्' साधारणबाट सम्मानित जनाउँन 'श्री' उच्चारण गर्नु उपाधि दिनुनै हो। जन्मदाता पिता मातालाई स्वस्तिश्री ६ पूज्यपिता, पूज्यमाता उपाधि स-सम्मान दिइनु सुपुत्रको धर्म हो त्यसरी नै गुरु पुरोहित पण्डित जस्ता ब्राह्मणलाई स्वस्तिश्री ६ उपाधिको आदर गरिन्छ।

- अभिनन्दन कार्यक्रम -

नेपाल श्रीपिण्डेश्वर अर्द्धकुम्भ स्नानार्थ एवं दर्शनार्थ निश्चित् एकमहिने मेला कार्यक्रम अन्तर्गत पाल्नु भएका श्री श्री १००८ बालसन्त मोहनशरण देवाचार्य लगायत सम्पूर्ण धार्मिक महानुभावहरुमा श्री सप्तकोशी आदिगंगा श्रीकोकानदी दोभान श्री वराहतीर्थ एवं श्रीयज्ञ वराहभगवान्का मन्दिरमा श्रीवराहक्षेत्र निवासीहरुका तर्फबाट ।

हार्दिक स्वागतम् तथा अभिनन्दनम्

(शार्दूल विक्रीडित छन्द)

बाँढे अमृत, विष्णुल कलशको, छोक्रा जहाँ पिण्ड भो ।
छल्केका जुन पोखि अमृत परे, त्यो स्नान नै कुम्भको ॥
स्नानार्थै जल पावनी हुन गए, मेला त्यहाँ लाग्दछन् ।
श्रीपिण्डेश्वर शास्त्र सम्मत कुरा, विर्से सबैले र भन् ॥

उज्जेन् नाशिर औं प्रयाग हरिद्वार जुन् कुम्भ मेला पुग्यौं ।
मेला कुम्भ र अर्द्धकुम्भ अहिले, सम्झेर स्नानै गर्‍यौं ॥
मैनादिन् जब कल्पवास बसियों, औ कुम्भ स्नानै भयो ।
नेपाली बिउँझे स्वदेश महिमा, सम्झे शुभारम्भ भो ॥

विक्रम् सम्वत पर्व माघ महिना, लेखौं न लेखौं तर ।
देख्यौं यो ! शुभ वर्षमा नजरकै, सामू प्रत्येक्षै छर ॥
गर्दै स्वागत 'धन्यवाद छ' भनी, जोड्छौं अभिन्नै मन ।
साथै भारतका सुविज्ञहरुले, यो ! कुम्भ स्नानै कन ॥

आफ्नै देशमुखी बने सब अहा! लौ ! कुम्भले अर्द्धले ।
जानौं मानिसमा वराहभगवान्, छन् ज्योतिकारूपले ।
गर्छौं दर्शन ध्यानमा यदि भने, कोका र श्री कौशिकी ।
गर्छन स्नान पवित्र बन्छ क्रमशै, सुध्रन्छ उस्को मती ॥

श्रीपिण्डेश्वर ज्योति लिंग शिवमा, साष्टाङ्ग दण्डैवत : ।
कुम्भै स्नान गरेर छौं शरणमा, श्रीसप्तकोशी जल ॥
खाए अमृत राक्षशै अमर छन्, जुन् राहू केतु बुझौं ।
त्यो ! दृष्टान्त यथार्थ कुम्भ महिमा, व्याख्या सुनेरै जुट्यौं ॥

मान्ने गर्छ दशा बुझी मनुजले, अज्ञान फाल्यौं अब ।

कुम्भैकार मनुष्य, देव बनिऔं, भन्ने उद्देश्योज्वल ॥
ज्ञानी भैकन बालसन्त महिमा, जुन् गर्दछन् वाचन ।
त्यो माहात्म्य बुझ्यौं यहाँ यदि भने, गर्ने गरौं पालन ॥
कोशी सत्यवती सती भगवती, वा पार्वती हुन् भनी ।
शास्त्रीयै वचनामृतादि रसिलो, बाटौं र हामी पनि ॥
बन्नै राक्षेश हुन्न देव बनिऔं, यै ! प्रार्थना साथमा ।
गर्छौं स्वांगत विज्ञ सज्जन सखा ! आत्मीयता यै ! कथा ॥
व्याख्या शास्त्र प्रमाणका वचनको, आधारलाई नतः ।
भै सामू उभिने सुविज्ञ सबमा, गर्छौं सधैं स्वागत ॥

२२ वर्षसम्म बसोबास भएको श्रीवराहभगवान्को मन्दिर नजिकबाट हार्दिक स्वागत

अभिनन्दन कर्ता
- मान बज्राचार्य (अध्यक्ष)
लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान
विराटनगर-४, उदयमार्ग, मोरङ्ग ।

धर्मोदयसभा बराहक्षेत्र शाखा, बराहक्षेत्र-४(सुनसरी)।

मिति २०६३।१२।१९।२ पूर्णिमा ब्रतम् वैशाख स्नानारम्भ ।

वराहक्षेत्र १ श्रीगायत्री आश्रम उत्तर श्रीवराहक्षेत्र धर्माश्रममा २०६३।१२।६ गतेदेखि २०६४ वैशाख ६ गतेसम्म एकमहिने नेपाल श्रीपिण्डेशवर अर्द्धकुम्भ मेला धार्मिक समारोह आयोजना गरियो। कार्यक्रम अन्तर्गत् २०६३।१२।१९।२ पूर्णिमा व्रतम् वैशाख स्नानारम्भ पावन पर्वमा अर्द्धकुम्भ आदिगंगा सप्तकोशी र कोकानदी दोभानमा स्नान गर्नेहरु संख्याले माघे संक्रान्ति मेलाको रूप लिएको थियो ।

श्रीयज्ञवराहभगवान् पञ्चभगवान्, श्रीलक्ष्मी, श्रीइन्द्र, श्रीनागेश्वर, श्रीगुरुवराह हयग्रीव, श्रीसूर्यवराह, श्रीकोकावराह र श्रीबद्री मुक्तेश्वरसमेत मन्दिर श्रीगायत्री आश्रमका देवमुर्ति आदिको दर्शन पछि आयोजित् धार्मिक समारोहको अध्यक्षता श्रीपिण्डेश्वर बाबाधाम समितिका अध्यक्ष एवं श्रीवराहक्षेत्र धर्माश्रमका सचिव श्रीकृष्णप्रसाद श्रेष्ठले गर्नु भएको थियो । ३७ जना भारत र नेपालका धार्मिक विद्वान्हरु उपस्थित हुनु हुन्थ्यो ।

१. निम्मार्काचार्य जगत्गुरु श्रीविष्णुकान्त जी महाराज

२. श्री श्री १००८ वालसन्त मोहनशरणी जी महाराज

३. श्रीस्वामी रामस्वरुपानन्द सन्तमत सत्सङ्ग, मन्दिर चतरा ।

४. नारायण उप्रेती विराटनगर ५, माधव निरौला

६. पुण्यप्रसाद घिमिरे,

७. बासुदेव गौतम उपाध्यक्ष ने. पिण्डेश्वर अर्द्ध कुम्भ मेला आयोजक समिति

८. चन्द्रमणि तिम्सिना, ९. पुण्यप्रभा गुरागाई, १०. प्रल्हाद भट्टराई, ११. दिव्याश्वरी गौतम् १२. दुर्गाप्रसाद भट्टराई, १३. सरला कायस्थ धरान, १४. यशोदा कायस्थ धरान, १५. सीतादेवी श्रेष्ठ, १६. खेमराज केशव शरण, १७. गोपाल प्रसाद निरौला, १८. गोविन्द लुईटेल शनिश्चरे ९ झापा, १९. यादव शरण पौडेल, २०. ईश्वरराज दाहाल इनरुवा ९ बलाहा, २१. यादव गिरि, २२. शम्भु गिरि, २३. प्रभुनाथ चौलागाई,

२४. रामविलास दास, २५. केशव शरण, २६. शैलेन्द्र जनकपुर धाम, २७. पं. रविनारायण शिलावन भारत इलाहावाद, २८. श्रीमती रुपा शिलावन, २९. संयुक्त शिलावन, ३०. मुरारि सुवेदी धरान, ३१. भेषराज घिमिरे, वराहक्षेत्र, ३२. कृष्ण भट्टराई नेपाल टेलिभिजन,

३३. डा. हरिभक्त न्यौपाने केन्द्रीय अध्यक्ष सनातन धर्म सेवा समिति,

३४. जनार्दन घिमिरे शर्मा, कान्तिपुर एफ एम, ललितपुर, ३५. हिमाल राई, हाम्रो पुस्ता वराहक्षेत्र ४ मिलनचौक, ३६. इन्द्रदेव पण्डित, शिक्षक आ.उ.मा.वि. चतरा, ३७. केशव भट्टराई, ३८. लोकेन्द्रराज कोइराला बराहक्षेत्र ४ बयरवन, सिंहदेवी लाइन सुनसरी ।

कोशीको लीला दर्शनबाट आध्यात्मिक चेतना जागोस्

(शार्दूल बिक्रीडित छन्द)

आइन् आज रमाउँदै शिव प्रिया, सौगात ल्याइन् दशैं ।
गर्छिन् स्वागत नर्तकी शरद भै, जुन् सम्झनेछौं सधैं ॥
'आमा आउँनु भो' भने सपुतले,[१] हर्षाश्रु झारीकन ।

आफ्ना मित्र हितेच्छुकादि सब नै, झन् नाच्दछन् छम्छम ॥
सीतारूप मुमा सती हुन तिनी, चिन्दा भए रामले ।
जिद्दीको परिणाम भोग्छिन सती, यज्ञाग्निमा होम्मिए ॥
निन्दा श्रीशिवको गरेर पशु वा, ती दक्ष बोका बने ।
स्वामी जीवित पाउँछिन् र विरणी, गर्छिन् सती सम्झने ॥
जन्मिन्छिन् हिमकी सुता शरदकै, शोभा बनी पार्वती ।
स्वामी पाउँ महेश भन्छिन् सधैं, गर्छिन् तपस्या अति ॥
काली वर्ण अचानकै हुन गइन्, पानी भइन् कौशिकी ।
गंगा भागिरथी बनेर संगिनी, कल्याणकारी नदी ॥
नेपाल् भारत पुण्यभूमि बनिए, देवी उमा पार्वती ।
आफ्ना शक्ति विराङ्गना जल नदी, फैल्याउँदै आकृति ॥
'लाखौंले अब चोरवृत्ति परिणाम्, भोगुन्' भनी कौशिकी ।
लीला दर्शनले गरुन् सब भनी, पारी दिईन् दुर्गती ॥

१- श्रीकुमार, श्रीगणेश

कोशीबाढी पीडितहरुको अवस्था

(शार्दूल विक्रीडित छन्द)

कोशाको स्तुति प्रार्थना भजनमा, जे बोल्दछिन् कौशिकी ।
विश्वामित्र कुशिक् प्रसिद्ध बनिए, शास्त्रै पढेरै बुझी ॥
गर्छौं त्यै स्तुति कामनाहरु सबै, पुग्नेछ विश्वास् गरौं ।
'कोशी पीडितक्षेत्र दर्शन गरी, 'उद्धारहोस्' भन्दछौं ॥

स्पर बाँधका तारजाली काटेर ढुंगाहरु ओसारेर नदीका जललाई कुलो पैनी बनाएर जजसले डोऱ्याउँदै आफ्ना घर जमीनमा लगेका थिए । तिनीहरुलाई पहिल्याउँदै कोशीनदी ४. प्रकाशपुर तथा भरौलको क्षेत्रीय भेला

५. लोकतान्त्रिक जन आन्दोलन

६. व्याज लगानी, ऋण असुली तथा व्याज असुली

७. सिफारिश आदि

सम्मान कार्यक्रम

यस उद्योग वाणिज्य संघले प्रत्येक साधारण सभामा संस्थाको हितमा अनवरतरूपमा लागी पर्ने एकजना वयोवृद्ध व्यापारीलाई सम्मान गर्ने परम्परा

रहेको हुँदा यसवर्ष प्रकाशपुर गा.वि.स. वार्ड न. ५ राजावासका व्यापारी श्रीविलट साहज्युलाई सम्मान गर्ने कार्यक्रम शुभारम्भ साथै व्यापारीहित कल्याणकोष कार्यक्रममा राम्रो कारोवार गर्ने संघको मुल्याङ्कनमा उच्च श्रेणीमा पुग्न सफल हुने केही व्यापारीहरुलाई प्रमाण-पत्रको साथमा यसै वर्षदेखि प्रत्येकवर्ष पुरस्कृत गर्ने कार्यक्रम शुभारम्भ गरिएको थियो ।

नेपाल रेडक्रस सोसाईटी उपशाखा महेन्द्रनगर भवनमा तेस्रो साधारणसभाको अध्यक्षता श्रीइन्द्रप्रसाद कोइरालाले गर्नु भएको थियो । प्रमुखअतिथिपदमा मान वज्राचार्य हुनुहुन्थ्यो । उदघोषक श्रीनवीन पोखरेल कार्यालय सचिव हुनुहुन्थ्यो । मन्तव्य व्यक्त गर्ने महानुभावहरु क्रमशः यसप्रकार हुनुहुन्थ्यो ।

१. नेपाल रेडक्रस सोसाइटी उपशाखा महेन्द्रनगर अध्यक्ष श्री भुवनाथ दाहाल ।
२. समाजसेवी एवं वुद्धिजीवि श्रीएकराज अधिकारी ।
३. नेपाली कांग्रेस अध्यक्ष - हरिप्रसाद श्रेष्ठ ।
४. ने.क.पा. एमाले, सचिव - गजेन्द्र थापा ।
५. इन्द्रप्रसाद कोइराला - अध्यक्ष, उद्योग वाणिज्य संघ महेन्द्रनगर ।
६. कविमान वज्राचार्य - प्रमुखवक्ता- प्रमुखअतिथि
७. प्रगति प्रतिवेदन प्रस्तुती - तेजकुमार भट्टराई- तत्कालिन महासचिव हुनुहुन्थ्यो ।
८. आर्थिक विवरण प्रस्तुती -उत्तमचन्द्र शाह- वाणिज्य सचिवबाट गर्नुभएको थियो ।

अभियान भ्रमण बारे

यो जोसित सम्बन्धित छ

महोदय/महोदया

उपरोक्त सम्बन्धमा मिति २०६३।२।१३ र १४ को भेला बैठक निर्णय कार्यान्वयन, अभियानमा मिति २०६३।३।२ देखि एक महिनाको अवधिसम्मको कार्यक्रममा सुनसरी, काठमाण्डौ, झापा र मोरङ्गका विभिन्न गाउँ, नगर, उपमहानगरपालिका क्षेत्रमा यस प्रतिष्ठानका अध्यक्ष श्री कविवर मान बज्राचार्यज्यू आउनु भएको छ। पवित्र उद्देश्यको कार्यलाई सफल बनाउँनेमा सहभागी भै शुभकामना प्रदान गर्नु हुन सादर अनुरोध छ।

२०६३।०३।०२

भवदीय

अमरबहादुर ढकाल

कोषाध्यक्ष

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान

विराटनगर-४, उदयमार्ग (मोरङ)

उद्योग वाणिज्य संघ महेन्द्रनगर, सुनसरी

सदस्यः उद्योग वाणिज्य संघ, सुनसरी

प्रधान कार्यालय : धरान

मिति :२०६३।३।२६

बिषय : आतित्थ्य ग्रहण गरी दिनु भएकोमा धन्यवाद ।

श्री मान वज्राचार्य

विराटनगर-४, उदयमार्ग, मोरङ्ग

महोदय,

उपरोक्त विषयमा यस उद्योग वाणिज्य संघ, महेन्द्रनगर सुनसरीको तेश्रो वार्षिक साधारणसभा निम्न मिति, समय, स्थानमा उदघाटन समारोहमा आतित्थ्य ग्रहण गरी दिनु भई कार्यक्रमको प्रमुखअतिथिपदबाट मार्ग निर्देशन हुने उद्गार

व्यक्त गरिदिनुभएकोमा धन्यवाद छ। एकमहिने अभियान भ्रमण सफल रहोस्।

....	....	....
नवीन पोखरेल	**तेजकुमार भट्टराई**	**इन्द्रप्रसाद कोइराला**
कार्यालय सचिव	महासचिव	अध्यक्ष

श्री मान (नायोभाजु) अध्यक्षज्यू ।
झिगु समाज धरान-३ सुनसरी ।

विषय- सिंहदेवी मन्दिर पूर्वको बाटोदेखि दक्षिणको बाटोमा ढुङ्गा छाप्ने योजनाबद्ध कार्यको प्रस्तावना ।

महोदय,

(शार्दूल बिक्रीडित छन्द)

देखें 'झीगु समाज' धेर दिनमा, बस्दै थियो बैठक।
राम्रो लक्ष्य सुमार्गका पथिकमा, प्रस्ताव राखें नव ॥
देखें रेलिङ जुन् छ उत्तर अहा ! श्रीदन्तकाली दुई।
धारा नर्सिङ मन्दिरै विच खुलीं, 'योगेश' नै सम्झिई ॥
त्यस्तैहोस् स्मृतिं दायकै र पथिकै, स्यावास भन्लान कि ?।
ढुङ्गा छाप्नु पर्‍यो, जुटी हृदयले, सल्लाह राम्रो गरी ॥
खोला भन्छ 'निकाल पत्थर स्वयं, खट्नै पर्‍यो सज्जन !
राम्रो काम सुयोजना सफलहोस्, भन्दै न होला कुन ? ॥'

श्रीदन्तकाली मन्दिर तल दुईधारादक्षिण सिंहदेवी मन्दिर आवागमन मार्ग दक्षिण 'झीगु समाज' कार्यालय भवन उत्तरको कच्ची गग्रेटों बाटोमा ढुङ्गा छापी युवाचार्य पं.योगेश भण्डारी वराहक्षेत्रले स्मृति राखे झैं स्मृति रहने कार्य योजनाबद्ध गरौं।

प्रस्तावक -मान वज्राचार्य
अध्यक्ष

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान विराटनगर ४
उपाध्यक्ष-विश्वहिन्दु महासंघ सुनसरी शाखा, धरान (नेपाल)

(धरान नगरपालिका वार्ड नं १४ मा अवस्थित श्री पिण्डेश्वर श्री विजयपूरबाट फर्कदा मिति २०६३।३।३।७)

- सफलताको शुभकामना -

झीगु समाज धरानका वर्तमान पदाधिकारीका नाम संलग्न राखी लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानतर्फबाट अभियान भ्रमण भएको उदेश्य सफल होस् ।

शुभकामना व्यक्तकर्ता पदाधिकारीहरु -

१. भाजु रत्नकुमार ताम्राकार -नायो
२. भाजु मनमोहन कर्माचार्य -न्वकु
३. भाजु हरेराम कर्माचार्य - छ्याञ्जे
४. भाजु सुरेन्द्रमान स्थापित - दाँभरी
५. भाजु मनोहर ताम्राकार - ल्यू छ्याञ्जे
६. मय्जु लक्ष्मी शाक्य - दुज
७. भाजु भोगेन्द्रप्रकाश श्रेष्ठ -दुज
८. मय्जु वन्दना प्रधान - दुज
९. भाजु सुधिर ताम्राकार -दुज
१० भाजु कुमारमान श्रेष्ठ -दुज
११. भाजु रोहितप्रसाद ताम्राकार -दुज

मिति-२०६३।३।३।७ का दिन श्रीपिण्डेश्वर बावाधाम दन्तकाली मन्दिर बिजयपूरबाट फर्कंदा 'झीगु समाज' कार्यालय भवनसम्मको बाटोमा ढुङ्गा छाप्ने योजनाबद्धको प्रस्तावना प्राप्त भयो ।

धन्यवाद !

हरेराम कर्माचार्य (सचिव)

मितिः २०६३।३।३।७ **झीगु समाज-धरान ३, सुनसरी**

विश्वहिन्दु महासंघ राष्ट्रिय समिति नेपाल

जिल्ला सुनसरी-धरान

पत्राचार सम्पर्क : गीताभवन, धरान-५, ०२५-२०७२१, २२६०४, २११०१

मितिः २०६३।०३।०३।७

विषय : अभियान भ्रमण बारे ।

महोदय/महोदया,

उपर्युक्त सम्बन्धमा मिति २०६३।२।१३ र १४ को भेला वैठक निर्णयको

कार्यान्वयन अभियानमा मिति २०६३।०३।०२ देखि एकमहिनाको अवधिसम्मको कार्यक्रममा सुनसरी, काठमाण्डौ, झापा र मोरङ्गका विभिन्न गाँउ, नगर, महानगर एवं उपमहानगरक्षेत्रमा यस लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका अध्यक्ष कवि श्रीमान वज्राचार्यज्यू आउँनु भएकोछ । पवित्र उद्देश्यको कार्यलाई सफल बनाउँनेमा सहभागी उक्त जेष्ठ १३ र १४ गतेको भेलावाट सर्वसम्मतरूपमा पारित गरी सम्माननीय प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाज्यूलाईसमेत पारित प्रस्ताव वुझाई सकिएको र अन्य आठ ठाउँमा पनि बुझाउँनुका साथै अरु पनि यस विषयमा चासो राख्नेहरुलाई दिइएकोछ । यस पूनीत् कार्यमा सवैको सहयोग हुने आशा राखेकाछौं ।

भवदीय

प्रा.पुरुषोत्तम भट्टराई

विश्वहिन्दु महासंघ सुनसरीको ४८ औं प्रवचन मालाका अध्यक्ष

श्री भालुदुङ्गा माध्यमिक विद्यालय

विष्णुपादुका-५ सुनसरी

बिषय :- अभियान भ्रमण बारे ।

यो जोसंग सम्बन्धित् छ ।

महोदय,

उपर्युक्त सम्बन्धमा मिति २०६३।२।१३ र १४ गतेको भेला वैठक निर्णय कार्यान्वयन अभियानमा मिति २०६३।३।२ गतेदेखि एकमहिनाको अवधिसम्मको कार्यक्रममा सुनसरी, झापा, मोरङ्ग, काठमाण्डौका विभिन्न गाँउ, नगर, महानगर, उपमहानगरक्षेत्रमा विश्वहिन्दु महासंघ नेपाल शाखा सुनसरीका उपाध्यक्ष तथा लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका अध्यक्ष श्रीकविवरमान वज्राचार्यज्यू आउँनु भएकोछ । उहाँले यस पवित्र उद्देश्यको कार्यमा सफलता प्राप्तहोस् भन्ने शुभकामना प्रदान गर्दछौं ।

मणिराम राई
वि.व्य.स. अध्यक्ष

हस्तराम राई
प्रधानाध्यापक

श्री सुर्यकुण्ड प्राथमिक विद्यालय

बराहक्षेत्र-८, सुनसरी

मिति ०६३।३।५

बिषय :- अभियान भ्रमण बारे ।

यो जो संग सम्बन्धित् छ ।

महोदय,

प्रस्तुत बिषयमा मिति ०६३।२।१३ र १४ गतेको वैठकको निर्णयानुसार कार्यान्वयन गर्ने अभियानमा मिति २०६३।३।२ गतेदेखि एकमहिनासम्मको अभियान कार्यक्रममा सुनसरी, झापा, मोरङ्गदेखि काठमाण्डौसम्म एवं विभिन्न जिल्लका महासंघ र लक्ष्मीदेवी गुभाजू स्मुति प्रतिष्ठानका अध्यक्षपदबाटसमेत कविवरमान वज्राचार्यज्यू विभिन्न भौगोलिक कठिनाईका वाबजुद पनि यहाँ आउँनु भएकोमा यस्तो पवित्र एवं महान् कार्यमा सफलता मिलोस् भन्ने आशाका साथ हार्दिक शुभकामना दिन चाहन्छौं ।

श्रीनरेश राना

प्रधानाध्यापक

औलिया वराहगुठी व्यवस्थापन समिति,

चतरा वराहक्षेत्र-१

बिषयः- पवित्र उदेश्यको स्वागत एवं शुभकामना

यो जोसित सम्बन्धित् छ ।

कविमान वज्राचार्य यसैक्षेत्रका उपज एवं सामाजिक कार्यकर्ता हुन् २०१० सालदेखि श्रीवराहक्षेत्रधामको कीर्तन । २०१८ साल आश्विनमा श्रीवराहक्षेत्रधामको परिचय पृष्ठ १६० को पुस्तक प्रकाशित छ। हालसम्म ५५ वटा लेखिएका पुस्तकका पाण्डुलिपि देखिन्छ। २०६१ कात्तिक १० गतेसम्म ३१ औं कृति त्यस ५५ वटा पुस्तकका पाण्डुलिपि मध्यबाट प्रकाशित भईसकेको छ। सो कुरा साहित्य संस्कृति प्रेमीहरु सवैमा विदितै छ। कविमान वज्राचार्य साहित्यकारको भुमिका निभाउँन २०४१ साल जेठ १० देखि साहित्यकयात्रा सोही सालको भदौ २६ गतेदेखि धार्मिकयात्रा गर्दै आउँनु भएकोछ। त्यसै शिलशिलामा २०६३ आषाढ २ गतेदेखि लक्ष्मीदेवी

गुभाजू स्मृति प्रतिष्ठानका आजीवनसदस्य भेला २०६३।२।१३ को निर्णय २०६३।२।२७ गतेको वैठक निर्णय प्रतिलिपि कम्प्युटर टाइप गरी सम्वन्धित्मा त्यसवाट उद्देश्यको बोध गराउँदै एकल व्यक्तिको अभियान भ्रमण गर्नु ठूलो त्याग तपस्या हो । एकमहिनाको लामो अवधिसम्मका निमित्त सुनसरीको महेन्द्रनगर उद्योग वाणिज्य संघको तेश्रो साधारण समारोहवाट शुभारम्भ गर्नु भएको छ । धरान, विष्णुपादुका, वराहक्षेत्र ७, ८, ९ हुँदै यस प्राचीनभूमि औलियावावाको गद्दीघर, मनमुकुन्देश्वर शिवमन्दिर र श्रीगणेश, श्रीहनुमान, जलेश्वरभारती, गौतमभारतीआदि शिलामूर्तिहरु समाधि भवन मर्मत सम्भार कार्य र श्रीमनमुकुन्देश्वर शिवमन्दिर र श्रीऔलियावावा गद्दीघर र श्रीगणेश, श्रीमनमुकुन्देश्वर शिवमन्दिर र श्री औलिया वावागद्दीघरका भेण्टिलेशन ढोका पुनः निर्माणकार्य, ह्वाईट सिमेण्ट र चुना लगाई शिलाढुङ्गाका मूर्ति सिमेण्टमा जाम पूर्वक संरक्षणकार्यमा उपभोक्ता समितितर्फवाट मिस्त्री मजदुर लगाई कार्य सञ्चालन भईरहेको अवसर २०६३।३।६ र ७ गते कार्य निरीक्षणसमेत गर्नु भएको अवसरमा भेट भयो । २०५३ सालमा शुभारम्भ गरी २०५४ असारमा सम्पन्न भएको श्रीमनमुकुन्देश्वर शिवमन्दिरको जुन् पुनर्निर्माणलगायत चतरामठ परिसरलाई कमाउण्डवालले घेर्ने कार्यमा सचिव पदले, २०६२।११।०९ मा गठन भएको श्रीचतरामठ मर्मत सम्भार उपभोक्ता समितिका कोषाध्यक्षपदले कर्तव्योचित मार्गमा हिँड्दा हिँड्दै विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखाकापदवाटसमेत २०६३।०२।३१ गते धर्म निरपेक्ष राज्य नेपालमा गाई, गोरु काटमार, हत्या हुन नपाओस् भन्ने विषयको ज्ञापनपत्र सम्माननीय प्रधानमन्त्री श्रीगिरिजाप्रसाद कोइराला प्रधानमन्त्रीको कार्यालय सिंहदरवार, काठमाण्डौ (नेपाल) औपचारिक भ्रमणमुकाम विराटनगर मोरङ्गमा वुझाई २०६३ साल असार ९ र १० गतेको विश्वहिन्दूमहासंघ नेपाल राष्ट्रिय समितिद्वारा आयोजित वनेपाको राष्ट्रिय सम्मेलनको धरान चतरा मोटर सडक पीच निर्माण होस् धरान विष्णुपादुका वराहक्षेत्र ७, ८, ९ को मोटर सडक विभागद्वारा मर्मत सम्भार गर्ने जिम्मेवारी उठाओस् भन्ने उद्देश्य बोकेको नौ जनाको अभियान भ्रमणले सफलता प्राप्त गरोस् भनी शुभकामना व्यक्त गरेको छु ।

शुभेच्छुक
महन्त मुकुन्दप्रसाद भारती
चतरा र वराहक्षेत्रमठ, सुनसरी

अध्यक्ष-औलिया वराह गुठी व्यवस्थापन समिति एवं चतरामठ मन्दिर मर्मत सम्भार उपभोक्ता समिति र उपाध्यक्ष-लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान ।

श्री आदिवराहक्षेत्र विकास उप-समिति

वराहक्षेत्र-७, सूर्यकुण्ड, सुनसरी

मिति : २०३६-३-५-२ श्री वराहपुराण, स्कण्दपराण, हिमवतखण्डका अनुसार सुनसरी जिल्लामा पर्ने श्रीवराहक्षेत्र गा.वि.स. वार्ड नं. ७ स्थित श्रीआदिवराहको, श्रीसूर्यकुण्डको धार्मिक दृष्टिकोणले ठूलो महत्व छ। भगवान्सूर्यले कुण्ड निर्माण गरी श्रीआदिवराहको तपस्या गर्नु भएको र यम अनि सोम पुत्र प्राप्ति गर्नु भएको उल्लेख पुराणमा पईन्छ । सोही अवसरको धार्मिक महत्वले परिपूर्ण पावन एवं स्वच्छ जलले लवालव भएको श्री सूर्यकुण्ड यसै श्री आदिवराहभगवानको अगाडिं अवस्थित थियो । वर्तमान केही सालदेखि वर्षे अन्नवाली केही व्यक्तिहरुले लगाउने गरेका छन् । सो धर्मको मर्यादा भंग गर्ने अज्ञानी महिलाका कारण सूर्यकुण्ड फुटेर जल बगी बाघ खोला बनेको हो । नाग-नागिनीको हिंसा हत्याका कारण उपद्रव विघ्न उपस्थित भएको किवदन्ती छ । यसक्षेत्रको महिमा वराहक्षेत्र निवासी कवि मान बज्राचार्यले २०१८ आश्विनमा प्रकाश गर्नु भएको १६० पेजको श्री वराहक्षेत्र महिमा (परिचय) मा पाईन्छ । विष्णुपादुका श्राद्धीयभूमि वराहपुराण अध्याय १२६ मा महिमा वर्णन भएको श्री विष्णुका प्रतीक कुब्जाम्र कुमुदाकार चक्रतीर्थ भगवानशिवले निर्माण गर्नु भएको शिव कुण्ड भालढुंगा मा.वि.देखि चार किलोमिटर पश्चिम श्री कोका सप्तकोशीको संगम स्थित श्री वराह भगवानको मन्दिरदेखि दक्षिण सातढोके पाखाको श्री वराह लीलास्थल, सिन्दूरपुछ्रा अर्चले युगपाखी, महामाया आदिशक्ति श्री भगवानीस्थानदेखि पूर्व अवस्थित यस क्षेत्रमा धरान विष्णुपादुका माछ्रामारा भञ्ज्यांग हुदै ट्याक्सी, मोटर ट्रक गुड्ने सडक निर्माण भई २०६५ जेष्ठ १ गते आइपुगेको छ । सो

नवनिर्मित मोटर बाटोमा दुई वन्डल कर्कट पाता टिन र दुई कुइन्टल चामलका बोरा लादेर रिजाप गरी बराहक्षेत्र ८ सूर्यकुण्ड आफ्नो निवासमा सर्वप्रथम २०६३-२-१७ का दिन श्री हाई बहादुर राईले उक्त मोटर बाटोको उद्घाटन गर्नु भएको थियो। धार्मिक पर्यटक एवं श्रद्धालु यात्रुहरुले श्री आदिवराहक्षेत्र कहाँ पर्छ ? श्री आदिवराहभगवानको मूर्ति कहाँ छ ? भनी खोज्दै नेपाल भारत, बंगाल, अमेरिका, जर्मनका नागरिकहरु आउने गरेकाछन्। उल्लेखित्क्षेत्र परिसरमा बाग, बगैचामा लगाईएका र आफै उम्रेका लगभग तीन हजार रुद्राक्ष किन्न आउँने गर्छन्। यहाँका रुद्राक्ष सम्पूर्ण हिन्दूधर्मावलम्वीहरु भएका गाउँ नगर शहर, देश विदेशमा पुग्छन्। दशयोजनक्षेत्रलाई रुद्रारण्यक्षेत्र भनिन्छ। त्यस मध्ये धेरै रुद्राक्षका वृक्षहरु पाईने अन्य र विभिन्न जातका फूलफलका वृक्षहरु औषधि, जडीबुटीहरुले सुरम्य प्राकृतिदृष्यले परिपूर्ण उल्लेखित्, देवस्थल प्राचीन तपोभूमि यसक्षेत्रबाट उत्तरतर्फ हेर्दा गौरीशंकर, कुम्भकर्ण, मकालु सगरमाथा लगायत हिमालयका श्रृखलाबद्ध दृष्यहरु अवलोकन गर्न सकिन्छ। दक्षिणतर्फ विस्तृत फाँटका तराई मधेशका दृष्य जस्तै धरान, विजयपुर, दन्तकाली, बुढासुब्बा, हिन्दूपति राजाको दरवार, भताभुङ्गेराजाको दरवार, सप्तकोशीनदीको विस्तृत स्वरुप वीरपुर भीमनगरका व्यारेज सुनसरी मोरङ सिंचाई योजना अन्तर्गतका चतरानहरु धान्यभूमि पूर्व पश्चिम यातायात आवगमन गर्दै गरेका गुड्ने साधनहरुको दृश्य हेर्न सकिन्छ। मनलाई शान्ति आनन्द दिने मनोरञ्जक र धार्मिक श्रद्धा वढाउँने हरियाली पहाड पर्वतले सुरम्य श्री आदिवराहक्षेत्रलाई नेपाल सरकारका सम्बन्धित् निकाय गुठी संस्थान पर्यटनबोर्ड, विश्वहिनदुमहासंघ नेपाल राष्ट्रिय समिति, सनातनधर्म सेवा समिति केन्द्रिय कार्यालय आदिले ध्यान दिनु पर्ने देखिन्छ। योजनाबद्ध निर्माण विकास गर्नु पर्ने देखिन्छ। भन्ने उद्देश्यले नेपालीमात्रको तथा हिन्दूजागतलाई ध्यानाकर्षण गराउँने उद्देश्यले एवं सम्बन्धित् मन्त्रालय मातहतका सम्बन्धित् निकायले विकासको बजेट बनाई छुट्याई आर्थिक सहयोग गर्ने व्यवस्था भएमा सो आर्थिक रकमले यस धार्मिक, ऐतिहासिक, पौराणिक, पर्यटकीय, दृष्टिकोणले महत्वपूर्ण श्रीआदिवराहक्षेत्रको विकास गर्न सकिन्छ। सुनसरी जिल्ला विकास समिति अन्तर्गत्बाट योजनाबद्ध विकासको निमित्त बजेटसमेत

छुट्याइ दिने कर्तव्योचित कार्य गर्नु हुनेनै छ। सनातनधर्म सेवा समिति केन्द्रीय कार्यालय आदिले ध्यान दिनु पर्ने देखिन्छ। योजनावद्ध निर्माण विकास कार्य गर्नु पर्ने देखिन्छ। भन्ने उद्देश्यले नेपालीमात्रको तथा हिन्दूजगत्लाई ध्यानाकर्षण गराउँने उद्देश्यले एवं सम्बन्धित् मन्त्रालय मातहतका सम्वन्धित् निकायले विकासको बजेट बनाई छुट्याई आर्थिक सहयोग गर्ने व्यवस्था भएमा सो आर्थिक रकमले यस धार्मिक, ऐतिहासिक, पौराणिक, पर्यटकीय, दृष्टिकोणले महत्वपूर्ण श्रीआदिवराहक्षेत्रको विकास गर्न सकिन्छ। सुनसरी जिल्ला विकास समिति अन्तर्गतबाट योजनाबद्ध विकासको निमित्त बजेट समेत छुट्याई दिने कर्तव्योचित कार्य गर्नु हुनेछ, भन्ने विश्वास गरिएको छ। २०६३-२-१३ का दिन भेलाले गरेको निर्णय जेष्ठ २७ गते वैठकले गरेको निर्णय प्रतिलिपि संलग्न राखी २०६३ जेष्ठ ३१ गते सम्मानीय प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइरालाज्यू प्रधानमन्त्रीको कार्यालय सिंहदरवार काठमाण्डौं नेपाल औपचारिक भ्रमण मुकाम् विराटनगर मोरङमा अध्यक्ष मान बज्राचार्य, महासचिव श्री राजेन्द्र पोखरेल द्वयको टोलीले धर्मनिरपेक्षराज्य नेपालमा गाई, गोरु काटमार हुन नपाओस्। भन्ने व्यहोराको ज्ञापनपत्र विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समितिसित सम्बन्धित् लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठान मोरङ्ग विराटनगर-४, उदय मार्गले बुझाएको शिलशिलालाई अभियानरूपमा भ्रमण गर्दै बुझाउँदै सो प्रतिष्ठानका अध्यक्ष एवं विश्वहिन्दूमहासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखाका उपाध्यक्ष कवि मान बज्राचार्य अभियान भ्रमण गर्दै यस आदिवराहक्षेत्रमा आईपुग्नु भएकोले उहाँको हार्दिक स्वागत गरियो। यसै सन्दर्भमा वराहक्षेत्र -७ निवासी वर्ष ८८ का हिराध्वज राईको अध्यक्षतामा वराहक्षेत्र वार्डन नं. ७, ८ र ९ एवं विष्णुपादुका गा.वि.स. वार्डन नं. ५ सम्मका सामाजिक धार्मिक व्यक्तित्व वा सामाजिक कार्यकर्ताहरुलाई लिई आज २०६३।३ असार ५ गते सोमवारका दिन श्रीआदिवराहक्षेत्र विकास उपसमिति १५ जनाको गठन गरियो। साथै सल्लाहकारमा तलका नामसमेत् चयन गरियो।

१.अध्यक्ष- श्रीहिराध्वज राई
२. उपाध्यक्ष - श्री लेखबहादुर राई
३.सचिव- श्री धनबहादुर राई
४. सह सचिव - श्री टेकबहादुर राई
५.कोषाध्यक्ष- श्री सुभाषकुमार राई

६. सदस्यहरु क्रमश:- श्रीहिमालसिंह राई , ७) श्रीदेवी राई ,

८) श्रीमेहेरमान राई , ९) श्रीअजय राई

१०) श्री लालबहादुर राई, ११) श्री ज्ञानबहादुर राई,

१२) श्री रत्नबहादुर राई १३) सुश्री शरण राई,

१४) श्री रामसरी राई, १५) श्री गोपाल राई

प्रमुख सल्लाहकार :

१) कवि मान बज्राचार्य, सल्लाहकारहरु २) श्री गणेश गणेश सुब्वा, विरही, ३) श्री वराहक्षेत्र गा.वि.स., ४) विश्व हिन्दू महासंघ सुनसरी शाखा धरान, ५) श्री आनन्द आचार्य, ६) श्री रामचन्द्र राई, ७) सनातन धर्म सेवा समिति, ८) श्रीसूर्यकुण्ड प्रा.वि. नरेशकुमार राणा, ९) श्रीचन्द्र सिजापति बक्लौरी-८, सुनसरी

संरक्षकहरु

१) जिल्ला प्रशासन कार्यालय, सुनसरी,

२) सुनसरी जिल्ला विकास समिति

श्रीआदिवराह मन्दिर निर्माण विकास उपभोक्ता समिति

आज २०६३-३-५ गते सोमवारका दिन श्रीआदिवराहक्षेत्र विकास उप-समितिका अध्यक्ष श्रीहिराध्वज राईको अध्यक्षतामा वैठक बसियो । छलफल गर्दा २०२२ सालमा तत्कालिन् चतरा गाउँ पञ्चायत वार्ड नं. -१ का अध्यक्ष एवं सुनसरी जिल्ला सभासदस्य श्रीमान बज्राचार्यको पहलमा श्री आदिवराहको मन्दिर निर्माण भएको थियो । सो मन्दिरमा लगाइएको टिनको छाना हावा हुण्डरीले उडायो २०४५ सालको भूकम्पले समेत ठूलो क्षति पुऱ्यो । पर्खाल भग्नावषेशको रूपमामात्र वाकी रहेको छ । मन्दिर भित्रको धलौटेमूर्ति चोरी भयो । जसदेखि श्रीआदिवराहक्षेत्रको महत्व भईकन पनि नाम निशान मेटिदै गएको थियो । सो महत्व अनुसार अस्तित्व राख्नु स्थानीय बासिन्दाको कर्तव्य भएकोले श्रीवराहभगवान्‌को शिलामूर्ति जस्तै बायाँ कुहिना उठाएको त्यसमा स्त्री स्वरूप पृथ्वी धारण गरेको नाग पाईतालातल र बायाँपट्टिको भएको उन्नत श्रीवराहमुख अथवा वीरवराह आकृतिको मूर्ति बनाई स्थापना गर्ने । सो आदिवराह मन्दिर परिसरमा खन्दा जमीन मुनिबाट निकालिएको उड्दै गरेको गरुड माथि चर्तुभुजी विष्णु विराजमान भएको सेतो माटो रंगको

शिलामूर्ति १, बाया हत्केलामा नाग प्रकाशमयरूपमा फण उठाई तन्की बसेको नागशिलामूर्ति १.६ इन्चीको मूर्ति लामो विष्णमूर्ति १, अर्घौटो आकृतिको १४ इन्च लामो शिलाढुंगा १, वीरवदेलको स्वरूपमा वसेको १२ इन्च लामो २ इन्च अग्लो शिलामूर्ति १, दीयो भएको फलामको त्रिशुल १, सूर्यको आकृति खोपिएको शिलाढुंगा लम्वाई र चौडाई १२ इन्चको १, ढुंगाको स्तम्भ १८ इन्चको १, उत्खनन गर्दा जमीनबाट भेटिएकोले आदिवराह मन्दिरको सान्निध्यमा स्थापना गर्ने निर्णय गरियो । पूर्व पश्चिम तन्किएर सूर्यकुण्ड तर्फ फेकिएर बसेको बिशालकाय शिलाढुङ्गाको .बसाहा भुईंमा जमोट भएर बसेको पाइयो जुन् द्यापी छ । वैठक समयमा यही वार्ड नं. ७ निवासी श्रीमेहरमान राईले सूर्यकुण्डपहिरो गएको ठाउँमा २०४६ सालमा खण्डहर कलात्मक शिलामूर्ति दर्शनीय भएको र दाहिने हातमा शंख समाएको त्यस मूर्तिले एउटा हात तेर्स्याएको विष्णुभगवान्को जस्तो लाग्ने शिलामूर्ति सोही आदिवराह मन्दिरमा राख्ने भन्ने निर्णय गरियो ।

पुरातत्त्व विभाग काठमाण्डौमा सम्पर्क राखी विभागीय पुरातात्त्विक ज्ञानका कर्मचारी खटाई दिनु हुन अनुरोध गर्ने समेत निर्णय गरियो । आज गठन भएको विवरण आवश्यक उचित कारवाही निमित्त प्रधानमन्त्रीको कार्यालय सिंहदरवारमा सम्पर्क राखी बुझाउँने काम समेतका लागि २०६३-३-२६ देखि अभियान भ्रमणमा हिंड्नु भएका कवि मान बज्राचार्यज्यूलाई आजको वैठक समयमा अनुरोध साथ जिम्मेवारी दिइएको छ ।

श्रीआदिवराह भगवान्को मन्दिर निर्माण विकास उपभोक्ता समिति

मिति : २०५९-९-९ का दिन गठनमा परेका नामावलीहरु यस वैठकमा प्रस्तुत भएकाले आजको बैठकद्वारा अनुमोदन गरियो । ती नामावली अनुसारका व्यक्तिहरुलाई उद्देश्यको योजनाबद्ध कार्यमा सक्रिय बनाउँने निर्णय गरियो ।

यस निर्णय गर्ने बैठक समयमा यसै गा.वि.स. वार्ड नं. ७ आदिवराहक्षेत्र निवासी ६९ वर्षिया श्रीमती मनसरी राईले केही वर्षदेखि आफ्नो निवासमा पुज्दै आएको १५ इन्च लामो खडा नागमूर्ति, सूर्यकुण्ड फुटी बगेको स्थानमा पाएको भनी यस समितिलाई हस्तान्तरण गर्नु भयो । उक्त मुर्तिलाई पनि श्री

आदिवराह मन्दिरमा स्थापना गर्ने र सुरक्षा गर्ने निर्णय गरियो ।

यस वैठकमा प्रस्तुत भएका पुरानो उपभोक्ता समितिलाई आजको वैठकद्वारा नवीकरण गरी उल्लेख गरिएको यसप्रकार छ ।

१. अध्यक्ष : श्री टेकबहादुर राई २. उपाध्याक्ष : श्री रामप्रसाद राई
३. सचिव : श्री अजय राई ४. कोषाध्यक्ष : श्री देवी राई
५. सदस्यहरुक्रमश : श्री सुवाष कुमार राई ६. श्री राजबहादुर राई
७. श्री पन्चहाङ्ग राई ८. श्री धनबहादुर राई ९. श्री विजय राई
१०. श्री कमानसिंह राई ११. श्री दिलबहादुर राई १२. श्री देव बहादुर राई
१३. श्री लाल राई १४. श्री सुवाषकुमार राई १५. श्री भीषण राई

आफ्नो निवासमा आजको बैठक भएको मिति समयमा आफूले आदिवराहक्षेत्र सूर्यकुण्डमा भेटेका माथि दाताको नाम तजनाइएका ती मुर्ति धलोट शिला २) भगवान विष्णु गरुडमा विराजमान भएको शिलामुर्ति ३) बसाहा जस्तै आकृतिमा देखिने शिलाढुंगा मूर्ति १, श्रीआदिवराह मन्दिरमा स्थापना गर्ने गरि आफ्नो संरक्षणमा राखे वापत् ४० वर्षीय सुवाष राईज्यूलाई हार्दिक धन्यवादज्ञापन गरियो ।

क) आर्थिक बारे :

१. मन्दिर निर्माणकालागि अवल जातका काठ उपलब्ध गरी स्थानीय बासिन्दाहरुको तर्फबाट छानाको ट्रक बटमसम्म गर्ने ।

२. छानालाई आवश्यक कर्कट पाता टिन श्रीहिराध्व्ज राई र श्री सुवास राईले साथै श्री लेखबहादुर राईले निजी खर्चमा प्रदान गर्ने ।

३. पुरानो अवशेषरूपमा रहेको जीर्ण शीर्ण माटामा ईटा जोडी बनाएको दिवाल तोडी गछियाबाट ल्याएको वालुवा र सिमेन्टमा नयाँ ईटा जोडाईगरी मिस्त्री मजदुर लगाई योजनाबद्ध पंक्की रूपमा मन्दिर निर्माण गर्ने ।

४. उक्त मन्दिर निर्माण विकासका निमित्त आर्थिक संकलन बराहक्षेत्र विकास समिति अन्तर्गत्का विष्णुपादुका गा.वि.स. अन्तर्गत्का, धरान नगर पालिका अन्तर्गत्का सुनसरी र मोरङ्ग अन्तर्गत्का दाताहरुसित सम्पर्क राखी अर्थ संकलन गर्ने र साथै धार्मिक एवं सामाजिक क्षेत्रको विकासको निर्माणमा योगदान पुऱ्याएको व्यक्तित्व विश्वहिनदु महासंघ नेपाल राष्ट्रिय समितिका

माध्यमले पहिचान गरी आर्थिक सहयोग प्राप्ति गर्ने । त्यस्ता व्यक्तित्व मध्यका पूर्वाञ्चल अनाथाश्रमका संस्थापकअध्यक्ष एवं लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठानका वर्तमान संरक्षक श्रीमतीसीता पोखरेल साथै वृद्ध बृद्धा कल्याण अक्षयकोण संस्थापक एवं लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठानका संरक्षक काकरभिट्टा नगरपिता श्रीछत्रबहदुर बस्नेत ऐ. लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठानका वर्तमान प्रमुख सल्लाहकार धार्मिक सामाजिक व्यक्तित्व श्रीरामबहादुर चाल्चाभण्डेल श्रेष्ठ इटहरी-४ सुनसरीजलाई निरीक्षण गराई आर्थिक सहयोग प्राप्त गर्ने भन्ने निर्णय गरियो ।

५. आजको भेला अवसरमा गठन भएका समितिको उद्देश्यबोध गराई आथिक अनुदान प्रांप्ति गर्ने तथा प्रधानमन्त्री कार्यालय, विश्वहिन्दु महास.घ नेपाल राष्ट्रिय समिति गुठी संस्थान र पुरातत्व विभाग अभिलेखालयमा लेखापढी पत्र व्यवहार सम्पर्क राखी गर्ने काम कर्तव्य गर्दा हुने आर्थिक वहन समेत कवि मान बज्राचार्यले नै बेहोने निर्णय गरियो ।

१. अध्यक्ष - श्री हिराध्वज राई

२. उपाध्यक्ष - श्री लेखबहादुर राई

३. सचिव - श्री धनबहादुर राई

४. सह सचिव - श्री टेकबहादुर राई

५. कोषाध्यक्ष - श्री सुवाषकुमार राई लगाइत उपस्थित सदस्यहरु संख्या १०

प्रमुख सल्लाहकार

१. श्री कवि मान बज्राचार्य

खण्ड धार्मिक गतिविधि

श्री गणेशायनमः

(शार्दूल विक्रीडित छन्द)

हात्तीका मुख मण्डलाकृति ठूला, छन् गाथले शोभित ।
लामो सुँढ विशाल कान दुईटा, दाह्रा उज्याला शिर ॥
प्राणी ऋद्धि र सिद्धिका पति गणेश्, वन्छन् मुसा वाहन ।
आमा वावू सुमरुपर्वत सरी, सम्झी घुम्यौ फन् फन ॥

पाए थ्यौं शुभ लाभ रम्य दुईटा, सत्पुत्र राम्रा जुन ।
राख्छन्द्वार सजाई अक्षर खुली, बुझ्छौं सबै सद्गुण ॥
श्रीलक्ष्मी पनि पार्वती सुजननी, श्रीविष्णु श्रीरुद्र नै ।
तिम्रा पूज्य पिता मुमा हुनु भयो, विघ्नादि हर्छौ सधैं ॥

तीक्ष्णै बुद्धि र लेखनी, सरस्वती श्रीव्यास जस्ता कवि ।
तिम्रो नै शरणागति स्मृति गरी, रे ल्याउँछन् जागृति ॥
आशिर्वाद दिनोस् मलाई पनि लौं ! यो ! नव्यकाव्यै छरी ।
मर्यादापथ गर्न दर्शन सकुन्, साहित्य भाषा सजी ॥

हे लम्बोदर ! प्रार्थना छ मनले, दूवो र लड्डु जल ।
श्रद्धा भक्ति पवित्र भाव उरले, आफैं बनें सिन्दुर ।
मेरोमाथि प्रसन्न नेत्र छरनोस्, अज्ञानता नाशहोस् ।
पर्मात्मा प्रतिमूर्ति हे गणपति !, श्रीपाउमा बास् मिलोस् ॥

॥ श्री सरस्वत्यै नमः ॥

गायत्री र सरस्वती भगवती, अज्ञान सारा हरी ।
विद्याको वरदान पाउँ जननी, माग्यौं चरण्मा परी ॥
वीणा पुस्तक पद्म हाँस जलमा, औं मन्द मुस्कानमा ।
पाऔं दर्शन शारदा हृदयमा, हेर्नोस् कृपाले ममा ॥

अज्ञानी अनि मूक – मूर्ख पनि श्री, हे शारदा ! भन्छ त ।
खुल्छन् रे प्रतिभा कवित्व रवि भैं, चम्किन्छ सन्सारमा ॥
गर्छौं विन्ति प्रसन्न भैकन दिनोस्, सद्भक्ति विद्या मिलोस् ।
जस्लाई सबले पढेर गुण ली, कर्तव्य बुझ्ने बनोस् ॥

ॐ नमो श्री गुरु बराहेश्वर

(शार्दूलविक्रीडित छन्द)

हे भोले बम पार्वती पति महादेवाय देवेश्वर ।
व्रह्मा आदिवराहले पनि सधैं, जप्छन् बराहेश्वर ॥
आत्मामै परमातमा शिव स्वयं, छन् सम्झने छौं भने ।
प्राणी माथि दया स्वभावतनै, लौ ! गर्दछन् झल्कने ॥
स्रष्टा सृष्टि विनाश तत्व शिव हुन्, भन्ने बुझ्केका ऋषि ।
श्रीपिण्डेश्वर कौशिकी शिवसती, बुझ्छन् श्रीकोशी नदी ॥
जस्को भूषण भेष संर्प गहना, गङ्गा तथा चन्द्रमा ।
छन् आश्चर्य गराउँने नजरले, हेर्ने गर्‍यौं अङ्गमा ॥
छन् बाघम्वर लासको अनलको, दल्छन् खरानी सधैं ।
आफैंमा सबमा निमग्न शिवजी ! हेर्नोस् दयाले सधैं ॥

विजयपुर आध्यात्मिक मंच

(स्था: २०४८)

धरान-१४, विजयपुर (सुनसरी)

मिति २०६३।४।५

श्रीमान् कवि मान बज्राचार्यज्यू

विराटनगर

विषय : मनोनयन गरिएको जानकारी सम्बन्धमा ।

महोदय,

उपरोक्त, सम्बन्धमा विजयपुर आध्यात्मिक मञ्च धरानको आयोजनामा धरान-१४ विजयपुरको दुईधारादेखि दन्तकाली माताको मन्दिरको पश्चिम मूलद्वारासम्म निर्माण भईरहेको भएता पनि अधुरो अवस्थामा रहेको सुविधा युक्त रेलिङ्गमार्ग निर्माण सहयोगार्थ २०६३ श्रावण १० गतेदेखि २० गतेसम्म सञ्चालन भएको श्रीमद्वाल्मिकीय रामायण महाकाव्यको कथा प्रवचन ज्ञान महायज्ञ कार्यक्रम सफल सम्पन्न गर्नको लागि यहाँलाई मूल आयोजक समितिको वरिष्ठ सल्लाहकारमा मनोनयन गरिएको व्यहोरा सहर्ष जानकारी गराउँदै अपेक्षा गरिएको अनुसार सुझाव प्राप्त भएकोमा धन्यवाद छ ।

उद्धवप्रसाद अधिकारी
सचिव
विजयपुर आध्यात्मिक मञ्च, धरान

धर्मराज तिम्सिना
संयोजक
विजयपुर आध्यात्मिक मञ्च
धरान, सुनसरी

धर्म सन्देश र समाचारमा प्रचार प्रसारार्थ

-उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ र कार्यक्रम-

श्रीमान् कार्यालय प्रमुख तथा धार्मिक समाजसेवी एवं राजनैतिक पार्टी प्रतिनिधि महानुभावहरु !

(स्रग्धरा छन्द)

हत्या आतङ्कारी गतिविधि अबता, बन्द होस् शान्ति आओस् ।
राम्रो उद्देश्य यस्तो सफल हुन सकोस्, राष्ट्र लौं ! मुस्कुराओस् ॥

(क) आदिवराहक्षेत्र विकास उपसमिति पुनर्गठन

(ख) उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ संरक्षण समिति गठन २०६४।९।२५ दिनको १ बजे।

(ग) ८९ वर्षमा स्वर्गारोहण भएका श्री हिराध्वज राईमा श्रद्धाञ्जली अर्पण।

(घ) अघिल्लो दिन २४ गते पौषे औंसीका दिन विष्णुपादुका-३, पुगी ८३ वर्षीय पुजारी श्रीचतुरमान तामाङ्गको दोसल्ला ओढाई मन्दिरमा सम्मान। २५ गते वराहक्षेत्र-७, सूर्यकुण्ड आदिवराहमन्दिरमा भेला भई हराएका नमूनाका ढुङ्गाशिला मुर्ति निर्माण गराई स्थापना गर्ने, रेकर्डका आधारमा गुठी खेत जमीन, उपलब्ध गरी आयस्रोत तयार गरी पुजारी राखी पुजा आरतीको व्यवस्था मिलाउने एवं।

(ङ) दबिएर बाघखोलाको शिरानमा पुगेका जलस्रोत संकलन गरी ४ फेसको विद्युत तार जडान गरी, उचो स्थानको टंकीमा भरी पक्की कुण्ड निर्माण गर्ने अनि स्थानीय जनतामा नालाद्वारा पेयजल वितरणको व्यवस्था गर्ने उद्देशयलाई सार्थक पारौं।

(च) आफ्ना एरियाका बाटाका दायाँ बायाँ खोल्सा खोल्सीतर्फ, बाँस, अम्लिसो वेत टाँकी जस्ता आयमुलक वृक्षका बोट विरुवा रोपौं।

विगतवर्ष विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समितिसित सम्बन्धित् लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान र विश्वहिन्दू महासंघ सुनसरी शाखातर्फबाट ९ जनाले अभियान भ्रमण १ महिना संञ्चालन गरियो। सोही अवधिमा २०६३।५।२ का दिन आदिवराहक्षेत्र विकास उपसमिति गठन गरियो। गठन प्रतिलिपि पंत्र, प्रधानमन्त्री एवं मन्त्रिपरिषदको कार्यालय सिंहदरवार, गुठी संस्थान, पुरातत्त्व विभाग, विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति विजुलीबजार काठमाण्डौं नेपाल। मोरङ, झापा, सुनसरीका जिल्ला प्रशासन कार्यालय, जिल्ला विकास समिति र वराहक्षेत्र गाउँ विकास समितिको कार्यालय चतरा सुनसरीमा दर्ता रेकर्ड फाइलमाछन्। साधारणसभाको निर्माणका आधारमा प्रतिष्ठानले आफ्नो १० औं स्थापना दिवस उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ यात्रापूर्वक मनाएको यही व्यहोराबाट अनुरोध छ। साथै सर्वेक्षणका लागि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, सुनसरी, इटहरीमा अनुरोध गरिएको छ। कार्यक्रममा सहभागी सबैमा समेत हार्दिक स्वागत छ। धन्यवाद छ।

निवेदक

मान बज्राचार्य

२०६४।९।६।६

संस्थापक अध्यक्ष-

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान, विराटनगर-४, उदयमार्ग मोरङ्ग

प्रमुख सल्लाहकार- आदिवराहक्षेत्र विकास उपसमिति वराहक्षेत्र-७, सूर्यकुण्ड, सुनसरी।

मिति २०६४।१०।१७।५

विषय- मूर्ति, मन्दिर निर्माण गरी पाऊँ ।

श्रीमान् महानिर्देशकज्यू ।

पुरातत्त्व विभाग महालेखालय काठमाण्डौ, नेपाल ।

महोदय,

मिति २०६३।३।१२।२ दर्ता नं. ६४२५ र वराहक्षेत्र ७ सूर्यकुण्डमा २०६४।९।२५।४ को संभा वैठक निर्णय र वर्ष २६ अंक १६ को पुष्पाञ्जली राष्ट्रिय साप्ताहिक संलग्न राखी आदिवराहक्षेत्र मन्दिर मूर्तिको धार्मिक एवं पुरातात्त्विक महत्वलाई ध्यानमा राखी अन्वेषणपूर्वक ब्लाष्ट राष्ट्रिय दैनिक पृष्ठ २ को नमूनाका ढुङ्गाशिला मुर्ति निर्माण गरी भएको पुरानो मन्दिरको गाह्रो भत्काई पुनर्निमार्ण गरी स्थापना गर्ने उचित व्यवस्थाका लागि अनुरोध छ ।

माथि उल्लेखित् मितिमा अभियान भ्रमण- कार्यक्रम अन्तर्गत् तत्कालिन् महानिर्देशक श्रीकोषप्रसाद आचार्यज्यूसित भेट हुँदा दिनु भएको सुझावका आधारमा यहाँ भेटिएका ढुङ्गा शिला मूर्तिहरु पनि अन्वेषण व्यवस्थाका लागिसमेत विनम्र अनुरोध छ ।

भवदीय

मान बज्राचार्य

२०६४।१०।१७।५

मिति २०६४।१०।१७।५

श्रीमान राष्ट्रिय अध्यक्षज्यू

विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति

काठमाण्डौ नेपाल ।

विषय : पहल सिफारिस बारे ।

महोदय,

सुनसरी जिल्ला अन्तर्गत् ४ धाम र २ क्षेत्रछन् । १-आदिवराहक्षेत्र,. २-श्री वराहक्षेत्र, स्वयं श्रीमाननीय अध्यक्ष दामोदर गौतमज्यूले स्थलगत निरिक्षणमा अनुभव गर्नु भएकै छ । संलग्न सभा र वैठक प्रतिलिपि एवं दैनिक र साप्ताहिक

समाचारपत्रबाट गतिविधि अध्ययन गर्नु भई सम्वन्धित् निकाय पुरात्त्व विभाग र गुठी संस्थानमा आदिवराह भगवान्को मूर्तिशिलाढुङ्गाको निर्माण गरी मन्दिर पुनर्निर्माण गरी स्थापना गर्ने, रेकर्डमा भएका, देखिएका गुठी जग्गा आयस्रोत बनाई पुजारी नियुक्ती गरी पूजा अर्चना व्यवस्थाका लागि सिफारिशपूर्वक पहल गर्ने कार्यवाहीका लागि अनुरोधछ ।

भवदीय

मान बज्राचाय

२०६४।१०।१७।५

संस्थापक अध्यक्ष, लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान

प्रमुख सल्लाहकार, आदिवराहक्षेत्र विकास उपसमिति

<u>बोधार्थ जानकारी</u>

श्री जिल्ला प्रशासन कार्यालय मोरङ्ग, विराटनगर (नेपाल) ।

श्री जिल्ला प्रशासन कार्यालयसुनसरी इनरुवा नेपाल ।

श्री जि.वि.स. को कार्यालय सुनसरी इनरुवा नेपाल

नेपाल सरकार

भूमि सूधार तथा व्यवस्था मन्त्रालय

भूमि सुधार तथा व्यवस्थापन विभाग

मालपोत कार्यालय, सुनसरी

मिति : २०६५।१।१७

विषय – सक्कल निवेदन पठाइएको सम्बन्धमा ।

श्री गुठी संस्थान

केन्द्रीय कार्यालय, काठमाण्डौं ।

महोदय,

उपरोक्त सम्वन्धमा यस कार्यालय मार्फत् मानवज्राचार्यले पेश गर्नु भएको द.नं. ९५५२ मिति ०६५।१।१ को निवेदन र सो निवेदनसाथ पेश भएको पत्रको फोटोकपी पाना-३ समेतको पत्र आवश्यक कारवाहीको लागि यसै पत्रसाथ पठाइएको व्यहोरा अनुरोध गरिएको छ ।

मदनकृष्ण उप्रेती

(उप सचिव)
नि.प्र.मा.अ. बराहक्षेत्र ४, सुनसरी
मिति: २०६५।१।१७।३

विषय- आदिवराह मुर्ति मन्दिर जमीन पुजा व्यवस्थाबारे ।

श्रीमान् मालपोत कार्यालय प्रमुखज्यू !

मालपोत कार्यालय सुनसरी, इनरुवा नेपाल ।

महोदय,

वराहक्षेत्र ७ सूर्यकुण्ड आदिवराहक्षेत्रको योजनावद्ध विकास गर्ने र पक्की मन्दिरमा श्री श्री १००८ बाल सन्तमोहनशरण देवाचार्य संस्थापकअध्यक्ष श्रीराधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठान चतराधामद्वारा प्राप्त शिलाढुङ्गाको अडाईफुटे नयाँ आदिवराह भगवान्को मूर्तिसहित जमीन खन्दा भेटिएका भएका शिला पुराना मूर्तिहरु स्थापना गर्ने उद्देश्यको योजनाबद्ध कार्य भइरहेको छ। उक्त आदिवराहभगवान्को ब्राह्मण पुजारी राखी पूजा व्यवस्था मिलाउँन रेकर्डमा साथै मन्दिर खन्दा परिसरमा देखिएको जमीन दर्ता गरी आय स्रोतवनाउँनु अनिवार्य भएको हुँदा उल्लेखित् धनकुटा जिल्लाको भीर गाउँ वडा नं. ७ मा स्थलगत निरिक्षण गरी उपलब्ध गराई दिने उचित कार्यवाहीका लागि जि.वि.स. को कार्यालय सुनसरीलाई लेखी व्यहोरा संलग्न राखी अनुरोध छ ।

निवेदक - मान बज्राचार्य अध्यक्ष
विश्वहिन्दू महासंघसित सम्बन्धित् लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान,
प्रमुख सल्लाहकार आदिवराहक्षेत्र विकास उपसमिति

(रोहितकुमार भट्टराई प्रमुख मालपोत अधिकृत बाहिर भएकाले मदनकृष्ण उप्रेती, उपसचिव भित्रकालाई बुझाइएको पत्र ।)

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान

विराटनगर-४ उदयमार्ग, मोरङ्ग

मिति : २०६५।२।३३।५

विषयः यात्रामार्ग संरक्षण शाखा मार्ग योजनाबद्ध निर्माण

श्रीमान् सचिवज्यू,
वराहक्षेत्र गाउँ विकास समितिको कार्यालय
चतरा सुनसरी ।

महोदय,

स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदी, योजना अधिकृत श्री खेममणि काफ्ले, पत्रकार श्री एमप्रधान, श्रीविष्णुपादुका गा.वि.स. सचिव श्रीगणेशबहादर प्रधान, सम्वन्धित् विभागीय इन्जिनियर एवं कर्मचारीको एकटोलीद्वारा २०६५।२।१८।७ का दिन सुनसरी जिल्ला विकास समितिको कार्यालयबाट इटहरी धरान धोपा मंगलबारेबाट माछामारा भन्ज्याँग हुदै आदिवराहक्षेत्र सूर्यकुण्ड परिसरको स्थलगत निरिक्षणपूर्वक वराहक्षेत्र ७,८,९,४ मिलनचोकबाट इटहरी हुदैन इनरुवाका लैण्डरोभर सहितै फर्कनु भई उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ यात्रा सर्वप्रथम गर्नु भएकोमा हार्दिक प्रसन्नता व्यक्त गरिएको छ ।

उक्त यात्रामार्ग संरक्षण व्यवस्थासहित शाखामार्ग निर्माण गर्नु पर्ने विषयमा सात राजनैतिकपार्टी र सामाजिक कार्यकर्ताहरुको बैठक निशिचत् मितिमा गा.वि.स.का मै वोलाउने व्यवस्थानिम्ति अनुरोध छ ।

२०६५।२।२३।५

भवदीय

कृष्ण कोइराला (चारघरे) — मान बज्राचार्य

सचिव — अध्यक्ष

यसै बमोजिमको एकप्रति प्राप्तकर्ता देवबहादुर प्रधान सचिव वराहक्षेत्र गा.वि.को कार्यालय ।

बोधार्थ जानकारी

जि.वि.स.को कार्यालय सुनसरी, इनरुवा,
विष्णुपादुका गा.वि.स. कार्यालय

(एकिकृत माओवादी बराहक्षेत्र गाउँ पार्टी कार्यालयका इञ्चार्ज हेमन्त भनिने श्री इन्द्रकुमार पोखरेलसहितले श्रीआदिवराहक्षेत्र श्रीसूर्यकुण्डको स्थलगत निरीक्षण गराउनु भएकोमा धन्यवाद ज्ञापन गरिएको छ ।)

विषयः- अविस्मरणीय सम्झना

(स्रग्धरा छन्द र मन्दाक्रान्ता छन्द)

देख्यौं आषाढ मैना प्रकृति निजकृया, कर्ममा थे जुटेका ।
नीला आकाश ढाक्दै गगन-पथ भरी, देखिए दौडिएका ॥
वर्षा बाढी अविरल जलाधारले मार्ग हिंड्ने ।
रुझ्थे भिज्थे पथिक विचरा, खेतमा धान रोप्ने ॥
खट्थे गोरु कृषक र हलो, शीघ्र माटो हिल्याई ।
ज्यामी साथै स्व पनि विउ त्यो , धान रोप्थे जिल्याई ॥

फुल्छन् फल्छन् सुन धन धरा, झप्प भै धानबाला ।
खेतीवाला कृषकहरुको, हो यही नै सहारा ॥
साँची सम्झी जुन समयमा, काम गर्थे मनुष्य ।
त्यस्तो मौका पनि सव तजी, उच्च राखी स्व लक्ष ॥
छाता ओढी वसहरु चढी, काठमाण्डौं बनेपा ।
हिन्दूत्वैंको असल महिमा, ज्ञान राखेर नेता ॥
छान्ने सारा कृषक र श्रमी, कारखाना तजेर ।
हाम्रो भेला सफल वनियो, जो अध्यक्ष बनेर ॥
आस्थावादीसित परिचयै, गर्नु पर्थ्यो गरेनन् ।
बिल्ला छाती धडकन सितै, हल्लँदा ब्यूँझिएनन् ।।
उद्देश्यैका असल पथमा, एकतावद्ध लाग्यौं ।
भन्ने गर्थे कलह किन हो ? शीघ्र त्यो स्थान त्याग्यौं ॥
आयौं फिर्की निज घर घरै, छुट्टियौं छौं अकेला ।
पायौं जुन् स्वागत हृदयले, सम्झँदैछौं वनेपा ॥

-मान बज्राचार्य (मोरङ्ग विराटनगर ४)

(विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति पाँचौ राष्ट्रिय महासभा २०६३ काभ्रेपलाञ्चोक बनेपालाई लेखिएकोबाट)

विषय-पदाधिकारीका नामावली पाऊँ ।

श्रीमान् राष्ट्रिय समिति अध्यक्षज्यू ।
विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति, काठमाण्डौं नेपाल । **०६३।४।४५**
महोदय ।

(स्रग्धरा छन्द)

बिर्सन्नौं नौजनाको भ्रमण समय औ, काठमाण्डौं बनेपा ।
संगै बस्ता र हिँड्दा हृदय मन खुली, झल्कियो भाग्य-रेखा ॥
यौटै उद्देश्य हाम्रो सफल पनि बन्यो, रोज्न पायौं अध्यक्ष ।
कस्ता गर्लान् नगर्लान् प्रगति पथ चिनी ? लाभं मिल्ला प्रत्यक्ष ॥
शाखाछन् देशभित्र स्मरण मगजमा, राख्नु कर्तव्य हो कि ?
पत्राचारै गरेरै गतिविधि नबुझे, काम के नाम धोकी ? ॥
आशाविश्वास जे जे वचन समयको, याद गर्ने र खट्ने ।
जिम्मेवारी बुझेमा प्रतिनिधि जनता, बुझ्नु गर्दैन दब्ने ॥
ठेगानामा अवश्यै समिति पद खुलोस्, विश्व हिन्दू महासंघ ।

यो ! शाखा जोड्छ हात स्मरण हुनु पऱ्यो, हुन्छ आत्मा प्रसन्न ॥
हातैमा नौ जनाको विजय वखतमा, नाम राखी वधाई ।
ज्ञापन गर्दै विदाई पनि हुन परिगो, चिन्नु होला मलाई ॥

विभिन्न ज्ञापनपत्रसाथै हिन्दूपतिराजा र हिन्दूराष्ट्र '२०६१' उपहार वधाई ज्ञापनपत्र प्रदान गर्ने ।

मान वज्राचार्य

२०६३।२।३१ देखि आषाढ २९ एकमहिने अभियान भ्रमण टोलीप्रमुख र अध्यक्ष लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान एवं धर्मोदयसभा वराहक्षेत्र शाखा उपाध्यक्ष विश्वहिन्दू महासंघ नेपाल राष्ट्रिय समिति सुनसरी शाखा, धरान (नेपाल)

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान

विराटनगर-४ मोरङ्ग

मिति : २०६४।९।१२।५

विषय : सर्वेक्षण गरी गराई योजना तर्जुमा र बजेट निकाश गरी पाउँ ।

श्रीमान् स्थानीय विकास अधिकारीज्यू
जिल्ला विकास समितिको कार्यालय, सुनसरी, इनरुवा, नेपाल ।
महोदय,

उपरोक्त विषयमा निवेदनं यो छ कि यस लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानकों २०६४।५।८ का दिनका १०सौं वार्षिक साधारण सभा र २०६४।९।११।४ का दिनको वैठक निर्णय वाधखोला शिरानको जलस्रोत समेटेर पक्की ट्यांङ्गी वनाई पाइप विछ्याई सर्व साधारण जनतामा पेयजल पुऱ्याउँनका लागि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरी ईटहरीमा अनुरोध गर्ने जन सहभागिता जुटाई यस प्रतिष्ठानवाट जिल्ला विकास समितिको कार्यालय सुनसरी इनरुवातर्फबाटसमेत जोडदार प्रयास गराई योजना सम्पन्न गराउँन लेखापढी गर्ने व्यवस्थाको लागि व्यहोरा संलग्न छ सो अनुसार २०६४।९।६।६ का दिन परिपत्र गरिएको उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ र कार्यक्रम संलग्न राखी यो ! पत्रद्वारा सादर अनुरोध छ ।

क) उल्लेखित् योजनाको प्राविधिकद्वारा अविलम्व चाडो सर्वेक्षण गराई लगत इष्टमेट समेत गरी पाउँ ।

ख) सर्व साधारणवाट मात्र सो कार्य योजना सम्पन्न हुन असम्भव हुँदा जिल्ला विकासकोषबाट ५० प्रतिशत रकम अनुदान निकाशा गरी पाउँ,

ग) मिति : २०६४।९।२५ गते बुधवारका दिनको १ बजे वराहक्षेत्र-७, सूर्यकुण्डमा

हुने भेलामा उपस्थित भई सभालाई यथोचित निर्दिष्ट कार्य हुने सम्बोधनद्वारा आश्वस्त पारी दिनुहुनसमेत कार्यक्रम पत्र संलग्न राखी सादर अनुरोध छ ।

बोधार्थ :

श्रीवराहक्षेत्र गाउँ विकास समितिको कार्यालय चतरा, सुनसरी ।

उपरोक्त कार्यक्रममा गा.वि.स. का तर्फबाटसमेत उपस्थित भई कार्यक्रम सफल पार्ने सहयोगका लागि अनुरोध छ ।

निवेदक :
मान बज्राचार्य
२०६४।९।१२।५

श्री योजना

श्रीमान् स्थानीय विकास अधिकारीज्यूमा पेश गर्ने भनी योजना अधिकारी श्री खेममणि काफ्लेज्यूवाट तोक लागेको मितिः २०६४।९।१२।५ मा जि.वि.स. दर्ता नं. २७४२ योजना फाँट नं. ११२ मा फाइलिङ्ग गरिएको छ ।

लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान

विराटनगर-४ मोरङ्ग

मितिः २०६४।९।१२।५

विषय- सर्वेक्षण गरी गराई योजना तर्जुमा र बजेट निकाशा गरी पाउँ ।

श्रीमान् कार्यालय प्रमुखज्यू

जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय, इंटहरी सुनसरी नेपाल ।

महोदय,

उपरोक्त विषयमा निवेदन या छ कि यस लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानको २०६४ भदौं ८ गतेका दिनको १० औं वार्षिक साधारण सभा र २०६४ पौष ११ गते वुधबारकादिनको वैठक निर्णय वाघखोला शिरानको जल स्रोत समेटेर पक्की ट्यांङ्गी वनाई पाइप विछ्याई सर्व साधारण जनतामा पेयजल पुऱ्याउँनका लागि जिल्ला खानेपानी तथा सरसफाई डिभिजन कार्यालय सुनसरी ईटहरीमा अनुरोध गर्ने जन सहभागिता जुटाई यस प्रतिष्ठानबाट जिल्ला विकास समितिको कार्यालय सुनसरी इनरुवातर्फवाट समेत जोडदार प्रयास गराई योजना सम्पन्न गराउँन प्रयास गर्ने, व्यहोरा अनुसार २०६४।९।६।६ का दिन परिपत्र गरिएको उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ र कार्यक्रम संलग्न राखी यो पत्रद्वारा सादर अनुरोध छ ।

क) उल्लेखित योजनाको प्राविधिकद्वारा अविलम्व चाँडो सर्वेक्षण गराई लगत इष्टमेट समेत गरी पाउँ ।

ख) सर्व साधारणवाट मात्र सो कार्य योजना सम्पन्न हुन असम्भव हुँदा जिल्ला विकास कोषवाट ५० प्रतिशत रकम अनुदान निकाशा गरी पाऊँ ।

बोधार्थ :

श्री बराहक्षेत्र गाउविकास समितिको कार्यालय चतरा सुनसरी ।

उपरोक्त कार्यक्रममा गा.वि.स. कार्यालयकातर्फवाटसमेत उपस्थित भई कार्यक्रम सफल पार्ने सहयोगका लागि अनुरोध छ ।

निवेदक

मान बज्राचार्य

२०६४।९।१२।५

यसै वमोजिम् १ प्रति बुझिलिएँ ।

हरिप्रसाद सिग्देल खानेपानी सहायक टेक्निसियन

श्री बालसंस्कार तथा जागृति केन्द्र-२०६१

अष्टचिरञ्जीवि मन्दिर २०६५, विराटनगर-११ मधुमारा

मूतिहरु	दाताहरु
१. अश्वस्थामा-	दीपक नीता ढुङ्गेल
२. बलि	रुकमणी- नीरा भण्डारी
३. व्यास-	इश्वरीप्रसाद मञ्जु रिजाल
४.हनुमान-सारथीकृष्ण	विजयलक्ष्मी श्रेष्ठ
५.विभिषण -	अम्बिका श्रेष्ठ तेजकुमारी प्रधान
६.कृपाचायर्-	राजबहादुर कमला कुँवर
७. परशुराम-	दयाचन्द्र स्नेह पोखरेल
८.मार्कण्डेय-	शान्ता पोखरेल
९.गणपति- प्रकाश	अनुपा खनाल
१० षष्ठिका देवी-	लवमणि, नीना राजभण्डारी

ॐ जय अष्टचिरञ्जीविदेव, प्रभुजय अष्ट चिरञ्जीवि देव
तिम्रा शरणमा पर्दा, आयु वृद्धि हओस् । आरती श्लोकबाट

पुजारी देवीप्रसाद घिमिरे स्थापना मिति २०६५।४।२५ गतेदेखि कार्यरत: छन् । २०६५।८।२७६

आफूभन्दा ठूला मान्यजनलाई वन्दना गर्नाले आयु, वल, विद्या र यश वद्‌दछ । भन्ने धर्मशास्त्रमका लेखिएको छ ।

पितामातालाई पाउँमा ढोग्ने, गुरुलाई देवीदेवतालाई साष्टाङ दण्डवत गर्नेले आशीर्वाद पाउँछन् । त्यसवाट अकालमृत्युको मुखवाटसमेत वच्दछ । यसको उदाहरण मार्कण्डेय ऋषिको कथा उदाहरणीयछ ।

घण्टाघरको रहस्यमय संकेत

(शार्दूल बिक्रीडित छन्द)

पैह्रो, वाढि, हुरी वतास जगतै, हल्लाउँदै वेस्सरी ।
जुन् भूकम्प विनाश पार्छ प्रभुले, रक्षा गरुन् के गरी ? ॥
सम्झौं विर्सनु हुन्न हुन्न हरिनै, भन्दैछ नाडी घडी ।
यौटा अंक र बाह्रका बीच घुमी गर्दैछ, टिक् टिक् चली ॥

अग्ला टावर गोल रम्य घरमा, देख्छौं र घण्टाघर ।
भन्छौं शोभित पार्छ झन नगर नै, खट्छौं उसकैको भर ॥
बेला वित्छ अबेर हुन्छ कि ? भनी, हत्तार गर्छौं तर ।
कैयौं जन्म बिते बित्यो समय जुन्, त्यों ! जान्दछौं कुन् नर ?

लौ ! घण्टाघर घन्कियो समयको, संकेत गर्दै सधैं ।
सारा सृष्टि विनाश हुन्छ जगतै, पातालमा डुब्छ नै ॥
ब्रह्मा विष्णु, महेश देवहरु नै, भै एक नारायण ।
शुक्ला हुन्छ जलाम्य शेष फण नै, छाता वनाईकन ॥

लीला हुन्छ समाप्त नवश्वर सबै, हुन्छन् अदृश्यै जब ।
व्योंमाकार अथाह सागर जलै, देखिन्छ त्यै ! हो लय ॥
मौका आउँछ पर्खदैन समयै, वित्दैछ वित्दैछ है ।
भन्दै चल्छ घडी सुई नजरले, हेर्ने गरौं है ! सधैं ॥

छन् घण्टाघर घन्कदै समयको, संकेत गर्दै जहाँ ।
के भन्दैछ ? सुचेतना यदि खुले, त्यो ! पुग्छ वैकुण्ठमा ॥

मोती, रत्न हिरा अमूल्य मणि झैं, फेर्दैछ स्वास् मानिस ।
गायत्री अजपा स्वहं स्व महिमा, बुझ्दैन ता आखिर ॥

(२०५६, २०५७ र २०६२, २०६५, मा मनाइएको धरान महोत्सव कार्यक्रम माध्यमले पनि घण्टाघरको विशेषतालाई उजागर गरेकोछ ।)

मृत्युर्मा अमृतं परं पद हुने, आत्मै न चिन्ने नर ।
अज्ञानी भनिनेछ ज्ञान गर है ! भन्दैछ घण्टाघर ॥
शोभामात्र न सम्झ यो ! नगरको, रहस्य बुझ्ने गरौं ।
जन्मेका जति छौं मनुष्य सब हौं, सत्मार्गमा लौ ! बढौं ॥

यै शिक्षा कविता रचेर कविले, दिन्छन् र रामायण ।
चिन्छौं भानु कि भानुचोक सबमा, देखिन्छ आकर्षण ॥
मोती भानु महेन्द्र काव्यमय श्री, लक्ष्मीप्रसाद देवकोटा ।
देख्छौं शालिक जुन् धरान नगरी, साहित्य बुझ्ने भयो ॥

कोशी अञ्चल सुन्सरी अखिलमै, विज्ञान वैज्ञानिक ।
जुन् आधार धरान पाउँछ बढी, झन् हुन्छ लाभान्वित ॥
वर्षौं वर्ष धरान महोत्सव अहा ? पार्दैछ झन् झल्मल ।
साथी हङ्कङ मैत्रिभाव छविलो, बुझ्नोस घण्टाघर ॥

१. नेपालको राजधानी काठमाडौं भ्याली भक्तपुर, ललितपुर काठमाडौका बासिन्दाहरलाई परिवर्तनशील कालको संकेत दिने घण्टाघर नारायणहिटी राजदरवार मार्गमा छ ।

२ वीरगञ्ज पछि धरान नगरपालिका र हङ्कङको संयुक्ततामा दुवै देशको मैत्रित्वकारूपमा भानुचौक बस बिसौनी पुतली बजारलाईन मुख पूर्व मन्दिर उद्यान पार्क बीचमा सुरम्य दृश्य उपस्थित पूर्वक घण्टाघर निर्माण भएको छ। विराटनगर शहीद रंगशाला उत्तर जिल्ला प्रशासन कार्यलय अगाडी घण्टाघरको शिलान्यास भईसकेको सर्व विदितै छ। ती मध्ये धरान

नगरपालिकाक्षेत्रको घण्टाघर यति आकर्षकछ, कि भूकम्प स्मारक र विश्वको कुनै पनि मुलुकबाट वेवसाईटका माध्यमले धरानको दृश्यावलोकन गर्न सकिने प्रविधिक जडान हुँनाले विशेष महत्वपूर्ण मानिन्छ ।

निर्माताः धरान हङ्कङ तथा धरानवासी, भएको । धरान घण्टाघर भूकम्प स्मारक तथा उद्यान व्यवस्थापन समिति धरान नगरपालिका वाडर्न नं. ६ भानुचोकद्वारा निर्धारित प्रवेश शुल्क उद्यानक्षेत्र तथा भूकम्प स्मारक प्रवेश शुल्क - रु. ५।-घण्टाघर प्रवेश शुल्क रु. १०-१५।- क्यामेरा शुल्क रु(१०।- भिडियो क्यामेरा शुल्क रु. ५०।- फिल्म शुटिङ्ग प्रतिघण्टा रु. ५००।-पाँच वर्षमुनिका बालबालिकाहरुलाई प्रवेश शुल्क मिनाहा गरिएको छ ।

२०६२ साल माघ २१ गते शुक्रवार बसन्त श्रीपञ्चमीको शुभ मुर्हुतमा श्रीसिद्धिविनायक गणेशकोमूर्ति स्थापना भएको कलात्मक बुट्टाले सजाइएको मन्दिरले धार्मिक तथा पर्यटकहरुको चित्ताकर्षक दृश्य उपसथित भएकोले दर्शनीये छ। ६ ऋतु र बाह्रै महिना सयपत्रीआदि फूल फुलाउँने मालीको सराहनीय प्रयासले फूल उद्यानले सजिएको धरान घण्टाघर भूकम्प स्मारक परिसर मनोहर आकर्षकछ ।

कोशीनदी कटान डुवान पीडिततर्फबाट आर्तपुकार

नेपालका पचहत्तर जिल्लाहरु मध्ये सुनसरी जिल्लाबासी जनता, नेपालका नदीहरुमध्ये ठूली नदी आदिगंगा सप्तकोशीनदी २०६५।५।२ देखि पूर्वाभिमुखी भई साविकबाटो बद्लेर वग्न लागेकीले विपत्तिमाछन्। राष्ट्रमात्र होइन छिमेकीराष्ट्र भारतमाथि भन संकट आइलागेको छ। भगवान् आदिवराह, वराह र आसूतोषभगवान् पशुपतिले यस संकष्टबाट रक्षा गरुन् । माता पार्वतीले आफ्ना अंश श्रीसप्तकोशीनदी नियन्त्रण कार्यमा पूर्णरुपले संघाउँन् । जिल्ला प्रशासन प्रमख एवं स्थानीय विकास अधिकारी लगायत् सम्बन्धित् सरकारी गैर सरकारी निकाय एवं संघ संस्था मातहतका उद्धारकर्मीहरुको युद्धरतः सप्तकोशीनदीमा आएको भेलबाढीबाट जनताको रक्षा व्यवस्था गर्ने कार्यले

सफलता प्राप्त गरोस् । योजनावद्ध कुपित भएका प्राकृतिकशक्तिलाई नियन्त्रण गर्ने क्षमता परमात्मामा मात्रछ । त्राहीमाम शरणागत छौं ।

प्रभो !

(तांटक छन्द)

शरणागत छौं प्रभु पाउ पऱ्यौं ।
अब त्रस्त जलाशयबाट भयौं ॥
करुणागर हे जलधी जननी ।
वरवाद भयौं, र सह्याँ र पनि ॥
किन क्रुर स्वभाव लियौ जलधी ? ।
अपराध गऱ्यौ अनजान भई ॥
गरनोस् अब आफू दयालु बनी ॥
शिशुमाथि कृपा गरनोस् जननी ॥

आदिगंगा सप्तकोशी तट दुर्वाशाघाट चतरा

श्री श्री १००८ बालसन्त मोहनशरण देवाचार्यज्यूको यहाँ आगमन भएपछि प्राचीन हरिद्वार चतराधाम बलरामेश्वर शिव मन्दिरले प्रसिद्ध भयो । श्री बलरामेश्वर पाञ्चायन शिवालय मन्दिर निर्माण र श्रीराधाकृष्ण मन्दिर निर्माण साथै राधाकृष्ण भक्ति साधना आध्यात्मकि प्रतिष्ठानको स्थापना हुनु यस पवित्रस्थलको महिमा उजागर हुनु हो । २०५९ सालको श्रीपिण्डेश्वर कुम्भ महोत्सवको प्रतीक कुम्भस्तम्भ ५९ फुट अग्लो १९ लाख सत्तरीहजार रुपैंया लाग्ने लगतस्टेमेटमा निर्माण हुनु यस श्रीवराहक्षेत्रधामको प्रसिद्धीहरुमा सुनौलो इतिहास थपिनु हो । तारा गाउँ विकास समिति माध्यमबाट संस्कृति तथा पर्यटन मन्त्रालयले दिएको १६ लाख रुपैंयाको लागत, जिल्ला विकास समिति सुनसरीबाट दिएको रु. १ लाख ५० हजार, बराहक्षेत्र गाविस कोषबाट रु. ५०००० र राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठानबाट रु. १०,०००।- वराहक्षेत्र वृहत्तर विकास समितिबाट रु. १,६१,०००।- र श्रीमतीआशालता

रिजालज्यूबाट रु. १,००,०००।- लागतमा प्रतीक्षालयसंगै रहेको ३९ खुर्किला भएको पक्कीरूपको स्नानघाट वनिनु ऐतिहासिककार्य हुनु हो। वराहक्षेत्र मन्दिर आवागमन गर्ने भक्तहरुका लागि सुविधाजनक सार्वजनिक शौचालय वनिनु प्रशंसनीय सेवाकार्य हुनु हो।

गणेश सुव्वा, 'विरही' संयोजक, गुरुप्रसाद सुवेदी स्थानीय विकास अधिकारी उपसमिति संयोजक, सुनसरी जि.वि.स. वराहक्षेत्र चतरा धार्मिक पूर्वाधार निर्माण समिति सुनसरी, मिति २०६५।७।१०।७

प्रथम श्रीपिण्डेश्वर कुम्भस्तम्भ

स्तम्भ फेदमा २८ फिट जमीको लेवलदेखि गजुर २६ फिट र चौडाईछ। जमीन मुनीको जग विजुलीको पोल, गजुरको छत तलछन्। त्यहाँ वलेको विजुली वत्तिको प्रकाशले खयरधारी कोशीतट र भण्डारी टार उज्यालो हुन्छ। २९ फिट निर्माण कार्यमा वाँस ५२१-घना, वन्धन नरिवल डोरी १२५ केजी, सिमेण्ट ३२६ वोरा, फलामेरड ४५०० केजी, तार ३५ केजी, गिटी ९ ट्रक, वालुवा २६ ट्रक, रंगरोगन सामग्रीमा २५ लिटर रातो रंग, व्हाइटसिमेन्ट ३ वोरा, प्राइमर सेतो १ लिटर, इनामेल र गोल्डेन कलर, खोपाई कार्यमा १० दिनको मजदुरी लागेको छ।

सप्तकोशीमा फेरी

सुरक्षाको दृष्टिले पनि वैकल्पिक पूर्व पश्चिम सडक ग्राभेलिङ, कार्य २०६५ मंसीर ५ गते समापन भयो। धनसार खोलादेखि सप्तकोशीनदी वारपार गर्ने २०६५ मंसिर मसान्तसम्ममा फेरी तयार भयो। फेरीले लोडसहितको ट्रक वस वहन गर्छ।

वैकल्पिक पूर्व पश्चिम् यातायात राजमार्ग गुड्ने साधन आवागमन गर्न मेचीदेखि महाकालीसम्म. वा राजधानी नेपाल काठमाण्डौ यातायात गर्ने वसट्रक वदल्नुपर्ने समस्या समाधान भएको छ। भारतीयभूमि सीमानाको सडकभन्दा वैकल्पिक मार्गवाट वस गुड्दा यात्रुहरुको सुरक्षा निश्चित छ।

श्री मद्‌देवीभागवत् नवाह महापुराण ज्ञान महायज्ञ

श्री राधाकृष्ण शिव मन्दिर ईटहरीको आयोजनामा नमूना वहुउद्देश्यीय सामुदायिक भवन निर्माणका लागि श्री तारानाथ देवजना कोइराला महेन्द्रनगर-२ सुनसरीले दशहजार पाँच सय पचपन्न रुपया प्रदान गर्नुभएको मिति २०६५ कात्तिक २४ गतेदेखि मंसिर २ गतेसम्म आयोजित श्रीमद्‌देवीभागवत् नवाह महापुराणको प्रमुख वाचक पं. श्रीदीनवन्धु पोखरेल, प्रमुखअतिथि डा. स्वामी प्रपन्नाचार्य, संयोजक विश्वप्रसाद रिजालवाट प्रदान भएका सोही मध्येको सम्मानपत्र हेर्ने अवसर पाएको मिति २०६५।८।८।१ का दिन आदिवराहक्षेत्र सूर्यकुण्ड योजनावद्ध विकासनार्थ तल उल्लेखित् दान रु. प्रदान गर्नु भएकोमा परिवारको नाम उल्लेखनीय छ।

वि.सं. १९७३ भाद्र १७ गते आइतवार खोटाङ्ग चिसापानीमा खुटावितलवमा जन्मनु भएका वर्ष ९३ का श्रीतारानाथ कोइराला, वर्ष ९० की श्रीमतीदेवजना कोइराला, २००३ साल कात्तिक १३ गते जन्मनु भएका साइलोपुत्र इन्द्रप्रसाद कोइराला २०१२ साल फागुन १५ गते जन्मुन भएकी श्रीमतीइन्दिरा कोइराला महेन्द्रनगर-२ बुधवार वजारचोकमा घर भएका रु. १ करोड ३०००० संकलन भएको विवरण संचारमाध्यमसमेतवाट सार्वजनिक जानकारी भएको छ। सम्वन्धित् सवै धन्यवादका पात्र हुनुहुन्छ।

श्रीराधाकृष्ण शिवमन्दिर परिचय

नेपाल पूर्वाञ्चल, मेची, कोशी, सगरमाथा ३ अञ्चल संयुक्त नाम हो। पूर्वपश्चिम् र उत्तर दक्षिण दुई दिशावीच ३ अञ्चलको वीच कोशी अञ्चलमा इटहरी नगरपालिका छ। झापा, मोरङ, र सुनसरी ३ जिल्लाकावीच सुनसरीमा यो इटहरी नगरापालिका अवस्थित छ। ईटहरीको ऐतहिासिक तथ्य श्री आदिवराहक्षेत्र सूर्यकुण्ड महिमाभित्र पाइन्छ। श्री कृष्ण प्रणामी मन्दिर, शिवालय, विराटेश्वर महादेव, दक्षिणकाली मन्दिर, रामजानकी मन्दिर सार्वजनिक रुपमा

विराटेश्वर महादेव, दक्षिणकाली मन्दिर, रामजानकी मन्दिर सार्वजनिक रुपमा बनाइएका छन्। निजी मन्दिर विभिन्नछन्। त्यसमा पनि श्री शिव रंग पाञ्चायन मनिदरको नाम प्रचलित छ। ईटहरी ८ स्थित श्री राधाकृष्ण शिव मन्दिर २००८ सालमा नुनिलाल चौधरीले आफ्नै नम्वरी ८ कट्ठा जग्गामा निजी खर्चले नै निर्माण गरेका थिए। वर्तमान समितको सक्रियतामा सुधार हुदै गएको देखिन्छ। २०५९ सालदेखि योजनाबद्ध विकास गर्दै २०६३ साल असारमा मार्वल विछ्याइएको रेलिङ सहित पक्की सिडी भएको एक तल्ले भव्य भवन बनियो। भूईमा पनि र्मावल विछ्यायो। श्रीराधाकृष्णाको मन्दिरको गजुर श्रीशिव मन्दिरको गजुर, ईटहरी नगरपरिसर जहींबाट पनि देख्न सकिने गरी उचो आकर्षकछ। २ आकर्षक गजुर भएको श्रीराधाकृष्ण शिव मन्दिरको माथिल्लो खण्ड परिसरमा ९ वटा साना साना गजुर र भिन्ना भिन्नै कोठा निर्माण गरिएकोछ।

ती प्रत्येक कोठामा यसप्रकार देव देवीका मार्वल कलात्मक आकर्षक सुन्दर शिलामूर्तिहरु स्थापितछन्।

मनोरम सिंढी उक्लिएर दायाँ परिक्रमा गर्दै श्रीगणेश मन्दिरदेखि प्रत्येक मूर्तिकोदर्शन गर्नु पर्ने नियमछ।

१) श्रीगणेश मन्दिर, २) श्रीविश्वकर्मा वावा मन्दिर, ३) श्रीहनुमान मन्दिर, ४) श्री नृसिंह भगवान् मन्दिर, ५) श्रीकाल भैरव मनिदर, ६) श्रीसरस्वती मन्दिर, ७) श्री सूर्यनारायण मन्दिर, ८) श्रीशिवलिंग मन्दिर, ९) श्रीशिवजीको पद्मासन कसेर ध्यान मग्न मूर्ति, १०) श्रीरामजानकी मूर्ति मन्दिर, ११) श्रीराधाकृष्ण मूल मन्दिर, १२) श्री शीतला माता मन्दिर, १३) श्रीविन्ध्यवासिनी मन्दिर, १४) श्रीकालीमाई मन्दिर, १५) श्री दुर्गामाता मन्दिर।

२ अग्ला ९ भित्री गजुर भएको यी १५ देवदेवीको पाञ्चायन विधिवत दैनिक विहान पूजा अर्चना, साँझमा आरतीगर्ने नियमछ। उक्त नियम विधिले पूजा अर्चना २०५० साल असोजदेखि पुजारीपदमा नियुक्ती भई आउँनु भएका श्रीरवीन्द्रप्रसाद भण्डारीज्यूले यस मन्दिर विकासको वहुउद्देश्यीय योजना भएको

कुरा २०६५।८।११।४ मा वताउँनु भएकोछ । समितिको योजनावद्धकार्य आगामि दिनमा धार्मिकश्रद्धालुहरुले देख्दै जानु हुनेछ । सञ्चार माध्यमले तथा दैनिक ब्लाष्ट धरानले धेरै कुराप्रकाशमा ल्याएकाछन् ।

-श्रीलक्ष्मी वैंकटेश रामानुज सत्संङ्ग मन्दिरमा मूर्ति प्राण प्रतिष्ठा-

२०६५।७।१६ देखि २३ गतेसम्म १२ वर्षे सप्ताहव्यापी श्रीमद्भागवत् पाठ पारायण समापनका दिन भएको निर्णय अनुसार श्रीवैंकटेश देवस्थान रामानुज सत्संग आश्रम मन्दिरमा २०६५ फागुन २१ देखि २५ सम्म पञ्चदीवसीय धार्मिकमहोत्सव कार्यक्रमअन्तर्गत काठमाण्डौ पाटन (ललितपुर) वाट ल्याइएका- १, श्रीरामानुज स्वामी र श्रीवैंकटेश भगवान्का उज्जल धातुका उत्सव मूर्ति, मद्रासबाट सोही खाले २ चल मूर्ति श्रीदेवी र श्रीभूदेवीका मूर्ति ल्याइएको प्राण प्रतिष्ठाका संयोजक सुनसरी जिल्ला विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदी हुनुहुन्छ । सदस्यपदमा श्रीगोविन्द पौड्याल, श्रीकाशीनाथ भट्टराई, श्रीभक्तवहादुर बस्नेत, पं. श्रीगोविन्दप्रसाद घिमिरे, श्रीदेवीप्रसाद खतिवडा, पं. श्रीगणेशप्रसाद ढकाल, श्रीगोविन्द खनाल, श्रीचूडामणि नेपाल, श्रीदामोदर काफ्ले सल्लाहकार श्री १०८ हरिकृष्णाचार्य ढकाल कवि मान वज्राचार्य

श्री परमात्मायै नमः

-पुरानो धर्मशालाको माथिल्लो तलानिर्माणको सुझाव-

सप्तकोशीनदीतट दुर्वाशाघाट चतराकै प्रथम निर्मित धर्मशाला हो । उक्त धर्मशालालाई वृहत्रूपले बनाउँने काम चतरा वराहक्षेत्र विकास समितिका उपाध्यक्ष एवं धर्मशालानिर्माण उपभोक्ता समितिका अध्यक्ष कवि मान बज्राचार्यको सक्रीयतामा भएको हो । उक्त धर्मशाला सप्तकोशीआश्रम समितिलाई सोम्पिएपछि दक्षिणतर्फ स्नान र शौचालय खानेपानी सुविधाप्रदको व्यवस्था सप्तकोशी आश्रमबाट भएकोछ । पक्कीरूपले भव्य रूपमा बनिएको उक्त धर्मलाशाको माथिल्लो तला योजनावद्ध थपिनु पर्छ । ६ कोठा निर्माण गर्ने काम भए बानप्रस्थीजीवन बिताउँनेहरुका लागि उपयुक्त साधना स्थल

हुनेछ। बीचमा व्यासेज भएको ६ कोठाको निर्माण जसको आर्थिकबाट हुन्छ। उनीकै नाम प्रत्येक कोठाका ढोकामाथि लेखिदिने व्यवस्थाले बनाउँदा उदारमना दानी तथा वानप्रस्थी धार्मिक मनोवृत्तिका सज्जन मानिस पाउन सकिन्छ! यो सुझाव म यसै पुस्तक माध्यमबाट प्रस्तुत गर्नु उचित ठान्दछु। कविमान वज्राचार्यज्यूको प्रयास स्तुत्य छ। सम्बन्धित् जिल्ला विकास समितिको ध्यान आकर्षित होस्। स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदीज्यूले निरीक्षणपूर्वक जि.वि.स. कोषबाट रु. ४०,०००।- निकासी गरी मुखभागमा रङ्ग रोगन गर्ने र भुई ढलाई प्लस्टर गर्ने कार्य गरी आकर्षक पारी सजाउने काम भएकोमा धन्यावाद छ ।

सुशीला भोला दाहाल

विराटनगर-४ भूपिमार्ग मोरङ हाल वानप्रस्थी जीवन विताउदै गरेको स्थल बराहक्षेत्र-१ चतराधाम

श्रीआदिवराह भगवान्को मन्दिर भोजपुर

श्रीआदिवराह भगवान् श्रीगुप्तेश्वर गा.वि.स. मा पनिछन्। भोजपुर जिल्ला भित्र पर्ने गुप्तेश्वर गा.वि.स. मा दावा यालुङबजार छ। त्यहाँका इष्टदेव श्रीगुप्तेश्वर शिव मन्दिर भित्र श्रीध्यानबहादुर राईका पिताले ललितपुरका मूर्तिकारबाट बनाइएको श्रीआदिवराह स्वरूप आकृतिको कलात्मक मूर्ति ल्याई वि.सं. २००८ सालमा स्थापना गरेकाछन्।

१) पिखुवाखोला १, पटेखोला १, बङ्खुवा खोला १

यी तीन खोलाको त्रिवेणीजलमा श्रीगुप्तेश्वरशिव मन्दिर भव्यरूपको छ। रिमचिम फेदीमा पर्ने यस त्रिवेणीजलमा स्नान गरी श्रीगुप्तेश्वरशिव लिङ्ग शिला र आदिवराह भगवान्को ढुङ्गाको शिलामूर्ति दर्शनार्थ धार्मिकयात्रुहरु माघे सँक्रान्तिमेला कात्तिक पूर्णिमा मेला, शिवरात्रिमेला लाग्छ। चैत्राष्टमीदेखि रामनवमीमा धार्मिक नरनारीहरुको भेलाले मेलाको रूप लिन्छ। पर्व पर्वमा यस्ता मेला लाग्छन्। जानकारी स्रोत-पदमबहादुर दाहाल जन्मस्थल श्रीगुप्तेश्वर मा.वि. स. वार्ड नं. १ हाल बराहक्षेत्र ३ चतरामुनरवार्स जानकारी मिति २०६५।७८।६

-सन्तानेश्वरपाञ्चायनशिव मन्दिर-

बराहक्षेत्र ३ चतरा पुनर्वास सुनसरीनिवासी श्रीनरवहादुर श्रेष्ठबाट आफ्ना स्वर्गीय पिता श्रीटहलमान श्रेष्ठ स्वर्गीयामाता देवीदत्तमायाश्रेष्ठको पुण्यस्मृतिमा २०५८ साल फालुन महाशिवरात्रिमा सन्तानेश्वरपाञ्चायनशिव मन्दिर निर्माण गर्नु भएको छ। मूर्ति कलाकार ॐ नारायण चाम्लिङ्ग हुन्। एउटै ढुङ्गाको शिलामा कुँदेर कलात्मक तरिकाले

शिव पार्वती दक्षिण फर्केका छन् दक्षिण फर्केका, श्रीगणेश, उत्तर पूर्व फर्केका श्रीविष्णु बसाहा पशिचम् फर्केकाछन्। कलात्मक सुन्दर मन्दिर फलामे रेलिङ सुशोभित दर्शनीय छ।

यो मन्दिरमा मुर्ति स्थापना गर्ने प्रेरणा जेठी बुहारी शान्तावाट र ठूली कान्छी बुहारी दीपा श्रेष्ठबाट मिलेको थियो। श्रीमती शुकमाया श्रेष्ठ र आफैं श्री नरबहादर श्रेष्ठले गर्नु हुदैछ। क्रमश: प्रकाश, प्रल्हाद, रमेश, उमेश, दिनेश र दीपेश ६ भाई छोराले पूजा अर्चन ागर्नेनै छन्। सन्तान सहित शिवजी श्री विष्णु एउटै शिलामा कलात्मक सुन्दर यी मुर्तिहरु रहस्यमय छन्।

शुभकामना उद्गारभित्र
उद्योग वाणिज्य संघको परिचय

मिति २०२४ साल वैशाख १० गते चतरा व्यापार संघको स्थापना भएको हो। २०२६ साल वैशाख देखि महेन्द्रनगर, भरौल, प्रकाशपुर मधुक लौकही सम्म चतरा व्यापार संघले समेटनै आउनु भएका श्रीमान् बज्राचार्य ज्यूले सवै ठाउमा व्यापारीहरु समेटतै २८ वर्ष उक्त संघको अध्यक्ष र २ वर्ष सचिवको कार्य संचालन गर्दै २ वर्ष वराक्षेत्र उद्योग वाणिज्य संघ समेत गरी जम्मा ३४ वर्ष कार्यसंचालन गरी साथीहरुलाई जिम्मा लगाउछ आफू विराटनगर मा बसोबास गर्न लाग्नु हुने मान बज्राचार्य ज्यूलाई प्रतिदिन वहाको उत्तरोत्तर प्रगतिको र सुस्वास्थ्यको मंगलमय शुभकामना दिदै म महेन्द्रनगर संघको जिवनि दिन चाहन्छु।

२०३२ साल चैत्र १० गते चतरा व्यापार संघमा सदस्य लिई अनवरत रुपमा दु:ख सुख भोग्दै सा.स. देखि सह-सचिवको पदसमेत समाली आउदा २०४७ साल वैशाख १३ गते चतरा व्यापारसंघको वार्षिक साधारण सभा चक्रघटीको महेन्द्र उच्च मा.वि. मा

साधारण सभा हुँदा केही सार्थीहरुको मत भिन्नताको कारणले गर्दा चतरा व्यापार संघबाट फूटी, भरौल प्रकाशपुर, महेन्द्रनगर एक तरफ भर्य, अलग भयौ, त्यही साधारण सभाले चतारा व्यापार संघमा भएको रकम रु. आधा फाट गरी रु. ५०००।२३ पाचहजार तेइस पैसा बण्डा लिई २०४७ साल वैशाख १९ गते का दिन विधान तयार गरी श्रीमान बज्राचार्यज्यूलाई नै बोलाई व्यापार प्रवर्द्धन नामाकरण गरा उद्घाटन समेत गर्रा व्यापार प्रवर्द्धन संघ महेन्द्रनगर चक्रघटी नामाकरण जिल प्रशासन सुनसरी दर्ता गराई कार्य सम्पन्न गराइयो सम्पूर्ण कार्य इन्द्रप्रसाद कोइरालाले नै गराउनु भएको हो ।

१३. वर्ष व्यापार प्रवर्द्धन संघको सभापति भई २०६१ साल असार १८ गते उद्योग वाणिज्य स.घ शाखा कार्यलय स्थापना गरी मिति २०६१ साल आषाढ २५ गते व्यापार संघको अन्त्य ३ वा. सं. को स्थापना गरियो ।

उक्तदिन धरान उ.वा.स. मा प्रथम उपाध्यक्ष श्रीयुगल कुमार श्रेष्ठ ज्यू र मोहनकाजी शाक्यज्यूको संयुक्त समारोहमा उद्योग वाणिज्य संघको उद्घाटन गराईयो २०६२ साल वैशाख २ गते एक व्यापारी हित कल्याण कोष खडा गरी महेन्द्रनगर, भरौल, प्रकाशपुर समेतका व्यापारीहरुलाई समेटतै वचत कार्यक्रम सुरु गरियो उक्त कार्यक्रमबाट त्यस भेगका व्यापारीहरु धेरैलावान्वीन भएका छन् । व्यापारीहरुलाई विना धितो रु. १०००००।- (एक लाख सम्म ऋण दिने गरेको छ । र कुनै पनि व्यापारीलाईआपत आईपर्दा, सापले वटोकका डेलीभरी हुदै अदी भैपरी आउदा रु. ५०००।- पाचहजार रुपैया समेत निर्व्याजी दिने गरेको छौं १ महिना सम्मका लागि र यस संघको तेस्रो वार्षिकसाधारण सभामा प्रमुख आदी र समालसमेत श्री मान बज्राचार्यज्यूलाई गराएको दिउ मिति २०६५ साल भदौं २७ गते को निर्वाचन देखि १७ वर्ष सभापतिको कार्यभार छाडी पहिलाका महासचिव श्री तेजकुमरा भटराई लाई सभापति र निम्न अनुसारको कार्य समिति निर्वाचन गराई स.घको निवर्तमान अध्यक्ष पदमा इन्द्रप्रसाद कोइराला रहनु भएको छ ।

प्रवचन परम्परा

कोकानदी र आदिगंगासप्तकोशी नदीको दोभान वराहतीर्थमा स्नान एवं यज्ञवराह भगवानको दर्शनको ठूलो महिमा छ । स्नान र दर्शनार्थी धार्मिक यात्रीहरु भारतवर्ष, भुटान, विहार वंगालका मानिस वगर, मन्दिरक्षेत्र परिसरमा वर्षौनी लाखौंको संख्या भेला हुन्छन् । ती यात्रुहरुलाई प्राचीन तपोभूमि चतरा, तथा प्राचिन हरिद्वार तपोभूमि चतरा, तथा प्राचीन हरिद्वार चतरा धामका श्री भूदेवी लक्ष्मी वैंकटेश देव स्थान रामानुज सत्संग मन्दिर, श्री राधाकृष्ण भक्तिसाधना आध्यात्मिक प्रतिष्ठान चतरा धाम बाट श्रीमद्भागवत महापुराण ज्ञान महायज्ञ कात्तिक हरिबोधनी एकादशी देखि पूर्णिमा सम्म आयेजना गर्दछन् । अद्वैत संस्था बराहक्षेत्र शाखाद्वारा डा. क्षितिज चन्द्र चक्रवर्तिद्वारा

रचित ग्रन्थहरु पाठ पारायण प्रवचनको कार्यक्रम सप्ताह भए प्रस्तुत गर्दछन् ।

आफ्ना निवासवाट सो प्रवचन गर्ने र श्रवण गर्ने विभिन्न स्थानमा पाल्नु भइ धार्मिक विद्वानहरु यस प्रकार उपस्थित हुने गर्दछन् ।

१. प. भवानी प्रसाद गौतम विराटनगर
२. खगेन्द्र प्रसाद न्यौपाने
३. महानन्द न्यौपाने
४. तारा पाठक
५. राधा पाठक
६. मूमादेवी न्यौपाने
७. वेदनिधि देवकोटा
८. पदमकुमारी गौतम
९. गंगादेवी देवकोटा
१०. विश्वनाथ न्यौपाने
११. तुलसी प्रसाद न्यौपाने
१२. खेम वस्ती
१३. वालकृष्ण रेग्मी
१४. सीता कार्की
१५. तुलसा गुरागाईं
१६. छेदीलाल दास
१७. कमल श्रेष्ठ
१८. महेन्द्र भण्डारी
१९. सोमनाथ भट्टराई
२०. रत्नमाया कार्की
२१. कैलाश गिरी
२२. लक्ष्मीदेवी घिमिरे
२३. खगेन्द्र नेपाल
२४. गणेश सुब्बा विरही
२५. पं. दामोदर गौतम
२६. जगन्नाथ गौतम
२७. महेन्द्रप्रसाद साह
२८. लोकेन्द्रराज कोइराला
२९. पुण्यप्रसाद भण्डारी

२०६५।७।३०।७ का दिन भएको उपस्थिति पुस्तिकाका आधारमा लेखिएको हो ।

महेन्द्रनगर मा.वि.सं. वडा नं. २ वुधवारे हटिया लाग्ने बजारको सेन्टर, महेन्द्र उच्च मा.वि. (कलेज) सार्गमा १८ धुर जमीनमा वनेको ४ कोठे स्नानगार शौचालय एवं फूलोधान, एवं फूलका वृक्षले हरियाली दृश्यले सुसज्जित तयार अवस्थाको घर रु. ७५५००० (सात लाख पचपन्न हजार रुपैया मा उद्योग वाणिज्य संघ महेन्द्र नगरको कोषवाट किनी २०६५ वैशाख २ गते कार्यालय संचालन गराई अध्यक्ष पदमा बहुमतले निर्वतनमान महासचिव श्री तेजकुमार भट्टराई समेत नयाँ कार्य समितिका जिम्मा लगाउने काम निवर्तमान अध्यक्ष श्री इन्दु प्रसाद कोइराला ज्यूले गर्नु भएको छ। अविस्मरणीय स्मृति राख्ने योगदान पुऱ्याउनु भएकोमा नया कार्य समिति श्री इन्द्र प्रसाद कोइराला प्रतिक्षामा र प्रकट गर्दछ।

मिति २०६५ भदौ २७ गते निर्वाचित
फोन नं. ०२५-६२०३५३

उद्योग वाणिज्य संघ सुनसरी

शाखा कार्यालय : महेन्द्रनगर

कार्यकारिणी समिति नामावली

२०६५-२०६७

क्र.सं.	पद	नाम ठेगाना	सम्पर्क
१	अध्यक्ष	श्री तेज कु. भट्टराई म.न. २	०२५-६२०३५३
२	निवर्तमान अध्यक्ष	श्री इन्द्र प्र. कोइराला, म.न. २	०२५-६२०५५५
३	प्र. उपाध्यक्ष	श्री वद्रि बुढाथोकी प्रकाशपुर ८	०२५-६२०६७३
४	द्वि.उपाध्यक्ष	श्री प्रजापति काफ्ले म.न. २	०२५-६२०५३४
५	महासचिव	श्री उत्तम चन्द्र साह भरौल ६	०२५-६९७३१५
६	कोषाध्यक्ष	श्री सुरेन्द्र प्र. गुप्ता म.न. २	०२५-६२०१०४
७	वाणिज्य सचिव	श्री विष्णु वस्नेत म.न. २	०२५-६२०३१९
८	उद्योग सचिव	श्री हर्क ब. राई प्रकाशपुर ५	०२५-६२०१०२
९	प्रचार सचिव	श्री गजत ब. कार्की भरौल १	०२५-६२०४१७
१०	सदस्य	श्री गोविन्द कार्की म.न. ४	९८४२०५८२७१
११	सदस्य	श्री राजेन्द्र भण्डारी मं.न. ४	०२५-६९७०६६
१२	सदस्य	श्री तुल ब. विष्ट प्रकाशपुर ८	०२५-६२०६७३
१३	सदस्य	श्री लक्ष्मण साह भरौल १	०२५-६२०८८५
१४	सदस्य	श्री नारायण घिमिरे भरौल १	०२५-६२०४२०
१५	सदस्य	श्री तुलसी श्रेष्ठ म.न. १	०२५-६२०३५२
१६	सदस्य	श्री दिपक प्र. रौनियार म.न. २	०२५-६२०३२०
१७	सदस्य	श्री हिरा पोदार म.न. १	०२५-६२०७८८
१८	मनोनित सदस्य	श्री महेश पञ्चरीया म.न. १	०२५-६२०१०१
१९	मनोनित सदस्य	श्री कमला गुरुङ म.न. १	०२५-६२०५१९
२०	मनोनित सदस्य	श्री अशोक सापकोटा म.न. २	०२५-६२०३३३
२१	मनोनित सदस्य	श्री घनश्याम घिमिरे म.न. ७	०२५-६२०३५५

२२	मनोनित सदस्य	श्री मो. साजिद हुसैन	भरौल १	९८४२०२३११४

लेखा समिति

१	संयोजक	श्री जीवन सापकोटा	म.न. २	०२५-६२०३५४
२	सदस्य	श्री कमल दाहाल	म.न. ७	०२५-६२०३५५
३	सदस्य	श्री होम प्रं. आचार्य		प्रकाशपुर-८

कर्मचारी

१	कार्यालय सचिव	नविन पोखरेल	म.न. २	९८०४३०६७९६
२	कर्मचारी	भुवन पोखरेल	म.न. २	९८४२१७७६०१
३	कर्मचारी	केदार दाहाल	म.न. ९	९८०४३८५७७४
४	कर्मचारी	मनोज शाह	भरौल १	९८०४०१०१२३

शुभकामनासहित महत्वपूर्ण सुझाव

सन्दर्भ नेपाल भ्रमण वर्ष १९९८ मिति २०५४ कात्तिक २५ गते प्रकाशित माइवेणी परिचय (धार्मिक यात्रा स्मारिका अंक-२) मा नपरेका महत्वपूर्ण कुरा प्रस्तुत गरेकोछु ।

१. होम्बुकपा डाँडा वेल भञ्ज्यांङ्गदेखि दुधकोशी सुनकोशी एक भई अरुणनदीसित मिसिएको माइवेणी (दोभान) देखि उत्तर हरियाली वन्य सुरम्यस्थलमा श्रीवाराही र गौरी श्रीदुर्गा, श्रीनारायणी श्रीचण्डि, श्रीशिवदुति कपर्दिनी, श्रीकौशिकीनदीका प्रतीक शिला मूर्तिको स्थान छ। ज्योतिस्वरूप शिवशिला देवलस्थल यसै स्थानको पश्चिमतर्फछ। प्राध्यापकद्वय श्रीभीमप्रसाद नेपाल, श्रीभरतराज दाहाल र श्रीगणेशप्रसाद दुलाल एवं कविमान वज्राचार्यको भ्रमणटोलीसमेतको फोटो र उक्त देवस्थलको फोटो माइवेणी परिचय नामको पुस्तकमा छापिएको छ। उक्त पुस्तकमा हसनपुर होम्वुकपाका ऐतिहासिक वर्णन पाइन्छ। २- चुवारा-शब्दले चढाइएका भन्ने वुझिन्छ। वुझ्नु पर्ने साँस्कृतिक महत्वका कुरा यी हुन्।

होम्वुक्पा डाँडामा ऋषिमुनिहरुले प्राचीनकालमा होम यज्ञ गर्थे। उत्सवपूर्वक यी स्थानीयदेवी आदिशक्तिपीठको पूजा अर्चना गर्थे। चरु तीलक टीकाप्रसाद फलफूल यज्ञका अवशेष अरुण र सुनकोशीनदीमा विर्सजन गर्थे अथवा नदीका दुवै किनारामा चढाउने परम्परा थियो। त्यसैका कारणवाट यी डाँडाको नाम नै होम्वुकपा भयो।

कविमान वज्राचार्यले वराहक्षेत्रवाट आएर भोजपुर जिल्लाको हसनपुर गाउँ विकास

समिति क्षेत्रमा जनसेवा प्रा.वि. स्थापना, विद्यालय भवन निर्माण समिति गठन, विद्यालय र भवन उद्घाटन, जस्ता सामाजिक चेतना जाग्रत हुने कार्य गरेर जनतामा शिक्षाको उज्यालो फैलाउनु भएकोछ। मानवीर राई अपाङ्ग भएपनि शिक्षित भएकाले प्रधान अध्यापकपदमा नियुक्ति गर्ने सिफारिस कविज्यूकै थियो। हाल मानवीर स्वर्गीय भए पनि हामी गुण विर्सदैनौं। जनसेवा माध्यमिक विद्यालय विद्यामन्दिरभित्र स्मृतिरूप झल्किरहेको छ।

कात्तिकशुक्ल चतुदर्शी तिथिमा माइवेणी मेला लागेको अवसरमा आएर कवि मान बज्राचार्यले सनातन धर्म सेवा समिति भोजपुर जिल्ला शाखा स्थापना गरिदिनु भएको छ। त्यसको पुनर्गठन पूर्वक त्यस शाखाले उल्लेखित् आदिशक्तिपीठ स्थानमा छानासहितको मन्दिर निर्माणको योजना राखेको छ। हसनपुर गाउँ विकास कोषबाट रु. ५०००।- निकासी दिएकोछ। अरु निर्माणकार्यमा जन श्रमदान सराहनीय छ।

बराहक्षेत्र ७ आदिवराहक्षेत्र सूर्यकुण्डको योजनाबद्ध विकास गर्ने उद्देश्य सफल पार्न श्रीआदिवराहक्षेत्र सूर्यकुण्ड महिमा प्रकाशित गर्नु दुरदर्शीकार्य हो। सफलताको शुभकामना छ।

हसनपुर-६, माङपाराङ्ग

प्रेमबहादुर राई
२०४९ देखि २०५४ सालका गा.वि.स. अध्यक्ष
हसनपुर गाउँ विकास समिति भोजपुर।

२०६४ माघमा पुनर्गठनमा परेका मिति : २०६५।७।९ गठनमा परेका

सनातन धर्म सेवा समिति भोजपुर शाखाका अध्यक्ष नेत्रकुमार श्रेष्ठ सचिव मणि राई कोषाध्यक्ष- अशोक राई, सदस्य केशव राई, नगेन्द्र खडका, यकलबहादुर राई, मनोजकुमार हसनपुर उखुवारीमा श्रीसूर्यबहादुर राईले २०६५।८।६।६ का दिन भन्नुभयो। दूधकोशी सप्तकोशीको पश्चिम किराबाट हामी ६ जनाले ३ वटा शिलामूर्तिमध्ये २ वटा निकालेर आदिशक्ति स्थानमा राखेकाछौं।

सफलताको शुभकामना

२०१२ साल माघ बसन्तपञ्चमीदेखि २०४७ सम्म सुनसरी उदयपुर, धनकुटा, भोजपुर ४ जिल्लाका विभिन्न गाउ वस्तीपहाड मधश तराइमा १६ वटा विद्यालयहरु स्थापना संचालन विकास व्यवस्था, स्वीकृति प्राप्तिका कार्य गरेर कवि मान बज्राचार्यले शिक्षाको उज्यालो फैलाउनु भएको छ। त्यस मध्य भोजपुर जिल्लामा

पर्ने हसनपुर पाहाडी गाउमा वहाले स्थापना गर्नु भएको जनसेवा हाल माध्यमिक विद्यालय, धनकुटा जिल्ला छिन्तांग गाउको जगडेमा स्थापना गर्नु भएको विद्यालय नि.मा.वि. भएको छ। अरुण नदीको पूर्वतट सिम्लेदेखि उत्तरमा संचालित छ। धनकुटाकै तांकेरा गाउको सरस्वती प्रा.वि. ले पनि प्रगति गरेकै छ। उदयपुर जिल्लाको मैनामैनी र डुम्रांवोटका विद्यालय पनि प्रगति गर्दैछ। हसनपुरको जनसेवा नि.मा.वि. भएसम्म कवि मान वज्राचार्यबाट नियुक्ती प्राप्त गरेका मानविर राईले प्रधानअध्यापकपदवाट सचालन गरे २०५१ साल माघमा राई आफ्नै सुत्ने गरेको खाटवाट खसेर एकतलाबाट भैमा पछ्याडिए। त्यसैदिन मृत्यु प्राप्त गरे। तीनको ठूलो योगदान छ। हामीले विर्सेका छैनौं।

हाल वराहक्षेत्र ७ मा पर्ने श्रीआदिवराहक्षेत्र सूर्यकुण्डको योजनावद्ध विकासका लागि धार्मिक महत्व उजागर गर्न श्रीआदिवराहक्षेत्र सूर्यकुण्ड महिमा नामको पुस्तक प्रकाशित गर्नु कविमान वज्राचार्यको अभियान सफल हुनु हो। महान् संकल्प पुरा गर्न मानिस स्वयं सत्य इमान्दार नैतिक चरित्रवान हुनुपर्छ। कविज्यूको उच्च विचार सत्यनिष्ठा, अरुका निमित्त पनि उदाहरणीय छ। योजनावद्ध उद्देश्य सफलहोस्। मेरो हार्दिक शुभकामना छ।

मिति २०६५।७।२७४ **टंकमणि भट्टराई**

-सचिव-जलपादेवी प्रा.वि. हसनपुर ४ कोल्टा भोजपुर

त्रिफलाका तीन कृति परिचय

त्रिफला राष्ट्रिय पुस्तकालयले त्रिफला साहित्य समाजको तेह्रौं पुष्पमाला त्रिफला साहित्य सिर्जना त्रिफला साहित्य समाजको विशेष सक्रियतामा प्रकाशित् भएको छ। ६८ पृष्ठमा कविवरमान बज्राचार्यका कविता राष्ट्रिय परिचयको छवि समावेश गर्न पाउँदा हपार हर्षित छौं। त्रि.रा.पु का अन्तर्राष्ट्रिय संयोजक एवं सिक्किमका कवि टीकाराम शर्मा (टीका ढुंगेल) को ११२ पृष्ठको मुल्य १६० पर्ने मिति अगस्त २००८ वि.सं. २०६५ मा प्रकाशित समीक्षा साधना थान-१, विद्वान् साहित्यकार (पूर्व प्र.जि.अ.) टीकाराम उपाध्याय अर्यालका. पृष्ठ ८१ मूल्य १००।- प्रकाशित मिति २०६५ जेष्ठ शुल्कपक्ष गंगा

दशहरामा छापिएको ॐ जीवन दर्शन -१

प्रसिद्ध धार्मिक साहित्यकार मान वज्राचार्यमा समर्पण छ । यी तीन कृति मननीय ग्रन्थ हुन् ।

२०६५ भाद्र १४३ औं मोती जयन्ती कार्यक्रममा, भक्तिप्रसाद शिवाकोटी रचित कृति (दिब्य चक्षु) विमोचन गरियो । कविताहरु मननीयछन् । समीक्षा गरी पाउँ । आदिवराहक्षेत्र सुर्यकुण्डको योजनाबद्ध पुर्नउद्धार कार्य गर्न सफलता हासिल गर्ने उद्देश्यले सम्पादक लेखक पदमा कविवर मान वज्राचार्य रहनु भएको श्रीआदिवराहक्षेत्र श्रीसूर्यकुण्ड महिमा २०६५ मा प्रकाशित हुनु, रु. ५०१ देखि माथिका दाताहरुको नाम श्रीआदिवराह भगवान्को मन्दिरभित्र शिलापत्रमा लेखिनु महत्वपूर्ण कार्य हो । पुस्तक बिक्रीका मूल्य रकमसमेत सम्बन्धित् योजनाबद्ध कार्य सफल बनाउन समर्पण गरिनु त्याग तपस्यापूर्ण सेवा र भक्तिको उदाहरण प्रस्तुत हुनु हो । सबैलाई उदारमना बनेर सामाजिक सेवाकार्य गर्ने प्रेरणा कविवर मान वज्राचार्यबाट मिल्नु हो । धन्यवाद छ ।

त्रि.रा.पु. परिवार
मेचीनगर-१, धुलाबारी, झापा

समवेदना र चिरशान्ति कामना

श्रीरामप्रसाद दाहालज्यू लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका आजीवन सदस्य एवं का.का. सदस्य झापाका प्रतिनिधि हुनुहुन्छ । मातृ वियोग अवस्थामा सपरिवारलाई समवेदना प्रकट गरियो । २०६५।७।१५ गते स्वर्गीया हुनु भएकी आमा जनमाया दाहालको आत्मालाइ चिरशान्ति प्राप्तिहोस् । ईश्वरसित प्रार्थना छ ।

विश्वहिन्दू महासंघ राष्ट्रिय समिति, नेपाल

जिल्ला सुनसरी-धरान

श्रीआदिवराहाय नमः

शार्दूल बिक्रीडीत छन्द

गर्छौं स्वागत भन्छ मोटरहरु, यात्रा गरौं हे सखा ।
पढ्नोस् आदिवराहक्षेत्र महिमा, औ विष्णुको पादुका ॥
फर्कौ उत्तरतर्फ स्वर्ग पथछन्, भन्छन कथा पाण्डव ।

यो पूर्वाञ्चलभित्र पर्छ छविलो, दृश्यादि हेरौं अब ॥

पूर्व निश्चित् कार्यक्रम अनुसार विश्वहिन्दू महासंघ सुनसरी धरान, आदिवराहक्षेत्र विकास उप-समिति वराहक्षेत्र ७ सूर्यकुण्डको आयोजनामा धरान वडा नं.-११ घोपा मंगलबारेमा मिति २०६५ पौष १२ गते शनिबार पौषेऔंशी तिथिका दिन विहान ८ वजे श्रीपिण्डेश्वर संस्कृत उच्च माध्यमिक विद्यालय नारायणपुरका संस्थापक समादरणीय एवम् श्रीपिण्डेश्वर विद्यापीठका भूतपूर्व प्राचार्य र नेपाल संस्कृत विश्वविद्यालयका शिक्षाध्यक्ष श्रीपुरुषोत्तम भट्टराईज्यूको प्रमुख आतिथ्यमा धरान-११ मङ्गलवारेमा । वराहक्षेत्र ४ वयरवन मिलनचोकमा मिति २०६५ माघ १ गते बुधबार विहान ८ वेज श्रीमान् स्थानीय विकास अधिकारी श्रीगुरुप्रसाद सुवेदीज्यूको प्रतिनिधि बराहक्षेत्र गाविस सचिव श्रीदेववहादुर प्रधानज्यूको प्रमुख आतिथ्यमा उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ लेखिएको बोर्डको अनावरण कार्यक्रम मिति २०६५ पौष ९ गते बुधबार धरान ५ गीताभवनमा बसेको विश्वहिन्दू महासंघ राष्ट्रिय समितिको बैठकअनुसार सञ्चालन भएको थियो ।

जिल्ला शाखा सुनसरीका अध्यक्ष प्राध्यापक श्रीटीकाप्रसाद शर्मा वस्तीज्यूको अध्यक्षतामा वैठक बसेको थियो । राष्ट्रिय समिति अध्यक्ष समादरणीय श्रीदामोदर गौतम लगायत् जिल्लाशाखा सुनसरीका कार्यसमिति पदाधिकारी र आमन्त्रित महानुभावहरुको समुपस्थिति थियो । उक्त दिनको समुपस्थितिले धरान नगरपालिका क्षेत्र एवम् श्रीविष्णुपादुका र श्रीवराहक्षेत्र गाविस अन्तर्गत्का महानुभावहरुलाई मनोनित गरी श्रीआदिवराहक्षेत्रसूर्यकुण्ड योजनाबद्ध पूर्वाधार अनुरुप निर्माण विकासकार्य सफल पार्ने श्रीआदिवराहक्षेत्र सूर्यकुण्ड योजनावद निर्माण विकास उपभोक्ता समिति गठन गरिएको थियो । सर्वप्रथम स्वस्ति शान्तिका बैद्धिक मन्त्रोचारण पं. हेमन्तराज अर्याल धरान र श्रीनारायण नेपाल वयरवनले गर्नु भएको थियो । स्वागत अभिव्यक्ति श्री आनन्द आचार्यले दिनुभएको थियो । मिति २०६५।९।५ का दिन बैठकको अध्यक्षता पनि आचार्यज्यूले नै गर्नु भएको थियो ।

झापा, सुरुङ्गा- यात्रा प्रसंङ्ग

(मन्दाक्रान्ता छन्द)

मान्छे मान्छे अपरिचित छन्, भिन्न छन् रूप रङ्ग ।
एकाएकै परिचय हुँदा, छुट्टिंदाको प्रसङ्ग ॥
हेरी गर्ने परिचय सबै, गर्दछौं शिष्ट मित्र ।

वन्ने मर्यादित मन छता, डुब्नु साहित्य भित्र ॥

१. (नारी-सन्देश (सन्देश-काव्य)

जुही प्रकाशन पुस्तकमाला १९ औं हो । 'नारी सन्देश' सन्देश काव्य-कविवर गोविन्दप्रसाद घिमिरेज्यूले २०६२ जेठ २८ गते मलाई समर्पण लेखे र दिनु भयो । यस कृतिले नारीलाई अन्धविश्वासको अँध्यारो कुनावाट जागृतिका लागि उज्यालो चेतना फैलाउँछ । तोटक शार्दूल बिक्रीडित, स्वागता, मन्दाक्रान्ता, आदि छन्दमा यति राम्रो काव्य लेख्नु भएकोमा खुशी लाग्यो । २0२0 मंसिर २ गते भातृद्वितीयाका दिन देउसी खेलेको आम्दानी (आयस्रोत) ले स्थापित वराहक्षेत्र प्राथमिक विद्यालयको प्रधानाध्यापक पदमा मैले नियुक्ती गरेको श्री गोविन्दप्रसाद घिमिरे नारी सन्देश (काव्यकार) बनेकामा लागेको प्रसन्नता व्यक्त गरेँ । २०२३ सालमा एकवर्षमात्र अध्यापन कार्य र वराहभगवान्को पुजारी भै कार्य गरेका थिए । त्यसपछि वेपत्ता भएका गोविन्दप्रसाद घिमिरे कविवररूपले साहित्याकाशमा चम्किएकामा बधाई दिएँ । यसै नारीसन्देश कृतिका समीक्षकरूपले साहित्यक्षेत्रमा परिचित श्रीकन्काई माध्यमिक विद्यालय सुरुङ्गाका प्रधानाध्यापकपदले शिक्षाक्षेत्रमा योगदानकर्ता साथै श्रीकन्काई क्याम्पसका प्रोफेसर एवं कन्काईधाम धार्मिक विकास संस्था कोटीहोम सुरुङ्गा-४ झापाका अध्यक्ष श्रीकोमलप्रसाद पोखरेलले साथै श्रीगोविन्दप्रसाद घिमिरेज्यूले आफ्ना आफ्ना ठेगाना दिएर झापामा आउनुहोस् भनी निमन्त्रणा दिनु भयो । यही नै झापा सुरूङ्गा यात्राको सुनौलो अवसर मिल्नु हो ।

जुही साहित्य त्रैमासिकको आयोजना तथा इटहरी साहित्यसमूह, साहित्य संचारसमूह र अच्छा राई साहित्य प्रतिष्ठानको सहआयोजनामा इटहरी नगरपालिका सांस्कृतिक भवनमा २०६२ जेठ २८ गते १) सम्मान, २) कृति विमोचन, ३) कविता वाचन कार्यक्रम दिनको ११ वजेदेखि ४ वजेसम्म संचालन भएको थियो । विमोचित कृतिहरुमध्ये जुही ५१ नेपाली साहित्यिक त्रैमासिक वर्ष २४ पूर्णांक ५१ चैत, बैशाख, जेठ, जुहीरत्न कवि उपेन्द्र पागल विशेषांक पृष्ठ १३४ को प्राप्त भएको थियो । कृति अध्ययन गरियो । पागल

साहित्य र चित्रकारिता कलाक्षेत्रमा योगदानकर्तारूपमा सुप्रसिद्ध हुनुहुन्छ ।

यस पटकको यात्रा मोरङ्गको कानेपोखरीवाट ओर्लिएर वराहक्षेत्र ४ वयरवन जस्तै वयरवन गाविस वडा नं ७, ८, ९ भ्रमण गरियो । तारा पाठक श्रीमतीराधा पाठक पारिवारिक परिचय पाइयो । फर्कदा सुरुङ्गा वजार चौकमा पानी वर्षिंदा छाता ओढ्दै पुगियो । एकजना भद्र पुरुषसंग ठेगाना सोधें उनले शव्दले उत्तरमात्र दिएनन् २ ठेगानामा पुऱ्याई परिचय गराई दिए । आफ्नो परिचय उनले पनि दिनुभएन । मैले पनि परिचय दिइन । विना परिचय परस्पर व्यक्तित्वसंग आकर्षित भयौं । प्रसंग शार्दुल विक्रीडित छन्दमा प्रस्तुत छ । त्यसै प्रसंगवश लेखिएको मन्दाक्रान्ता छन्दका चार पङ्ति शिरानमा राखिएको हो ।

कविवर गोविन्दप्रसाद घिमिरे श्रीमतीतिलोत्तमा घिमिरेका सन्ताहरु साहित्यप्रेमी र साहित्यिक प्रतिभाशाली रहेछन् । जेष्ठ सुपुत्र शैलेन्द्र घिमिरे साहित्यकार, माहिलो सुपुत्र अच्युत घिमिरे मनोवैज्ञानिक लघुकथाकारका स्रष्टा रहेछन् । २०६१ मा प्रकाशित 'शिखर चढिरहेको मान्छे' उपहारमा प्राप्त भयो । २०५१ असोज २६ गते जन्मिएका विक्रमवाबु घिमिरे वालप्रतिभा कथाकार रहेछन् । उनको घरमा सेवा गर्न राखेका वब्लु सतार ११ वर्षीय चित्रकार रहेछन् ।

काकड्भिट्टा माध्यमिक विद्यालय प्राङ्गणमा स्थापित ५ फुट अग्लो आदिकवि भानुभक्त आचार्यको शालिक अनावरण समारोहमा परिचय प्राप्त भएअनुसार वाटो हिंड्दाको यात्राको अगुवा सुरुङ्गा-९ का गोपाल संग्रौला रहेछन् ।

- पुस्तकालयलाई चारलाख दान -

मेचीनगर-१० काकड्भिट्टा चिया प्याकेजिङ्ग पसलमा श्रीरामप्रसाद दाहाल श्रीमतीदेवी दाहालसित भेट्न जाँदा श्रीगोपीलाल लिम्वु, श्रीकेन्द्रप्रसाद भट्टराई छलफल गरिरहेका थिए । म त्यस छलफलमा सरिक भएँ । काकड्भिट्टावाट कार चढेर ८६ वर्षिय छत्रवहादुर वस्नेतज्यूलाई साथमा लिई नेपाल वैंक लिमिटेड धुलावारी शाखामा पुगियो । पुस्तकालयका तत्कालीन कर्मचारी

सुश्रीकुमारी पोखरेलले पुस्तकालयको नाममा छत्रबहादुर बस्नेतबाट प्राप्त रु चारलाख दिने बचनवद्धताअनुसारको रु २ लाख जम्मा गर्नुभयो । त्यो अवसर सुनौलो थियो । २०६२।३।२९।४ का दिन राष्ट्रकवि माधवप्रसाद घिमिरेबाट आदिकवि भानुभक्त आचार्यको गौरवमय प्रतिमाको अनावरण भयो । आदिकवि भानुभक्त आचार्य प्रतिमा निर्माण समिति मेचीनगर-१० काकड्भिट्टा झापा उक्त प्रतिमा निर्माता हो । सो अवसरमा कार्यक्रमको प्रारम्भ मै ८६ वर्षिय छत्रबहादुर बस्नेतज्यूलाई लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान विराटनगर-४ उदयमार्ग मोरङ्गतर्फबाट सम्मान गरिएको थियो ।

प्रत्येक पलको 'संकल्प' (कविता संग्रह)

वैदिक मन्त्रोच्चारण, जल, तील, कुश, जौ, सुपारीलिई ब्रम्हसूत्र समाती जुन् 'संकल्प' गरिन्छ । त्यसको साँस्कृतिक महत्वछ । जन्मदेखि मृत्युसम्म साँस्कृतिक महत्वलाई ध्यानमा राखी कर्मकाण्ड कुल नियम परम्परालाई विश्वास राखी तिथि पर्व शुभ अशुभ अवसरमा संकल्प गर्नु साँसारिक व्यवहारोचित कार्य हो । विवाह अवसरको लग्नमा शुभ संकल्पले कन्यादान गर्छौं । मृत्युलाई तार्न १३ दिने क्रियाकर्ममा शैय्यादान, गौदान, बस्त्र, अन्न, फल, सामानमा तील, जौ, कुश, जल छर्कन्छौं । मनुष्य जीवनमा साँसारिक व्यवहार गर्दै जाँदा अनुभव हुँदै जान्छ । प्रत्येकपलको 'संकल्प' ले कस्ता अनुभव उद्‌गारमा व्यक्त गर्छौं ? त्यो कुरा मिति २०६५ चैत ३१ गते प्रकाशित कवि वावुराम श्रेष्ठ 'वर्षा' को संकलनका तरङ्गहरु ७० वटाबाट जानकारी मिल्छ । पृष्ठ-१०५ का पुस्तकको मूल्य १३० पर्छ । मानिस रातको अँध्यारोमा कठघरामा निन्द्राबाट जब बिउँझिन्छ, उसका मस्तिष्क प्रत्येकपलको 'संकल्प' ले उज्यालिन्छ । उज्यालिएको मस्तिष्कबाट शब्द जुन् वर्षन्छन्, त्यस शब्दमा कस्ता भावना हुन्छन् ? यस पुस्तकको अध्ययन मननबाट बुझिन्छ । पाँचौं कृति लिएर नेपाली भाषा साहित्यक्षेत्रमा बुर्कुसीमार्दै लाग्नु भएका कवि बाबुराम श्रेष्ठ

'वर्षा' को प्रत्येकपलको संकल्प (कविता संग्रह) ले कवि साहित्यकारमा हुने भावुक मनस्थितिको परिचय प्रस्तुत गरेको छ। धन्यवाद छ। बधाई छ।

संकल्प र जमरा समाधि

जगत्गुरु श्रीरामानन्दाचार्य नेपाल सेवा संघ वराहक्षेत्र-१ प्राचीन हरिद्वार चतराधाम सुनसरी २०६५ सालमा स्थापना भएको छ। योजना बिस्तृत छ। श्री श्री १००८ श्री वैंष्णव कृष्णदासजी महाराज सेवा संघका संस्थापक हुनुहुन्छ। २०६५ रामनवमी अवसरमा चैत १४ गतेदेखि २१ गते नवरात्री जमरा समाधिध्यानमा जुन् संकल्पसहित बस्नु भयो, त्यो प्राचीन तपोभूमि चतराको महत्व उजागर गर्ने प्रकारको थियो। ईटा सिमेण्ट जोडाई गरी बनाएको बक्सामा सर्लक्क हात खुट्टा पसारेर सुत्न सकिने थियो। त्यसमा संकल्पसहित नवरात्र अवसरमा ८ रात्री बिताउनु भएका श्री श्री १००८ श्रीवैष्णव कृष्णदासजी महाराजले ४ दिन अघिदेखि अन्न, जल त्यागेका थिए। त्यो ! दृष्य देख्ने कार्यकर्ताहरु आत्तिएका थिए। त्यसमाथि २ पत्र प्लाइबोर्ड त्यसमाथि प्लाष्टिक ओछ्याई १० कुईटल माटो मिलाएर छापियो। त्यसमाथि २० केजी जौ छरी जमरा उमारिएका थिए। हावा र उज्यालो नपस्ने राधाकृष्ण भक्ति साधना आध्यात्मिक प्रतिष्ठानका एक पक्की बन्द कोठामा घ्युमा सलेदो डुबाई बालिएको दीयो बलेको शिशा सजिएको सानो प्वालबाट देख्न सकिन्थ्यो। त्यो न भूतो न भविष्यति अद्भूत चमत्कारिक जमरासमाधि स्थल र नवौंदिन सुतेका र सकुशल स्वस्थरूपमा उठेका समाधिस्थलबाट र समारोहमध्यबाट शंख फुकेर स्वस्थताको परिचय दिएका थिए। दृष्य लाखौं भक्तजनहरुले हेरे। हेर्ने सबै अवाक भए। संकल्पअनुसार देशमा लामो समयदेखि अशान्ति, भय, त्राशको वातावरण राजनैतिक बन्द आन्दोलन बन्द होस्। जगत्गुरु श्री रामानन्दाचार्य नेपाल संघको उद्देश्योचित योजना सबैले बुझी संकल्प र जमरा समाधिमा बस्नु भएका डा. श्री वैष्णव कृष्णदासजी महाराजजीलाई योजना सफल बनाउन तन, मन, धनद्वारा सहयोग गरौं। संकल्पमा सहभागी बनौं।

'जीवन दर्शन'

आध्यात्मिक चिन्तन अनुसन्धान र अनुभव तथा शास्त्रीय आधार श्रीमद्भागवत् गीताका अध्याय श्लोक सन्त महात्माहरुका वाणीहरु शव्दहरु प्रमाणरूपमा प्रस्तुत भएका विद्वान् श्रीटीकाराम उपाध्याय अर्यालद्वारा लेखिएको प्रकाशित् भएको 'जीवन दर्शन' मनुष्यजीवन सफल वनाउने उद्देश्यको मार्गगामीहरुका लागि सोपान हो।

२०६५ जेष्ठ शुक्लपक्ष गंगादशहराका दिन श्रीमती कृष्णकुमारी अर्याल उपाध्याय शिवकला निकेतन काठमाडौं महानगरपालिका-३४ नयाँ वानेश्वर १८९ जनसहयोग मार्गवाट प्रकाशित ८२ पृष्ठको 'जीवन दर्शन' को मूल्य १००।- छ। मूल विषयलाई पृष्टि गर्ने तथा परिभाषित गर्ने १० वटा लेखहरुछन्। प्रकाशित भईसकेका ४ औं कृति जस्तै 'जीवन दर्शन' ५ औं कृति पनि अर्यालज्यूको स्मरणीय मननीय कृति हो।

साहित्य सौगात

साहित्य सौगात त्रैमासिक राष्ट्रिय साहित्यिक पत्रिका वर्ष २६ श्रावण-पौष २०६५ रजत पूर्णाङ्क ६६ प्रधानसम्पादक शशीप्रसाद वजगाई इनरुवा-५ सुनसरी, फोन नं. ०२५-५६१४४० कभरको मुहारमा सगरमाथा हिमपर्वत सुशोभित छ। २३ वटा वरिपरि ३ वटा अनुहारमा रौनक फैलाउन उठेका लाली गुराँसका फूलमालावीच ९२ वर्षीय राष्ट्रकवि माधवप्रसाद घिमिरेको चिरायु कामना अनिर्वचनीय भावनाले गरिएकोछ। ११२ पृष्ठभित्र १०२ जना साहित्यिक प्रतिभा एवं ज्योतिष, ज्योतिषाचार्य, अनुवादकका लेख कविता सजिएका छन्। त्यसमध्ये राष्ट्रकवि माधवप्रसाद घिमिरेज्यूसँग केहीक्षण प्राज्ञिक व्यक्ति वालकृष्ण पोखरेल, 'कठपुतलीको मन' भाषा विज्ञानमा प्राचीन भारतीय अध्ययन, 'पनौतीको सेरोफेरोभित्र' पिता वियोगको आलो घाउ' आद्यगुरु शङ्कराचार्यको क्रान्तिकारी व्यक्तित्ववाट भौतिक विज्ञानलाई चुनौती दिएको छ। 'किताव वेच्ने, कवि, र कवयत्री' सृष्टि ईश्वरको हो। वालकविता, पूर्वाञ्चल अनाथाश्रम एक अवलोकन' आदि र कोशीनदी अनियन्त्रित र नियन्त्रणका उपाय'

जस्ता लेख कविता मननीय छन् । अरु पनि सामग्री पठनीय र संग्रहनीयछन् । अनवरतः साहित्यक्षेत्रको विकासमा विभिन्न समस्यापूर्ण संकटसित झेल्दै साहित्य सौगात माध्यमले पूर्वाञ्चलको सुनसरी इनरुवा अगाडि वढिरहने संकल्प लिएका 'शशीप्रसाद बजगाई अभिनन्दनीय हुनुहुन्छ ।

कलेज टाइम्स

'कलेज टाइम्स' मासिक जेष्ठ २०६६ सम्पादक प्रकाशक नवराज खतिवडा, शिक्षा स्वांस्थ्य तथा युवावर्गमा समर्पित कलेज टाइम्सले युवां रुचिका सामग्री प्रकाशित गरेको देखिन्छ। जुन सह्रानीय छ। सम्पर्क कार्यालय विराटनगर-१४ होटल नमस्कार अगाडिवाट प्रकाशित पृष्ठ ३२ मध्ये पृष्ठ ३१ को पुछारमा 'चारघरे सम्मानित' समाचारमा श्रीलक्ष्मीनारायण मन्दिर पाञ्चाली विराटनगरमा आयोजित समारोहमा त्रिशक्ति सावित्री पीठद्वारा त्रय व्यक्तित्वहरु सम्मानित भए। प्रमुख अतिथि हुनुहुन्थ्यो - भाषाशास्त्री वालकृष्ण पोखरेल, सम्मानित व्यक्तित्व कृष्ण कोइराला 'चारघरे' स्वामी गदाधराचार्य, गुरुआमा समाचारमा प्रकाशित प्रसङ्गअनुसार अध्यक्षता गर्दै त्रिशक्तिपीठाध्यक्ष सावित्री के.सी.द्वारा जुन् आध्यात्मिक उद्गार व्यक्त गर्नु भएको छ। त्यो ! अकाट्य सत्य कुरा हो। वास्तवमा प्रभुले जे भन्नुहुन्छ, त्यही गर्दै गएमा हाम्रो जीवनको यात्रा सफल हुन्छ। प्रभुको भनाई अन्तरआत्मामा प्रेरणादायक आवाजरूपमा गुञ्जिन्छ। उद्देश्यको मार्गमा आफू दृढ रही कर्तव्योचित कर्म इमान्दारीपूर्वक गर्नु पंर्छ। सिद्ध हुन्छ।

प्राप्त कृति परिचय

प्रेमप्रकाश 'फलाहारी' मेचीनगर-१ धुलावारी झापामार्फत् त्रिफला राष्ट्रिय पुस्तकालय एवं लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठान विराटनगर-४ मा प्राप्त भएका -१- 'पूर्वाधार' नेपाली वार्षिक साहित्यिक पत्रिका वर्ष ६ मा मार्च २००८ अङ्क ६ र वर्ष ७ जनवरी २००९ अङ्क ७ प्रमुख सम्पादक चक्रपाणि भट्टराई, सम्पादक टीकाराम शर्मा (टीका ढुङ्गेल) प्रतिनिधि सम्पादक प्रेमप्रकाश 'फलाहारी' व्यवस्थापिका विमला ढुङ्गेल। ४३, ४८ जना कवि लेखकहरुको लेख कविताले स्थान पाएको ४६, ४८ पृष्ठका पत्रिकाको मूल्य २० भारु. ३२

नेरु छ । सामग्री पठनीय छन् । ठेगाना- नेपाली साहित्य परिषद सिक्किम विकासक्षेत्र गान्तोक ।

२- 'तीन थुम्का' नेपाली वार्षिक साहित्यिक पत्रिका, साङ-मार्तमको सेरोफेरो वर्ष ४ मार्च २००८ अङ्क ४ एवं वर्ष ५ फरवरी २००९ अङ्क ५ प्रमुख सम्पादक चक्रपाणि भट्टराई नामिन तुम्लावुङ्ग वस्ती हुलाक रानीपुल पूर्व सिक्किम चलभाष ९४३४४-८९००६ सम्पादिका विमला ढुङ्गेल सहसम्पादक-डोलाराम गिरि 'आशा' व्यवस्थापक टीका ढुङ्गेल प्रतिनिधि सम्पादक-प्रेमप्रकाश 'फलाहारी' धुलावारी झापा मेची नेपाल । पृष्ठ ४८ मा ३० जना आजीवन सदस्यहरु ४८ जना कवि लेखकहरु आफ्ना लेख कविताहरुद्वारा झल्किएकाछन् । मूल्य भारु. २० ने. रु. ३२ छ । यसरी नेपाल वाहिर वसोवास गरेका कवि साहित्यकारबाट नेपाली भाषा साहित्यिको विकासमा योगदान पुऱ्याउँने उत्साह वृद्धि भईरहोस् । शुभकामना छ । नेपाली भाषा साहित्यको विकासमा योगदान पुऱ्याउँदै आउँनु भएको र योगदान पुऱ्याउँदै जाने उत्साहित साहित्यिक प्रतिभा सवैमा हार्दिक सहर्ष शुभ अभिनन्दन छ ।

पूर्वाधार योजनावद्धबाटो मर्मत कालो पत्रे निर्माण

वराहक्षेत्र-४ वयरवन मिलनचोकदेखि ९,८,७ नं. वडाका 'उत्तरमुखी धार्मिक पर्यटन चक्रपथ' २०६५ सालको वर्षाकालमा पहिरो वाढिले भत्किएकाछन् । २०६६ भदौ महिनादेखि मर्मत कार्य गर्दा तल उल्लेखित, स्थानका मोडहरुमा ३० इन्च गोलाकार भएको ८ फूट लामो एक स्थानमा २ का दरले होमपाइपहरु राखी मर्मत स्थान र खोल्सी एवं मोडहरु यसप्रकारछन् :–

१- गौरी खोलाको पहिलो मोड ।

२- गौरी खोलाको दोस्रो मोड ।

३- गौरी खोलाको फूलवारी तेस्रो मोड ।

४- हिले खोला (हिमालमुखी) चौथो मोड ।

५- अर्चले र युगपाखी सीमाना पाँचौं मोड ।

६- ७ लाख तत्काल लगानी गरी योजनावद्ध मर्मत कार्य गर्ने साथै उक्तबाटालाई २०६६।०६७ को आर्थिक वर्षमा वजेट सरकारी निकाश गर्ने र वराहक्षेत्र, विष्णुपादुका, सिंगिया, भादगाउँ सिनुवारी गा.वि.स. क्षेत्रका धार्मिक पर्यटकीय सडक कालोपत्रे पीच निर्माण गर्ने र खानेपानी वारे आदिवराहक्षेत्र सूर्यकुण्डक्षेत्रमा पुन: सर्भे गराई खानेपानीका स्रोत पहिल्याई टंकी पाइप, नल स्टेन निर्माण पूर्वक पेयजल उपलब्ध गराउने आश्वासन स्थानीय विकास अधिकारी श्री गुरुप्रसाद सुवेदीज्यूले लक्ष्मीदेवी गुभाजु स्मृति प्रतिष्ठान तथा आदिवराहक्षेत्र विकास उप–समितिलाई दिनु भएको छ ।

योजना सम्झौता गर्न प्रतिनित्व वारे मिति २०६६।१।२५।६ च.नं. ६३/०६६ को पत्र योजना फाँट दर्ता नं. ४१११ आदिवराहक्षेत्र सूर्यकुण्ड योजनावध्द निर्माण विकास उपभोक्ता समितितर्फवाट मान वज्राचार्यद्वारा प्रस्तुत गरिएको छ । वाटो र पानीको व्यवस्था हुनासाथ आवश्यक निर्माण सामग्री आदिवराहक्षेत्रमा पुग्ने र हजुरवुवा, मुमा रामचन्द्र निरौला, दिव्यश्वरा निरौलाको पुण्य स्मृतिमा छोरा भीमवहादुर निरौला, बुहारी पद्मकुमारी निरौला, नाती योगेन्द्रवहादुर (राजकुमार) निरौलाद्वारा स्वयं खटी पूर्वाधार योजनाको श्री आदिवराहभगवान्‌को पक्कीरूपमा मन्दिर निर्माण कार्यहरु गर्ने हुनु भएको छ । सवै उद्देश्योचितकार्यहरु क्रमश: योजनावद्ध सम्वन्धित् उपसमिति समेतवाट हुँदै जानेछन् । आदिवराहक्षेत्र सूर्यकुण्ड महिमा पुस्तक विक्री मूल्य उक्त योजनावद्ध हुने कार्यको आयस्रोतरूपमा सदुपयोग हुनेछ ।

उपभोक्ता समिति नामावलीसहित केही विवरण

२०६६।३।२४।४ का दिन उद्योग वाणिज्य संघ सुनसरी धरानमा आयुसिएन नेपालको आर्थिक सहयोग धरान एकिकृत जलाधार संरक्षण तथा खानेपानी व्यवस्थापन समितिको संयोजकत्व तथा वातावरण र संस्कृति संरक्षण संघ (एपेन) को आयोजनामा संचालन भएको जलवायु परिवर्तन अनुकुलका लागि दिगो जलाधार व्यवस्थापन विषयक जलाधार संरक्षण तथा व्यवस्थापन तालिम आयोजना भएको थियो ।

२८ जना सहभागिमध्ये मान वज्राचार्य, हरेराम कर्माचार्यवाट उद्योग वाणिज्य संघका अध्यक्ष श्रीअशोक ताम्राकारज्यूलाई आदिवराहक्षेत्र सूर्यकुण्ड महिमा प्रकाशनार्थ शुभकामना माग पत्र प्रस्तुत गरियो । सो अवसरमा श्री टिका राई नेकपा माओवादी धरान संयोजक धरान विष्णुपादुका, वराहक्षेत्र चतरा सडक निर्माण उपभोक्ता मूल समिति सुनसरीवाट उपभोक्ता समितिको नामावली र विवरण मौखिक र लिखित दिनु भएको छ । सो यसप्रकार प्रस्तुत गरिएको छ ।

नेपाल सरकार सम्वन्धित मन्त्रालयले रु २० लाख निकासी गरिदिएपछि २०६३ सालमा कच्ची वाटो खन्ने कार्यभयो । २०६४ साल भदौमा वाटो कच्ची रुपमा खनिसकियो ।

वराहक्षेत्र-४ मिलन चौकदेखि सूर्यकुण्डसम्म २०६५ जेठ १ गते ड्रोजरद्वारा मोटर यातायात सडक तयार गऱ्यो । ३ गते १४ जनाको टोली लेण्डरोवरमा चढी सूर्यकुण्ड पुगेका थिए । उक्त समाचार भेडेटार टाइम्समा प्रकाशित भएको थियो । वराहक्षेत्र-८ मूलगाउँसम्म वाटो पुऱ्याउने योजनावद्ध कार्यका लागि नेपाल सरकारवाट नेकपा माओवादीतर्फका सभासद् श्रीकिरण राईको पहलमा रु ५ लाख निकासी भएको थियो । केही वाटो खनिएका छन् ।

श्रीटीका राई जिल्ला सदस्य एकिकृत नेकपा माओवादी सुनसरी मूल

समिति संयोजक आदिवराहक्षेत्र धरान, विष्णुपादुका वराहक्षेत्र मोटरवाटो निर्माण उपभोक्ता समिति वराहक्षेत्र-४ मिलन चौकदेखि धरान-११ मंगलवारे चौकसम्म २२ किलोमिटर परिसरमध्ये वराहक्षेत्र-७, ८, ९ आदिवराहक्षेत्र र विष्णुपादुका धरान मोटर सडक निर्माण कार्यमा जनश्रमदान परिचालनमा सक्रिय योगदान गर्नेहरुमा दशरथ राई, गंगावहादुर थापाको नाम उल्लेखनीय छ। वराहक्षेत्र खण्ड-१ को संयोजक अमृतवहादुर तामाङ्ग, श्रीनरवहादुर लिम्वु, धरान खण्डको संयोजक मणि राई मंगलवारे रहनु हुनुहुन्छ। विवरण यस प्रकार छ।

धरान, विष्णुपादुका, वराहक्षेत्र, चतरा सडक निर्माण उपभोक्ता मूलसमिति सुनसरी

संयोजक	टीकाराम राई एनेकपा माओवादी
सचिव	दिपेशजंग वस्नेत नेपाली कांग्रेस
सदस्यहरु	गंगावहादुर थापामगर एमाले
	राजिन निरौला नेपाली कांग्रेस प्रजातान्त्रिक
	भाविराम राई, स्थानीय वराहक्षेत्र-८
	तुलवहादुर राई स्थानीय वराहक्षेत्र-७
	श्रीमतीदिलकुमारी नेपाली, महिला विष्णुपादुका
	श्रीमतीभीमकुमारी तामाङ्ग महिला, जनजाति
	हजुरमान राई, स्थानीय विष्णुपादुका (एमाले)

धरान, विष्णुपादुका, वराहक्षेत्र चतरा सडक निर्माण उपभोक्ता समिति वराहक्षेत्र-७, ८ र ९

अक्ष्याक्ष अमृतवहादुर तामाङ्ग

सचिव भाविराम राई

सदस्यहरुको नामावली गाविसमा उपलव्ध छ।

धरान, विष्णुपादुका, वराहक्षेत्र चतरा सडक निर्माण उपभोक्ता समिति धरान-११

संयोजक 'पित्रुङ्ग' मणिराज राई
सहसंयोजक नरबहादुर राई
सचिव जनकऋषि राई
सहसचिव कृष्ण राई
कोषाध्यक्ष श्रीमती कमला राई
सदस्यहरु नगेन्द्र राई, अधिराज मोक्तान, मानबहादुर राई, मनकुमार राई, कुमार पराजुली, लोकेन्द्र सुब्बा, श्रीमती कल्पना राई, श्रीमतीसरिता राई, सुशिल पौडेल, मानबहादुर विश्वकर्मा, महेश श्रेष्ठ, अरुण कटुवाल ।

धरान, विष्णुपादुका बराहक्षेत्र, चतरा सडक निर्माण उपभोक्ता समिति विष्णुपादुका ५, ६ र ८

संयोजक नरवहादुर लिम्बु	विष्णुपादुका-६
सचिव डम्बर तामाङ्ग,	विष्णुपादुका-५
मानबहादुर राई	विष्णुपादुका-८
भूवन राई	विष्णुपादुका-५
नरवहादुर राई	विष्णुपादुका-८
योगवहादुर राई	विष्णुपादुका-८
श्रीमती सीता राई	विष्णुपादुका-८
चन्द्रमणी राई	विष्णुपादुका-८
श्रीमती अर्थमाया राई	विष्णुपादुका-८

जनश्रमदान परिचालनमा वराहक्षेत्रका इच्चार्ज पदवाट समेत हेमन्त भनिने इन्द्र पोखरेलको सक्रियता छ । २०६५ माघ १ गते वुधवार उत्तरुमुखी धार्मिक पर्यटन चक्रपथ उद्घाटन समारोहले ९ जनाको आदिवराहक्षेत्र सूर्यकुण्ड योजनावद्ध निर्माण विकास उपभोक्ता समिति गठन गर्‍यो । जसमा २ जना पार्टीको निर्णय नभएकोले तटस्थ छन् । ७ जना यस प्रकार हुनुहुन्छ ।

कवि मान वज्राचार्य संयोजक, हरेराम कर्माचार्य सहसंयोजक, रवि राई माथा सचिव, सदस्यहरु ४ जना अमृतवहादुर तामाङ्ग, लीलामाया विष्ट, देउमाया थापामगर, केशव भट्टराई ।

माईबेणी धामको योजनावद्ध विकास

सनातन धर्मसेवा समिति भोजपुर जिल्ला शाखा नयाँ पदाधिकारीहरुको सक्रियतामा हसनपुर गा.वि.को माईवेणी धामको योजनावद्ध विकास सनातनधर्म सेवा समिति भोजपुर शाखाको पहलमा हुँदैछ। २०६५ सालको आर्थिक सहायता रु. ५००० ले नपुगेर २०६६ सालको आर्थिकवर्षमा हसनपुर गा.वि.स. कार्यालयबाट रु. १८००० निकासा हुने जनसहभागितावाट श्रमदान जुटाउने उद्देश्यको योजना कार्यान्वयन गर्न भोजपुर जिल्ला शाखाका पदाधिकारीहरु अध्यक्ष श्रीनेत्रकुमार श्रेष्ठ, सचिव मणि राई सकृय कार्यरतछन्। परम्परागत कात्तिकपूर्णिमा र माघेसंक्राति पर्वका धार्मिकमेलामा आउने धार्मिक तथा पर्यटकहरुको सुविधा सेवाका लागि विवाह, व्रतवन्ध, श्राद्धकर्म गर्न आउने टाढा टाढाका मानिसहरुका लागि धर्मशाला बनाउने र माइवेणीका शक्ति पीठहरुको संरक्षणका लागि आवश्यक मन्दिर वनाउने योजना छ। उक्त जिल्ला शाखाले त्यस धार्मिकस्थलको महत्व माइवेणी परिचयसमेतबाट झल्काई पुरातत्त्व विभाग अभिलेखालय काठमाडौं, गुठीसंस्थान, भोजपुर जिल्ला विकास समितिको कार्यालय, जिल्ला प्रशासन कार्यालय भोजपुर, हसनपुर गा.वि.स. कार्यालयमा मिति २०६५।०९।०१ मा लेखापढी गरिएकोछ।

वृद्धाश्रम

सनातन धर्मसेवा समिति प्रकाशपुर उपशाखाका पदाधिकारीहरुको सक्रियता र योगदानमा प्राचीन हरिद्वार चतराधाममा वृद्धाश्रम बनिएको छ। १० X २७ फुटे पक्कीरूपमा बनेको उक्त धर्मशाला निर्माण कार्यमा रु. ५०००।- प्रदानकर्ताहरुको नाम शिला लेखमा रहने छ। उप-शाखा सबैले रकम प्रदान गरेकाछन्। उपशाखामा यसप्रकार हुनुहुन्छ - श्रीमाधवप्रसाद पोखरेल- अध्यक्ष। श्रीनारायणप्रसाद उपाध्यक्ष। श्रीनरबहादुर दाहाल कोषाध्यक्ष। श्रीजयप्रसाद आचार्य सचिव। श्रीशिवकुमार शर्मा घिमिरे सहसचिव। सदस्यहरुमा क्रमश: - श्रीमहेन्द्रबहादुर खत्री, श्रीप्रेमबहादुर भुजेल, श्रीबावुराम कार्की, श्रीगायत्री कार्की, श्रीशिवबहादुर कार्की, श्रीपूर्णकुमार थापा, हुनहुन्छ।

औलिया मावि वराहक्षेत्र-१ चतरा

२०४० साल माघ १३ गतेदेखि अध्यापनकार्य शिक्षकपदवाट गर्दै आउनु भएका श्रीकृष्णप्रसाद कट्टेल २०५१ साल पुसदेखि प्रधानअध्यापकपदमा कार्यरत हुनुहुन्छ । प्राविदेखि निमावि स्वीकृति लिने र मावि गराउने सम्मको शैक्षिक विकास कार्यमा महत्वपूर्ण भूमिका निर्वाह गर्नुभएको छ ।

(खर्चिलो बेलविवाह)

श्रीमतीकमला (काफ्ले) श्रेष्ठले आफ्नै छोरी रक्षा श्रेष्ठ १३ वर्षमा पदारपर्ण गर्न वित्तिकै २०६६।३।१७ गते धरान गीता भवनमा वेलविवाहको आयोजना गर्नुभयो । जसको मुक्तकण्ठले प्रशंसा दर्शक एवं आमन्त्रितहरुले गरे । वेल विवाह सम्पन्न गर्दा रु २ लाख खर्च भएको थियो ।

देशलाई उठाउने नयाँ नेपालका नेपालीहरुमा मार्गदर्शनका सन्देश-

सन्दर्भ १४३ औं मोतीजयन्ती

धन्ले हुँदैन कविता, नत हुन्छ मन्ले ।
ज्यान्ले हुँदैन कविता, नत हुन्छ तन्ले ॥
इन्ले भया कि कविता, कविता समान्हो ।
आफैं भया कि कविता, बहुतै अस़ल् हो ॥
पर्छे यो ! कविता, सरण सकलका, पालन् गरुन् प्रीतिले ।

- मोतीराम भट्ट

स्रोतः पञ्चक प्रपञ्चक

(मन्दाक्रान्ता छन्द)

पृथ्वी बोक्ने वल छ मसितै, काम पर्दा छु अल्छी ।
अर्केले यो ! यति गरिदियोस्, भन्छु थाप्दो छु बल्छी ॥
खैला वैला मुख कमल कै, जुन् चलाएर भन्छौं ।

अर्काले झैं यस नगर वा, देश आफैं वनाऔं ॥
कर्तव्यै के ? पथ कुन लिएँ ? होश सारा गुमाई ।
पर्दा बोल्छौं प्रगति पथको, शब्द वर्षा गराई ।।
सेवा गर्ने प्रण छ, मुखमा, कामले के वतायौं ?
दिन्छौं अर्ती अरुकन भने, देश आफैं वनाऔं ॥
पर्दा काम श्रम र पसिना, द्रव्यले योगदान ।
जो गर्दैनन् कर बल तथा, ध्यानले नित्य काम ॥
उस्को राखौं परिचय र लौं ! देश सेवा सिकाऔं ।
'नेपाली हूँ सपुत म' भनी, देश आफैं वनाऔं ॥
वोल्ने जो हो उससित वुझौं, के छ उसको समस्या ?
कर्तव्यैमा उससित खिची, गर्न थालौं समीक्षा ॥
बोल्ने वोल्छन् मन मन भनी, काम पर्दा न टारौं ।
वोल्नेलाई श्रमतिर खिची, देश आफ्नो बनाऔं ॥
आफ्ना आफना प्रगति पथमा, जो छ कर्तव्य गर्दै ।
उसको मुल्यांकन हुन सकोस्, जाग्छ उत्साह बढ्दै ॥

आदि युवाकवि मोतीराम भट्ट

(मन्दाक्रान्ता छन्द)

बाआमाका वचन जसले मान्दछन् मान राख्छन् ।
बाआमा हुन् जनकजननी, सम्झदै ज्ञान राख्छन् ॥
आज्ञामानी कलम श्रमले, जीवनी लेख्दछन् जो ।
आफ्ना कीर्ति स्मृति पनि हुने, गर्छ रे लौं ! उज्यालो ॥

बाआमाका पदकमलमा, माथ राखेर ढोगी ।
मान्छन् आफना जनकजननी, देवतातुल्य सोँची ॥
सेवा गर्छन सुख र सुविधा, जे सकेको दिएर ।

छोरा छोरी सपुत बनिए, राख्दछन् कीर्ति धेर ॥
मोतीरामै र श्रवण यश नै, छन् उज्यालो सधैं नै ।
वर्षौनी नै घर घर कुशे, औंसिमा सम्झँदै नै ॥
बाआमाका मुखकमलमा, झल्कने गर्छ मोती ।
औ साहित्यैसित अमर छन्, झैं बने भानुज्योति ॥

प्रत्येकवर्ष आषाढ २९ गते भानुजयन्ती मनाइन्छ । भानुभक्त आचार्यको जीवनीमा मोतीरामको प्रसङ्ग जोडिन्छ । भानुभक्त आचार्यले लेखेका रामायण गोठाला, खेताला, जन्तीका श्लोकेहरुका मुखबाट गाइएका श्लोकहरु संकलन गरेर मोतीराम भट्टले भानुभक्तीय रामायण छापे । आचार्यका नामको अगाडी आदिकवि उपाधि जोडिए । न्वारानमा पुरोहित भानुभक्त आचार्यले मोतीराम नाम जुराएर बालकको भविष्यवाणी गरेका थिए ।

६ महिनामा भात खुवाउँदा स्वस्तिवाचन वैदिक मन्त्रोचारण गर्ने पनि भानुभक्त आचार्य नै थिए । मोतीराम भट्टका पिता दयाराम भट्ट, माता रिपुमर्दिनीले भानुभक्त आचार्यलाई पुरोहितका स्थानमा मान मर्यादा गर्थे । जब भानुभक्त आचार्यको स्वर्गारोहण भयो । तत्कालिन् ठूला विद्वान् (पण्डित) र साहित्यसेवी कविको निधनबाट भट्ट परिवारलाई गहिरो चोट पर्‍यो । एकदिन मोतीरामलाई पिताज्ञा भयो । हे मोतीराम ! भानुभक्त हाम्रा पुरोहित हुन् । तेरो नामाकरणदेखि अन्नप्राशनमा उनीले नै पुरोहित्याईं गर्नु भएको थियो । उनीले रामको भक्तिमय जीवनी कविता शार्दुल विक्रीडित छन्दमा लेखेकाछन् । ती कविताहरु खोजेर पनि छपाई दिने काम गर । उनको ठूलो कीर्ति फैलन्छ । आफ्नो कीर्ति स्मृति पनि रहन्छ ।

आफ्ना पिताज्ञालाई ध्यानमा राखी कलम समातेर जुन श्रम गरे, मोतीराम भट्टले त्यो श्रम सफल पार्न भगिरथ प्रयत्न गरेको इतिहास नै भानुभक्तीय रामायण हो । जीवनीकारको परिचय पनि मोतीरामले दिएकाछन् । आषाढ २९ गते भानुजयन्ती जुन् उत्साहले मनाउँछन् । भाद्रकुशेऔंसीकादिन मोतीजयन्ती पनि त्यही उत्साहसहित मनाइन्छ । युवाजगत्मा युवाकवि मोतीराम

भट्ट यस्ता उदाहरणीय व्यक्तित्व हो । जसको जीवनीवाट युवाहरुले शिक्षा हासिल गर्नु पर्छ ।

वावु आमाको आज्ञापालन गर्ने गर्छन् र मानपनि राख्छन् भने, वा आमा नै हामीलाई जन्माउने हुन् । देवता देवी जत्तिकै पुज्यछन् । भन्ने सम्भँदै वावुआमा नै श्रेष्ठ र पुजनीय हुन् । भन्ने ज्ञान राखेर पितृभक्ति देखाउँछन् भने वावु आमाको आज्ञा मानेर कलम चलाई परिश्रम गर्छन् भने त्यो सन्तान अर्थात् छोरा-छोरी पनि आफ्ना कीर्ति स्मरणीय हुने गरी राख्ने हुन्छन् । उनीहरुको भविष्य उज्यालो हुन्छ ।

भाद्रकुशेऔंसीकादिन वावुकोमुख हेर्ने । वैशाख अमावश्याकादिन मातातीर्थ पर्वका तिथिमा आमाकोमुख हेर्ने पर्वलाई चाडकारूपमा मान्छौं । यसरी मानिने चाडपर्वहरुले हामीलाई शिक्षाको उज्यालो दिइरहेको छ । पितामाताका भक्ति गर्ने पुत्रहरु श्रवणकुमार र मोर्तीराम भट्टरालाई ती पर्वहरुका माध्ययमले सम्भन्छौं । मोतीराम भट्ट वि.सं. १९२३ भाद्रकुशेऔंसीकादिन जन्मे । १९५३ भाद्र कुशेऔंसीकै दिन ३० वर्षे युवाअवस्थामा मृत्यु प्राप्त गरे । उनको जीवनी सर्वप्रथम आफ्ना मामा नरदेव पाण्डेले लेखेका छन् । त्यसपछि लेख्नेहरुको नाम स्मरणीय छ ।

वावुराम आचार्यले 'प्रगति' नामको पत्रिकामा छापे २०१४ सालमा । सूर्यविक्रम ज्ञवालीले जीवनी निकाले । २०३३ सालमा नेपाली भाषा र साहित्यको विकासमा मोतीराम भट्ट शीर्षकमा सुनसरी साहित्य प्रतिष्ठान इनरुवाले साहित्य गोष्ठी गरी पाठ भएका लेखको सङ्गालो निकालेका छन् ।

नेपालका हुन् वा भारतका हुन् । युवा साहित्यकारहरुमा मोतीराम भट्ट प्रभावशाली व्यक्तित्वका युवा थिए । युवाहरुमा साहित्यसेवा गर्नु हाम्रो कर्तव्य हो, भन्ने भावनाले गजल गीत, कविता, लेख, कथा, नाटक उपन्यास, निवन्ध प्रवन्ध जस्ता साहित्यका विधामा कलम चलाउँने जाँगर जोश जगाउँने गोष्ठीका कार्यक्रम सञ्चालन गर्ने मोतीराम युवाहरुका प्रेरणाका स्रोत हुनुहुन्थ्यो । त्यसैले युवाकवि उपाधि योग्य भए । अभै भन्छौ भने १९५३ साल भाद्रकुशेऔंसी

पर्वमा मृत्यु प्राप्त गरेका युवाकवि मोतीराम भट्टको अझै मुल्याङ्कन नै हुनु हो भने आदिकवि भानुभक्त आचार्य हुन् भने जस्तै युवाकवि मोतीराम भट्टका नामका अगाडी 'आदि' थप्नु पर्छ । युवाहरुमा उनी आदियुवाकवि उपाधिसहित मोतीराम भट्टकारुपमा उनको सम्मान गर्नु पर्छ ।

हो धन्य यो जीवन

मान्छेको तन मन्दिरै बुझ्नु होस्, यै भित्र छन् ईश्वंर ।
हाम्रा स्वास प्रश्वासमा, भृकुटिमा ज्योतिर्मयै रूप छ ॥
ब्रह्मा विष्णु महेश नै गुरु बनी, सत्ज्ञान दिन्छन्, बुझौं ।
ध्यानी दर्शन गर्दछन् नियमले, सत्साधनामा जुटौं ॥
आँखाले मुखले तथा पयरले पुज्ने दुवै हातले ।
खोज्छौं ईश्वर पर्दछौं अभरमा, बढ्छन् झमेलादि रे ॥
औं संगीत र नृत्य गीत लयमा, शास्त्रोक्त व्याख्यानमा ॥
औ संस्कार र कर्मकाण्डहरुमा, यज्ञाग्नि आव्हानमा ॥
आकांक्षा त बिगार्दछन् नर जुनी, अज्ञान आडम्वरै ।
अज्ञानी तरुणी नशा कुलतले, खस्छन् । मनुष्यै तलै ।।
होस् उत्थान समाजको र निजको यो राष्ट्रको भन्छ जो ।
कर्तव्योचित मार्गमा सजगता, सेवामुखी कार्य त्यो ॥
हो मर्यादित देवता गुण महान्, व्यक्तित्व सामाजिक ।
सेवा औ उपकार कार्य गरिंदा, नै हुन्छ हाम्रो हित ॥

मान बज्राचार्य
संस्थापक अध्यक्ष
लक्ष्मी देवी गुभाजु स्मृति प्रतिष्ठान
विराटनगर-४, मोरङ

जनतावाट मतदान प्राप्त गर्न आफ्ना पार्टीका चुनाव चिन्ह बोकेर उम्मेदवारी निभाउँदा आपसमा वढेको मतभेद मतदानको परिणाम पछि मेटिनु पर्छ। जनताको मन जित्न जनहित र देशको उन्नतिका कार्यमा लाग्नु सवै पार्टी कार्यकर्ताहरुको कर्तव्य हुन आएको छ। आततायी वनेर धाक धम्की डर त्रास देखाएर कुनै पनि राजनैतिक पार्टी सत्तामा पुग्न सकिदैन। मेलमिलापवाट विकास हुन्छ। लडाईं झगडावाट देशमा अशान्ति वढ्छ। यही नै विचारको असन्तुलन विनाशको लक्षण पनि हो। चुनाव अघि छिछिमिरा झै उत्पन्न भएका पार्टीहरु आफैं क्रियाकलापका कारग जनमतको ऊर्जा पाएर स्थिर रहेका र अस्थिर भएका उदाहरण नै सेवामुखी भावना दर्शिएको शिक्षा हो। यस शिक्षाले सजग वनेका दलगत भावना, जनमतको कसीमा खरो उत्रिने प्रयासमा कार्यरतः हुनु बुद्धिमानी हो। वहुमतले विजयी पार्टीको अगुवाईलाई स्वीकार्नु र देशको उन्नतिका कार्यमा योगदान पुग्ने बाटोमा सहभागी वनी कर्तव्योचित कार्यमार्गमा शान्त, स्थिर औ संयमित भई वढ्नु आफ्नो भविष्य वा पार्टीको भविष्यमात्र होइन, देशको भविष्य उज्यालो बनाउन सफल बन्नु हो।

लक्ष्मी सडक कविता र प्रतिभा परिचय

धार्मिक र पर्यटकीयक्षेत्रतर्फ प्रवेश गर्ने साहित्यिक प्रतिभाहरुको उर्जास्थल सुन्दर प्रकृतिको सजावटले प्रत्येक यात्रुहरु र वासिन्दाहरुमा आनन्दको अनुभुति गराउँने धरानबाट प्रकाशित हुने गरेका विभिन्न पत्रिकाहरु मध्यको लक्ष्मी सडकले ६० जना कवि लेखक साहित्यिक प्रतिभाहरुलाई उनीहरुका लेख कविता निवन्ध समालोचना आदि सामग्री समेटेको छ। सबै रचनाहरुमा सबै खाले भावनाहरुछन्। ८० पुष्ठको रु १५।- मूल्य राखिएको लक्ष्मी सडक कविताले सुनसरी धरान कै प्रतिनिधित्व गरेको छ।

धरान-१ लक्ष्मी वाचनालयद्वारा (९९ औं) २०६५ लक्ष्मी जयन्ती लक्ष्मी सडक कविता नवौं संकलन प्रकाशित् गरेर मनाए। सम्पादक हुनुहुन्छ। ख्यातिप्राप्त समालोचक डा. गोपाल भण्डारी। पृष्ठ ६९ मा सन्त्रासभित्रको आस्थाहरु शीर्षकको कविताले श्रीमतीदुर्गा चापागाई , पृष्ठ ७५ मा 'व्यथाको

कथा' शीर्षकको कविताले श्रीखड्गवहादुर चापागाई नेपाली साहित्यक्षेत्रमा देखा परेका छन्। २०६४ गाइजात्रे कवि गोष्ठीमा प्रथम पुरस्कार "भी पुच" विराटनगरबाट पुरस्कृत कवयत्री दुर्गा चापागाई हास्य व्यङ्ग्य विधाका पनि कवयत्री हुन्।

शहीद प्राथमिक विद्यालयकाअध्यक्ष, असहाय पुनस्थापना केन्द्रका संस्थापक उपसभापति, कालिकासमाज देवीपाञ्चायन मन्दिरका सचिव, वुध्दोदय वचत तथा ऋण सहकारी संस्था लि.का, अध्यक्ष एवं सामाजिक कार्यकर्ता श्रीमतीदुर्गा चापागाईका कविताहरु केही पत्रिकाहरुमा प्रकाशित् भएकाछन्। केही पाण्डुलिपिरूपमाछन्। देवकोटाको प्रथम कविता, अन्तिम कविता र देवकोटाले तामाङ्ग भाषामा लेखेको कविताले पुस्तक स्मरणीय छ। प्रधान सम्पादकको कलमबाट सम्पादकीयमा महाकवि लक्ष्मीप्रसाद देवकोटा १९६६-२०१६ आधुनिक नेपाली साहित्यिका सर्वाधिक सफल साहित्यिकार हुन्। लेखिएको भनाइलाई, गजेन्द्रप्रसाद आचार्य धरान-१६ को "कविजीसँग पहिलो भेट" ले व्याख्या गरेकोछ। डा. गोपाल भण्डारीको काव्य सन्देशको परिप्रेक्ष्यमा 'वाघले वच्चा किन खान्छ' महाकविको जीवनीसहितको परिचय प्रस्तुत गरिएको छ। 'लक्ष्मीप्रसाद देवकोटा निवन्धकार शीर्षकमा डा.खेम दाहालद्वारा समीक्षा प्रस्तुत भएको पठनीयछ।

-अष्टमी र द्वादशी तिथि महिमा--

श्रीआदिवराहको तपस्याको फल स्वरूप वरदान प्राप्त गरी सूर्यले जसरी सोम र यम पुत्र पात्र गरे। त्यसरी वरदान प्राप्त गर्न भक्तहरुले तिथिहरु मध्य वैशाख शुक्लपक्षको अष्टमीमा श्रीसूर्यकुण्डजलमा स्नान गरेर आदिवराह भगवान्को पुजा अर्चना उपवाससहित दर्शन गरुन्। कोका कोशी संगम वराह तीर्थमा बैशाख शुक्लद्वादशीका तिर्थिमा विहान ८ वजेदेखि ११ वजेसम्म त्यसै पावन तीर्थजलमा ध्यान पूर्वक भगवान्को भजन गरुन्। मत्स्यरूप भगवान्को दर्शन गर्न पाइन्छ। राती चन्द्रमाको ज्योत्स्ना न परे पनि सोमतीर्थमा ध्यान पूर्वक तपस्या गर्ने भक्तले ज्योतिरूप परमात्माको दर्शन प्राप्त गर्छन्। उक्त तिथिहरुमा जमघट हुँदै जाँदा ठूलो धाम मेलाको रूप लिनु स्वाभाविक हो।

-सोमवारे हाट-

सोमतीर्थको पौराणिक महत्वलाई ध्यानमा राखी २०६६ साल जेठ महिनाको सोमवार देखि सोमवारे हटिया लाग्नु खुशीको कुरा हो । हिंसा हत्या लडाई झगडाका वीज रोप्ने व्यापार व्यवसाय नगर्नु वुध्दिमानी हो । तीर्थको मर्यादा राख्नु हो ।

शार्दूल विक्री दित छन्द माध्यमले विन्ति छ ।

दुर्गा दुर्गती नाशिनी भगवती, आदित्य आराधना ।
गर्छौं आदिवराहको भजन जुन्, पुग्छन् सवै कामना ॥
सेवा कार्य समाज सेवक वनी, गर्छन् भलाद्मीहरु ।
पुव्यात्मा ठहरिन्छ कीर्ति यशले, बढेने छ है आवद्ध ॥
जीर्णोध्दार विकास कार्यक्रमले, स्थानीय तीर्थस्थल ।
सारा धार्मिक पुण्यवानहरुका, वन्छन् तपस्यास्थल ॥
आफ्ना नाम सुहाउँदो मगजले, पारौं सफल् योजना ।
श्री दुर्गा कविता कवित्व प्रतिभा, शाली अवश्यै यहाँ ॥
आशीवार्द कृपा स्वरूप छविलो, वर्षाउँदैं आउँछन् ।
साक्षात् ईश्वर देवता ऋषि सहित्, कर्तव्य सम्झाउँछन् ॥
धर्मात्मा हुनु पर्छ जाग्रत भई, स्थानीय मानिस ।
अर्काको पनि वन्न रक्षक सिकौं, वन्छौ स्वयं ख्वामित ॥
जे सोचिन्छ हितैषि भाव मनले, स्वस्वार्थ त्यागी उठी ।
धेरैको सहयोग मिल्छ वुझियोस् विध्नादि हर्छन् हरि ॥
वस्छन् आदिवराह जीवहरुका, प्राणी सवैमा बुझी ।
हत्यारा न वनौं दया र ममता, राखौं सुनौं ढुकढुकी ॥
भिन्नाभिन्न रुवरूपका सबजना, मा एउटै देवता ।
गर्छन् वास मनुष्य बुझ्छन कुरा, आत्मामुखी त्यो ! छटा ॥
आफैंभित्र नियाल्दछन् गुरुमुखी, छन् आत्मज्ञानी भने ।
स्रष्टाको रमणीय रूप घटमै, रे गर्दछन् झल्कने ॥
ज्ञानी मानिस व्रुझ्दछन् सबकुरा, औं बन्दछन् संयमी ।
सम्झाएर सकिन्न मूर्ख छ भने, पर्ने छ खाड़ल मुनी ॥

- तीर्थस्थलमा -

माछा मासु जाँड रक्सी व्यापारको परिणाम

गर्दै आदिवराहको स्तुति सधैं, श्रीसूर्यकुण्डै नमः ।
शास्त्रीयै महिमा बुझी नियमको, पालन् गरुन् सज्जन ॥
लिन्छन् मासु निमित्त प्राणा पशुको, व्याधा कसाई बनी ।
मेला हाट वजार तीर्थहरुमा, व्यापारले कम्पनी ॥
आम्दानी तिरमात्र ध्यान श्रमले, सिद्रा र माछा खसी ।
राँगा सुँगुर मासुको पसल औ, लादी रगत् फोहरी ॥
हड्डी घाँस र स्याउलाहरु सडी, दुर्गन्ध फैलाउँने ।
रक्स्याहा झगडालु मानिस बनी, यात्री भए झुक्किने ॥
लट्टेनी स्थल चौतरा सडक औं, दुर्गा भवानी छवि ॥
अज्ञानी मनले बुझेन र बुझौं, भन्दछन् भने जुन् कवि ॥
एक्लो बन्नु पर्‍यो प्रशासन मुखै, पर्दैन हेर्दैन यै ।
लापर्वाह मुनुष्यता असुरता, ले देवता रून्छ है ॥
रक्सी जाँड चुरोटका कुलतमा, जो फस्छ अज्ञानले ।
व्याधीनै यमराज दूत बनिई, अङ्गाल्छ है मृत्युले ॥
पण्यात्माहरु तीर्थमा न रहँदा, अस्तित्व नाशिन्छ रे ।
आफैं आदिवराहजी कुपित भै, स्वस्थान नाशिन्छ रे ॥
साक्षी नै पहिरोछ हिंसक बनी, श्रीसूर्यकुण्डै जल ।
साक्षात् शेष मरेर जुन जल बगे, देखिन्छ हेरौं तल ॥
पश्चाताप अवश्य हुन्छ मनमा , भन्दछन् पुरानै कथा ॥

इति सम्पूर्णम् ।

विराट साहित्यिक गतिविधि
कृति विमोचन

प्रत्येक महिनाको अन्तिम शनिवार हुने नियमित भेटघाट कार्यक्रम विराटनगर (मोरङ्ग) आयोजक विराटसाहित्य संगम, विराटनगर मिति २०६३।१०।२७७ माघकृष्णअष्टमीका दिन २२ औं श्रृंखलाको कविता गोष्ठीका अध्यक्ष श्रीवलराम उपाध्यायले मान वज्राचार्यद्वारा तयांर पारिएको श्रीवराहक्षेत्र अभिलेखको लोकार्पण गर्नुभयो ।

उद्घोषक श्रीविजय कटेल 'छहरा' हुनुहुन्थ्यो । श्रीवराहक्षेत्र (अभिलेख) वारे संक्षिप्तग्रन्थ परिचय श्रीहरिप्रसाद वरालवाट दिइएको थियो । गोष्ठीमा लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठानका सचिव कवि कृष्ण कोइराला 'चारघरे' लगायत १८ जना कवि कवयत्रीहरुद्वारा कविता पाठ गरिएको थियो ।

२०६६।२।३०१७ का दिन उक्त विराट साहित्यसंगम स्थान गोग्राहा कलेज. विराटनगर-५, मोरङ्गद्वारा नियमित साहित्यिक भेटघाट क्रयक्रम संचालन भयो यसपाली वलराम उपाध्याय पोखरेलले अध्यक्षतामात्र गरेनन्, १३ जना कवि लेखकहरुले पाठगरेका रचनाहरुको समीक्षासमेत गरे । पूर्व समीक्षक हरिप्रसाद वरालका कविताको समीक्षा गर्दै सरल शव्द शैलीयुक्त व्याख्यावाट बलरामजीको परिचय प्रभावकारी थियो ।

(१) सागर अधिकारी–

आग्रह गीति कविता, शान्ति खोजी विकासको वाटो अलमलियो–राष्ट्र राष्ट्रियताको विकास हुनुपर्छ भन्दै देखा पर्नु भएकोछ ।

(२) मान बज्राचार्य–

वहाँ पुराना परिचित कवि हुनुहुन्छ । २०३५ सालमा स्वंगीय भएका राष्ट्रियकवि एवं भाषा शास्त्री श्रीमहानन्द सापकोटाको जीवनी लेख्नु भएको थियो । सम्मति लेख्न पाण्डुलिपि लिएँ । हरायो म लज्जित छु । चारघरेका कृतिको समालोचना गर्नुभएको राम्रो छ । कृष्णमय लीला दर्शाउनु भएकोछ । आफ्नो कृति प्रस्तुत गर्नुभयो । त्यसअनुसार नेपाल हाँसोस् हामी पनि हाँसौं ।

(३) दीपक सञ्जु–

'देश दुखेको वेला' कवितामा देशको आव्हान राष्ट्र-राष्ट्रियता म गलिरहेकोछु जीव जिउँदोछ भन्ने भावना झल्किएको छ ।

(४) भक्ति दाहाल–

विस्फोटवाट मैले राष्ट्रको पीडा र रोदन वुझैँ ।

(५) बालकृष्ण अधिकारी–

२०३६ लाई सम्झदाँ यस कविताले गानेशमान श्रेष्ठको राष्ट्रिय एकताको भावनालाई दर्शाएकोछ । कस्ता-कस्ता नेता देखापरे, सत्तामा पुगे, वन जंगल खिाप पारे । २०४६ मा वेईमान सवै सकिए ।

(६) केशवप्रसाद आचार्य–

'सेदोका' ३८ अक्षरीय- वनमारा झार-भारत र नेपालको लोकतन्त्र २०३६ साल- 'वाम कामना'- निर्विकल्प केही छैन । पुरानो परिपाटीको विरोध-भविष्यको वाणी यसवाट झल्किन्छ ।

(७) हरिप्रसाद बराल–

'तीनवोटा कोदालाहरु' वाल्यकालको स्मृति गर्दै वरालजीले आफ्ना कवितामा जर्मन कोदालो-युवाकालको र परिपक्वको अवस्थाको कोदालोको महत्व दर्शाउनु भएको छ ।

(८) हेमराज सापकोटा–

जिज्ञासा हो, अर्तिउपदेश होइन-सृष्टिभित्र हिजोआजको प्रवृत्ति-हार्नेको इतिहास-चाहियो- Change को विगत थाहा भएमात्रा Change वुझिन्छ ।

(९) कृष्ण कोइराला (चारघरे)–

'टिपन टापन' कविता नराम्रो हुँदैन । विगत समस्याग्रस्त- दुईचार वढेको-खवरदार-व्यवस्थामा फेरिनु पर्छ ।

(१०) श्याम अधिकारी–

'स्वाभिमानी' नेपालीको इतिहास छिमेकी-विरोधी प्रतिको आचरण दर्शिएको भाव छ ।

(११) डि.वी. बस्नेत–

'दाह्री किन पालेको ?'- पुलिसको व्यवहार-किन फालेको ?

(१२) **पारस थापा–**

वबन सिंह-१२ घण्टामा आईयो-काँइला वा-हँसाउने कुरा ।

(१३) **बलराम उपाध्याय पोखरेल**

('मूर्दावाद भनेपछि मूर्दावाद, समाज सपार्ने आततायी मूर्दावाद ।
'कहाँ हिंडेको ? 'थाहा छैन ।'
'अनि कहाँ जाने त ?'
'दैवले जहाँ पुऱ्याउलान् ।'
'उँभो सगरतिर कि ?'
'तेर्सो सागरतिर ?'
'थाहा छैन । जाँदा जहाँ पुगियोस्'
हामी नेपाली यस्तै छौं ।
हाम्रो समाज हाम्रो संस्कृति
र हाम्रो संस्कार यस्तै छ ।
परम्परा छ दैवले जहाँ पुऱ्याओस्
जसले त्यसो भन्छ ।
त्यही ज्ञानी वुद्धिमानी र सनातनी हो ।
कर्मण्येवाधिकारस्ते मा फलेषु कदाचन ।
हिड्ने हाम्रो काम हो ।
लक्ष्यको कामना राख्नु हुँदैन ।
लक्ष्य चिताउनु हुँदैन ।
लक्ष्यको कामना, सर्वसत्तावाद हो ।
धेरै भेंडाछन्, थोरै वाखाछन्
बाखा पनि भेडै सरहछन्
भेडाले भ्या गर्दा पछि लाग्छन् ।
कुद्छन् गुडुडु, कहाँ हिंडेको थाहा छैन ।
कहाँ जाने ? भन्दा जहाँ दैवेले पुऱ्याउँछ
भन्छन् र परिणाम म गरीब भएँ
दुखी भएँ भनी दैबलाई सराप्छन् ।

बलराम पोखरेल

'हजुर ! पापी पेटका लागि
एक मुठी पाउँ हजुर !
के गर्नु दुर्दैवले गर्नु गऱ्यो' भन्दै रुन्छन् ।
मलाई गाली नगर्नुस् हजुर !
दैवलाई चोट लाग्छ ।
धर्म नष्ट हुन्छ, समाज भ्रष्ट हुन्छ' पनि भन्छन्
'अहा कति वुद्धिमानीछ
ज्ञानीछ, त्यागीछ
भगवान्मा समर्पितछ
ईश्वरकै लागि जीवन उत्सर्ग गरेकोछ ।'
'पक्कै यो महात्मा हुनुपर्छ
सवे हामी शिक्षा लिन त्यहीं जानुपर्छ
भ्या ! गुड्डुडु भेडावाखा भ्या ! भ्या !'
'कर्मको फल पाउनु पर्छ भन्ने
महामूर्ख हो ।
लक्ष्य निर्धारण गर्ने पथभ्रष्ट हो ।
समाजलाई सपार्छु भन्ने आततायी हो । '
सर्वसत्तावाद मूर्दावाद ! हामी भैंडा हौं ।
आतङ्ककारी मूर्दावाद !! हामी वाखा हौं ।
समाज सपार्ने आततायी मूर्दावाद !!!
हाम्रो सिद्धान्त हो ।

टिपन टापन

कृष्ण कोइराला (चारघरे)

प्रधानमन्त्री सप्तकोशी वाँध, बन्दावन्दी, धर्ममा अनास्था, तालाबन्दी, अन्धकारमय देश, शिक्षा, स्वास्थ्य, अत्याचार-समस्या नै समस्या । मोज, मस्ती, भोज, घुस, जुस, मदिरा, नारी, खान पान-यो पनि चलेकैछ ।

गाउँ, शहर, धनी, गरीव, युवा युवती, जातजाती, भाषाभाषी, चलिरहन्छ । सावधान, संविधान, शासन, प्रशासन, सुरक्षा, जनचेतना, फेशन, महँगी, अहँकार सोर्स फोर्स, -चल्दैन, वन्दैन, हुँदैन भए पनि दिगो रहँदैन शान्ति आउँदैन व्यवस्था नै फेरिनुपर्छ- यो पक्का कुरा हो ।

-नेपाल हाँसोस्, हाम्री पनि हाँसौं-

मान बज्राचार्य

आयो लौं ! गणतन्त्र भारत सरी, नेपाल हाँसोस् भनी ।
नेपाली पनि हाँस्न पाउँनु पर्‍यो, संयीयतामा उनी ॥
दङ्ग्याएर अचम्भको दलहरु फुट्ने र मिल्ने भए ।
सत्ता टिक्न विकास गर्न न सकी, नामर्द वन्ने छरे ॥
माओवाद उद्देश्य मार्ग हिंडछन्, त्यागेर सत्ता पनि ।
स्वार्थी बन्नु हुँदैन नीतितिरनै, लाग्ने गरौं है भनी ॥
छन् आन्दोलनमा वुझौं मगजले, नेता सवैले खुली,
नेपाली मनसायको कदरमा, दर्शिन्छ पार्टी-छवि ॥
कांग्रेशी दल मुख्यको मगजले, हाले मसाला जुन ।
एमाले दलमत् लिएर अघि नै, लागे लहै ! लम्कन् ॥

श्रीवराहभगवान्को मन्दिरमा कृति विमोचन कार्यक्रम

मन्तब्य

२०६१।७।१०।३ का दिन श्रीभगवान्वराहको मन्दिरमा कविमान वज्राचार्यले लेख्नु भएको हिन्दूपतिराजा र हिन्दूराष्ट्र '२०६१' मा प्रकाशित ३० औं कृतिको विमोचन गर्ने अवसर मैले पाएँ । म गौरव महशुश गर्छु । वहाँ भगवान्श्रीवराहका भक्त हुनुहुन्छ । भक्ति प्रार्थना नै वहाँका कृतिहरु हुन् । २०१० साल कात्तिकमा श्रीवराहभगवान्को कीर्तन प्रकाशमा आउँदा अरु कसैले त्यस विषयमा कीर्तन प्रकाशित् गरेका थिएनन् । २०१२ सालमा हिन्दी भाषाको वराहक्षेत्र धामकी कीर्तन प्रकाशित कविज्यूले नै गर्नुभयो । २०१८ साल आश्विनमा १६० पृष्ठको

श्रीवराहक्षेत्र-महिमा (परिचय) प्रकाशनमा ल्याउनु भएको कालसम्म नेपाली भाषामा अरु विद्वान्ले श्रीवराहक्षेत्रवारे किताव प्रकाशित् गरेको पाईंदैन। त्यससपछि फाट्टफुट्ट अरु विद्वान्हरुले लेखेर प्रकाशमा ल्याएका लेख, कविता, पत्र पत्रिकाहरुमा छापिएका छन्। फाट्टफुट्ट पुस्तकहरु पनि देख्न पाइन्छ।

- दुर्गानाथ भण्डारी
प्रधानपुजारी श्रीवराहक्षेत्र।

वराहक्षेत्रका महिमा प्रचार गर्ने व्यक्तिकोरूपमा कविमान वज्राचार्यज्यूलाई चतरा आउँदा चिनेको थिएँ र २०६१।८।१०।३ का दिन विमोचन कार्यक्रमको अध्यक्षता गर्न पाएँ खुशी लाग्यो।

-डिल्लीराम भट्टराई 'वशिष्ठ'

श्रीवराहभगवान्को दर्शन गर्न संयोगमा आइएछ। कवि मान वज्राचार्यद्वारा लेखिएको कृति विमोचन कार्यक्रममा बोल्न पाएँ खुशी लाग्यो।

-विष्णुशरण भट्टराई

कविमान वज्राचार्यले श्रीवराहक्षेत्र-महिमाको प्रचार कार्य गरिरहनु भएकोछ। हिन्दूपतिराजा र हिन्दूराष्ट्र '२०६१' विमोचन कार्यक्रममा उपस्थित् सवैको २०६१।८।१०।३ का दिन मैले स्वागत गर्न पाएँ। खुशी लाग्यो।

-पं. योगेश भण्डारी वराहक्षेत्र।

नेपालका चारधाम हुन्, १) श्रीमुक्तिक्षेत्र, २) श्रीपशुपतिक्षेत्र, ३) जनकपुरधाम मध्ये पूर्वाञ्चलको प्रसिद्ध तीर्थस्थान श्रीवराहक्षेत्रको वर प्रसादवाट प्रष्फुटित भएर नेपाली सजिलो वर्णमाला, श्रीवराहक्षेत्रमहिमा, हिन्दूपतिराजा र हिन्दूराष्ट्र '२०६१' जस्ता ३ दर्जन जति धार्मिक, ऐतिहासिक, पुरातात्विक विषयका वहुमूल्य कृतिहरुका लेखक- कविमान वज्राचार्यज्यूलाई झापा भ्रमणको अवसर पारेर मिति २०६१।७।१९ का दिन, विश्वहिन्दू महासंघ, स्वर्गाश्रम नेपाल, त्रिफला राष्ट्रिय पूस्तकालय एवं पानी पोखरेल कल्याण समाज केन्द्रीय समितिका तर्फवाट मेचीनगर-१ देवलस्थलमा सम्मानपत्रसहित रु. ५०१। नगद पुरस्कार प्रदान गर्न पाएँ। खुशी लाग्यो धार्मिक जागरण, लागु पदार्थ निवारण, वातावरण संरक्षण निमित्त वेलैमा याद गरौं। दुर्व्यसन त्याग गरौं।

नारासहित अभियानी प्रेमप्रकाश पोखरेल 'फलाहारी'

सर्वेश्वर श्रीवराहभगवान्का वरद्पूत्र एवं आशीर्वादपुत्र वाल्यकाल देखिनै वराहक्षेत्रधामको धार्मिक विकास र उन्नति चाहने सरल र शौम्य प्रकृतिका धनी वराहक्षेत्रका धार्मिकरत्न श्रद्धेय कविवर श्रीमान वज्राचार्यज्यूको र कर्मस्थल 'पवित्र वराहक्षेत्र तीर्थको शिर नेपालमा उच्च रहिरहोस्' भन्ने धारणाले नै प्रेरित भएको देखिन्छ। उहाँका स्वलिखित कृतिहरुमा र लेख रचनामा यसै पावन तीर्थ वराहक्षेत्रकै गरिमा गाई रहनुभएको पाईन्छ। आश्चर्य ? भगवान्को करुण कृपा कसलाई ? कति वेला कहाँ कसरी वर्षन्छ ? त्यो कसैलाई थाहा हुँदैन। वराहक्षेत्र गाविसभित्र शायद गिन्ती गर्ने हो भने वाम्हणकुलमा जन्मिएका विद्वान् व्यक्तित्व निक्कै पाईन्छन तर उहाँहरुको वराहक्षेत्रतर्फको धार्मिक विकासोन्मुख भएको त्यति पाईंदैन। कविवरद्वारा कुन डाँडामा के छ ? कुन खोल्सामा के छ ? कुन खोलाको नाम के हो ? आदि शास्त्रीय प्रमाण र भौतिक परिचयको सङ्गमसमेत गराइएको पाइन्छ। कहिले धार्मिकटोली, पैदलयात्रा, सभा, सम्मेलन, गोष्ठी गर्नु, कहिले पत्रपत्रिका सामाचारद्वारासमेतले यसलाई व्यापकता दिने काम अखण्ड रुपमा गरेको पाईन्छ। यस्तो वराहक्षेत्रका धार्मिकरत्न कविज्युलाई वास्तवमा भन्नुपर्दा वराहक्षेत्रवासीले नै एउटा उच्च सम्मान दिनुपर्ने देखिन्छ। तर हाम्रो समाज कस्तो छ। जीवित रहुन्जेल वेवास्ता गर्दछ भने मृत्युपश्चात् सम्मान तर मानिसलाई जीवित रहँदै सम्मान गर्न सकेदेखि राष्ट्रवाट उक्त व्यक्तिलाई अरु उन्नति गर्ने प्रेरणा मिल्थ्यो। राष्ट्रले अरु उर्जा प्राप्त गर्न सक्थ्यो। एकजना कविले लेखेकै पनिछन्।

'बाँचुन्जेली घृणा, मरे पछि पूजा'

मूर्ति अघि आरती

हाम्रो संस्कार नै यस्तै बनिसकेको छ। बाँचुन्जेल ए त्यो तेस्तै त होनी 'हामीले जानेकै हो' भनी उपेक्षा र घृणा गर्ने र मरेपछि कठैवरा भनी पश्चाताप गर्ने। तसर्थ हामीले कविज्यूलाई सम्मान दिनु हो भने उहाँले वराहक्षेत्रको भविष्यलाई निक्कै उज्ज्वल बनाउन सक्नु हुन्थियो। वास्तवामा भन्नु पर्दा अहिले पनि उहाँ एउटा नवजागरुक युवा भैं स्फुर्तरूपमा वराहक्षेत्रकै हाताभित्र

रहेर वराहक्षेत्रकै गुणानुवाद गाउँनमा थाक्नु भएको छैन । धन्य हो, यहाँको यो धामप्रतिको अनन्त श्रद्धा ! अहिले पनि ती वृद्ध हात वराहक्षेत्रकै प्रचारार्थ कलम चलाई रहनु भएको पाएँ । गत फागुन २७ गते कविजी आश्रमतिर पाल्नु भएको रहेछ । म भागवत् कथा प्रवचन गरिरहेको थिएँ । उहाँको र मेरो भेट भयो । वातचित गर्दै जाँदा उहाँले भर्खरै वराहक्षेत्रको विषयमा लेखलेखी अब फेरि कुम्भभित्रै वराहक्षेत्रको विषयमा एउटा राम्रो ग्रन्थ लेखी प्रकाशन गरी कुम्भकै जगद्गरुहरुबाट विमोचन गर्नु पर्छ भने, उहाँ सारै खुसी हुँदै मलाई भन्नुभयो । "मैले वराहक्षेत्र सम्वन्धित् ग्रन्थ तयारी गरी सकेको छु भन्नुभयो ।" नाम रहेछ 'श्रीवराहक्षेत्र-अभिलेख' खुशी र उत्साहसाथ उहाँलाई उत्साहित पार्दै त्यो ग्रन्थ मैले बसेर केही अल्प अध्ययन गरें । किनकी सबै हेर्नु अर्द्धकुम्भ समय सामुन्ने आएकाले भ्याउँन कठीन रह्यो । परन्तु मान्य कविवरज्यूको त्यो अथक प्रयासको वराहक्षेत्र अभिलेखमा उहाँले अति नै खोजपूर्वक लेख्नु भएको रहेछ । कविज्यूको यो ग्रन्थमा वराहक्षेत्रको पुरातात्विक प्राकृतिकदेखि लिएर ऐतिहासिक पौराणिक महत्वसमेतको प्रमाण प्रस्तुत गरी वराहक्षेत्र भित्ररहेका अन्य तीर्थजस्तै औलियाबाबा, छिन्नमस्ता, चतराधाम, हिन्दुपतिराजाको दरवार, ब्रह्मतीर्थ सुर्यकुण्ड, धेनुवट आदिवराह, गुप्तवराह, त्यसैगरि यसभेगका सिद्धवाबाहरु श्रीऔलियाबाबा र वनस्खण्डीबाबा र दिगम्वरी बाघेश्वरीबाबा जस्ता सिद्धपुरुषको महत्व महात्म्य, झल्काउनका साथै यसका शिलालेख अभिलेख एवं पुरातात्विक बस्तु र प्रमाणकोसमेत सङ्गालो गरी अत्यन्त कठोर परिश्रम र प्रयत्नपूर्वक श्रीवराहक्षेत्रको अभिलेख नामक ग्रन्थ तयार गरी जनसमक्ष पुऱ्याउने स्तुत्य प्रयास गर्नुभएको रहेछ । श्रद्धेय कविज्यूको यति ठूलो श्रद्धा भक्ति र बिश्वासले वराहक्षेत्रको प्रचारमा लागी पर्नु भएकोछ । यसले निरन्तरता पाओस् र उहाँका ती लेख्ने हातहरु र चिन्तन गर्ने मस्तिष्कलाई भगवान्वराहले कृपा गरी रहुन् । निर्विवाद अखण्डरूपमा कलम चलिरहोस् । उहाँका गाथमा भगवान्को कृपा रहिरहोस् अन्त्यमा उहाँको सुस्वास्थ्य र दिर्घायुको कामना छ ।

बालसन्त मोहनशरण देवाचार्य
आचार्यपीठ चतराधाम
वराहक्षेत्र, सुनसरी
२०६३।११।२९

चारघरेका कृति कृष्णमय छन्

मोरङ्ग विराटनगर उपमहानगरपालिभित्र कृष्ण नाम अगाडि भएका व्यक्तिहरु २१ जनाछन् । ती चारघरे जन्मभूमी भएका कृष्ण कोइराला 'चारघरे' नामले प्रसिद्धछन् । त्रिशक्ति सावित्री पीठद्वारा सम्मानीत कृष्ण कोइराला 'चारघरे' नेपाली भाषा साहित्यको बगैंचामा रङ्गीविरङ्गी फूल जस्ता कृतिहरु लिएर दैनिक, साप्ताहिक, समसामयिक पत्रपत्रिकाहरुमा देखापर्दै आएका प्रतिभाशाली कवि हुन् । २०६४ सालमा दुई कृति प्रकाशित गरेका छन् । १ चारघरेका इन्द्रणी सपनाहरु २ चारघरेका हिजो आज भोली २०६५ सालको अवधिमा निस्केका यी दूई कृतिहरु पृष्ठ ४९ र पृष्ठ ८४ को मूल्य ५१ राखिएकोछ । यी कृति पाण्डुलिपि हुँदा हातमा छाप्ने पैंसा थिएन् । उक्त कृति प्रकाशमा ल्याउने कृतिकार स्वयंको नाम कृष्ण थियो । उत्साहित पार्ने वाणी प्रकाशन विराटनगरका तत्कालीन् अध्यक्ष 'कृष्ण भुषण 'वल', कम्प्युटर कर्ताको नाम कृष्ण चौधरी थियो । चाहिने कागत उधारो दिनेको नाम कृष्णकुमार मास्के अविस्मरणीय छ । छपाई दिने गजुरमुखी अफसेट प्रेसका प्रमुख कृष्ण अधिकारी गुणिला वनेकाछन् । कृति विमोचनकर्ता भाषाशास्त्री वालकृष्ण पोखरेल उत्साह र प्रेरणाका स्रोत वन्नुभएकोछ । दोस्रो कृति विमोचनकर्ता शिक्षामन्त्री प्रदीप नेपाल हुन् । उनको सान्निध्यमा प्रोत्साहित पार्ने उनै भाषाशास्त्री बालकष्ण पोखरेल हुनुहुन्थ्यो । यस संयोगलाई हृदयङ्गम् गर्दा कृष्ण कोइराला 'चारघरे' का कृति प्रकाशमा ल्याउनमा कृष्ण लिलामय भएर देखापरेकाछन् ।

मान्छेका भीडमा मान्छे मान्छेझै हुनुपर्छ ।
मान्छेमा कुमान्छे हुँदा मान्छे सामू रूनु पर्छ ।

– चारघरेका इन्द्रणी सपनाहरुबाट

अब चलेको बितेको आउँने दिन लेखेको छु ।
मेरो नजरमा मेरै देश यस्तो नजरमा लेखेको छु ॥

शव्द-शव्दमा खेल छ, हाम्रो यस्तै मेल छ ।
मेल भए, हुन्छ मान्छे, मान्छेमा नराम्रो खेल छ ॥
- 'चारघरे' का हिजो आज भोलिबाट

नित्यवन्दना- स्तुति संग्रह

संकलक भोजराज रेग्मी, प्रकाशक- सुनिता रेग्मी

पहिलो संस्करण २०६५ मूल्य २००।- पृष्ठ- १०० भित्र

गुरुप्रार्थनादेखि क्षमा प्रार्थनासम्म ५३ वटा वन्दना स्तृति छन् । हजुरवुवा डी. पीताम्वर रेग्मी, हजुरआमा भक्तमाया रेग्मीको स्वर्गीय आत्मालाई चिरशान्ति मिलोस् भनी समर्पण गरिएकोछ । गुरुदेखि भगवान्का भक्तहरुकोलागि कृति संग्रहनीयछ । मननीयछ । श्रीवराहभगवान्देखि देवी देवताहरुको तस्वीर आर्ट पेपरमा छापिएका रङ्गीनछन् । दर्शनीयछन् । पूजनीयछन् । पुस्तक सौंजन्य- सुश्री सिर्जना कार्की, दर्शन दैनिक कार्यालय विराटनगर-१४ मिति : २०६६।२।३०।७

प्रत्येक महिनाको अन्तिम् शनिबार नियमित साहित्यिक भेटघाट कार्यक्रमका आधार नै विराट साहित्य संगमको संहिता हो ।

१) साहित्य जीवन्त होस् ।
२) साहित्य संजग होस् ।
३) साहित्य क्रियाशील होस् ।
४) साहित्य सुदक्ष होस् ।
५) साहित्य चेतनशील होस् ।
६) साहित्य विवेकशील होस् ।
७) साहित्य समाजको लागि उपयोगी होस् ।
८) साहित्य वैज्ञानिक दृष्टिकोण सम्मत होस् ।
९) साहित्य गतिशील होस् ।

१०) साहित्य आधुनिक सौन्दर्य शास्त्र अनुकुल होस् ।

११) साहित्य समाजलाई परिर्वतनको बाटो बताउन सक्ने होस् ।

- विराट सहित्य संगम विराटनगर

अद्वैत ब्रह्मसभा-भवन विश्वको एकमात्र बिचार प्रधान आध्यात्मिक प्रतिष्ठान अद्वैतसंस्था संरक्षण मञ्च पूर्वाञ्चलक्षेत्रीय कार्यालय वराहक्षेत्र–१ चतराधाम उत्तर प्राचीनवटबृक्ष तुङ्कुटपर्वत माउण्ट । दक्षिण सप्तकोशी आदिगंगा जलतट पूर्व पौराणिक बदरीवनः बरयवन। प्राचीन शान्तिवन। पश्चिम् दुर्वाशाघाट प्राचीन हरिद्वार चतराधाम वराहक्षेत्र–१ सुनसरी । मूहुडा पशिचम् फर्केको भवनको उत्तर–दक्षिणतर्फ लम्बाई १०८ फूट छ। पूर्व–पश्चिम् चौडाई–४५ फिटछ। कुर्सी ढुङ्गाको गाह्रो ईटा, छड, सिमेण्टी, कंक्रिट ढलाईको योजनाबद्ध भवन निर्माणकार्य भएको देखिन्छ। यसका मुख्यदाता श्रीघनश्याम श्रीमतीदुर्गादेवी, सुपुत्र श्रीभोला दुलाल बिराटचौक मोरङ हुनुहुन्छ। पूर्वाञ्चल आचार्यपीठको शिलान्यास २०६५ माघ १८ गते का दिन भयो। २०६५।११।१८ श्री पञ्चमीका दिन जनकपुर पिठाधीश शान्तमूर्ति जगत्गुरु श्रीहस्तामूलक सरस्वतीद्वारा अद्वैत ब्रह्मसभा निमार्णकार्यको शिलान्यास भएको हो। २०६५।१२।७६ का दिन श्रीखगेन्द्रप्रसाद न्यौपाने एवम् विंश्वनाथ न्यौपानेद्वारा निर्माणकार्यको शुभारम्भ भएको थियो। अद्वैत संस्था वराहक्षेत्र शाखा स्थापना–२०६३ श्रावण ६ गते भएको हो। हाल यसका प्रवन्धक पदमा श्रीवेदनिधि देवकोटा हुनुहुन्छ।

– प्राचीन वटवृक्ष चौतरा –

स्व. श्रीमान्पृथ्वीबहादुर वज्राचार्य चन्द्रवुद्ध चिउरा मिल झुम्काद्वारा रु. १,२५००० लगानी गरी प्राचीन वटवृक्षको १८० स्क्वायर फुट परिसरमा भव्य चौतरा निर्माण गरी आफ्ना पुर्खाका नाम कीर्ति राख्नु भएकोछ। उक्त चौतराका बीच योजनाबद्ध पक्की सिमेण्टले ढलाई कार्यकालागि श्रीमतीदिलकुमारी बज्राचार्यज्यू सुपुत्र श्रीअशोकरत्न बज्राचार्य, बुहारी श्रीमतीजानकी बज्राचार्य, नातिद्वय आषिश र आयुष, नातिनी सदीक्षा बज्राचार्य

सपरिवारले रु ६८,०००।– खर्च गरी वटवृक्ष चौतारा ढलाई कार्य २०६६ असारमा सम्पन्न गरेका छन् ।

वृक्षरूप संसार – वरपीपल वृक्ष–महिमा

श्री भगवानुवाच ॥१॥

श्रीभगवान् भन्नुहुन्छ- हे अर्जून ! जसको उर्ध्व (ब्रह्म) मूल अथवा बीच छ जसको अद्द शब्दले प्रसिद्धि प्राप्ति महद् आदि वस्तुतहरु शाखाहरु छन्, जसको ऋग आदि वेद पत्ताहरु छन् । यस्ता अश्वत्थलाई क्षणभंगुर संसार रुपी वृक्षलाई यसका सतत प्रवाहका कारण नाश रहित भनिन्छ । परन्तु यस प्रकारका संसाररुपी वृक्षलाई जो पुरुष यथार्थरुपमा जान्दछ यानी सुख दुखादिले उपप्लुत जान्दछन् ती वेदार्थ विद्हुन् ।

एक अश्वत्थ वृक्ष छ जसको पीपल अर्थ लाग्छ, किन्तु यहाँ यस संसारलाई अश्वत्थ बताउछन् । संस्कृत भाषामा वितेको दिनलाई 'श्व' भन्दछन् । जसले शब्द दायित्व हुँदैन । संस्कृत भाषामा उपसर्ग यो सामर्थ्य कुनै भाषामा छैन । संस्कृत भाषामा उपसर्ग प्रत्यय लगाएर नया शब्द रचना गरिन्छ । 'श्व' तिष्ठति इति 'श्वत्थ' । भोलिसम्म रहने ग्यारेन्टी नदिइयोस् । उसलाई अश्वत्था भनिन्छ । भोलि यससम्मलाई ग्यारेन्टी नदिईयोस् । उसलाई अस्वस्थ भनिन्छ । भोलि यस सत्सङ्ग भवनमा को को आउँनेछन् ? यसको ग्यारेन्टी छैन । त्यसो त सयवर्षसम्म बाँच्नु असल हो, जीवेमशरद शतम् किन्तु ग्यारेन्टी दिन सकिदैन । भोलिसम्म के हुने हो ? संसाररूपी अस्वस्थ वृक्षको जडहरु मास्तिर फर्केकाछन् । शाखाहरु तलतिर झरेकाछन् तैपनि संसार वृक्षप्रवाहरूपले अव्यय छ । हरेक मनुष्य सोच्छन् । हामी भयनौं भने घरवार नष्ट हुन्छ । हामी भएनौ भने मठ नष्ट हुनेछ । यस्तो भन्ने कैयौंको मरण भयो तै पनि मठ खडा छ । घर व्यवहार चलेकै छ । तिमी किन व्यर्थको अभिमान गर्छौ ? यतिसमयसंम तिमीलाई कुचोचलाउने मौका मिलेको हो । चलाउदै गर । पछि तेस्रोको नम्वर छ । उसले चलाउँछ । उर्ध्वमूल यसैले भनिएको छ । संसाररूपी वृक्षको जड परमात्माहुन् । ती मास्तिरछन् । ब्रह्मलोकको उचाई नाप्न सकिदैन ।

यसको जड सूच्छमातिसुच्छमछ । सच्चिदानन्द मायोपाधिक हो । उसको लोकलाई सत्यालोक भन्दछन् । साकेतलोक भन्दछन् । गोलोक भन्दछन् । यसैलाई कैलाश भन्दछन् । सबै भक्तहरुले अलग अलग नाम राखेकाछन् । आफ्नो लोक मास्तिर अरुको लोक तलतिर देखाउँदा विवाद पनि चल्ने गर्छ । यो मात्र अवुझपना हो । परमात्मा सबैभन्दा माथि निवास गर्छन् । परमात्मा सुच्छमछ । त्यही यस संसारको मूल हो । प्रजापति वा प्रजापिता अनि इन्द्रको लोक तल छ । कम ऐश्वर्यका मानिन्छन् । ब्रह्मादि यस वृक्षका शाखाहरु भन्दा तलतिरछन् । स्वरूपत ! भन्नु पर्दा संसारवृक्ष अव्यय छैन । प्रवाहतः अव्यय छ । किन की यसलाई विस्तृत हुँदै र बिग्रदै गरेको गरेको देखिने गरिन्छ । अतः स्वरूपतः त अव्यय भन्न सकिदैन । वृक्षका पातहरु एक वर्षसम्म न तोड्नाले वृक्ष बढ्दछ । अन्नथा सुकेर जान्छ । वृक्षलाई पातहरुले जीवित राख्दछन् । यस संसाररूपी संसारका पात विधिनिषेधमय वेद भन्ने नै हुन् । अह रह उपासीत सुरा न पेया, ब्रम्हण न हन्तेयणः कुनै पनि कामका विधानशास्त्र भन्दछ । कुनै कामको निषेध पनि गर्दछ । यी वेद मन्त्र रूपी पातले नै संसाररूपी वृक्षलाई हरियाली पार्छ । वचाई राख्छ । संसार वृक्षमा सबैछन् । यसका जड सर्व व्यापक परमात्मा अति सूक्ष्म सर्वदा सर्वोत्कृष्ट एवं माथिल्लो लोकमा निवास गर्छन् । त्यसको अपेक्षा कम ऐश्वर्य भएका, कम ज्ञान राख्ने भएकाहरु तल रहने भएका ब्रह्मादिदेव हुन् । सबैभन्दा पहिलो शाखाले ब्रह्म कै संकेत दिन्थ्यो । यस संसारवृक्षको नाम आश्चर्य हो किन कि भोलिसम्मको ग्यारेन्टी दिन सकिदैन । त्यही वेदकी रहस्यलाई जान्ने भएको हो । जसले यस संसारवृक्षलाई जान्दछ । वेद पारायण गर्नेलाई भगवान् वेदविद् भनिदैन । तै पनि संसारलाई यसरूपमा जान्दछ, त्यो वेदविद् हो । यो संसार वृक्ष अगाडि नै छ । तैपनि भगवान् 'तं' शब्दले पुकारिन्छ । किन की सम्पूर्ण संसार सृष्टिकर्ताकै अगाडि छ । अलीअली छ, पूर्ण तथा अगाडि नदेखिनाले संसारको स्वरूप अपरोक्ष छैन, परोक्ष छ । अतः परोक्षार्थ वाचक तत् शब्दको प्रयोग भगवान् श्री कृष्णले गर्नु भएकोछ ।

दोस्रो श्लोकमा भगवान्ले पहिलो श्लोकको कुरालाई संशोधित सबै परिमार्जित

गरेर बताई रहनु भएकोछ ।

अधश्चाध्वं प्रसुतास्तस्य शाखा
गुण प्रवुद्धा विषय प्रवालाः ।
अधश्च मूलान्यनुसंन्तनानि
कर्मानुबधीनि मनुष्यलोके ॥ १५।१॥

त्यस संसाररूप वृक्षको सत्व आदिगुणहरुका विकार काम, क्रोध, आदिबाट वृद्धि भयो । शब्द आदि भोग्य पदार्थरूपी अंकुरहरुले युक्त शाखाहरु पाप पुण्य कर्महरुका फलाफूल शरीर मनुष्यदेखि लिएर स्थावर पर्यन्त तथा ब्रह्मलोक पर्यन्त वृक्षका मूल मनुष्यलोकमा (प्राणीवर्गमा) सर्वत्र व्याप्तछन्। त्यस अश्वस्थवृक्षका शाखाहरु तलतिर मास्तिर फैलिरहेकाछन्। यी शाखाहरु गुणहरुबाट बढ्दछन्। शब्द, स्पर्श, रूप, रस, गन्धादि विषयहरु कोपिलाहरु हुन्। यसको मूल मास्तिर छ। तल दुई स्थानछ। यस मनुष्यलोकमा उसको जडकर्महरुसित जोडिएकाछन्। जुन् मास्तिर पनि र तल पनिछन्। कैयौं पटक सम्झाउँनका लागि पीपलवृक्षका चित्र बनाएर उदाहरण प्रस्तुत गरिन्छ। जसमा मूलमाथि अनि शाखाहरु तल झुण्डिएका देखाइन्छ।

यस श्लोकमा पहिलो श्लोकभन्दा भिन्नता यसैले छ, किनकी मनुष्यलोकमा बसेर हेर्दा खेरी मास्तिर शाखाहरु जस्तो लाग्छ। तलतिर पनि उस्तै लाग्दछ। भूः भूवः स्वः, महः जनः तपः सत्यम् माथिल्लो लोक हो। नयाँ अतल, वितल, सुतल, तलातल, महातल, पाताल तलका लोकहुन्। गुण प्रबुद्धाः संसार जुन बढीरहेको छ। त्यो सत्व रज तम गुणहरुका कारणले नै बढिरहेको छ। कसैलाई गीता पढ्नु राम्रो लाग्छ। कसैलाई सकामकर्म गर्नु राम्रो लाग्दछ। कसैलाई निन्द्रा, प्रमाद, ताश जुवा, चौपट राम्रो लाग्दछ। संसार यसै गुणले वढिरहेको छ। विषय प्रवाला संसारका कुनै पनि पदार्थ पहिलो पटक बडो रमाइलो लाग्दछ, त्यो पनि राम्रो देखिन्छ। सबैले उसलाई काखमा लिन्छन् वा लिएर सजाउँन चाहन्छन्. । उसको रूप, उसको गन्ध सबैलाई प्यारोहुन्छ। शब्द स्पर्श, रूप, रस गन्ध कोपिलाहरुहुन्। यसैको मूल पनि तल र मास्तिर

नै हुन्छन्। एकवृक्षको मूल छ जसबाट त्यो। उत्पन्न हुन्छ, त्यो मूल एउटै भए पनि जडहरु (जराहरु) फैलन्छन्। त्यसमा पनि वृक्ष उम्रन्छन्। हामी वरका रुखतर्फ दृष्टि दिऔं।

'उर्ध्वमूलम्' मा कारणरूप मूललाई मानिन्छ। अधश्च मूलान्य नूसंततानि कर्म संस्कार अनि बासनाका तल माथि मूलमा यो वृक्ष अडिएको छ। अत: तल माथिका वृक्ष झाँगिई रहेकाछन्। यस्तो भनाई कुनै असङ्गति छैन। जवसम्म आत्मसाक्षात्कार हुँदैन। तवसम्म बासना निर्मूल हुने छैन। चाहे ब्रह्मलोक प्राप्ति नै किन नहोस्। मनुष्यलोकमा गरिएका कर्मले बासना बन्छ।

जसले गर्दा माथिल्लो र तल्लो लोकमा आवागमन भईरहन्छ। पशु पंक्षी कीटपतङ्गादि शरीरहरुबाट जुन्, कर्म गरिन्छ, उनको अदृष्ट बनिदैन। त्यसका फल पनि भोग्नु पर्दैन। तर मनुष्य जन्मले गरिएको फल त भोग्नै पर्दछ। अज्ञानी जीवलाई यसबाट वचाउँने कुनै बाटो देखिदैन। गुरुदेवको चरणहरुमा बसेर सत्संग गरियो भने विचार पुऱ्याईयो भने संसार डरलाग्दो देखिदैन।

नरूपमस्येह तथोपलभ्यते
नान्नोन चार्दिन च संप्रतिष्ठा।
अश्वत्थमे नं सुविरुढमूल
मसङ्ग शस्त्रेण दृढेन छित्त्वा ॥१५।३॥

यस संसारवृक्षको स्वरूप जसरी कहियो, त्यस्तै यहाँ विचार कालमा उपलब्ध हुँदैन। उसको अन्त आदि अनि मध्यमा अवस्थान पनि उपलब्ध हुँदैन। वैराग्यरूपी दृढशस्त्रले जसको मूल चारैतिर फैलिएर व्याप्त छ। यस्तो यससंसारवृक्षलाई छेदन गरेर काट्नुपर्छ।

यस संसारको स्वरूप बास्तवमा त्यस्तो छैन, जस्तो बताइएको छ। न यसको आदि छ न मध्य र अन्त नै छ। यो अश्वत्थ अनादि कालदेखि चलिआएको कारणले दृढ भई रहेको छ, दृढ वैराग्य रूपी शस्त्रले यस संसार रूपी वृक्षलाई काट्नुपर्छ।

श्री १०८ श्रीमत्स्वामी विद्यानन्द गिरिजी महाराज वेदान्तसर्व दर्शनाचार्य कैलास आश्रम, ऋषिकेश (उ.प्र.को श्रीमदगवत्गीता अष्टादशाह प्रवचन पन्द्रौं

अध्याय पृष्ठ ६३९ देखि ६४४ बाट उद्धृतसहित

अनुवादक -मान बज्राचार्य

(यस ग्रन्थका अध्ययनशील ९७ वर्षिय श्रीहरिनारायण पोखरेल विराटनगर-१, पोखरीया बुद्धचोक पूर्वनिवासी हुन् । २०६५।८।१७२ का दिन उहाँले सत्सङ्गमा कण्ठस्थ सुनाउँनु भएको थियो । छोरी धनमाया धितालको सेवा सत्कार प्रशसंनीय थियो ।

सत्सङ्गकै क्रममा पं० श्रीहरिनारायण पोखरेलज्यूले रचना गर्नु भएंको यो ! कृति प्रस्तुत छ ।

परमात्मासँग जीवात्माको आत्मपुकार

(शार्दूलविक्रीडित छन्द)

यो ! संसार अपार सागर तरी, पारी पुगौं पौड्दै ।
ती व्योमाचर भूमि औ जल चरै, बन्ने नहोऔं सधैं ॥
हाम्रामाथि करालकाल यमले डण्डा न ठोकुन् सखा !
होशैमा परमातमा भजनले, श्रीविष्णु वैकुण्ठका ॥

बन्नेहोस् शरणागतै समयमै, होस् भक्ति श्रीपाउमा ।
अज्ञानी तिमिरान्धकारहरुमा, गर्ने गरौं प्रार्थना ॥

-प्रार्थना-

(बसन्ततिलका छन्द)

ॐ कारको दृढ धनुँ , बलियो बनाई ।
जीवात्मको शरतिखो, धनुँमा चढाई ॥
आएँ प्रभो शरणमा, नरदेह पाई ।
गर्नोस् कृपा नजरहोस् , अब लौ ! मलाई ॥

भन्न खोजिएकै मूल श्लोक-

प्रणावोधनुः शरोह्यात्मा ब्रह्म तल्लस्यमुच्यते ।

अप्रमत्तेन वेदव्यं शरवत् तन्मयो भवेत् ॥४॥

प्रणवः (यहाँ) ओँकार नै धनुँ हो । आत्मानै शर-वाण हो ।
अनि ब्रह्म-परब्रह्म परमेश्वर नै उसको लक्ष्य मानिएको छ ।
अप्रमत्तेन, (त्यो) प्रमादरहित मनुष्यद्वारा नै, वेदव्यम्,
उनिनु योग्य छ (अतः) शरवत् (जीवलाई उनेर ॐ शब्द) वाणले
जस्तै तन्मयः (त्यस लक्ष्यमा) लीन तथा निमग्नहुनु पर्दछ ॥४॥

व्याख्या-माथि बताइएको रुपकमा परमेश्वर वाचक प्रणव (ओमकार) मानौ धनुष हो । तत्परताले उसको उपासना गर्ने भएका प्रमादरहित साधकद्वारा नै त्यस लक्ष्यमा उन्नसक्दछ । यसैले हे सौम्य ।

तिमीले त्यस वाणले जस्तै उसमा तन्मय भएर लाग्नु पर्दछ ।

सम्बन्ध पुनः परमेश्वरका स्वरूपको वर्णन गर्दै प्रमादरहीत विरक्त भएर उसलाई जान्नकालागि श्रुति भन्दछ ।

यस्मिन् द्यौः पृथिव्री चान्तरिक्ष
मोतं मन सह प्राणैश्च सर्बैः ।
तमैवै कं जान थ आत्मानमनया
बाचो विमुच्चथामृतस्यैष सेतुः ॥५॥

व्याख्याः जुन् परब्रह्म परमात्मामा स्वर्ग पृथ्वी तथा उनको बीचको सम्पूर्ण आकाश एवं समस्त प्राण र इन्द्रियहरुसहित मन बुद्धिरूप अन्तः करण सबै सबै ओत प्रोत छ, उनै एक सर्वात्मा परमेश्वरलाई तिमीपूर्वोक्त उपायकोद्वारा जान । दोस्रो सबै कुराहरुलाई तथा ग्राम्य चर्चालाई सर्वथा छोडिदेऊ । ती सबै तिम्रा साधनामा बिघ्न पुर्याउने हुन् । उसबाट सर्वथा विरक्त भएर साधनामा तत्पर होऊ । यही अमृतको सेतु (पुल) हो । अर्थात् संसार समुद्रबाट पारभएरं अमृत स्वरूप परमात्मालाई प्राप्त गर्नका लागि पुल समान (सदृश होऊँ ॥५॥ (इशादि नौ उपनिषद्वाट)

कलात्मक पीपल पाते शिला



बराहक्षेत्र-६ सुन्दर गुन्दरमा केही वर्षदेखि वासिन्दा भएका राजेन्द्रप्रसाद निरौलाले मिति २०६५।८।६।६ का दिन भएको जानकारीअनुसार पीपलका पातका कलात्मक बुट्टा भएको शिलाढुङ्गा पुज्ने गर्नुहुन्छ । उक्त शिलाढुङ्गा केही वर्ष अघि भेटिएको हो । त्यसै आकृतिको ठूलो शिलाढुङ्गा ठोक्शिला गाविस वार्ड न. ९ शिखरमाडीमा छ । तुलसी मठमा स्थापना गरी पुज्ने गरिएको छ । जुन् दर्शनीय छ । त्यसको महिमा माथि वताइयो ।

वरपीपल चौतरा जस्तै दर्शनीय बृद्धबृद्धा विराटनगर उपमहानगरपालिका-४ हिमालीटोल निवासी प्रदीप कोइरालाका हजुरआमा १९६४ भदौमा जन्मिनु भएको हो । २०६६ भदौमा १०४ वर्षमा पदार्पण गर्दै हुनुहुन्छ । वरपीपलचौतारो सडकपूर्व ओम शान्तिको झण्डा फहराईरहेको घरमा चिनीयाँदेवी तथा चित्रदासी कोइराला आँखा देख्नुहुन्न, कान सुन्नुहुन्छ । बोलीवाट मान्छेलाई ठम्याउनु हुन्छ । विराटनगर-४ पुष्पलाल चोक दक्षिण अमर ढकालका वडाबावु

श्रीकूलप्रसाद ढकालसमेत चारभाई वावु श्रीधर्मानन्द ९४ वर्षमा हिंड्दै हुनुहुन्छ। कान कम सुन्छन्। हिंड्डुल गर्दै राधाकृष्णको मन्दिर र मानगढको पञ्चेश्वर शिवमन्दिर विहान दैनिक दर्शनार्थ घरवाट आवागमन गर्नुहुन्छ। किताव पढ्न चश्मा चाहिंदैन्। ज्योतिमार्ग र उदयमार्गवीच केदार अधिकारीको निवास छ। केदारजी भन्नुहुन्छ मेरा पिता चुडामणि अधिकारी ९२ वर्षको हुनुहुन्छ। उहाँको सुद्धि छैन।

- वेलको आयुर्वैदिक महत्त्व -

वेलको आयुर्वैदिक औषधीय गुणको महत्त्वलाई ध्यानमा राखेर पनि नेपालमा वेल विवाह परम्पराले संस्कृतिको रूप लिएको हो। परमात्मामा जस्को मन रम्छ त्यो ! आनन्दको सागरमा निमग्न हुन्छ। त्यसरी नै वेलको औषधीय गुणी तत्त्वले शरीरमा आरोग्य वढाउँन मानिस वेलका वृक्षका छायाँमा आराम गर्छन्। सिध्न शीतल हावाले पसीना सुकाउँने मात्र होइन स्वास प्रश्वास किटाणु नष्ट पार्न पनि वेलका पात फललाई स्पर्श गरेर मुखवाट पेटमा प्रवेश गराई वायुपान गर्दछन्। स्मरणशक्ति वढाउँन, मुटुको सञ्चालन व्यवस्था ठीकसँग गर्न पाकेका वेल्का शर्वत पिउँछौं। मुटु र मस्तिष्क स्वस्थ स्वच्छ राख्न पाचन शक्ति बढाउन वेलको सर्वत उपयोगी छ। पेटमा आउँ रगतमासि पर्दा, कब्जियत जस्ता रोग लाग्दा। औषधिरूपमा वेलको सर्वत पिउँनु अनिवार्य छ। औषधीय गुण तत्त्वका कारण पनि वेलको ठूलो महत्त्व छ।

यस्ता महान् प्रतिभाहरुको कदर गरौं ।

(शार्दूल विक्रीडित छन्द)

मान्छेका हितका निमित्त रसिलो, नैवेद्य झैं काव्यहोस् ।
श्रद्धाले रसले र प्रेमवंशले, सारै पियारो वनोस् ॥
सेवा भाव र उच्च लक्ष्य यसको, पैल्याउनन् सज्जन ।
मैलाको मुखले अनादर गरी, हप्काउनन् दुर्जन ॥

– विद्रोही काले, महाकाव्यबाट

यो महाकाव्यको प्रकाशन २०६५ वैशाखमा जुही प्रकाशन झर्रो नेपालीघर लेखनाथ चोक, चन्द्रगढी झापाद्वारा भएको हो । प्रकाशक्यौली शीर्षकअन्तर्गत् महाकवि प्रतिभाका धनी सोमिराज उपाध्याय कट्यालको साहित्यिक नाम सोमराज अभयको परिचय दिने प्रकाशनका श्रेय प्राप्तकर्ता चूडामणि रेग्मी हुन् । यीनै समालोचक विद्याका विद्वान्ले २०४१ जेठ १८ गते चन्द्रगढीमा भएको साहित्यिक प्रतिभा चिनारी हुने साहित्यगोष्ठीमा साहित्यिक यात्राटोलीलाई दिएका थिए । काकडभिट्टाबाट शुभारम्भ गरी इलाम पछि यस चन्द्रगढीमा आइपुगेको उक्त टोलीप्रमुख मान वज्राचार्य अध्यक्ष । वद्री पलिखे सचिव । देवलाल श्रेष्ठ कोषाध्यक्ष । सुनसरी साहित्य प्रतिष्ठान धरान सहभागी थिए । झापाका साहित्यिक प्रतिनिधिहरुको गुणात्मक उपस्थिति थियो । दमकमा साहित्य गोष्ठीमा त्यहा पनि सोमराज अभयको नाम प्रशंगवश सुनियो । २०६३ सालमा कानून क्याम्पस विराटनगर-१ मा साहित्यसंगमले संचालन गरेको परम्परागत महिनाको अन्तिम शनिवार साहित्य गोष्ठीमा प्रत्यक्ष भेटघाट भयो ।

विराटनगर ४ लक्ष्मीदेवी गुभाजु स्मृतिप्रतिष्ठान, त्रिफला राष्ट्रिय पुस्तकालय, आदिवराहक्षेत्र विकास-उपसमितिको संयुक्त वैठकमा अचानक उपस्थित हुनु भयो । कविवर तथा महाकवि सोमराज अभयवाट प्रंकाशित कृतिमध्य मन्दिरामन्दको घोडदौड (निबन्ध संग्रह) अनुगुन्ज (गद्यकविता संग्रह) उपहार दिनुभयो । कौशिकीक्षेत्रको वर्णन कवितावाट गरेर सुनाउनु भयो । प्रभावित भयौं । '२१ औं वार्षिकोत्सव २०६५' श्रीमती सीता पोखरेल संस्थापक अध्यक्ष-पूर्वाञ्चल अनाथाश्रम विराटनगर-१७ द्वारा पनि उपहार प्राप्त भएको थियो । पुस्तकालयमा दर्ता छ । ४२४ पृष्ठको २४ सर्ग र उपसंहारमा विभाजित 'विद्रोही काले' महाकाव्य हेर्दा कालेदेखि डा. स्वामी प्रपन्नाचार्यकोरूपमा परिचित ७ व्यक्तित्वको चरित्र मानसपटलमा झल्क्यो । शोषितपीडितहरुको चित्रण गरेर निम्नस्तरका मानिसलाई माथिल्लो स्तरमा उठाउने आत्मबलको प्रेरणा दिने यो विद्रोही काले पठनीय छ । चिन्तनीय छ । संग्रहनीय छ ।

२०६५।५।२३।२ का दिन मूल्य रु. १०५० मा ५० प्रतिशत छुट गरी लक्ष्मीदेवी गुभाजू स्मृतिप्रतिष्ठानलाई स्वयं महाकवि सोमराज अभयबाट प्रदान गर्नु भएको छ । ४ वर्षसम्मको अनवरण प्रयास तपस्या सफल भएको यो महाकाव्य किनेर पढौं । यस्ता महान् साहित्यिक प्रतिभाहरुको कदर गरौं ।

मुखपृष्ठ र भित्र सान्दर्भिक प्रसंग अनुसारका १४ वटा चित्र कोरेर छापी सजाई दिनु भएकोमा साहित्यकार चित्रकार उपेन्द्र वस्नेत 'पागल' धन्यवादका पात्र बन्नु भएको छ ।

छोटो चर्चामा होम सुवेदीले महाकवि देवकोटाको सुलोचनालाई यसले सम्झाउँछ । तर पनि अन्यायकाविरुद्धमा डटेर लड्ने शंखघोष भने यसमा विशेष छ । यसरी संघर्षका दृष्टिले पुराना धेरै महाकाव्यलाई यसले उछिनेको छ भन्नु भएको शब्द उद्‌गारलाई म पनि समर्थन गर्दछु ।

पढ्नै पर्छ कुरा अरू सरहका, आचार हो जीवन ।
राख्छन् उच्च विचार सात्त्विकपना, आदर्शवादी हुन ॥
मार्नै पर्दछ सिंहलाई छलले, व्याधा वनेरै पनि ।
त्यस्तै वीर चुनिन्छ पल्टन विषे, यस्तै त हो जीवनी ॥

विद्रोही काले आद्योपान्त पढेपछि सवै पाठकहरुले समर्थन गर्छन नै ।

उही विद्रोही कालेबाट
मान बज्राचार्य

२०६५।५।२५।४

साँस्कृतिक

झी गुठीद्वारा भएको ऐतिहासिक बेल विवाह एवं चूडाकर्म व्रतबन्ध

मोरङ्ग जिल्लाको विराटनगर उपमहानगरपालिका वडा नं. १५ बृद्ध विहार नजीक नम्वरी जमीन किनी योजनावद्ध भवन निमार्ण कार्यतर्फ अग्रसर भएको झी गुठी वि.सं. २०५८ साल माघ ५ गते स्थापना भएको हो । २०६० साल पुस २ गते जिल्ला प्रशासन कार्यालय मोरङ्ग विराटनगरमा साँस्कृतिक संस्थारूपले झी गुठी दर्ता भएकोछ । दर्ता नं. १६१२ हो । दर्ता भएलगत्तै २०६० साल माघ १२ देखि १८ गते सम्मको सप्ताहव्यापी साँस्कृतिक परम्पराअनुसार वेलविवाह एवं चूडाकर्म (व्रतबन्ध) कार्यक्रम सञ्चालन गरेर झी गुठीले आफ्नो उद्देश्योचित कर्तव्य निभाउँने कार्य गरेकोछ । उक्त माघ १८ गतेदेखि २१ गतेसम्म बज्राचार्य र शाक्य कुमारहरुको बौध्दचर्या विधि नियमहरु पालन ४ दिनसम्म गराएर चूडाकर्म व्रतवन्ध गराइएको थियो । नेवारी संस्कृति परम्परामा कन्याहरु ७ देखि १२ वर्षीयलाई १२ दिन (बारा) गुफा राखिन्छ । त्यहाँबाट निकालेर (इही) वेलसित विवाह गराइन्छ ।

विराटनगर १५ बुद्धविहार पूर्व प्राङ्गणमा स्व. देववहादुर हलुवाई (साहु) को पुण्यस्मृतिमा वहाँका सुपुत्र श्रीधर्मकुमार हलुवाई सपत्नी परिवारद्वारा चैत्य स्तुप पञ्चबुद्ध धर्मधातु स्थापना भयो । त्यसै आधारमा झी गुठीद्वारा ९ जना कन्याको वेल विवाह १२ जना बज्राचार्य शाक्यकुमारहरुको चूडाकर्म व्रतवन्ध कार्यक्रम २०६० साल माघशुक्ल श्रीपञ्चमीदेखि परम्परागतरूपमा गर्दै आएको छ ।

माथि उल्लेखित् वेलविवाह गर्ने नौ वटी कन्याहरुको नाम यसप्रकार छ।

१) सुजाता वज्राचार्य, २) ओसिन बज्राचार्य ३) कोमल वज्राचार्य ४) सलिना शाक्य ५) शुभेक्षा शाक्य ६) मुस्कान शाक्य ७) अञ्जु शाक्य ८) सुस्मिता श्रेष्ठ ९) निकिता श्रेष्ठ १२-१३ गते माघ २०६० ।

चूडाकर्म (व्रतवन्ध) गर्ने १२ कुमारहरुको नाम यसप्रकार छ।

१) शान्ति वज्राचार्य, २) सुदीप बज्राचार्य, ३) साजन बज्राचार्य, ४) सारन बज्राचार्य, ५) सजीव बज्राचार्य, ६) सुशान्त वज्राचार्य, ७) बेवीन शाक्य, ८) दीपेन्द्र शाक्य, ९) अमिर शाक्य, १०) सुमीर शाक्य, ११) सागर शाक्य, १२) मणिकरत्न शाक्य १३ देखि १८ गते माघ २०६० सम्म।

विराटनगर उपमहानगरपालिकाक्षेत्रभित्र भ्री गुठीद्वारा आयोजित् उक्त वेल विवाह र चूडाकर्म साँस्कृतिक दृष्टिकोणले हेर्दा ऐतिहासिक हो। दैनिक"नेपाल समाचार" साप्ताहिक "जन आवाज", साप्ताहिक पुष्पाञ्जलीमा समाचार प्रकाशित भएका थिए। उक्त अवसरमा आवश्यक (वटुक) कुमारहरुलाई ओढाइएको झल्लरी छाता (छत्र) १ श्रीमतीचन्द्रिका शाक्यद्वारा दान प्रदान गरिएको थियो। व्रतवन्ध र वेल विवाह आजु र गुभाजू पुरोहित संख्याको अनुपातका वुध्दप्रतिमा अंङ्कित स्वर्ण कलात्मक बुट्टाले सुशोभित ४ मुकुटहरु स्वर्गीय पुज्यपिता शीलज्योति र स्वर्गीया माता कृष्णमाया शाक्यको पुण्यस्मृतिमा भ्री गुठीको बैठक निर्णय अनुसार मूलगुरु श्रीबज्राकुमार बज्राचार्य धरान, सहायकगुरु श्रीअशोक वज्राचार्य उर्ल्लावारी, गुरु आमा श्रीमतीजमुना बज्राचार्य, नायो आजुहरु यसप्रकार मान्यत्यता दिएर आसन ग्रहण गराइए र वुध्द चित्राङ्कित मुकुट पहिऱ्याइएका थिए।

१) संघरत्न वज्राचार्य जोगवनी विराटनगर-२०

२) प्रेम काजी बज्राचार्य विराटनगर-१५

३) मान बज्राचार्य, वराहक्षेत्र विराटनगर-४.

४) ऋध्दिहर्ष वज्राचार्य, विराटनगर-१५

५) नायो आजुहरु क्रमशः विराटनगरका हिमकिरण शाक्य,

६) मणिरत्न शाक्य,

७) रामकुमार शाक्य

८) हरिकृष्ण शाक्य

९) गोविन्दलाल शाक्य

भ्री गुठीका तत्कालीन पदाधिकारी एवं सदस्य र सल्लाहकार

अध्यक्ष प्रेमकाजी बज्राचार्य, उपाध्यक्ष रामकुष्ण शाक्य, महासचिव ऋध्दिहर्ष बज्राचार्य, सचिव नीलकुमार बज्राचार्य, कोषाध्यक्ष विश्वप्रताप शाक्य सदस्यहरु- हेमराज शाक्य, हिमकिरण शाक्य, गोविन्दलाल शाक्य, गणेश शाक्य, अमृतवहादुर शाक्य, प्रकाश बज्राचार्य,

भ्री गुठीले वज्राचार्य तथा शाक्यहरु आपसमा भातृत्व भाव जगाउने उद्देश्यको साँस्कृतिक कार्यक्रम सञ्चालन गरिआएकोछ। २०६५ सालदेखि भ्री गुठीले नै साँस्कृतिक लाखेनाँच प्रदर्शनीको कार्यक्रम सञ्चालन गर्दै आएको छ।

विश्वहिन्दु महासंघ राष्ट्रिय समिति, नेपाल
जिल्ला सुनसरी, धरान

(शार्दूल विक्रीडीत छन्दका दुई पङ्क्ति)
भाषा राष्ट्रियता र संस्कृति कला, साहित्य उत्थानको ।
गर्छन् नित्य प्रयास सज्जनहरु, सम्झेर कर्तव्य हो ॥

– खण्ड आर्थिक सहयोगी महानुभावहरुको नामावली शिलालेख –

ग) श्री आदिवराहक्षेत्र सूर्यकुण्डको योजनावद्ध निर्माण विकासद्वारा पुनरुद्धार (कार्यकालागि तनमन धन दिएर योगदानकर्ता धार्मिक श्रद्धालु एवं सामाजिक व्यक्तित्वका महानुभावहरु- मुर्ति पुनस्थापनाकर्ता

१ श्री श्री १००८ वालसन्त मोहन्शरण देवाचार्य संस्थापक संरक्षक श्रीराधाकृष्ण भक्तिसाधना आत्यात्मिक प्रतिष्ठान प्राचीनहरिद्वार बराहक्षेत्र १ चतराधामबाट चतुर्भुजी श्रीआदिवराह भगवानको मूर्ति-१

२. मन्दिर पुननिर्माणकर्ता श्रीआदिवराहभगवानको पक्की मन्दिर निर्माता हजुरवुवा मुमा रामचन्द्र निरौला र दिव्यश्वरा निरौलाको पुण्यस्मृतिमा छोरा भीमवहादुर निरौला, बुहारी पद्मकुमारी निरौला, नाती श्री योगेन्द्रवहादुर (राजकुमार) निरौला श्रीमती रमिलादेवी (विष्ट) निरौला सुपुत्रीहरु मञ्जु, विष्णु, अम्विका, निर्मला, कोकिला, धरान-१३, अमरपथ, सुनसरी (कोशी)

३. .... भव्य वोर्ड निर्माणपूर्वक दाता श्रीबालमुकुन्द पोखरेल, श्रीमतोसीता पोखरेल, संस्थापक सदस्य एवं संस्थापक अध्यक्ष पूर्वाञ्चल अनाथाश्रम विराटनगर-१७, मोरङ

४. .... महान उद्देश्यले ब्रह्मकुमारी राजयोगसेवा उपकेन्द्र भवन निर्माणार्थ ९७ वर्षीया लीलादेवी आचार्यवाट् १० धुर र जमीन ७७ वर्षिया मानकुमारी बज्राचार्यका नामबाट १० धुर गरी कविमान बज्राचार्य को. नं. वयरवनको १ कट्ठा जमीन दान

५. लक्ष्मीदेवी गुभाजू स्मृति प्रतिष्ठान विराटनगर-४ उदयमार्ग मोरङ्गका संस्थापक अध्यक्ष मान बज्राचार्य, गंगामाया, गंगादेवी एवं सीतादेवी पुत्रद्वय, आदित्यमान, कान्तिमान, पुत्री, पूर्णशोभा, सानुमैया, जानकी बज्राचार्य सत्यलक्ष्मी बुहारी रेणु बज्राचार्य, नातिनी आयुष्मा, नाती आभिषक वज्राचार्यकातर्फबाट रु. २५५१।-

६. आमा तिलोत्तमा काफ्ले, हास्यव्यंग विधाका कवि खेममणि काफ्ले श्रीमती सुशीला काफ्ले परिवार विराटनगर-१३ प्रतिभा चोक मोरङ्गबाट रु. २५२१ ।

७. श्रीमान खड्गवहादुर चापागाई श्रीमती दुर्गा चापागाई सुपुत्रद्वय प्रदिप चापागाई पुकार चापागाई विराटनगर-४ उदय टोल रु. २५०१

८. बुवा अम्बिकाप्रसाद पराजुली, मुमा देवकुमारी पराजुली हिरण्यप्रसाद पराजुली तोपगाछी ८, झापाबाट '७२ वर्षमा स्वर्गीय हजुरबुवा शिरपती, ६५ वर्षको उमेरमा स्वर्गीया हजुरआमा सावित्रा पराजुलीको पुण्य स्मृतिमा' रु. ११११।-

९. विश्वहिन्दु महासंघ नेपाल राष्ट्रिय समिति सदस्य एवं सुनसरी शाखाका उपाध्यक्ष श्रीआनन्दप्रसाद आचार्य श्रीमतीदुर्गा आचार्य धरान-११ रु. ११११।-

१०. सुनसरी शाखा सचिव एवं समाजसेवी श्रीहरेराम कर्माचार्य, श्रीमतीदुर्गादेवी कर्माचार्य एकल पुत्र विक्रमको पुण्य स्मृतिमा श्रीमती मनिषा, छोरीद्वय श्रद्धा, विकिमा कर्माचार्य धरान-३, रु.११११।-

११. स्वर्गीय पितासत्रमानथापा मगर, स्व. आमा हर्कीमाया स्व. छोरी द्वय सुश्री कविता र उमाको पुण्य स्मृतिमा वराहक्षेत्र गा.वि.स.का भूतपूर्व अध्यक्ष गंगाबहादुर थापा श्रीमतीदेउमाया थापामगर वराहक्षेत्र-४ मिलन चौक रु. ११११।-

१२. गाविस सचिव देववहादुर प्रधान, श्रीमतीनिर्मलावाट माता स्व. शिवकुमारीको पुण्य स्मृतिमा हाटखोला गाविस कार्यालय रु. ११११।-

१३. कर्मचारी क्रमश: गोपाल शर्मा, हर्कबहादुर खडका, लक्ष्मण पौडेल गोपाल तामांग, चक्रबहादुर तुम्बाहाम्फे, उपेन्द्र मल्लिक, काजीराम नेपाल रु. ७००।-

१४) स्वर्गीय पृथ्वीवहादुर बज्राचार्यको पुण्य स्मृतिमा वृक्षारोपणार्थ श्रीमतीदिलकुमारी, अशोकरत्न, जानकी वज्राचार्य आशिष, आयुष, सदीक्षा वज्राचार्य परिवार धरान-५, नयाँबजार र भुम्कावाट रु. २००१।-
स्वर्गीय आमा हरिकुमारी, बडीआमा अष्टकुमारीको पुण्य स्मृमिा, छोरी पदमकुमारी, नाति रेशन, नातिनी वुहारी सुनिता पनातिनी मुस्कान वज्राचार्य र शिशु सपरिवार विराटनगर-१४ रु. ११११।-

१५. स्वर्गीय खडगबहादुर भट्टराई, स्व. हेमकुमारी, स्व. राजकमारको पुण्यस्मृतिमा वुहारी तथा पत्नी माया भट्टराई, जातीद्वय दिनेश र दिपेश भट्टराई वराहक्षेत्र-४ वयरवन रु. २००५।-

१६) श्री सत्यनारायण धामी श्रीमतीमायादेवी धामी भरौल ३ सुनसरी रु. १११२।-

१७) चतरा गा.पं.का भू.पू.प्रधानपञ्च स्वर्गीय देवीबहादुर थापाको पुण्यस्मृतिमा पत्नी सावित्रा र पुत्र अशोक थापा, वुहारी ताराथापा बराहक्षेत्र-४ रु. ११११।-

१८) श्रीमनमुकुन्देश्वर शिव मन्दिरमा भव्यत्रिशुल स्थापनाकर्ता- श्रीपोषवहादुर सुनुवार श्रीमती मनु सुनुवार बराहक्षेत्र-१ चतरावजार रु. ११११।-

१९) गुडकन (सत्यनारायण) साह श्रीमतीभागीदेवी साह हलुवाई वराहक्षेत्र - ३, विहीवारे विहीवारे हाट, रु. ११११।-

२०) कवि श्रीबाबुराम श्रेष्ठ 'वर्षा' श्रीमतीमीना श्रेष्ठ सुपुत्र भूपेन्द्रमानसिंह श्रेष्ठ सुपुत्री द्वय ज्यास्मिन र ज्योत्सन विराटनगर-१६ सपरिवारवाट रु.११११।-

२१) श्री सन्तानेश्वर शिवमन्दिर निर्माण स्थापनाकर्ता नरवहादुर श्रेष्ठ वराहक्षेत्र-३ पुनरवास चतरा रु.११११।-

२२) त्रियानब्बे वर्षीयं- श्रीतारानाथ कोइराला, ९० वर्षीया श्रीमतीदेवजना कोइराला, साइलोपुत्र श्रीइन्द्रप्रसाद कोइराला महेन्द्रनगर-२, सुनसरी रु.१११२।-

२३) भी गुठीका उपाध्यक्ष श्री ऋद्धिहर्ष वज्राचार्य श्रीमती कर्णमाया बज्राचार्य श्रेष्ठ जेष्ठ सुपुत्र सन्दिप वज्राचार्य बुहारी सुष्मा बज्राचार्य कनिष्ठ सुपुत्र शैलेष बज्राचार्य छोरी सिर्जना बज्राचार्य नाती अवनिश वज्राचार्य को दुई वार्षिक पूजा अवसरमा विराटनगर-१५ बुद्धविहारमार्ग निवासबाट मिति २०६६।३६।६ मा प्रदान भएको रु. ११११।-

२४) भाषाविद् एवं राष्ट्रिय कवि स्व. महानन्द सापकोटाका कान्छा छोरा हेमराज सापकोटा बुहारी कवयत्री गीता सापकोटा विराटनगर-६, मोरङ्गबाट रु.१००१।-

२६) भाषा एवं साहित्यका उन्नायक स्व. डा. नरेन्द्र चापागाईको पुण्यस्मृतिमा श्रीमती सरला चापागाई विराटनगर-१५ बुद्ध मन्दिर मार्ग मोरङ्गबाट रु. १००१।-

२७) भाषा साहित्य संस्कृतिका उपासक: श्रीशशीप्रसाद वजगाई श्रीमती योगमाया, छोरा, सरस, शैलेन्द्र, छोरी, पुनम, अनुपम इनरुवा-५ बाट रु. ११११।-
२८) चित्रकला प्रतिभा श्री धुवप्रसाद साह, श्रीमती उर्मिलादेवी वराहक्षेत्र-४ रु. ५०१।-
२९) स्वर्गीय श्रीभेषलाल श्रेष्ठको पुण्यस्मृतिमा श्रीमती छत्रमाया देवी, छोरा, देवकुमार, कुमार, प्रदीप, छोरी, सुमित्रा र लक्ष्मी वराहक्षेत्र : रु. ५५१।-
३०) श्रीहिराकाजी शाक्य श्रीमती पूर्णकुमारी शाक्य, छोरी सुश्री लक्ष्मी शाक्य वराहक्षेत्र-४ जागृतिचौक रु. ५०१।-
३१) स्वर्गीय कुलवहादुर खड्काको पुण्यस्मृतिमा श्रीमतीजयन्ती खडका, श्रीमती कृष्णाकुमारी छोराहरु- छत्रबहादुर, नरेन्द्र, जनक र अशोक खडका, बराहक्षेत्र-४, वयरवन रु. १११५।-
३२) श्री तेजकुमार भट्टराई, श्रीमती इन्दिरा भट्टराई महेन्द्रनगर रु. ५०१।-
३३) मिथिला पाण्डे, यशोदा पाण्डे महिला सेवाआश्रम दुर्वाशाघाट रु. ५०१।-
३४) डा. सनतकुमार बराल श्रीमती इन्दिरा विराटनगर-१, मोरङ रु. ५०१।-
३५) श्री नरसिंहलाल अग्रवाल, श्रीमती चन्द्रकला वराहक्षेत्र-४, वयरवन रु. ५०१।-
३६) श्रीयशकुमार शाक्य श्रीमतीभीमलक्ष्मी शाक्य वराहक्षेत्र-४, वयरवन रु. ५०१।-
३७) श्री जंगध्वजराई, श्रीमती इन्द्रावती राई र छोरा गणेश राई, वुहारी मुना राई वराहक्षेत्र-४ वयरवन रु. ११११।-
३८) स्वर्गीय श्री रामलखन साहको पुण्यस्मृतिमा श्रीमती राजकुमारी साह वराहक्षेत्र ४ वयरवन रु. ५२१।-
३९) श्री केशवप्रसाद न्यौपाने श्रीमतीशोमा न्यौपाने वराहक्षेत्र ६, सुन्दर गुन्दर रु. ५११।-
४०) समाजसेवी श्रीगणेश सुब्बा, विरही बराहक्षेत्र १ चतरा रु. ५०१।-
४१) श्री ज्ञानी साह, श्रीमतीनिर्मलादेवी साह भरौल-३ भानुचोक सुनसरी रु. ५०५।-
४२) श्री आवालब्रह्मचारी हरिकृष्णाचार्य श्रीलक्ष्मीवेङ्कटेश मन्दिर रामानुज सत्संग, आश्रम वराहक्षेत्र-३, चतरा पुनर्वास रु. ५००।
४३) श्री भक्तबहादुर बस्नेत, श्रीमतीलक्ष्मी बस्नेत बराहक्षेत्र-३, चतरा रु. ५११।-
४४) स्व. पिता भारतमान बस्नेत स्व. माता लक्ष्मीकुमारीको स्मृतिमा छोरा युवराज बस्नेत बुहारी वन्दना बस्नेत बराहक्षेत्र-४, जागृति चोक रु. ५००।
४५) श्री गुप्तेश्वर शिवमन्दिरछेउ गा.वि.स. वार्ड नं. १ जन्मस्थल हाल चतरा पुर्तवासका श्रीपदमबहादुर दाहाल रु. ५०५।-
४६) ८४ वर्षीया आमा सरस्वती गौतम इटहरीतर्फबाट छोरी सीता पोखरेल पूर्वाञ्चल अनाथाश्रम विराटनगर-१७, मोरंङ्गबाट रु. ८००।-
४७) सप्तकोशी आश्रम सचिव श्रीयज्ञकुमार मास्के धरान-११, रु. ५०५।
४८) प्रेमप्रकाश 'फलाहारी', पवित्रा पोखरेल धुलाबारी झापा रु. ५०१।
४९) बराहक्षेत्रवानप्रस्थी श्रीभोलानाथ सुशील दाहाल (विराटनगर-४, भूपिमार्ग मोरङ्ग, निवासी) द्वारा चतराबाट रु. १००१।-
५०) पं. खगेन्द्रराज काफ्ले श्रीमती रोहिणी काफ्ले बराहक्षेत्र-३, चतरा रु. ५०५।

५१) श्री रामवावु दाहाल श्रीमती चन्द्रकुमारी दाहाल सपरिवारबाट वराहक्षेत्र-४ रु. ५११।-

५२) वराहक्षेत्र गाविसका भ.पु प्रधानपञ्च स्व. अमरवहादुर विष्टको पुण्यस्मृतिमा पत्नी चन्द्रकुमारी, र पार्वती .ष्ट वराहक्षेत्र-४ वयरवन रु. ५०१।

५३) स्व. अजयको पुण्यस्मृतिम ीमती रञ्जु श्रेष्ठ हिमालयन इङ्गिलस स्कुल वराहक्षेत्र-४, वयरवन रु. ५०१।-

५४) ७९ वर्षीया देवमाया मानन्धर ६५ वर्षिया इन्दिरादेवी शर्मा विराटनगर-१० देवकोटा चोकमार्ग मोरङ्ग रु. ५०१।

५५) २०६०।०३।३१ का दिन स्वर्गीय पति धनवुहादुर खड्काक्षेत्रीलगायत सम्पूर्णपितृहरुको पुष्प स्मृतिमा श्रीमतीसावित्री के.सी. छोरी सुमा पुत्रद्वय सुदीप. एवं सुधीर खड्का ज्वाई हरिभक्त कट्टेल विराटनगर-१५ अल्काटोल मोरङ्गवाट रु.११११।

५६) स्व. गोरखबहादुर सिंह स्व. इन्दिरादेवीको पुण्य स्मृतिमा छोरा शरदसिंह न्यौपाने बुहारी उषासिंह नातीद्वय सौरव र सौजन न्यौपाने, इन्दु ग्राफिक्स (प्रिन्टिङ्ग प्रेस) विराटनगर-१७ मोरङ्गबाट रु.११११।-

५७) भी गुठीका संस्थापक अध्यक्ष श्रीप्रेमकाजी बज्राचार्य श्रीमती गुलावदेवी बज्राचार्य विराटनगर-१५ सुगममार्ग मोरङ्ग रु. ११११।-

५८) श्रीनारायण शाक्य दैविक शक्तिका उपासिका श्रीमती अम्विकादेवी शाक्य संरक्षक श्रीविन्ध्यवासिनी मन्दिर धरान-१० मयुरटोलवाट रु.११११।-

५९) श्रीअमरबहादुर ढकाल श्रीमतीराधा ढकाल छोराद्वय इश्वर बु... फणीन्द्र बुहारी ज्ञानु ढकाल विराटनगर-४ पोखरीया रु.

६०) स्व. महिलानेतृ श्रीमतीचिनीमाया श्रेष्ठ, स्व. पन्नालाल श्रेष्ठको पुण्य स्मृतिमा श्रीम.. कमला (काफ्ले) श्रेष्ठ, सुपुत्र प्रथम श्रेष्ठ सुपुत्री रक्षा श्रेष्ठ धरान-२ त्रिभुवन पथ रु. ११११।-

६२) श्री उद्धवप्रसाद अधिकारी धरान-३ कैलाश पथ रु. ५०१।-

६३) श्रीमतीनैनकला न्यौपाने धरान-३ कैलाश पथ रु. ५

६४) श्री ध्रुव पराजुली, श्रीमतीलक्ष्मी पराजुली धरान-८ वरगाछी रु.५

६५) श्री मणिरत्न शाक्य, श्रीमतीजयकुमारी शाक्य, विराटनगर-२०, बुध्दमार्ग रानी मोरङ्ग रु.५००

६६) स्व. पूज्य श्रीवैद्यनाथ भट्टराई, स्व. पूज्या श्रीमतीयमुनादेवी भट्टराईको पुण्य स्मृतिमा मा सुपुत्री श्रीमतीकविता चापागाईं ज्वाई धरान खण्डकाव्यका श्रीगोविन्दवल्लभ चाप विराटनगर-४ उदयटोलवाट १९६ औं भानु जयन्ती २०६६।३।२९।२ मा रु. २५

६७) श्रीखगेन्द्रप्रसाद न्यौपाने एवं सानोंवारघरे शाखाप्रमुख अद्वैतसंस्था भाप २०६५।१२।८।७ मा साहिला भाई श्रीविश्वनाथ न्यौपाने, कान्छो भाई श्रीमह न्यौपाने दमक-१९ समेतको नामवाट रु. १५०

६८) श्रीऔलिया मा.बि. का प्रधानाध्यापक श्रीकृष्णप्रसाद कट्टेल, वराहक्षेत्र-१ चत प्राप्त रु

1622

259·32

पुनः ... ब १५८ श्री

श्रीआदिवराहक्षेत्र, श्रीसूर्यकुण्ड र महामाया आदिशक्ति भवानी स्थानबाट देखिने उल्लेखित् हिमालय पर्वतहरु र सूर्यकुण्ड नमूना तस्वीरका पर्दामा बस्नु भएकी दिदी माहिली मानकुमारी उभिने भाई तथा लेखक मान बज्राचार्य ।

श्रीत्रिशक्ति सावित्री पीठ, संस्थापक अध्यक्ष एवं दैविकृपापात्र कवयत्री श्रीमती सावित्री के.सी. विराटनगर-१५, अलकाटोल, मोरङ्ग, नेपाल ।

परिचयात्मक उद्गार

उद्गार व्यक्तकर्ता
बाबुराम श्रेष्ठ 'वर्षा'

ठूलाको हुनुपर्छ के ? अनि छ के ? श्रीइन्द्रको हातमा ।
त्यैहो यो ! कविको सुनाम बुझनोस्, सौगातका साथ ॥

२०१० सालमा प्रकाशित् 'श्रीवराहक्षेत्र कीर्तन' देखि २०६६ सालको 'श्रीआदिवराहक्षेत्र, श्रीसूर्यकुण्ड महिमा (चारखण्ड विशेष गतिविधि निशान रहस्यसहित) लेखक वज्राचार्यको नाम जान्न जिज्ञाशु बन्नेले २ कुरा ज्ञान गर्छन्- १) ठूलाको 'मान' हुनुपर्छ । २) इन्द्रको हातमा 'वज्र' छ । यी दुई शब्द एकैठाउँमा संयुक्त हुँदा 'मानवज्र' बन्छ ।

वज्राचार्य गुभाजू जात बुझ्नोस्, हुन् आदिवासी अझ ।
नेपाली प्रिय गाथ उत्तमकला, नेपाल ख्यातिप्रद ॥

वज्राचार्य नेपालका आदिवासी हुन् । नेपालीहरु उत्तम कलाप्रिय हुनाले, नेपाल कै ख्याति बढाउँने काम गर्छन् । समन्तवज्र र गणेशकुमारीका पुत्ररूपमा १९९२ साल फागुन १९ गतेका दिन जन्मेका वराहक्षेत्र, विराटनगरमा वसोवास गर्दै आउनु भएका 'कविवर मान वज्राचार्य' नाम नेपाली भाषा साहित्यदेखि धार्मिक सामाजिकक्षेत्रमा अपरिचित होइन ।

सैंतीस् पुस्तकले प्रसिद्ध कविको, मैले चिनारी नदी ।
बुझ्नोस् मार्ग र लाग्नुहोस्, प्रगतिमा, भन्दैछु हर्दम्झुकी ॥

स्रोत २०२३ मा प्रकाशित "आँसुभि' म" उद्गार बाट ।

विराटनगर-१६ प्राज्ञिकमार्ग,
हाल : काठमाण्डौ-३, कपन
मोवाइल नं ९८४२०३९६९४

२०६६ आषाढ १८ गते